UNFPA
Ensuring rights and choices for all

Norwegian Embassy

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

# विपद् सम्बन्धी कानुन, नीति, रणनीति र कार्ययोजनाहरुको संगालो



Ipas NEPAL Partners for Reproductive Justice

FWLD
अविभेद र समानताका लागि कार्यरत

# परियोजनाको बारेमा संक्षिप्त जानकारी

लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्य (GBVPR II) परियोजना स्वीस सरकार विकास सहयोग एसडीसी, नर्वेजियन दूतावास र संयुक्त राष्ट्र संघीय जनसंख्या कोष (UNFPA) ले संचालन गरेको संयुक्त परियोजना हो। यो परियोजना नेपालको कोशी र सुदूरपश्चिम प्रदेशका ८ जिल्लाहरूका १९ स्थानीय तहहरूमा महिला तथा बालिकाविरुद्ध हुने सबै प्रकारका लैङ्गिक हिंसा र भेदभावलाई न्यूनिकरण गर्ने लक्ष्यसहित कार्यान्वयनमा रहेको छ। उल्लेखित लक्ष्य हासिल गर्न परियोजनाले ३ क्षेत्रमा नतिजाहरू ल्याउन काम गरिरहेको छः

- सामुदायिक स्तरमा सामाजिक मान्यताहरू परिवर्तन मार्फत लैङ्गिक हिंसाहरूको प्राथमिक रोकथाम;
- लैङ्गिक हिंसाबाट प्रभावितहरूका लागि बहु-क्षेत्रीय प्रभावित केन्द्रित सेवाहरूलाई सुदृढीकरण; र
- लैङ्गिक समानता र सशक्तीकरणको प्रवर्द्धनका लागि नीति र बजेटहरू अवलम्बन गर्न र कार्यान्वयन गर्न स्थानीय, प्रदेश र संघीय सरकारहरूसँग नीतिगत संलग्नता।

परियोजनाको हालको चरण सेप्टेम्बर २०२० देखि अगस्त २०२४ सम्म रहन्छ। यस परियोजनाका प्रमुख कार्यान्वयन साझेदारहरू VSO Nepal, Ipas Nepal, the Prevention collaborative र Emory University हुन्। यस परियोजना अन्तर्गत महिला, कानुन र विकास मञ्च (FWLD) को संलग्नता न्यायिक क्षेत्रसँग आबद्ध बहु-क्षेत्रीय सेवा प्रदायकहरूसँग रहेको छ।

# विषय सूची


नेपालको संविधान, २०७२ ........ २

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ ........ ८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ........ ३६

जनस्वास्थ्य सेवा ऐन, २०७५ ........ ४१

संक्रामक रोग ऐन, २०२० ........ ४४

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३ ........ ४८

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावाली, २०७६ ........ ५३

शीतलहर तथा चिसो प्रभावित विपन्नहरुको पहिचान तथा राहत प्रदान सम्बन्धी मापदण्ड, २०६९ ........ ६३

राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५) ........ ६८

खोज तथा उद्धार राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७१ ........ ९६

विपद् पीडित पुनर्वास सञ्चालन कार्यविधि, २०७१ ........ ११७

जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७५ ........ १२७

विपद् जोखिम न्यूनिकरण राष्ट्रिय नीति, २०७५ ........ १४९

विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, (२०१८-२०३०) ... १६०


संसद भवन

## ५१. राज्यका नीतिहरू:

राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछः-

(छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिः

(१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने,

(२) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने,

(३) नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने,

(४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने,

(५) जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने,

(६) वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने,

(७) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(८) वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने,

(९) प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने ।

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिः

(१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,

(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,

(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने,

(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,

(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरीघण् तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

(७) राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,

(८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने,

(९) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक,सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

(१३) स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने,घज्ञ

(१४) सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने।

## २६७. नेपाली सेना सम्बन्धी व्यवस्था :

(४) नेपाल सरकारले नेपाली सेनालाई संघीय कानून बमोजिम विकास निर्माण र विपद व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्नेछ।

## २७३. संकटकालीन व्यवस्था :

(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विश्रृंखलता, प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भएमा राष्ट्रपतिले नेपालभर वा नेपालको कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेशमा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भएमा सम्बन्धित प्रदेश सरकारले नेपाल सरकार समक्ष यस धारा बमोजिम प्रदेश वा प्रदेशको कुनै भागमा संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्नका लागि अनुरोध गर्न सक्नेछ।

(३) उपधारा (१) बमोजिम गरिएको घोषणा वा आदेश त्यस्तो घोषणा वा आदेश भएको मितिले एक महीनाभित्र अनुमोदनका लागि संघीय संसदका दुवै सदनमा पेश गरिनेछ।

(४) उपधारा (३) बमोजिम अनुमोदनका लागि पेश भएको घोषणा वा आदेश संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतले अनुमोदन गरेमा त्यस्तो घोषणा वा आदेश भएको मितिले तीन महीनासम्म कायम रहनेछ।

(५) उपधारा (३) बमोजिम अनुमोदनका लागि पेश भएको घोषणा वा आदेश उपधारा (४) बमोजिम अनुमोदन नभएमा स्वतः निष्क्रिय हुनेछ।

(६) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपधारा (१) बमोजिमको अवस्था अझै विद्यमान छ भनी उपधारा (४) बमोजिमको अवधि समाप्त नहुँदै अर्को एक पटक तीन महीनामा नबढाई संकटकालीन घोषणा वा आदेशको अवधि थप गर्ने प्रस्ताव संघीय संसदमा पेश गर्न सकिनेछ।

(७) उपधारा (६) बमोजिमको प्रस्ताव संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतले पारित भएमा त्यस्तो प्रस्तावमा उल्लिखित अवधि सम्मका लागि संकटकालीन अवस्थाको घोषणा वा आदेश कायम रहनेछ।

(८) प्रतिनिधि सभा विघटन भएको अवस्थामा उपधारा (३), (४), (६) र (७) बमोजिम संघीय संसदले प्रयोग गर्ने अधिकार राष्ट्रिय सभाले प्रयोग गर्नेछ।

(९) उपधारा (१) बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न राष्ट्रपतिले आवश्यक आदेश जारी गर्न सक्नेछ। त्यसरी जारी भएको आदेश संकटकालीन अवस्था बहाल रहेसम्म कानून सरह लागू हुनेछ।

(१०) उपधारा (१) बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्दा त्यस्तो घोषणा वा आदेश बहाल रहेसम्मका लागि भाग-३ मा व्यवस्था भएका मौलिक हक निलम्बन गर्न सकिनेछ।

तर धारा १६, धारा १७ को उपधारा (२) को खण्ड (ग) र (घ), धारा १८, धारा १९ को उपधारा (२), धारा २०, २१, २२, २४, धारा २६ को उपधारा (१), २९, ३०, ३१, ३२, ३५, ३६ को उपधारा (१) र (२), ३८, ३९, ४० को उपधारा (२) र (३), ४१, ४२, ४३, ४५ र धारा ४६ बमोजिमको संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन।

(११) उपधारा (१०) बमोजिम यस संविधानको कुनै धारा निलम्बन गरिएकोमा सो धाराद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि कुनै अदालतमा निवेदन दिन वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन।

(१२) यस धारा बमोजिमको घोषणा वा आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले बदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै प्रकारको क्षति भएको रहेछ भने पीडितले त्यस्तो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महीनाभित्र आफूलाई परेको क्षति बापत क्षतिपूर्तिको दाबी गर्न सक्नेछ। त्यस्तो दाबी परेमा अदालतले संघीय कानून बमोजिम क्षतिपूर्ति भराइदिन र पीडकलाई सजाय गर्न सक्नेछ।

(१३) यस धारा बमोजिमको घोषणा वा आदेश राष्ट्रपतिले जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

## अनुसूची-७ संघ र प्रदेशको साझा अधिकारको सूची

(धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७ सँग सम्बन्धित)

| |
|---|
| **१७. प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ** |

## अनुसूची-८ स्थानीय तहको अधिकारको सूची

(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)

| |
|---|
| **२०. विपद् व्यवस्थापन** |

## अनुसूची-९ संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची

(धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)

| |
|---|
| **९. विपद् व्यवस्थापन** |



# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

प्रमाणीकरण मिति
२०७४/०७/०५

संशोधन गर्ने ऐन
केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ — २०७५/११/१९

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन**

**प्रस्तावना :** विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

## परिच्छेद - १ : प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यकारी प्रमुख" भन्नाले प्राधिकरणको कार्यकारी प्रमुख सम्झनु पर्छ।

(ख) "कार्यकारी समिति" भन्नाले दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा २२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(घ) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनु पर्छ।

(ङ) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले दफा १६ बमोजिमको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "परिषद्" भन्नाले दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ।

(ज) "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले दफा १४ बमोजिमको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(झ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

(ञ) "प्राधिकरण" भन्नाले दफा १० बमोजिमको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ।

(ठ) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।

(ड) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ।

(ढ) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ।

(ण) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ।

(त) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ।

(थ) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ।

(द) “व्यावसायिक प्रतिष्ठान” भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता तोकिए बमोजिमका व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ।

(ध) “सार्वजनिक संस्था” भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ।

(न) “सुरक्षा निकाय” भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा प्रदेश प्रहरी सम्झनु पर्छ।

(प) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

(फ) “स्थानीय विपद् व्यवस्थापन समिति” भन्नाले दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

## परिच्छेद - २ : परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

### ३. परिषद्को गठन :

(१) विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) प्रधानमन्त्री | - | अध्यक्ष |
| (ख) नेपाल सरकारका मन्त्रीहरू | - | सदस्य |
| (ग) प्रतिनिधि सभाको विपक्षी दलको नेता | - | सदस्य |
| (घ) सबै प्रदेशका मुख्यमन्त्री | - | सदस्य |
| (ङ) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष | - | सदस्य |
| (च) नेपाल सरकारको मुख्य सचिव | - | सदस्य |
| (छ) प्रधान सेनापति, नेपाली सेना | - | सदस्य |
| (ज) मन्त्रालयको सचिव | - | सदस्य |
| (झ) विपद् व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरूमध्येबाट कम्तीमा एक जना महिला सहित परिषद्बाट मनोनीत तीन जना | - | सदस्य |
| (ञ) कार्यकारी प्रमुख | - | सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (झ) बमोजिम मनोनीत सदस्यको पदावधि पाँच वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यको काम सन्तोषजनक नभएमा परिषद्ले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी सदस्यबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

## ४. परिषद्को बैठक सम्बन्धी व्यवस्था :

(१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्को सदस्य-सचिवले परिषद्को बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा अठ्चालीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

तर तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले अठ्चालीस घण्टा अगावै परिषद् को बैठक बोलाउन सक्नेछ।

(३) परिषद्का पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ।

(५) परिषद्को निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) परिषद्ले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(८) परिषद्को निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ।

**५. परिषद्को काम, कर्तव्य र अधिकार :** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति तथा योजना स्वीकृत गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धमा अङ्गीकार गर्नु पर्ने नीति तथा योजनाका सम्बन्धमा कार्यकारी समिति र प्राधिकरणलाई आवश्यक निर्देशन दिने,

(ग) विपद् व्यवस्थापन सम्बन्धी कार्यमा प्रदेश तथा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

(घ) विपद् व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने सम्बन्धमा कार्यकारी समिति तथा प्राधिकरणलाई निर्देशन दिने र सोको लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) विपद् व्यवस्थापन सम्बन्धी कार्यहरूको मूल्याङ्कन गर्ने।

## परिच्छेद - ३ : कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

### ६. कार्यकारी समितिको गठन :

(१) परिषद्बाट स्वीकृत नीति तथा योजनाको कार्यान्वयन गर्ने, गराउने काम समेतका लागि एक कार्यकारी समिति रहनेछ।

(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | नेपाल सरकारको गृह मन्त्री | - | अध्यक्ष |
| (ख) | नेपाल सरकारको सहरी विकास, स्वास्थ्य, सङ्घीय मामिला तथा स्थानीय विकास सम्बन्धी विषय हेर्ने मन्त्रीहरू | - | सदस्य |
| (ग) | नेपाल सरकारका मन्त्रालयका सचिवहरू | - | सदस्य |
| (घ) | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव | - | सदस्य |
| (ङ) | रथी, नेपाली सेना | - | सदस्य |
| (च) | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरू | - | सदस्य |
| (छ) | कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैङ्क | - | सदस्य |
| (ज) | अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | - | सदस्य |
| (झ) | सदस्य-सचिव, समाजकल्याण परिषद् | - | सदस्य |
| (ञ) | अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स | - | सदस्य |
| (ट) | अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी | - | सदस्य |
| (ठ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ | - | सदस्य |
| (ड) | कार्यकारी प्रमुख | - | सदस्य सचिव |

### ७. कार्यकारी समितिको बैठक सम्बन्धी व्यवस्था :

(१) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) कार्यकारी समितिको सदस्य-सचिवले कार्यकारी समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

तर तत्काल कार्यकारी समितिको बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले चौबीस घण्टा अगावै कार्यकारी समितिको बैठक बोलाउन सक्नेछ।

(३) कार्यकारी समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) कार्यकारी समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(५) कार्यकारी समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) कार्यकारी समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(८) कार्यकारी समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

८. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकार :** कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति तथा योजना तयार गरी परिषद् समक्ष पेश गर्ने,

(ख) परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

(ग) विपद् व्यवस्थापन सम्बन्धी रणनीतिक योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ङ) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायको भूमिका तथा जिम्मेवारी निर्धारण गर्ने,

(च) विपद् व्यवस्थापनका सम्बन्धमा सङ्घ, प्रदेश, जिल्ला तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्ने, गराउने,

(छ) विद्यालय तहदेखि उच्चस्तरसम्मको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद् जोखिम न्यूनीकरणका लागि विषयगत क्षेत्र अनुरुप आपत्कालीन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) प्राकृतिक विपद्को सम्भावित असरलाई न्यूनीकरण गर्न जोखिमयुक्त स्थानको पहिचान गर्ने र त्यस्ता स्थलको जोखिम तथा सङ्कट सम्बन्धी नक्साङ्कन गर्ने, गराउने,

(ञ) जोखिम संवेदनशील विकास तथा भू-उपयोग योजना तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(ट) सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(ड) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(ढ) उच्च सङ्कटको अवस्थामा रहेका समुदायको पहिचान गरी जोखिम न्यूनीकरण सञ्चालन गर्ने, गराउने,

(ण) राष्ट्रिय पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(त) विपद् प्रतिकार्यका लागि राष्ट्रिय विपद् प्रतिकार्यको कार्य ढाँचा तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(थ) विपद् प्रभावितहरूलाई तत्काल राहत उपलब्ध गराउने व्यवस्था मिलाउने,

(द) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(ध) आपत्कालीन उपचारका लागि सार्वजनिक तथा निजी अस्पताल वा स्वास्थ्य संस्थामा पर्याप्त पूर्वाधार तथा सुविधाको व्यवस्था गरी विपद् प्रभावितलाई तत्काल स्वास्थ्य उपचार हुने व्यवस्था मिलाउने,

(न) विपद्को समयमा आमसञ्चारका माध्यमहरूको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(प) विपद्को समयमा अपनाउने अध्यागमन, भन्सार तथा क्वारेन्टाइन सम्बन्धी राष्ट्रिय नीतिको विषयमा नेपाल सरकारलाई सुझाव दिने,

(फ) विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आजर्नका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ब) विपद् प्रभावित क्षेत्रमा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(भ) प्रचलित कानूनको अधीनमा रही विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्विपक्षीय एवम् बहुपक्षीय सहायता परिचालन गर्ने, गराउने,

(म) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार वा परिषद्ले तोकेका अन्य कार्य गर्ने, गराउने,

(य) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने।

### ९. विशेषज्ञ समिति गठन गर्न सक्ने :

(१) मन्त्रालयले विपद् व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद् सम्बन्धी अध्ययन अनुसन्धान कार्यमा सल्लाह सुझाव उपलब्ध गराउन भूगर्भ विज्ञ, विशेषज्ञ चिकित्सक, विपद् व्यवस्थापन विज्ञ, वातावरण विज्ञ वा पूर्वाधार विज्ञ रहेको बढीमा पाँच सदस्यीय विशेषज्ञ समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिका सदस्यको योग्यता, काम, कर्तव्य तथा निजहरूले पाउने सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ४ : प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकार

### १०. प्राधिकरणको स्थापना :

(१) विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि मन्त्रालय अन्तर्गत एक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण रहनेछ।

(२) प्राधिकरणले कार्यकारी समितिको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही काम गर्नेछ।

(३) प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आवश्यकता अनुसार अन्य स्थानमा कार्यालय स्थापना गर्न सक्नेछ।

(४) प्राधिकरणले परिषद् र कार्यकारी समितिको सचिवालयको रूपमा कार्य गर्नेछ।

(५) प्राधिकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

### ११. प्राधिकरणको काम, कर्तव्य र अधिकार :

(१) प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद् तथा कार्यकारी समितिबाट स्वीकृत योजना, कार्यक्रम तथा निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय स्रोत निकायको रूपमा कार्य गर्ने,

(ग) नदी नियन्त्रण, बाढी, पहिरो, भूकम्प, भूमण्डलीय तापमान वृद्धि, जलवायु परिवर्तन, भूउपयोग र विभिन्न प्रकोप तथा विपद्का सम्भावित कारक र न्यूनीकरणका उपायको विषयमा अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(घ) प्रदेश तथा स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी आवधिक योजना निर्माण गर्न आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(ङ) विपद् व्यवस्थापन सम्बन्धी कार्यमा गैरसरकारी संस्था, निजी क्षेत्र एवम् स्थानीय समुदायलाई संलग्न गर्ने, गराउने तथा तिनीहरूको कार्यमा समन्वय एवम् सहजीकरण गर्ने,

(च) सङ्घ, प्रदेश तथा स्थानीय तहमा खोज तथा उद्धार समूहको गठन तथा क्षमता विकास गरी प्रभावकारी खोज, उद्धार तथा राहत प्रदान गर्ने, गराउने,

(छ) विपद्को घटना हुनासाथ त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्ने, गराउने र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ज) विपद् प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय, खोज तथा उद्धार समूह, फ्लाइङ्ग स्क्वाड, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट, स्वयंसेवक, प्राविधिज्ञ लगायतका सरोकारवाला संस्थालाई परिचालन गर्ने, गराउने,

(झ) विपद्का घटना पश्चात मानवीय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवम् प्राप्त हुने नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्ने, गराउने,

(ञ) विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्विपक्षीय एवम् बहुपक्षीय सहायताको एकीकृत अभिलेख राख्ने,

(ट) राष्ट्रिय विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन गरी विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(ठ) नेपाल सरकारका विभिन्न निकाय लगायत अन्य संस्थालाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयमा सल्लाह सुझाव दिने,

(ड) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले आफ्ना कर्मचारी तथा कामदारलाई दिनु पर्ने विपद् व्यवस्थापन सम्बन्धी आधारभूत अभिमुखीकरण तालिमको विषय र मापदण्ड तोक्ने,

(ढ) विपद् व्यवस्थापनका सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीयस्तरका प्रशासनिक तथा सुरक्षा संयन्त्र तत्काल परिचालन हुने गरी दुरूस्त राख्न लगाउने,

(ण) विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने, गराउने,

(त) विपद् जोखिम न्यूनीकरणको लागि भूविज्ञान, भूकम्प विज्ञान, जल तथा मौसम विज्ञान, भौगोलिक सूचना प्रणाली, दूर संवेदन (रिमोट सेन्सिङ्ग) प्रणाली, पूर्वचेतावनी प्रणाली लगायतका आधुनिक तथा परम्परागत प्रविधिहरूको अध्ययन, अनुसन्धान गर्ने, गराउने र उपयुक्त प्रविधिको उपयोग गर्ने, गराउने,

(थ) विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्वजानकारी गराउन, तत्काल सूचना सङ्कलन, विश्लेषण तथा सम्प्रेषण गर्न र खोज, उद्धार तथा राहत सम्बन्धी कार्यको समन्वय तथा परिचालन गर्न राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(द) विपद्को समयमा तत्काल परिचालन हुने गरी फ्लाइङ्ग स्क्वाड गठन गर्ने,

(ध) विपद्को समयमा खोज, उद्धार तथा राहत कार्यका लागि तत्काल परिचालन गर्न स्वयंसेवक ब्यूरो गठन गर्ने,

(न) विपद् प्रभावित क्षेत्रका नागरिकहरूलाई अस्थायी पुनर्स्थापना तथा सिकाइ केन्द्रको निर्माणमा स्थानीय समुदाय एवम् स्वयंसेवकहरू परिचालन गर्ने, गराउने,

(प) विपद् प्रतिकार्यमा निजी तथा गैरसरकारी संस्था, स्थानीय समुदाय तथा अन्य सरोकारवालालाई समन्वयात्मक रूपमा परिचालन गर्ने, गराउने,

(फ) विपद्का लागि आपत्कालीन गोदाम घर सञ्चालन गर्ने तथा प्राप्त राहत सामग्रीको व्यवस्थापन गर्ने,

(ब) विपद्बाट प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गर्ने, गराउने,

(भ) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायले कार्यकारी समितिले निर्धारण गरेको भूमिका तथा जिम्मेवारी निर्वाह गरे नगरेको विषयमा अनुगमन गरी कार्यकारी समिति समक्ष प्रतिवेदन पेश गर्ने,

(म) विपद् व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

(२) प्राधिकरणले विपद् व्यवस्थापन सम्बन्धी कार्य परिषद्, कार्यकारी समिति तथा नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा अन्य निकायको समन्वयमा रही गर्नु पर्नेछ।

## परिच्छेद - ५ : कार्यकारी प्रमुख र कर्मचारी सम्बन्धी व्यवस्था

### १२. कार्यकारी प्रमुखः

(१) नेपाल सरकारले प्राधिकरणको प्रशासकीय प्रमुखको रुपमा काम गर्न नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको व्यक्तिलाई उपदफा (२) बमोजिमको समितिको सिफारिसमा कार्यकारी प्रमुखको रूपमा नियुक्त गर्नेछ।

(२) नेपाल सरकारले कार्यकारी प्रमुखको नियुक्तिको लागि उपयुक्त व्यक्तिको नाम सिफारिस गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा अन्य दुईजना विज्ञ सदस्य रहेको समिति गठन गर्नेछ। कार्यकारी प्रमुखको नियुक्तिको लागि सिफारिस गर्दा अवलम्बन गर्ने प्रक्रिया तथा बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) कार्यकारी प्रमुखको पदावधि पाँच वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी प्रमुखको कार्यसम्पादन सन्तोषजनक नभएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी प्रमुखको पदबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कार्यकारी प्रमुखको पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) कार्यकारी प्रमुखले कार्यकारी समितिको प्रत्यक्ष नियन्त्रणमा रही कार्य गर्नेछ र आफ्नो कार्यसम्पादनका लागि परिषद् र नेपाल सरकार प्रति जवाफदेही हुनेछ।

(७) कार्यकारी प्रमुखले विपद्को समयमा विपद् प्रतिकार्य नियन्त्रकको रूपमा कार्य गर्नेछ।

(८) कार्यकारी प्रमुखको पारिश्रमिक, सुविधा, सेवाको शर्त तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

### १३. कर्मचारी माग गरी काम लगाउन सक्ने :

(१) विपद्को समयमा प्राधिकरणको विशेष कामको लागि निजामती सेवा, सुरक्षा निकाय वा सार्वजनिक संस्थाबाट कुनै कर्मचारी माग गरी काम लगाउन आवश्यक भएमा प्राधिकरणले सम्बन्धित संस्था वा निकायमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित संस्था वा निकायले माग बमोजिम कर्मचारीलाई प्राधिकरणमा काजमा खटाउनु पर्नेछ।

## परिच्छेद - ६ : प्रदेश विपद् व्यवस्थापन परिषद् र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्बन्धी व्यवस्था

### १३क. प्रदेश विपद् व्यवस्थापन परिषद्:

(१) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना तयार गर्ने, आवश्यकता अनुसार प्रदेश विपद् व्यवस्थापन समितिलाई नीतिगत मार्गदर्शन गर्ने तथा निर्देशन दिने समेतको प्रयोजनको लागि प्रत्येक प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषदमा रहने सदस्य, सो परिषद्को बैठक तथा निर्णय र तत् सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले बनाएको नियममा तोकिए बमोजिम हुनेछ।

### १४. प्रदेश विपद् व्यवस्थापन समिति :

(१) प्रत्येक प्रदेशमा विपद व्यवस्थापन गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति गठन गर्न सक्नेछ।

(१क) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिमा अध्यक्षको अतिरिक्त बढिमा पन्ध्र जना सदस्य रहनेछन्।

(२) प्रदेश विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्‌बाट स्वीकृत राष्ट्रिय नीति तथा योजनाको अधीनमा रही प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी मध्यकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने, गराउने,

(ख) विपद् पूर्वतयारीको लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्यसञ्चालनमा प्रभावकारिता ल्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ग) खोज, उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारिता ल्याउन सङ्घ, प्रदेश र स्थानीय तह लगायत अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

(घ) राहत सामग्रीको व्यवस्थापनका लागि मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ङ) आपत्कालीन अवस्थामा विपद् प्रभावितका लागि अस्थायी आश्रय गृह तथा अन्य अस्थायी संरचनाको निर्माण गर्ने, गराउने,

(च) विपद् प्रभावित क्षेत्रमा पिउने पानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(छ) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने, गराउने,

(ज) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा स्थानीयस्तरका सरकारी, गैरसरकारी एवम् निजी सवारी साधन, यन्त्र, उपकरण, सरसामान, खाद्यान्न आदिको अभिलेख राखी कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(झ) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा रहेका असुरक्षित भवन भत्काउन लगाउने र त्यस्तो कार्यमा स्थानीय तहलाई सहयोग गर्ने,

(ञ) असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(ट) प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त राहत सामग्री वा सहयोगलाई समन्वयात्मक रूपमा वितरण एवम् उपयोग गर्ने, गराउने,

(ठ) प्रदेशस्तरको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ड) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(ढ) विपद्का समयमा गरिएका खोज, उद्धार तथा राहत कार्य सम्बन्धी विवरण प्राधिकरणमा पठाउने,

(ण) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम गरेका क्रियाकलापहरूका सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित संस्था तथा प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने,

(त) विपद्को समयमा बजार मूल्य, कृत्रिम अभाव तथा गुणस्तर नियन्त्रण तथा नियमन सम्बन्धमा आवश्यक कार्य गर्ने,

(थ) प्रदेशस्तरमा विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण र स्थानान्तरण सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरू गर्ने, गराउने,

(द) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ध) विपद् व्यवस्थापन सम्बन्धमा प्रदेश सरकारले बनाएको नियममा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

(३) प्रदेश विपद् व्यवस्थापन समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका विपद् व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन र मूल्याङ्कन गरी सोको वार्षिक प्रतिवेदन प्राधिकरण मार्फत परिषद्मा पठाउनु पर्नेछ ।

(४) प्रदेश विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले बनाएको नियममा तोकिए बमोजिम हुनेछ।

### १५. प्रदेश विपद् व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था :

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सभाको निर्वाचन भई प्रदेश कार्यपालिका गठन नभएसम्म प्रदेश तहको विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ।

## परिच्छेद - ७ : जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

### १६. जिल्ला विपद् व्यवस्थापन समिति :

(१) जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि देहाय बमोजिमको जिल्ला विपद् व्यवस्थापन समिति रहनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | - | अध्यक्ष |
| (ख) | जिल्ला समन्वय समितिको प्रतिनिधि | - | सदस्य |
| (ग) | जिल्ला भित्रका स्थानीय तहका अध्यक्ष तथा प्रमुख | - | सदस्य |
| (घ) | स्वास्थ्य सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालयको प्रमुख | - | सदस्य |
| (ङ) | जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू | - | सदस्य |
| (च) | जिल्लास्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरू | - | सदस्य |
| (छ) | राष्ट्रिय मान्यता प्राप्त दलका जिल्लास्थित प्रमुख वा प्रतिनिधि | - | सदस्य |
| (ज) | नेपाल रेडक्रस सोसाइटीको जिल्लास्थित प्रमुख | - | सदस्य |
| (झ) | गैरसरकारी महासङ्घको जिल्लास्थित प्रमुख | - | सदस्य |
| (ञ) | नेपाल पत्रकार महासङ्घको जिल्लास्थित प्रमुख | - | सदस्य |
| (ट) | उद्योग वाणिज्य महासङ्घको जिल्लास्थित प्रमुख | - | सदस्य |
| (ठ) | प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत | - | सदस्य सचिव |

(२) जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्, कार्यकारी समिति तथा प्रदेश समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने,

(ख) जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागू गर्ने, गराउने,

(ग) जिल्लास्तरमा रहेका आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन गर्ने,

(घ) उपलब्ध स्रोतको उच्चतम प्रयोग तथा प्रवाह गरी विपद् प्रभावित क्षेत्रमा खोजी तथा उद्धार गर्ने,

(ङ) नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार राहत वितरण गर्ने, गराउने तथा जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयलाई सोही अनुसार राहत वितरण गर्न लगाउने,

(च) विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसको आवत जावतमा नियन्त्रण गर्ने,

(छ) विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक वस्तु हटाउने वा हटाउन लगाउने,

(ज) विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको व्यवस्थापन गर्ने, गराउने,

(झ) आपत्कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरूको लागि आश्रय गृहको व्यवस्था गर्ने,

(ञ) विपद्को समयमा तत्काल परिचालन हुन सक्ने गरी सुरक्षा निकायलाई दुरुस्त राख्न लगाउने,

(ट) विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(ठ) विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरूको निर्माण गर्न लगाउने,

(ड) विपद्को अवस्थामा स्थानीयस्तरमा उपलब्ध सरकारी, गैरसरकारी एवं निजी यातायातका साधन, यन्त्र, सरसामान, खाद्य सामान आदि कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(ढ) विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित भवनहरू भत्काउन लगाउने,

(ण) असुरक्षित भवन तथा स्थानमा रहेका विपद् प्रभावित व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,

(त) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक, विशेषज्ञ तथा परामर्शदातालाई परिचालन गर्ने र सोको सुपरिवेक्षण गर्ने,

(थ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट गरिने उद्धार तथा राहत एवं सहयोग आदि क्रियाकलापको समन्वय गर्ने,

(द) विपद्को समयमा खोज, उद्धार तथा राहत र पुनर्लाभ सम्बन्धी कार्यको लागि स्थानीय तह लगायत सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

(ध) विपद् पश्चात आउन सक्ने सहायक प्रकोपहरूको न्यूनीकरणका लागि आवश्यक कार्यहरू गर्ने,

(न) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(प) विपद् सम्बन्धी सूचना प्रवाह गर्ने,

(फ) उद्धार तथा राहत कार्यक्रमको प्रगति विवरण प्राधिकरणमा पठाउने,

(ब) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

(३) जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१७. स्थानीय विपद् व्यवस्थापन समिति :**

(१) प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

(२) स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने,

(ग) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(च) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(छ) विपद् प्रतिकार्यका लागि आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ज) विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको व्यवस्था गर्ने,

(झ) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(ञ) स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ट) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ठ) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(ड) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ढ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(ण) कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(त) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

(३) स्थानीय विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ८ : सुरक्षा निकाय तथा अन्य निकायको काम, कर्तव्य र अधिकार

### १८. सुरक्षा निकायको परिचालन तथा काम, कर्तव्य र अधिकार :

(१) विपद् व्यवस्थापनको काममा आवश्यकता अनुसार सुरक्षा निकाय परिचालित हुनु पर्नेछ।

(२) विपद्को समयमा खोज, उद्धार तथा राहतको कार्यको लागि नेपाल सरकारले नेपाली सेना परिचालन गर्न सक्नेछ।

(३) विपद् व्यवस्थापन सम्बन्धमा सुरक्षा निकायले कार्यकारी समिति, प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समितिको अध्यक्ष तथा जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्षको निर्देशन तथा सुपरिवेक्षण अन्तर्गत रही देहाय बमोजिमको कार्य सम्पादन गर्नु पर्नेछ :-

(क) सम्भावित विपद्को सम्बन्धमा पूर्वचेतावनी दिने तथा विपद् जोखिम न्यूनीकरणका लागि समुदायलाई सजग बनाउने,

(ख) कुनै पनि स्थानमा विपद्का घटनाहरू भएको जानकारी प्राप्त हुनासाथ तत्काल परिचालित हुने र सोको जानकारी सम्बन्धित अधिकारी वा निकायलाई गराउने,

(ग) आपत्कालीन खोज, उद्धार तथा राहत वितरण गर्ने कार्य प्रभावकारी रूपमा सम्पन्न गर्ने,

(घ) विपद् व्यवस्थापन सम्बन्धी विषयमा खोज तथा उद्धार सम्बन्धी तालिम एवम् जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(४) विपद् प्रतिकार्यका लागि प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ ।

(५) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि प्रदेश विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यक सामग्री माग गर्न सक्नेछ ।

## १९. वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार:

(१) कुनै स्थानमा विपद् परेमा वारूणयन्त्र तथा अन्य सेवा प्रदायक निकायले सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिलाई तत्काल सूचना दिनु पर्नेछ ।

(२) वारूणयन्त्र तथा अन्य सेवा प्रदायक निकायले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(३) आपत्कालीन कार्य सम्पादन गर्दा स्थानीय विपद् व्यवस्थापन समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायक निकायलाई हुनेछ ।

## २०. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व :

(१) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा कार्यकारी समिति, विपद् व्यवस्थापन सम्बन्धी अन्य समिति तथा प्राधिकरणलाई आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा प्राधिकरणले तोके बमोजिमका आधारभूत अभिमुखीकरण तालिम दिने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) नेपाल सरकार, प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह र प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुर्‍याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने।

(२) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ।

### २१. विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने :

सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घ संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा देहाय बमोजिम सहयोग गर्नु पर्नेछ :-

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने।

## परिच्छेद - ९ : विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

### २२. विपद् व्यवस्थापन कोष :

(१) विपद् व्यवस्थापनका लागि केन्द्रीयस्तरमा एउटा छुट्टै विपद् व्यवस्थापन कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ग) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट सहयोग, अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(८) प्राधिकरणले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी कार्यकारी समिति समक्ष पेश गर्नेछ।

### २३. अन्य कोष सम्बन्धी व्यवस्था:

(१) विपद् व्यवस्थापनको लागि प्रत्येक प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहनेछ।

(२) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले विपद् व्यवस्थापन सम्बन्धी काम गर्दा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत गराउन सक्नेछ र सो प्रयोजनको लागि उपदफा (१) बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोषबाट आवश्यक रकम जिल्ला विपद् व्यवस्थापन कोषलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष तथा स्थानीय विपद् व्यवस्थापन कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश तथा स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - १० : कसूर तथा सजाय

### २४. कसूर र सजाय :

(१) कसैले विपद्को घटना घट्न सक्ने गरी लापरबाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार पाँच लाख रूपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(२) कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार एक लाख रूपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ :-

(क) कुनै विपद्को घटना घट्न सक्ने अफवाह फैलाई सार्वजनिक रूपमा त्रास सृजना गरेमा,

(ख) अनुमति लिई वा नलिई विपद्का नाममा चन्दा, राहत वा सहयोग सङ्कलन गरेमा, आफूखुशी वितरण गरेमा वा व्यक्तिगत लाभमा प्रयोग गरेमा,

(ग) विपद्को समयमा अप्राकृतिक रूपमा बजार मूल्य वृद्धि गरेमा वा कृत्रिम अभाव सिर्जना गरेमा वा गुणस्तरहीन वस्तु तथा सेवाको कारोबार गरेमा।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिमको कसूर गरेको कारण कसैको ज्यान गएमा, अङ्गभङ्ग भएमा वा चोटपटक लागेमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(४) कसैले देहाय बमोजिमको कार्य गरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ :-

(क) यस ऐन अन्तर्गतको कुनै कार्य गर्न नेपाल सरकार, परिषद्, प्राधिकरण वा यस ऐन बमोजिम गठित कुनै समिति वा त्यस्तो कार्यको लागि अख्तियारी प्राप्त व्यक्तिलाई आफ्नो कर्तव्य पालना गर्न बाधा पुऱ्याएमा,

(ख) यस ऐन कार्यान्वयन गर्ने सम्बन्धमा जारी भएका आदेश वा निर्देशन पालना नगरेमा,

(ग) राहत सामग्री वितरणमा अवरोध गरेमा वा राहत सामग्रीको दुरुपयोग गरेमा,

(घ) उपदफा (१), (२) र (३) मा उल्लेख गरिएका बाहेक यो ऐन तथा यस ऐन अन्तर्गतको नियम विपरीतको कुनै कार्य गरेमा।

(५) यस ऐन विपरीतको कार्य कुनै सङ्गठित संस्थाले गरेमा त्यस्तो कार्यमा संलग्न त्यस्तो संस्थाको व्यक्तिलाई र त्यस्तो व्यक्ति यकिन नभएमा सो संस्थाको प्रमुख भई कार्य गर्ने व्यक्तिलाई यस दफा बमोजिमको सजाय हुनेछ।

**२५. क्षतिपूर्ति भराई दिनु पर्ने :**

कसैले यस ऐन विपरीतको कुनै कसूर गरेको कारणबाट कसैलाई हानि, नोक्सानी पुग्न गएमा त्यस्तो व्यक्तिबाट हानि, नोक्सानी पुग्ने पक्षलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

**२६. हदम्याद :**

यस ऐन अन्तर्गतको कसूरमा कसूर भए गरेको मितिले तीस दिनभित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ।

## २७. नेपाल सरकार बादी हुने :

(१) यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार बादी हुनेछ।

(२) दफा २४ को उपदफा (१), (२) र (३) बमोजिमको कसूर सम्बन्धी मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

## २८. मुद्दा हेर्ने अधिकारी र पुनरावेदन :

(१) दफा २४ को उपदफा (४) सँग सम्बन्धित मुद्दाको कारबाही र किनारा प्रमुख जिल्ला अधिकारीले गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर पैँतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

## २९. मुद्दाको अनुसन्धान र दायरी :

(१) दफा २४ को उपदफा (४) सँग सम्बन्धित मुद्दाको अनुसन्धान तोकिएको अधिकारीले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान अधिकृतले अनुसन्धानको काम पूरा भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकिल समक्ष पठाउनु पर्नेछ र सरकारी वकिलबाट मुद्दा चल्ने निर्णय भएमा अनुसन्धान अधिकृतले मुद्दा दायर गर्नेछ।

## ३०. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने :

यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य कानूनको समेत उल्लङ्घन हुने भएमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन।

## ३१. असल नियतले गरेको काममा सजाय नहुने :

यस ऐन बमोजिम असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै कामको सम्बन्धमा कुनै राष्ट्रसेवक वा कर्मचारी उपर मुद्दा चलाइने वा अन्य कुनै कानूनी कारबाही गरिने छैन।

# परिच्छेद ११ : विविध

## ३२. विपद् सङ्कटग्रस्त क्षेत्रको घोषणा :

(१) नेपालको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएकोले विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न आवश्यक देखिएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो क्षेत्रको सिमाना र अवधि तोकी विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र विपद्बाट उत्पन्न स्थिति नियन्त्रण हुन नसकेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो घोषणाको अवधि बढाउन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको सूचना राष्ट्रियस्तरको सञ्चार माध्यमबाट प्रकाशन र प्रसारण समेत गर्नु, गराउनु पर्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको अवस्था नरहेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जुनसुकै बखत त्यस्तो घोषणा फिर्ता लिन सक्नेछ।

### ३३. नेपाल सरकारले आदेश दिन सक्ने :

(१) नेपाल सरकारले दफा ३२ बमोजिम घोषणा गरेको विपद् सङ्कटग्रस्त क्षेत्रमा कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आवश्यकता अनुसार देहायको कुनै वा सबै काम गर्ने आदेश दिन सक्नेछ :-

(क) त्यस्तो क्षेत्रमा आवश्यकता अनुसार सरकारी वा गैरसरकारी कार्यालय, शिक्षण संस्था वा अन्य संस्थालाई केही अवधिको लागि बन्द गर्ने,

(ख) त्यस्तो क्षेत्रमा उद्धार कार्यमा प्रतिकूल असर पर्न सक्ने कुनै काम कारबाही गर्न नदिने,

(ग) सरकारी वा गैरसरकारी कार्यालय, शिक्षण संस्था वा अन्य संस्थाका कर्मचारीलाई काजमा खटाउने,

(घ) विपद् उद्धार कार्यको प्रयोजनको लागि गैरसरकारी कार्यालय, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको चल, अचल सम्पत्ति उपयोग गर्न आवश्यक भएमा अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्ने,

(ङ) सरकारी स्रोत तथा साधनलाई उपयोग तथा परिचालन गर्ने,

(च) सम्बन्धित जिल्लाभित्रका गैरसरकारी कार्यालय, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको सवारी साधनलाई कुनै निश्चित अवधिसम्मको लागि अभिलेख राखी नियन्त्रणमा लिने र प्रयोग गर्ने,

(छ) सम्बन्धित जिल्लाभित्रको गैरसरकारी कार्यालय, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधि, निर्माण सामग्री तथा अन्य वस्तु अभिलेख राखी नियन्त्रणमा लिने र विपद्बाट प्रभावित व्यक्तिलाई वितरण गर्ने,

(ज) त्यस्तो क्षेत्रमा पर्ने जग्गा, घर, कलकारखाना, देवदेवालय तथा धार्मिकस्थल र अन्य यस्तै महत्वपूर्ण वस्तु वा स्थानलाई विनाश हुनबाट बचाउन आवश्यक उपाय अपनाउने,

(झ) सहयोग टोली गठन गरी विपद् सङ्कटग्रस्त क्षेत्रमा पठाउने,

(ञ) विपद् प्रभावित क्षेत्रमा यातायात तथा मानिसको आवत जावतमा बन्देज लगाउने,

(ट) सर्वसाधारण जनताको जीउधनको रक्षाको लागि अन्य आवश्यक सुरक्षात्मक उपायको व्यवस्था गर्ने,

(ठ) विपद् व्यवस्थापनको लागि आवश्यक देखिएका अन्य काम गर्ने।

(२) उपदफा (१) बमोजिमको आदेश पालना गर्नु सम्बन्धित व्यक्ति, संस्था वा अधिकारीको कर्तव्य हुनेछ।

### ३४. जुनसुकै स्थानमा प्रवेश गर्न सक्ने :

विपद् व्यवस्थापनको समयमा खोज, उद्धार तथा राहत वितरण कार्यमा संलग्न सम्बद्ध निकायको पदाधिकारी विपद् सम्भाव्य क्षेत्र वा विपद् सङ्कटग्रस्त क्षेत्रभित्रको जुनसुकै स्थान, भवन आदिमा सूचना दिई आवश्यकता अनुसार प्रवेश गर्न सक्नेछ।

### ३५. नेपाल सरकारको स्वीकृत लिनु पर्ने :

विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

### ३६. अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहायता लिन सक्ने :

(१) नेपाल सरकारले मुलुकमा भएको विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भई अन्तर्राष्ट्रिय सहयोग आवश्यक छ भन्ने लागेमा अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिन सक्नेछ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण भई थप अन्तर्राष्ट्रिय सहयोग आवश्यक नपर्ने भएमा नेपाल सरकारले उपदफा (१) बमोजिमको सहयोग आवश्यक नभएको घोषणा गर्न सक्नेछ।

### ३७. तत्काल खरिद तथा निर्माण गर्न सकिने :

विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम खरिद वा निर्माण कार्य गर्न सकिनेछ।

### ३८. रकम दिइने :

(१) दफा ३३ को उपदफा (१) को खण्ड (घ) वा (च) बमोजिम गैरसरकारी कार्यालय, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा सवारी साधन प्रयोग गरिएमा त्यसरी प्राप्त गरिएको अभिलेख अनुसारको सम्पत्ति वा प्रयोग गरेको सवारी साधनको भाडा बापत प्रचलित दर अनुसारको रकम प्राधिकरणले तोकेको पदाधिकारी, संस्था वा विपद् व्यवस्थापन समितिले सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ।

तर अचल सम्पत्ति प्राप्त गर्दा बाली लागेको वा लाग्ने जग्गा पनि परेको रहेछ भने नोक्सानी भएको वा हुने बालीको लागि समेत आवश्यक क्षतिपूर्ति दिइनेछ।

(२) दफा ३३ को उपदफा (१) को खण्ड (छ) बमोजिम गैरसरकारी कार्यालय, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिबाट खाद्यान्न, लत्ताकपडा, औषधि, निर्माण सामग्री तथा अन्य वस्तु प्राप्त गरिएमा त्यस्तो वस्तुको प्रचलित दरबाट हुन आउने मूल्य बराबरको रकम प्राधिकरणले तोकेको पदाधिकारी, संस्था वा विपद् व्यवस्थापन समितिले सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ।

## ३९. राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था :

(१) नेपाल सरकारले कार्यकारी समितिको सिफारिसमा विपद् प्रभावित व्यक्तिलाई उपलव्ध गराउने राहतको न्यूनतम मापदण्ड बनाई लागू गर्नेछ।

(२) उपदफा (१) बमोजिमको राहतको न्यूनतम मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछ :-

(क) विपद्‌बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलव्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्‌बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको हित सम्बन्धी,

(घ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(ङ) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतलाई वितरण सम्बन्धी,

(च) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(छ) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय।

(३) उपदफा (१) बमोजिमको राहतको न्यूनतम मापदण्ड विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउने सबै निकाय, व्यक्ति वा संस्थाले पालना गर्नु पर्नेछ।

## ४०. विपद्‌मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा :

विपद्‌मा परी हराई फेला पर्न नसकेका आंशिक वा पूर्ण रूपमा क्षति भएका महत्वपूर्ण कागजातहरूको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## ४१. मिनाहा दिने :

विपद् व्यवस्थापन कार्यको लागि सरकारी कार्यालय वा संस्थाबाट खर्च भएका सामग्री तथा स्रोत साधन प्रचलित कानून बमोजिम नेपाल सरकारले मिनाहा दिन सक्नेछ।

## ४२. निर्देशन दिन सक्ने :

कार्यकारी समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

## ४३. उपसमिति गठन गर्न सक्ने :

(१) कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यावधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ।

## ४४. पुरस्कार दिन सक्ने :

प्राधिकरणले विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप तोकिए बमोजिम सम्मान तथा पुरस्कार दिने व्यवस्था मिलाउनेछ।

## ४५. वार्षिक प्रतिवेदन :

(१) स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) प्रदेश विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी प्राधिकरण मार्फत् परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(४) प्राधिकरणले उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

## ४६. अधिकार प्रत्यायोजन :

(१) कार्यकारी समितिले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राधिकरण तथा कार्यकारी प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये

आवश्यकता अनुसार केही अधिकार सम्बन्धित समितिको अध्यक्ष तथा अन्य अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

## ४७. नियम बनाउने अधिकार :

नेपाल सरकारले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम बनाउन सक्नेछ।

## ४७क. प्रदेश सरकारले नियम बनाउन सक्ने:

(१) प्रदेश सरकारले यस ऐन बमोजिम विपद् व्यवस्थापनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी प्रदेश सरकारले देहायका विषयमा नियम बनाउन सक्नेछः-

(क) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी,

(ख) प्रदेश विपद् व्यवस्थापन कोषमा रहने रकम, त्यसको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी,

(ग) यस ऐन बमोजिम नियमावलीबाट व्यवस्था गर्न सकिने अन्य कुनै विषयमा।

(३) यस ऐन बमोजिम प्रदेश सरकारले बनाएको नियमहरू प्रदेश राजपत्रमा प्रकाशन भए पछि मात्र लागू हुनेछन्।

## ४८. कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :

कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

## ४९. खारेजी र बचाउ :

(१) दैवी प्रकोप (उद्धार) ऐन, २०३९ खारेज गरिएको छ।

(२) दैवी प्रकोप (उद्धार) ऐन, २०३९ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।



# स्थानीय सरकार सञ्चालन ऐन, २०७४

## परिच्छेद-३ गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार

### ११. गाउँपालिका तथा नगरपालिकाको अधिकार:

(१) गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

**क. नगर प्रहरी**

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

**न. विपद् व्यवस्थापन**

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,

(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(८) विपद् पश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,

(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याकं व्यवस्थापन र अध्ययन अनुसन्धान,

(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,

(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य।

## ट. सवारी साधन अनुमति

(१) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपागंता र लैंगिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन।

## परिच्छेद-६ योजना तर्जुमा तथा कार्यान्वयन

### २४. योजना बनाई कार्यान्वयन गर्ने:

(१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैगिंक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

(३) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछः-

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

(घ) स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैगिंक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने।

(४) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिम योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेछ।

(५) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपागंता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु पर्नेछ।

(६) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्नेछ।

(७) नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्ने प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

(८) गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(९) गाउँपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ।

(१०) गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्नेछ।

## २६. साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने:

गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि देहायको विषयमा अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सक्नेछः-

(ख) विपद् व्यवस्थापन,

## परिच्छेद-७ भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था

## २७. नक्सा पास नगराई भवन निर्माण गर्न नहुने:

(४) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका भवनहरूको वर्गीकरण गरी भूकम्प वा विपद्का दृष्टिले जोखिमयुक्त भवनहरूलाई पुनर्निमाण गर्न, प्रबलीकरण (रेक्टोफिटिङ) गर्न वा भत्काउन आदेश दिन सक्नेछ।

## परिच्छेद-१२ जिल्ला सभा सम्बन्धी व्यवस्था


### ९२. जिल्ला सभाको काम, कर्तव्य र अधिकार:

(१) प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

### १११. समानुपातिक समावेशिता कायम गर्नु पर्ने:

यस ऐन बमोजिम गठन गरिने समिति, उपसमिति वा कार्यदलमा नियुक्ति वा मनोनयन गर्दा समानुपातिक समावेशिता कायम गर्नु पर्नेछ।







# जनस्वास्थ्य सेवा ऐन, २०७५

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्छ।

(च) "जोखिमयुक्त क्षेत्र" भन्नाले कार्यस्थल वा कार्य प्रकृतिका कारण मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने कुनै पनि रसायनिक, जैविक, जलवायु परिवर्तन जन्य, मनोसामाजिक, शारीरिक, भौतिक तथा भौगोलिक अवस्था रहेको कार्यक्षेत्रलाई सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य उपचारका बेला स्वास्थ्यकर्मीहरूलाई हुने सम्भाव्य जोखिम समेतलाई जनाउनेछ।

## परिच्छेद-६ आपतकालीन स्वास्थ्य सेवा तथा व्यवस्थापन

४८. **आपतकालीन स्वास्थ्य सेवा तथा व्यवस्थापन :**

(१) आपतकालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन तोकिए बमोजिमको द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समूह रहनेछ।

(२) सङ्घ, प्रदेश र स्थानीय तहले आपतकालीन स्वास्थ्य योजना विकास गरी लागू गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश सरकार र स्थानीय तहले योजना विकास गर्दा नेपाल सरकारले सङ्घीय कानून बमोजिम निर्धारण गरेका मापदण्ड तथा निर्देशिकाहरूका अनुरूप हुने गरी गर्नु पर्नेछ।

(४) स्थानीय तहले प्रचलित कानून बमोजिम जनस्वास्थ्य विपद् अवस्था घोषणा गर्न सक्नेछ।

तर, कुनै विपद् एकभन्दा बढी स्थानीय तहमा हुन गएमा सम्बन्धित प्रदेशले र एकभन्दा बढी प्रदेशहरूमा जनस्वास्थ्य विपद् अवस्था सृजना हुन गएमा नेपाल सरकारले तोकिए बमोजिम जनस्वास्थ्य विपद् अवस्था घोषणा गर्न सक्नेछ।

(५) जनस्वास्थ्य विपद् अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ।

(६) जनस्वास्थ्य विपद्को समयावधि र क्षेत्र लगायत अन्य पक्षहरूमा उपलब्ध तथ्याङ्क तथा सूचनाका आधारमा थपघट वा हटाउन सकिनेछ।

(७) आपतकालीन स्वास्थ्य अवस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## ४९. सङ्क्रामक रोगको रोकथाम, सूचना तथा उपचार :

(१) सङ्क्रामक रोगहरूको सूची नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(२) कुनै स्थानमा उच्च जोखिम युक्त सङ्क्रामक रोग देखिएमा सोको जानकारी स्वास्थ्य संस्था वा जनस्वास्थ्य अधिकारीलाई दिनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।


(३) कुनै व्यक्ति सङ्क्रामक रोगबाट प्रभावित भएको पाइएमा निजको उपचार व्यवस्थापन सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले तत्कालै गर्नु पर्नेछ।

(४) सूचीकृत गरिएका सङ्क्रामक रोगहरूको बिरामी पहिचान भएमा सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले तोकिएको मापदण्ड बमोजिम सम्बन्धित निकायमा तोकिएको समयावधिभित्र सूचना सम्प्रेषण गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त सूचनाको आधारमा प्रदेश र मन्त्रालयसँग आवश्यक सहयोग लिई समयमै थप अध्ययन र व्यवस्थापन गर्ने जिम्मेवारी तोकिए बमोजिम स्थानीय तहको हुनेछ।

(६) स्वास्थ्य संस्थाले सङ्क्रामक रोग लागेका बिरामीको उपचारको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(७) सङ्क्रामक रोगको रोकथाम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।


TOXIC
GAS
2

# संक्रामक रोग ऐन, २०२०

लालमोहर र प्रकाशन मिति
२०२०/११/१६

**संशोधन गर्ने ऐन**

| | | |
|---|---|---|
| १. | संक्रामक रोग (पहिलो संशोधन) ऐन, २०२९ | २०२९।६।५ |
| २. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ | २०४९।१।८ |
| ३. | पशु स्वास्थ्य तथा पशुसेवा ऐन, २०५५ | २०५५।४।६ |
| | | प्रमाणीकरण र प्रकाशित मिति |
| ४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६[१] | २०६६।१०।७ |
| ५. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

**२०२० सालको ऐन नं. २८**

...............[२]

**प्रस्तावना :** नेपाल ....[३] भर वा त्यसको कुनै भागमा कुनै संक्रामक रोग फैलिएमा वा फैलिने सम्भावना देखिएमा त्यस्तो रोगले उग्र रुप लिन नपाउने गरी रोगको निर्मूल गर्न वा रोकथाम गर्नको लागि व्यवस्था गर्नु वाञ्छनिय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

## १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(१) यो ऐनको नाम "संक्रामक रोग ऐन, २०२०" रहेकोछ।

(२) यो ऐन नेपाल ...[४] भर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

---

१. यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको।
२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।
३. ऐ.
४. ऐ.

## २. विशेष व्यवस्था गर्ने अधिकार[५]

(१) नेपालभर[६] वा त्यसको कुनै भागमा ...[७] मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा नेपाल सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक कारवाई गर्न सक्छ र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरूको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) नेपाल सरकारले ...[८] मानिसमा उब्जेको वा फैलिएको वा फैलिने सम्भावना भएको कुनै संक्रामक रोग निर्मूल गर्न वा सो रोग रोकथाम गर्नको लागि आवश्यक व्यवस्था मिलाउन कुनै अधिकारीलाई मुकरर गरी आवश्यक अधिकार सुम्पन सक्नेछ।

(३) उपदफा (१) वा (२) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले पैदल वा जुनसुकै सवारीको साधनबाट लगिने वा ल्याइने ...[९] सफर गर्ने यात्रुको जाँचबुझ गर्न र त्यस्ता ...[१०] पशु, पंक्षी वा यात्रुलाई कुनै संक्रामक रोग लागेकोछ भन्ने शङ्का लागेमा जाँचबुझ गर्न खटिएको कर्मचारीले त्यस्तो ...[११] यात्रुलाई अस्पताल तथा अन्य स्थानहरूमा अलग गरी राख्न वा कुनै किसिमबाट ल्याउन लैजान वा सफर गर्नमा समेत निरीक्षण र नियन्त्रण गर्नको लागि आवश्यक आदेशहरू जारी गर्न सक्नेछ।

## २क. विशेष व्यवस्था गर्ने प्रदेशको अधिकार[१२]

(१) प्रदेशभर वा त्यसको कुनै भागमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा प्रदेश सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक कारबाही गर्न सक्नेछ र सर्वसाधारण जनता वा व्यक्तिहरूको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) प्रदेश सरकारले प्रदेशमा उब्जेको वा फैलिएको वा फैलिने सम्भावना भएको कुनै संक्रामक रोग निर्मूल गर्न वा सो रोग रोकथाम गर्नको लागि आवश्यक व्यवस्था मिलाउन कुनै अधिकारीलाई मुकरर गरी आवश्यक अधिकार सुम्पन सक्नेछ।

---

५. पहिलो संशोधनद्वारा संशोधित
६. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित।
७. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ द्वारा झिकिएको।
८. ऐ.
९. ऐ.
१०. ऐ.
११. ऐ.
१२. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप।

(३) उपदफा (१) वा (२) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी प्रदेश सरकारले पैदल वा जुनसुकै सवारीको साधनबाट यात्रा गर्ने यात्रुको जाँचबुझ गर्न र त्यस्ता यात्रुलाई कुनै संक्रामक रोग लागेको छ भन्ने शंका लागेमा जाँचबुझ गर्न खटिएको कर्मचारीले त्यस्तो यात्रुलाई अस्पताल तथा अन्य स्थानमा अलग गरी राख्न वा कुनै किसिमबाट ल्याउन लैजान वा यात्रा गर्नमा समेत निरीक्षण र नियन्त्रण गर्नको लागि आवश्यक आदेशहरू जारी गर्न सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २ बमोजिम नेपाल सरकारले आदेश जारी गरिसकेको अवस्थामा प्रदेश सरकारले यस दफा बमोजिम आदेश जारी गर्नु पर्ने छैन र त्यस्तो आदेश प्रदेश सरकारले समेत कार्यान्वयन गर्नेछ।

(५) यस दफा बमोजिम प्रदेश सरकारले आदेश जारी गरेको जानकारी नेपाल सरकारको सम्बन्धित मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ।"

## ३. सजाय

(१) यो ऐन वा यस ऐन अन्तर्गत दिइएको आदेशलाई अपहेलना गर्ने व्यक्ति उपर १ महीनासम्म कैद वा रु. १००।- सम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(२) यो ऐन अन्तर्गत अधिकृत व्यक्तिहरूलाई काममा बाधा पुऱ्याउनेलाई ६ महीनासम्म कैद वा रु. ६००।- सम्म जरिबाना वा दुवै सजाय हुनेछ।

## ४. कारवाई र किनारा गर्ने अधिकार

यस ऐन अन्तर्गत भए गरेको कसूरमा कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारी[१३]लाई हुनेछ।

## ५. असल नियतले गरेकोमा बचाउ

यो ऐन अन्तर्गत अधिकृत व्यक्तिले कुनै आनु कर्तव्य पालन गर्दा असल नियतले कुनै काम कारवाई गरेकोमा निजको विरुद्ध नालिस वा अरू कुनै कानुनी कारवाई गर्न सकिनेछैन।

---

१३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ द्वारा संशोधित।
द्रष्टव्य : १. स्थानीय प्रशासन ऐन, २०२२ द्वारा रुपान्तर गरिएको शब्द :
"बडाहाकिम वा मेष्ट्रेट" को सट्टा "अञ्चलाधीश"।
२. केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ बमोजिम रुपान्तर भएका शब्दहरुः
"श्री ५ को सरकार" भन्ने शब्दको सट्टा "नेपाल सरकार"।



# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३

प्रशासकीय कार्यविधी (नियमित) गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**संशोधन**

पहिलो संशोधन २०६४

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरूको नाम "प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "कोष" भन्नाले नियम ३ बमोजिम खडा भएको प्रधानमन्त्री दैवी प्रकाप उद्धार कोष सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले नियम ३ बमोजिमको कोष सञ्चालन समिति सम्झनु पर्छ।

(ग) "दैवी प्रकोप" भन्नाले बाढी, पहिरो, आगलागी, भूकम्प, आँधीबेरी, अतिवृष्टी, अनावृष्टी, पशुपंक्षी तथा अन्य जीवबाट सरुवा भई आउने रोग वा सरुवा रोगको महामारी, प्राकृतिक कारणले हुने सडक दुर्घटना जस्ता दैवी प्रकोप सम्झनु पर्छ र सो शब्दले औद्योगिक दुर्घटना समेतलाई जनाउनेछ।

**३. कोषको स्थापना :**

(१) प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष नाम गरिएको एक कोष खडा गरिनेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरू जम्मा गरिनेछ :-

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सदस्य, संवैधानिक पदाधिकारी, सांसद, निजामती, जंगी तथा प्रहरी कर्मचारीले प्रदान गरेको रकम,

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेक सम्पर्ण सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राद्ध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विधिन्न पेशागत व्यक्तिहरू, राजनैतिक दल, ट्रेड युनियन, गैर सरकारी संस्था, नागरिक समाज वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(ग) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्थाबाट कोषको नाममा सोझै प्राप्त भएको रकम,

(घ) नेपाल सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ङ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपनियम (१) बमोजिमको कोष आवर्ती कोष (रिभल्भिङ फण्ड) को रुपमा सञ्चालन गरिनेछ।

**४. कोषको प्रयोग :** कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ :-

(क) दैवी प्रकोपबाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने,

(ख) दैवी प्रकोपबाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर खडा गर्ने,

(ग) दैवी प्रकोपबाट पीडित व्यक्तिको भरण पोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने खाद्यान्न, लत्ता कपडा, औषधी, शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु खरिद गर्ने,

(घ) दैवी प्रकापको कारणबाट घाइते वा विरामी भएको व्यक्तिको औषधी उपचार गर्ने,

(ङ) दैवी प्रकोपको कारणबाट देहावसान भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि मृतकका आफन्तका लागि आर्थिक सहायता गर्ने,

(च) दैवी प्रकोपको कारणबाट भएको फोहोर मैला तथा प्रदुषणको विसर्जन (डिस्पोजल) गर्ने,

(छ) दैवी प्रकोपबाट पीडित व्यक्तिको अस्थायी रुपमा आश्रयस्थल बनाउने वा पुनर्स्थापना गर्ने,

(ज) दैवी प्रकोपबाट पीडित व्यक्तिको आवासीय घर वा निजको पेशासँग सम्बन्धित औजार, वर्कशप मर्मतका लागि आर्थिक सहायता प्रदान गर्ने,

(झ) दैवी प्रकोप रोकथामका लागि सचेतमलक कार्यक्रम संचालन गर्ने, पूर्वसावधानी अपनाउने वा पूर्व तयारी (प्रिपेयर्डनेश) गर्ने।

**५. कोषको रकम प्रयोग हुन नसक्ने :**

नियम ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन :-

(क) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) दैवी प्रकोपसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन।

## ६. कोष सञ्चालन समिति :

(१) कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमका एक कोष सञ्चालन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | - | संयोजक |
| (ख) सचिव, गृह मन्त्रालय | - | सदस्य |
| (ग) सचिव, स्थानीय विकास मन्त्रालय | - | सदस्य |
| (घ) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - | सदस्य |
| (ङ) सचिव, जलस्रोत मन्त्रालय | - | सदस्य |
| (च) सचिव, कृषि तथा सहकारी मन्त्रालय | - | सदस्य |
| (छ) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | - | सदस्य |
| (ज) सचिव (समन्वय), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - | सदस्य-सचिव |

(२) समितिको बैठक जुनसुकै बखत समितिको संयोजकले तोकेको ठाउँ, मिति र समयमा बस्नेछ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(४) समितिले आवश्यकता अनुसार अन्य सरकारी वा गैर सरकारी क्षेत्रमा कार्यरत जुनसुकै कर्मचारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## ७. कोषको व्यवस्थापन तथा सञ्चालन :

(१) कोषको रकम समितिबाट नेपाल राष्ट्र बैंक वा नेपाल भित्रका अन्य कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(२) उपनियम (१) बमोजिमको खाता समितिको सदस्य-सचिव र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रमुख लेखा अधिकृत वा लेखा अधिकृतको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

## ८. अधिकार प्रत्यायोजन :

समितिले आवश्यकता अनुसार आफूमा रहेको केही वा सबै अधिकार केन्द्रीय दैवी प्रकोप उद्धार समिति वा जिल्ला दैवी प्रकाप उद्धार समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

## ९. लेखा तथा लेखापरीक्षण :

(१) कोषको आम्दानी खर्चको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## १०. कोषको रकम वितरण गर्ने कार्यविधि :

(१) कोषको रकम नियम ४ बमोजिमको प्रयोजनका लागि खर्च गर्ने गरी जिल्ला स्तरीय दैवी प्रकोप समिति वा अन्य कुनै निकायलाई उपलब्ध गराईनेछ।

(२) उपनियम (१) बमोजिम कोषको रकम उपलब्ध गराउँदा दैवी प्रकोपको सघनता र व्यापकता, कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिल उचित ठहराए बमोजिम रकम उपलब्ध गराईनेछ।

(३) उपनियम (१) वा (२) बमोजिम रकम उपलब्ध गराउँदा समितिले केन्द्रीय दैवी प्रकोप उद्धार समिति तथा जिल्ला दैवी प्रकोप उद्धार समितिको सिफारिस समेतलाई आधार बनाउनेछ।

## ११. नेपाल सरकारले निर्देशन दिन सक्ने :

नेपाल सरकारले यस नियमावली बमोजिम रकम उपलब्ध गराउने सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**आज्ञाले, माधव पौडेल**
नेपाल सरकारको सचिव



# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

नेपाल राजपत्रमा प्रकाशित मिति
२०७६/१/२३

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरूको नाम "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ मल, बहुउद्देश्यीय व्यापारिक भवन, संयुक्त आवासीय भवन, होटेल, रिसोर्ट, पार्टी प्यालेस, पेट्रोल पम्प लगायतका उद्योग व्यवसाय गर्ने संस्था सम्झनु पर्छ।

**३. कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः**

ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) ऐनको दफा ८ को खण्ड (ख) र (ग) बमोजिम स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति, योजना, रणनीतिक योजना तथा कार्यक्रम लागू गर्न सङ्घ, प्रदेश, जिल्ला, स्थानीय तहका सम्बन्धित निकाय तथा सरोकारवालासँग समन्वय गर्ने तथा त्यस्ता कार्यक्रमको कार्यान्वयनको विषयमा निरन्तर अनुगमन गर्ने,

(ख) ऐनको दफा ८ को खण्ड (घ) मा निर्धारित भूमिका निर्वाह गरे नगरेको सम्बन्धमा सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाको अनुगमन गरी त्यस्तो भूमिका निर्वाह गर्न लगाउने,

(ग) विपद् व्यवस्थापन सम्बन्धमा सङ्घ, प्रदेश, जिल्ला तथा स्थानीय तहका सम्बन्धित निकायसँग समन्वय गरी विपद् व्यवस्थापनको लागि आवश्यक पर्ने भौतिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(घ) शैक्षिक पाठ्यक्रममा समावेश गर्ने विपद् व्यवस्थापन सम्बन्धी विषयहरू तयार गरी पाठ्यक्रममा समावेश गर्न सम्बन्धित निकायलाई सुझाव दिने,

(ङ) बीमा र सामाजिक सुरक्षा लगायतका विपद्जन्य जोखिम हस्तान्तरणका विधि र प्रक्रिया निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने,

(च) विपद्को समयमा खटिने कर्मचारी तथा स्वयंसेवकको सुरक्षाको लागि आवश्यक व्यवस्था मिलाउने।

## ४. विशेषज्ञ समिति सम्बन्धी व्यवस्था:

(१) मन्त्रालयले ऐनको दफा ९ को उपदफा (१) मा उल्लिखित विषयगत क्षेत्रका विज्ञहरू रहने गरी बढीमी पाँच सदस्यीय विशेषज्ञ समिति गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम गठन हुने विशेषज्ञ समितिको सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) पैंतीस वर्ष उमेर पूरा भएको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातकोत्तर उपाधी हासिल गरी सो क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन थात ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर तथा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको।

(३) उपनियम (१) बमोजिमको विशेषज्ञ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालको भौगर्भिक अवस्था समेतको आधारमा विपद्को जोखिम भएका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी न्यूनीकरणका लागि सुझाव दिने,

(ख) प्रकोपको स्वरुप अनुरुप जोखिमको आँकलन, नक्साङ्कन, विश्लेषण गरी विपद् जोखिमबारे क्षमता अभिवृद्धि, विपद् व्यवस्थापन सूचना प्रणाली र सूचना प्रवाह सम्बन्धी विषयमा सुझाव दिने,

(ग) शैक्षिक पाठ्यक्रममा समावेश गरिने विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको सम्बन्धमा राय, सुझाव दिने,

(घ) महामारी (प्याण्डामिक) तथा जनस्वास्थ्यका सम्भावित समस्याहरूको पूर्वानुमान, नियन्त्रण तथा व्यवस्थापनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ज्ञान र विधिको आधारमासुझाव दिने,

(ङ) जलवायु परिवर्तनबाट उत्पन्न हुन सक्ने परिणाम समेतका विषयगत विज्ञ तथा सरोकारवालाहरूको समेत सहभागितामा छलफल गरी विपद् जोखिम न्यूनीकरण तथा

व्यवस्थापनका विविध पक्षहरू पहिचान गरी कार्यान्वयनका लागि सुझाव दिने,

(च) विपद् पुनर्लाभ सम्बन्धी कार्यका लागि गरिने लगानीमा सार्वजनिक तथा निजी क्षेत्रलाई क्रियाशील र जिम्मेवार बनाउन अपनाउनु पर्ने विधिका लागि सुझाव दिने,

(छ) अझ राम्रो र बलियो निर्माणको अवधारणअनुरुप उपयुक्त पूर्वाधार निर्माण गनर्सुझाव दिने,

(ज) आर्थिक सामाजिक विकास र वातावरण संरक्षण गर्दै विपद जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी, पुनर्लाभ तथा पुनर्निर्माणका क्रियाकलापलाई प्रभावकारी बनाउन सुझाव दिने,

(झ) कार्यकारी समिति तथा मन्त्रालयले माग गरेका अन्य विषयमा राय, सुझाव दिने।

(४) विपद् व्यवस्थापन समितिका सदस्यहरूले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई मन्त्रालयले तोके बमोजिमको बैठक भत्ता पाउनेछन्।

(५) उपनियम (१) बमोजिमको विशेषज्ञ समितिको कार्याविधि सो समिति गठन गर्दाका बखत मन्त्रालयले तोके बमोजिम हुनेछ।

## ५. प्राधिकरणको काम, कर्तव्य र अधिकार :

(१) ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्राधिकरणको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको प्रकृतिको आधारमा कर्मचारी तथा कामदारलाई दिनु पर्ने विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तथा तालिमको विषय र मापदण्ड तोक्ने,

(ख) विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न क्षमता अभिवृद्धि लगायतका कार्य गर्ने, गराउने,

(ग) विपद्को समयमा तत्काल परिचालनको लागि फ्लाइङ स्क्वाड गठन गर्न सुरक्षा निकायसँग समन्वय गर्ने र त्यस्तो फ्लाइङ स्क्वाडको लागि आवश्यक पर्ने तालीम तथा अभिमुखीकरणको व्यवस्था मिलाउने,

(घ) विपद्को समयमा प्राप्त हुने राहत सामग्री सुरक्षित रुपमा भण्डारण गर्ने तथा प्रभावितहरूलाई पारदर्शी रुपमा वितरणको व्यवस्था मिलाउने,

(ङ) विकास निर्माण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्दा अवलम्बन गर्नु पर्ने विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयको लागि सङ्घ,प्रदेश र स्थानीय तहका सम्बन्धित निकायलाई लागि आवश्यक मार्गनिर्देश गर्ने,

(च) विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने सरकारी निकाय, गैर सरकारी संस्था, निजी क्षेत्रका कार्यक्रमलाई नेपाल सरकारको प्राथमिकता तथा आवश्यकताका आधारमा परिचालन गर्न मार्गदर्शन गर्ने तथा त्यस्ता कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने।

(२) प्राधिकरणले सम्पादन गरेका कामको विवरण मन्त्रालयलाई नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

(३) प्राधिकरणको सङ्गठन संरचना तथा कार्यविवरण नेपाल सरकारले स्वीकृत गर्नेछ।

(४) प्राधिकरणको गठन नभएसम्मको लागि प्राधिकरणले गर्ने कार्य मन्त्रालयको विपद् व्यवस्थापन सम्बन्धी विषय हेर्ने महाशाखाले गर्नेछ।

## ६. जिल्ला विपद व्यवस्थापन समितिको सचिवालय तथा बैठकः

(१) जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालयको काम जिल्ला प्रशासन कार्यालयले गर्नेछ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) जिल्ला विपद् व्यवस्थापन समितिको सदस्य-सचिवले सो समितिको बैठक बस्ने मिति,समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(४) जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा सो समितिका उपस्थित सदस्यहरूले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिको मत निर्णायक हुनेछ।

(६) जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार सम्बन्धित निकायका प्रतिनिधि र विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) समितिको बैठक प्रत्येक चौमासिक अवधिमा कम्तीमा एक पटक बस्नु पर्नेछ।

(८) जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(९) जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सो समितिको - सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

## ७. जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला विपद् व्यवस्थापन समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समिति बीच समन्वयात्मक रुपमा काम गर्ने,

(ख) विपद् जोखिम न्यूनीकरणको लागि विपद् पूर्वतयारी कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(ग) कम्तीमा पचास जना उद्धारकर्मीलाई उद्धार कार्यमा प्रयोग गर्न आवश्यक पर्नेखोज तथा उद्धार सामग्रीभण्डारणको व्यवस्था मिलाउने,

(घ) विपद्को समयमा सूचना प्रवाहको लागि सञ्चार संयन्त्रको परिचालन तथा व्यवस्थापन गर्ने,

(ङ) विपद्को समयमा नागरिकलाई अनावश्यक भय र त्रास फैलन सक्ने किसिमका सूचना प्रवाह गर्न रोक लगाउने,

(च) विपद् व्यवस्थापन क्षेत्रका क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको नियमित रुपमा समन्वय र अनुगमन गर्ने, गराउने ।

## ८. स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:

(१) ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय विपद् व्यवस्थापन समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रम सहितको कार्ययोजना तयार गरी लागू गर्ने, गराउने,

(ख) स्थानीयतहमा विपद् जोखिमको अवस्थाको लेखाजोखा, नक्साङ्कन, विश्लेषणगरी विकास निर्माण सम्बन्धी कार्यमा विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक व्यवस्था गर्ने,

(ग) भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता, भवन निर्माण मापदण्ड लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन गरी पालना गर्न लगाउने,

(घ) विपद् व्यवस्थापनमा परिचालन गरिने कर्मचारी तथा स्वयंसेवकको क्षमता अभिवृद्धिको व्यवस्था गर्ने,

(ङ) विपद् उद्धारको काममा संलग्न व्यक्तिको सुरक्षाको लागि सुरक्षा उपकरण, बीमा लगायत आवश्यक प्रबन्ध मिलाउने,

(च) ऐनको दफा १८ को उपदफा (५) बमोजिम सुरक्षा निकायको मागका आधारमा खोज तथा उद्दार सामग्रीको व्यवस्थापन गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनको लागि परम्परागत ज्ञान, सीप र प्रविधिको उपयोग गर्ने तथासोको लागि स्थानीय समुदायलाई परिचालन गर्ने व्यवस्था मिलाउने,

(ज) बीमा र सामाजिक सुरक्षा लगायतका विपद्जन्य जोखिम हस्तान्तरणका विधि र प्रक्रिया तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) विपद् व्यवस्थापनका लागि विषयगत समूह गठन गरी परिचालन गर्ने।

(२) स्थानीय विपद् व्यवस्थापन समितिले वडा स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गरी सञ्चालन गर्न सक्नेछ।

## ९. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व:

(१) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले विपद्का घटना हुन नदिन ऐनको दफा २० को उपदफा (१) मा उल्लिखित दायित्व निर्वाह गर्नुका साथै प्राधिकरणले समय समयमा दिएको निर्देशनको समेत पालना गर्नु पर्नेछ।

(२) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले विपद्पूर्व, विपद्को समयमा र विपद्पश्चात पनि आफ्नो व्यवसायलाई सुचारु गर्न व्यवसाय निरन्तरता योजना बनाई लागू गर्नु पर्नेछ।

(३) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्राधिकरणले तोके बमोजिम अग्नि नियन्त्रण लगायतका विपद् न्यूनीकरण जन्य उपकरण जडान गर्नु पर्नेछ।

(४) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले ऐन तथा यस नियमावली बमोजिमको जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा प्राधिकरण तथा सम्बन्धित विपद् व्यवस्थापन समितिले नियमित अनुगमन गर्नु पर्नेछ।

## १०. कोषको सञ्चालन:

(१) केन्द्रीय स्तरमा रहने विपद् व्यवस्थापन कोषमा जम्मा भएको रकम कार्यकारी समितिले प्रतिस्पर्धाको आधारमा “क” वर्गको कुनै बाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) कार्यकारी समितिको निर्णय बमोजिम स्वीकृत भएको विपद व्यवस्थापन कार्यक्रम र राहत वितरण गर्ने प्रयोजनको लागि मात्र कोषको रकम खर्च गरिनेछ।

(३) उपनियम (२) बमोजिम कोषको रकम खर्च गर्दा नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन।

(४) कोषको सञ्चालन कार्यकारी प्रमुख वा निजले अख्तियारी दिएको प्राधिकरणको अधिकृत कर्मचारी र प्राधिकरणको आर्थिक प्रशासन हेर्ने शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(५) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यकारी समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## ११. जिल्ला विपद् व्यवस्थापन कोषः

(१) विपद् व्यवस्थापनका लागि प्रत्येक जिल्लामा एउटा छुट्टै जिल्ला विपद् व्यवस्थापन कोष रहनेछ।

(२) जिल्ला विपद् व्यवस्थापन कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्राधिकरणबाट प्राप्त रकम,

(ग) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) कुनै स्वदेशी सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम।

(३) जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम स्वीकृत भएको विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको लागि मात्र जिल्ला विपद् व्यवस्थापन कोषको रकम खर्च गरिनेछ।

(४) उपनियम (३) बमोजिम जिल्ला विपद् व्यवस्थापन कोषको रकम खर्च गर्दा नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन।

(५) जिल्ला विपद् व्यवस्थापन कोषको सञ्चालन जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्ष वा निजले अख्तियारी दिएको जिल्ला प्रशासन कार्यालयको अधिकृत कर्मचारी र जिल्ला प्रशासन कार्यालयको आर्थिक व्यवस्थापन हेर्ने शाखाको प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(६) जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा भएको रकम जिल्ला विपद् व्यवस्थापन समितिले "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(७) जिल्ला विपद् व्यवस्थापन कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(८) जिल्ला विपद् व्यवस्थापन कोषको परिचालनका सम्बन्धमा प्राधिकरणले आवश्यकता अनुसार निरीक्षण गर्न सक्नेछ

(९) जिल्ला वनको कोषसञ्चालन सम्बन्धी अन्य व्यवस्था जिल्ला विपद् व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## १२. सम्पत्ति प्राप्त गर्नेः

ऐनको दफा ३३ को उपदफा (१) को खण्ड (घ) बमोजिम नेपाल सरकारले गैरसरकारी संस्थाको कार्यालय, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको चल, अचल सम्पत्ति प्राप्त गर्दा विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको अवधि समाप्त भएको मितिले बढीमा तीस दिनसम्मको लागि प्राप्त गर्न सक्नेछ।

## १३. विपद्मा परी हराएका वा नष्ट भएका कागजातको प्रमाणीकरण गर्ने तथा प्रतिलिपि उपलब्ध गराउने:

(१) विपद्मा हराई फेला पर्न नसकेको वा आंशिक वा पूर्ण रुपमा क्षति भएको महत्वपूर्ण कागजातको प्रतिलिपि फेला परेमा र सो प्रतिलिपि स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा स्थानीय तहले प्रमाणित गरेमा सम्बन्धित निकायले सोको अभिलेख राखी प्रचलित कानू बमोजिम नयाँ प्रतिलिपि कागजात बनाई दिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कागजातको प्रमाणित प्रतिलिपि नभएको अवस्थामा सरकारी निकायबाट जारी भएको अन्य कुनै कागज प्रमाणको आधारमा स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा सम्बन्धित निकायले त्यस्तो कागजात प्रमाणीकरण गर्न वा प्रतिलिपि प्रमाणित गरी दिन सक्नेछ।

(३) उपनियम (१) बमोजिम हराएका वा नष्ट भएका कागजातहरूको प्रतिलिपि कुनै सरकारी निकाय, सङ्घ संस्था वा व्यावसायिक प्रतिष्ठानमा रहेको भएमा सम्बन्धित व्यक्ति वा संस्थाले त्यस्तो प्रतिलिपि माग गर्न सक्नेछ र सोको प्रतिलिपि दिनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

## १४. सम्मान तथा पुरस्कार दिन सकिने:

(१) विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुर्‍याउने व्यक्ति वा संस्थालाई मन्त्रालये प्रदेश तथा स्थानीय तहको सिफारिसमा प्रत्येक वर्ष सम्मान तथा पुरस्कार दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको पुरस्कारको रकम नेपाल सरकार, अर्थ मन्त्रालयको परामर्शमा कार्यकारी समितिले तोके बमोजिम हुनेछ।

(३) उपनियम (१) बमोजिम दिइने सम्मान तथा पुरस्कारको लागि प्राधिकरणले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ

## १५. मन्त्रालयसँग समन्वय गर्ने:

विपद्को समयमा विपद् प्रतिकार्यको लागि सुरक्षा निकायहरू परिचालन गर्नुपर्ने अवस्थामा प्राधिकरणले मन्त्रालयसँग समन्वय गर्नु पर्नेछ।

## १६. वार्षिक प्रतिवेदन:

(१) स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको बीस दिनभित्र जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा आफूले गरेको र जिल्ला भित्रका स्थानीय विपद् व्यवस्थापन समितिबाट भएका कामको एकमुष्ट वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको चालीस दिनभित्र प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) प्रदेश विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा आफूले गरेको र प्रदेश भित्रका जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिबाट भएका कामको एकमुष्ट वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्राधिकरण मार्फत परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(४) प्राधिकरणले प्रत्येक आर्थिक वर्षमा आफूले गरेका कामहरूको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र कार्यकारी समिति मार्फत परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(५) प्राधिकरणले उपनियम (३) र (४) बमोजिमका वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।



# शीतलहर तथा चिसो प्रभावित विपन्नहरूको पहिचान तथा राहत प्रदान सम्बन्धी मापदण्ड, २०६९



स्वीकृति तथा जारी मिति : २०६९/०९/२७

## १. पृष्ठभूमि

दैवी प्रकोप उद्धार ऐन, २०३९ तथा प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ अनुरूप जिल्ला तहमा जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णयानुसार प्रकोपमा परेकाहरूलाई राहत प्रदान गरिदै आएकोमा हाल तराइका जिल्लाहरूमा फैलिएको शीतलहर तथा चिसोले पारेको आक्रान्त अवस्थालाई सम्बोधन गर्न तथा तत्काल पूर्वतयारीका कार्यद्वारा पीडितहरूलाई राहत प्रदान गर्नका लागि मन्त्रिपरिषदको मिति २०६९।०९।२४ को निर्णय अनुसार अति विपन्न परिवारको पहिचान गरी राहत सामाग्रीहरू वितरणका लागि प्रक्रिया तथा संयन्त्र निर्माण गर्न यो 'शीतलहर तथा चिसो प्रभावित विपन्नहरूको पहिचान तथा राहत प्रदान सम्बन्द्धी मापदण्ड, २०६९' स्वीकृत गरी जारी गरिएको छ।

## २. पीडित पहिचान

२.१ नेपाल राज्य भर तराइका बीस जिल्लाहरू क्रमश : झापा, सुनसरी, मोरङ, सप्तरी, सिरहा, धनुषा, सर्लाही, महोत्तरी, रौतहट, बारा, पर्सा, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, वांके, बर्दिया, कैलाली, कंचनपुर र चितवनमा शीत लहर तथा चिसोबाट प्रभावित वस्तीहरू, समूहहरू तथा व्यक्तिहरू पहिचान गर्नका लागि प्रमुख जिल्ला अधिकारीहरूले शीघ्रातिशीघ्र त्यस्ता वस्तीहरू भ्रमण गर्ने तथा पहिचान गर्ने कार्य गर्नु पर्ने छ।

२.२ प्रथमतः अति विपन्न बस्तीको र त्यसपछि अति विपन्न परिवारको पहिचान गरी तिनलाई राहत स्वरुप कम्वल तथा सामूहिक राहत स्वरुप चोक वा टोलमा सामूहिकरूपमा दाउराहरू बाल्ने तथा तातो हुने अन्य प्रवन्धहरू मिलाउने तथा मिलाउन लगाउनु पर्नेछ।

२.३ अति विपन्न परिवार पहिचान गर्दा देहायको अवस्थालाई मूल आधार बनाउनु पर्नेछ।

क) घरको अवस्था

ख) जग्गा जमीन तथा आर्थिक स्थिति (२ कट्ठाभन्दा कम जग्गा भएकालाई विशेष प्राथमिकता दिनुपर्ने।)

ग) परिवार संख्या

घ) घरको आयश्रोत

ङ) गा. वि. स./नगरपालिका सचिवको राय/सिफारीस

## ३. राहत सामाग्री जुटाउने तथा संकलन गर्ने

३.१ शीतलहर तथा चिसोबाट जोगाउन तथा पूर्वतयारीहरू गरी तातोहुने अवस्था सृजनाका लागि स्थानीय स्तरमा प्रमुख जिल्ला अधिकारीले यस मापदण्ड वमोजिम वनाइने संयन्त्र परिचालन गरी राहत सामाग्रीहरू जुटाउनु तथा संकलनको प्रवन्ध मिलाउनु पर्छ।

३.२ शीतलहर तथा चिसोबाट प्रभावित विपन्न वर्गलाई राहत स्वरूप प्रति परिवार एक थानका दरले कम्बल वितरण गर्नका लागि मन्त्रालयको केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट प्राप्त रकम प्रयोग गर्नु पर्ने छ। यसका साथै संयन्त्रले स्थानीय स्तरमा अन्य सहयोग समेत जुटाउन सक्नेछ।

३.३ केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट शीतलहर तथा चिसो सम्बन्धी राहतका लागि निर्दिष्ट रकमबाट चोक तथा टोलहरूमा सामूहिक रुपमा तातो गर्नका लागि दाउराहरू किन्न सकिने छ।

३.४ चोक वा टोलमा कति दाउरा किन्ने भन्ने सम्बन्द्धामा जिल्ला स्तरमा यस मापदण्ड वमोजिम बन्ने संयन्त्रले निर्णय गर्ने छ।

३.५ दाउरा बन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतको निकायबाट सुलभदरमा वा निशुल्क प्राप्त गर्न सकिने भए उपलब्ध गर्नु पर्ने छ।

## ४. पीडितलाई राहत सामाग्री वितरण गर्ने

४.१ शीतलहर तथा चिसोवाट प्रभावित पीडितहरूको पहिचान गरी ती मध्ये विपन्न वर्गका लागि प्रति परिवार एक थान कम्बल राहत तथा पूर्वतयारी स्वरूप उपलब्ध गराउने।

४.२ राहत वितरण गर्दा विपन्न वर्गका परिवारलाई अतिआवश्यकताका आधारमा उपलव्ध गराउने राहतस्वरूप प्रदान गरिने एक थान कम्बल उपलव्ध भएसम्म घरमूलीलाई दिने।

४.३ राहत वितरण गर्दा सदरमुकाम मात्र वा कुनै एक वस्तीमा मात्र केन्द्रित नहुने।

## ५. सामूहिकस्वरुपको राहत व्यवस्था

५.१ शीतलहर तथा चिसोबाट बढी प्रभावित वस्तीहरू पहिचान गरी ती वस्तीहरूमा सामूहिकरुपमा तातोको व्यवस्था गर्नका लागि चोक वा टोलको केन्द्रमा आगो बाल्ने गरी दाउराहरू उपलब्ध गराउने।

५.२ जिल्लास्तरमा दाउराहरू खोजमेल गरेर उपलब्ध गराउने र खोजमेल गर्दा पर्याप्त दाउराहरू फेला नपरे खरिद गरी उपलव्ध गराउने।

५.३ चोक वा टोलका केन्द्रहरूमा उपलब्ध गराउने दाउराहरू खरिद गर्नका लागि शीतलहर तथा चिसोबाट प्रभावित अति विपन्न परिवारलाइ राहत दिन भनी निर्दिष्ट गरी पठाइएको रकमबाट खर्च गर्ने र यस्तो खर्च पछि जिल्ला दैवी प्रकोप उद्धार समितिबाट अनुमोदन गराउनु पर्ने ।

५.४ उपलव्ध गराइएका दाउराहरू व्यक्तिगत प्रयोगमा नआओस् भन्ने विषयमा विशेष सतर्कता अपनाउने तथा यस्तो निजी प्रयोगमा आएको पाइएमा दिइएका दाउराहरू फिर्ता ल्याई त्यस टोल वा समुदायका त्यस्तो कार्य गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले नसिहत दिन सक्ने ।

## ६. संरचनागत संयन्त्र

६.१ पीडित पहिचान तथा त्यसमा पनि विपन्न वर्गकालाई प्राथमिकताका आधारमा राहत प्रदान गर्न र चोक वा टोलमा सामहिकरुपमा दाउराहरू बाल्नका लागि प्राथमिकताका आधारमा वितरण गर्नका लागि जिल्लास्तरमा एक संयन्त्र निर्माण गर्ने ।

६.२ यस संयन्त्रमा निम्न वमोजिमका पदाधिकारी रहने छन् ।

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | : | संयोजक |
| स्थानीय विकास अधिकारी | : | सदस्य |
| जिल्ला प्रहरी प्रमुख | : | सदस्य |
| जिल्लास्थित सशस्त्र प्रहरी प्रमुख | : | सदस्य |
| जिल्ला वन कार्यालयका प्रमुख | : | सदस्य |
| जिल्ला जनस्वास्थ्य प्रमुख | : | सदस्य |
| जिल्ला रेडक्रसको प्रतिनिधि | : | सदस्य |
| जिल्ला उद्योग वाणिज्य संघको प्रतिनिधि | : | सदस्य |

६.३ यस संयन्त्रको सचिवालयको रुपमा जिल्ला प्रशासन कार्यालयले कार्य गर्ने छ ।

६.४ कम्बल किनी वितरण गर्नका लागि तथा सामूहिकरूपमा प्रयोग गर्न दाउराहरू किनी वितरण गर्नका लागि जिल्ला दैवी प्रकोप उद्धार कोषमा प्राप्त रकमको फांटवारी तथा फेहरिस्त जिल्ला प्रशासन कार्यालयले राख्ने छ ।

## ७. सरोकारवालाहरूको संलग्नता

७.१ शीतलहर तथा चिसोबाट अति प्रभावित वस्ती तथा टोलहरूको पहिचान र विपन्न वर्गका लागि प्रति परिवार एक थान कम्बल तथा सामहिकरुपमा बाल्नेगरी दाउराहरू वितरण पश्चात प्रभावित नागरिकहरूलाई राहत प्रदान गर्नका लागि जिल्ला स्थित सम्पूर्ण सरकारी तथा गैर-सरकारी संघ संस्थाहरूले सामूहिक तथा व्यक्तिगतरूपमा सहयोग गर्न सक्नेछन् ।

७.२ यस्तो सहयोगका आव्हान जिल्ला दैवी प्रकोप उद्धार समितिको बैठक बसी गरिने छ। आकस्मिकरुपमा दैवी प्रकोप उद्धार समितिको बैठक बस्न नसकेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले यस मापदण्डबमोजिमको संयन्त्रको बैठक बसाली आव्हान गर्न सक्ने छ।

७.३ यस आव्हान बमोजिम सहयोग गर्नु जिल्ला स्थित सबै सरकारी तथा गैर-सरकारी संघ संस्थाहरूको कर्तव्य हुने छ।

## ८. अनुगमन तथा मूल्याकंन

८.१ शीतलहर तथा अतिचिसोबाट प्रभावित विपन्न वर्गहरूले उचित तरिकाले कम्बल पाए नपाएको विषयमा प्रमुख जिल्ला अधिकारीले आफै गई वा प्रतिनिधि पठाई अनुगमन तथा निरीक्षण गर्नु गराउनु पर्ने छ।

८.२ जिल्लास्थित सरकारी तथा गैर-सरकारी संघ संस्थाहरूले शीतलहर तथा अतिचिसो प्रभावितहरूलाई के कति सहयोग गरे भन्ने विषयको अभिलेख प्रमुख जिल्ला अधिकारीले राख्नु पर्ने छ।

८.३ सामूहिक रूपमा तातो गराउनका लागि चोक तथा टोलहरूमा के कति दाउराहरू वितरण भए तथा कुन कुन चोक तथा टोलहरूमा दाउराहरू बाल्ने कार्य भएको छ सो को अभिलेख जिल्ला प्रशासन कार्यालयमा राखी त्यसको विवरण तथा कम्बल वितरणको विवरण क्षेत्रीय प्रशासन कार्यालयमा पठाउनु पर्ने छ।

८.४ कार्यसम्पादन गरिएपछि सम्पूर्ण विवरण खुलाई गृह मन्त्रालयमा प्रतिवेदन गर्नु प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुनेछ।

८.५ कार्य सम्पादन गरिएपछि राहत विवरण र खर्च, लाभान्वित परिवारसंख्या सम्बन्धी सम्पूर्ण विवरण सार्वजनिक गर्नु संरचनागत संयन्त्रको कर्तव्य हुनेछ।

## ९. अन्य व्यवस्थापन तथा प्रक्रिया संयन्त्रले निर्धारण गर्न सक्ने

यो मापदण्डको व्यवस्थाको प्रतिकुल नहुने गरी कार्यसम्पादन सम्बन्धी अन्य प्रक्रिया र व्यवस्थापन यस मापदण्ड अनुरुपको संरचनागत संयन्त्रले आफै निर्धारण गर्न सक्ने छ।



# राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७०
# (प्रथम संशोधन, २०७५)

जारी मिति : २०७०/०१/२६
प्रथम संशोधन : २०७५/१२/२२

**Abbreviations**

| | |
|---|---|
| APF | Armed Police Force |
| CCCM | Camp Coordination and Camp Management |
| EOC | Emergency Operation Center |
| FAO | Food and Agriculture Organization |
| GIS | Geographic Information System |
| IFRC | International Federation of Red Cross and Red Crescent Societies |
| IOM | International Organization for Migration |
| INSARAG | International Search and Rescue Advisory Group |
| OSOCC | On-Site Operation Coordination Center |
| MNMCC | Multi National Military Coordination Center |
| NACRIMAC | Nepali Army Crisis Management Center |
| NA | Nepal Army |
| NEOC | National Emergency Operation Center |
| NP | Nepal Police |
| SC | Save the Children |
| SMS | Short Message Service |
| SOP | Standard Operating Procedure |
| Sub-OSOCC | Sub-On-Site Operation Coordination Center |
| Sub-MNMCC | Sub-Multi National Military Coordination Center |
| UNICEF | United Nations Children's Fund |
| UNDP | United Nations Development Programme |
| UNDAC | United Nations Disaster Assessment and Coordination Team |
| UN Habitat | United Nations Habitat |
| UNHCR | United Nations High Commissioner for Refugees |
| UNFPA | United Nations Population Fund |
| WASH | Water, Sanitation and Hygiene |
| WFP | World Food Programme |
| WHO | World Health Organization |

## १. भूमिकाः

मुलुकको संवैधानिक प्रावधान र सङ्घीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको काम हुँदै आएको छ। विपदबाट सर्वसाधारणको जीउज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ। नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्डको कार्यान्वयन र नियमन गर्न गराउन गृह मन्त्रालयलाई जिम्मेवारी तोकिएको छ। विपद् प्रतिकार्यको समयमा स्थानीयस्तरबाट तत्काल प्रतिकार्य गर्न नसकिने भै राष्ट्रियस्तरको स्रोत साधन र जनशक्तिको परिचालन गर्नुपर्ने अवस्था परिआएमा तदनुरुप प्रतिकार्य गर्न गराउनका लागि संघीय संरचना अनुसार राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा आवश्यक भएकोले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ८ (त) बमोजिम राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० को प्रथम संशोधन, २०७५ जारी गरिएको छ।

## २. उद्देश्य र कार्यक्षेत्रः

२.१. विपद्को प्रभावकारी र समन्वयात्मक ढङ्गले प्रतिकार्य गर्नका लागि दिशानिर्देश गर्नु यस कार्यढाँचाको मूल उद्देश्य रहेको छ।

२.२. विपद् प्रतिकार्यको पुर्वतयारी, विपद् खोज तथा उद्धार समूहको परिचालन, जीउधनको बचाउ र सुरक्षा, जोखिमयुक्त अवस्थाबाट सुरक्षित स्थानान्तरण, जीवन रक्षाका लागि आवश्यक उद्धार तथा राहत सहयोग र सुरक्षित आपत्कालीन आश्रयस्थलको प्रबन्ध गर्न तथा सञ्चारको योजना र कार्यसञ्चालन गर्न; सार्वजनिक सम्पत्तिको संरक्षण र निजी तथा व्यवसायिक जीवनमा विपद् व्यवस्थापनका लागि तत्काल प्रतिकार्यका रुपमा गरिने क्रियाकलापहरूलाई विपद् प्रतिकार्यको कार्यक्षेत्रको रुपमा लिइएको छ।

२.३. राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ को कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (यसपछि प्राधिकरण भनिने) र सम्बन्धित निकायको हुनेछ। प्राधिकरणले यो कार्यढाँचाको कार्यान्वयन गर्दा गराउँदा संघ, प्रदेश र स्थानीय तहका सरकारी निकाय, गैर-सरकारी क्षेत्र र मानवीय क्षेत्रमा क्रियाशील संघ-संस्थासँग आवश्यक समन्वय गर्नुपर्नेछ।

२.४. यो कार्यढाँचा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति (यसपछि कार्यकारी समिति भनिने) बाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ।

२.५. प्रदेश विपद् व्यवस्थापन परिषद्, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राप्त पृष्ठपोषणलाई आधार लिई कार्यकारी समितिले यस कार्यढाँचाको संशोधन गर्नसक्नेछ।

२.६. यो कार्यढाँचा कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ वा द्विविधा उत्पन्न भएमा सोको निराकरणका लागि कार्यकारी समितिले आवश्यक निर्णय गर्नेछ।

## ३. विपद प्रतिकार्य सम्वन्धी मौजुदा नीति र कानूनी व्यवस्था :

३.१. नेपालको संविधानको अनुसूची ६, ७, ८ र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची तथा विपद् प्रतिकार्यको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ यस कार्यढाँचाका आधारभूत कानूनी व्यवस्था हुन्।

३.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को प्रावधान अनुसार प्राधिकरणले विपद् प्रतिकार्यको पूर्वतयारी, खोज, उद्धार र राहतका क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था रहेको छ।

३.३. नेपाललाई विपद् सुरक्षित, अनुकूलित र उत्थानशील राष्ट्रका रुपमा विकास गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् (यसपछि राष्ट्रिय परिषद् भनिने) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

३.४. विपद् प्रतिकार्यका लागि खटिने जनशक्ति तथा स्रोत-साधन समेतको आंकलन गर्दा विद्यमान राष्ट्रिय क्षमताले प्रतिकार्य गर्न तत्काल कठिनाई भएको अवस्थामा नेपाल सरकारले विपद् प्रभावित क्षेत्रमा विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी अन्तर्राष्ट्रिय मानवीय सहयोगको लागि आव्हान गर्न सक्नेछ।

३.५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ को प्रावधान बमोजिम संघ, प्रदेश र स्थानीय तहमा रहेका विपद् व्यवस्थापन कोषको निश्चित अंश विपद् प्रतिकार्यका लागि छुट्याउनु पर्नेछ। यसका साथै विपद् प्रतिकार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट पनि मानवीय सहयोग परिचालन हुन सक्नेछ।

३.६. राष्ट्रिय परिषद्, कार्यकारी समिति, प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन परिषद् तथा कार्यकारी समिति, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले विपद् प्रतिकार्य गर्ने, गराउने व्यवस्था रहेको छ।

३.७. प्राधिकरण अन्तर्गतको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले विपद् प्रतिकार्यका लागि सूचनाको संकलन, विश्लेषण, अद्यावधिक एवम् व्यवस्थापन र प्रवाहका साथै आपत्कालीन कार्ययोजना, बन्दोबस्ती सञ्चालन तथा खोज, उद्धार र राहतको समन्वय गर्न प्रदेश, जिल्ला र स्थानीय तहका आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग सञ्जालिकरणका साथ काम कारवाही गर्नेछ।

## ४. विपद् प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोग परिचालन प्रक्रिया :

४.१. विपद्को कारण जनधनको व्यापक नोक्सानी भई राष्ट्रियस्तरमा उपलब्ध आन्तरिक स्रोत र साधनको अपर्याप्तताका कारण विपद् प्रतिकार्य गर्न थप सहयोगको आवश्यकता महशुस भएमा नेपाल सरकार

(मन्त्रिपरिषद्) ले संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजकको कार्यालय, मित्रराष्ट्र, रेडक्रस अभियान, क्षेत्रीय संघ- संस्थाहरू, दातृ समुदाय, अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरू, अन्तर्राष्ट्रियस्तरका पेशागत समूहहरू, गैर-आवासीय नेपालीहरू समक्ष अन्तर्राष्ट्रिय मानवीय सहायताको रूपमा वस्तु, सेवा (खोज उद्धार, हेलिकप्टर, प्रविधिजन्य सेवा, विशेषज्ञ स्वास्थ्य सेवा आदि विशेष सेवा) र नगद सहयोगको लागि आव्हान गर्न सक्नेछ। यस्तो सहयोगको आव्हान गर्दा अर्थ मन्त्रालयको परामर्श लिइनेछ।

४.२. नेपाल सरकारको आव्हान बमोजिम संयुक्त राष्ट्रसंघ र रेडक्रस अभियानले विपद् प्रतिकार्यमा सहयोग गर्न आवश्यकता अनुसार अन्तर्राष्ट्रिय सहायताको लागि आव्हान गर्न सक्नेछन्। उक्त आव्हान बमोजिम प्राप्त सहायता नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसार परिचालन हुनेछ।

४.३. विपद्को समयमा मानवीय सहायता प्रदान गर्न अन्तर्राष्ट्रिय सहायता सम्बन्धी निर्देशिका बमोजिम गृह मन्त्रालयको समन्वयमा प्राधिकरणले अन्तर्राष्ट्रिय समुदायको सूचीकरण र सहयोगको क्षेत्र निर्धारण सम्बन्धी आवश्यक काम कारवाही गर्नेछ। यसरी निर्धारण गरिएको सहयोगको क्षेत्रको सीमा भित्र रही सहयोग गर्नु अन्तर्राष्ट्रिय समुदायको कर्तव्य हुनेछ।

४.४. नेपाल सरकारको आव्हान बमोजिम मानवीय सहयोगका लागि विपद् प्रतिकार्य गर्न आउने अन्तर्राष्ट्रिय संघ- संस्था, समूह वा व्यक्तिहरूले आफु र आफ्नो समूहका लागि आवश्यक पर्ने बन्दोबस्तीका विषयमा अन्तर्राष्ट्रिय मान्यता अनुसार स्वयं व्यवस्थित (क्भीी-कगकतबष्लभम) हुनु पर्नेछ। प्राधिकरणले तिनीहरूको मानवोचित आवश्यकता र औचित्यताका आधारमा अन्य बन्दोबस्तीको व्यवस्था गर्न सक्नेछ।


४.५. अन्तर्राष्ट्रिय समुदाय मार्फत् प्राप्त राहत तथा जीवनरक्षा, खोज तथा उद्धार र औषधी उपचारका सामग्रीहरूमा भन्सार लगायत अन्य शुल्कमा संयुक्त राष्ट्रसंघसँग भएको नमूना सम्झौता, २०६३ (Model Agreement for Emergency Customs Procedure, 2007) बमोजिमका प्रावधान कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक प्रवन्ध मिलाउने छ।

४.६. विपद् प्रतिकार्यको लागि नेपाल सरकारको आव्हानमा खोज, उद्धार र मानवीय सहायताका लागि नेपाल आउने अन्तर्राष्ट्रिय समुदायका व्यक्तिहरूलाई नेपाल प्रवेश गर्ने अध्यागमन विन्दुमा तत्काल प्रवेशाज्ञा उपलब्ध गराउन आवश्यक सहजीकरण गरिनेछ। उक्त प्रक्रियाका लागि स्थलमार्ग हुँदै नेपाल आउने अन्तर्राष्ट्रिय समुदायका व्यक्तिलाई ट्रान्जिट प्रवेशाज्ञा र राहत तथा उद्धार सामग्रीहरूको बन्दरगाह सुविधाको लागि नेपाल सरकारले आवश्यक प्रबन्ध मिलाउने छ।

४.७. नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजकसँगको समन्वयमा नेपालमा कार्यरत विषयगत क्षेत्र (ऋगिकतभचक) लाई विपद् प्रतिकार्यको लागि क्रियाशील गरी उक्त क्षेत्रका प्रमुख वा प्रतिनिधिलाई पूर्णकालीन सम्पर्क व्यक्ति तोक्न सक्नेछ। प्राधिकरणले उक्त विषयगत क्षेत्रलाई विपद् प्रतिकार्यको काम कारवाहीमा परिचालन गर्नेछ।

## ५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता समन्वय कार्यढाँचा :

५.१. विपद्को प्रभावकारी प्रतिकार्यका लागि आन्तरिक स्रोत-साधन तथा अन्तर्राष्ट्रिय सहयोग आव्हान गरी गरिने प्रतिकार्यको कार्यढाँचा सामान्यतया देहाय बमोजिम हुनेछ।



५.२. नेपालमा कार्यरत विषयगत क्षेत्रका सरकारी निकाय र सहयोगी निकाय बीचको समन्वय देहाय बमोजिम हुनेछ।

| विषयगत क्षेत्र (Name of the Clusters) | सरकारी निकाय | सहयोगी निकाय |
|---|---|---|
| स्वास्थ्य (Health) | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | WHO |
| खानेपानी, सरसफाई तथा स्वास्थ्य प्रबर्द्धन (WASH) | खानेपानी मन्त्रालय | UNICEF |
| आपत्कालीन आश्रयस्थल (Emergency Shelter) | शहरी विकास मन्त्रालय | IFRC/UN HABITAT |
| खाद्य सुरक्षा (Food Security) | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | WFP/FAO |
| पोषण (Nutrition) | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | UNICEF |
| शिविर समन्वय तथा शिविर व्यवस्थापन (CCCM) | शहरी विकास मन्त्रालय | IOM |
| संरक्षण (Protection) | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | UNHCR/ UNICEF/ UNFPA |
| शीघ्र पुनर्लाभ (Early Recovery) | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | UNDP |
| शिक्षा (Education) | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | UNICEF/SC |
| बन्दोबस्ती (Logistics) | गृह मन्त्रालय | WFP |
| आपत्कालीन सञ्चार (Emergency Communication) | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | WFP |

५.३. विपद् प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय उद्धार सहायता आवश्यक भएमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार अन्तर्राष्ट्रिय उद्धार सहयोग सम्बन्धी निर्देशिका बमोजिम अन्तर्राष्ट्रिय उद्धार सहायताका लागि आग्रह र व्यवस्थापन गर्न सकिनेछ।

५.४. नेपाल सरकारको आव्हान बमोजिम आउने संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय खोज तथा उद्धार समूह र संयुक्त राष्ट्रसङ्घीय विपद् विश्लेषण तथा समन्वय सदस्यहरूको संयोजन नेपाल सरकारको निर्देशन अनुरुप नेपाल स्थित संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजकले गर्नेछ।

५.५. बुँदा ५.४ मा उल्लेखित सदस्यहरूको समन्वय, विमानस्थलमा सम्पर्क केन्द्रको स्थापना र खोज तथा उद्धार समूहको लागि कार्यसञ्चालन आधारस्थल (Base of Operation) व्यवस्थापनको सहजीकरण नेपाल सरकारले गर्नेछ।


५.६. विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि प्रतिकार्य सामग्री तथा उपकरण सहित नेपाल प्रवेश गर्ने समूहलाई स्थापित प्रक्रियाहरूको अवलम्वन गर्न छिमेकी तथा मित्रराष्ट्रहरूसँग नेपाल सरकारले आवश्यकता अनुसार द्विपक्षीय तथा बहुपक्षीय सम्झौता गर्न सक्नेछ।

५.७. नेपाल सरकारको आव्हानमा आएका खोज तथा उद्धार समूह र मानवीय सहायता समूहका व्यक्तिहरूले आफ्नो कार्य पूरा गरेर फर्कने निश्चित मितिको पूर्वजानकारी प्राधिकरणलाई दिनु पर्नेछ।

५.८. खोज तथा उद्धार र मानवीय सहायता सामग्री सहित खटिएका व्यक्तिहरू मध्ये स्थल वा हवाई मार्गबाट नेपाल आउने र नेपालबाट फर्कने प्रयोजनको प्राथमिकीकरण कार्ययोजना प्राधिकरणले तयार गर्नेछ।

५.९. विपद्को प्रभावकारी प्रतिकार्यका लागि प्राधिकरणद्वारा सञ्चालित राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, विपद् प्रभावित स्थानको कार्यसञ्चालन समन्यव केन्द्र (On–Site Operation Co–ordination Centre) र नेपाली सेनाको आपत्कालीन व्यवस्थापन केन्द्र (Nepali Army Crisis Management Center) बीच समन्वय संयन्त्रको स्वतः स्थापना हुनेछ। विपद् प्रतिकार्यको समयमा प्राधिकरणले राष्ट्रिय प्रतिकार्य नियन्त्रण गर्नेछ। उक्त कार्य गर्दा प्राधिकरणले नेपालमा क्रियाशील खोज, उद्धार तथा सहायता सम्बन्धी मानवीय संघ-संस्थालाई छलफल तथा बैठकका लागि आमन्त्रण गर्न सक्नेछ।

५.१०. प्रभावित स्थान कार्यसञ्चालन तथा समन्वय केन्द्र (On–Site Operation Coordination Center) र बहुराष्ट्रिय सैनिक समन्वय केन्द्र (Multi National Military Coordination Center) को सम्पर्क प्राधिकरण मार्फत देहायको समन्वय कार्यढाँचा बमोजिम हुनेछः




५.११. बुँदा नं. ५.९ मा उल्लेखित निकायका बीचमा बुंद नं. ५.१० बमोजिमको आपसी समन्वय कायम राख्न सम्बन्धित निकाय तथा संघसंस्थाबाट विपद् सम्पर्क व्यक्तिहरू तोकिने छन्। विपद् प्रतिकार्यको समयमा विपद् सम्पर्क व्यक्तिहरूले नियमित बैठक गरी परिस्थितिको अद्यावधिक अध्ययन, विश्लेषण तथा मूल्याङ्कन सहित आपत्कालीन कार्यसञ्चालन स्थितिको प्रतिवेदन प्राधिकरणमा पेश गर्नुपर्नेछ।


५.१२. विपद् प्रतिकार्यका लागि जिम्मेवार निकाय तथा संघ-संस्थाका विपद् सम्पर्क व्यक्तिले स्वयं अग्रसर भई तत्काल राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा प्राधिकरणमा उपस्थित हुनु पर्नेछ।

५.१३. प्राधिकरणका प्रमुख कार्यकारी र प्रभावित स्थान कार्यसञ्चालन तथा समन्वय केन्द्रले आपसी समन्वयमा अन्तर्राष्ट्रिय प्रतिकार्यकर्ताको परिचालनको सहजीकरण गर्नेछन्। प्रमुख कार्यकारीले विपद् प्रभावित क्षेत्रमा अन्तर्राष्ट्रिय राहत गतिविधिमा सहजीकरण गर्ने, सहयोगका लागि कार्यमञ्च उपलब्ध गराउने, राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवीय सहयोग प्रदान गर्ने निकायबीच सूचना आदान-प्रदान तथा समन्वय गर्ने कार्य प्रभावित स्थान कार्यसञ्चालन तथा समन्वय केन्द्रसँगको सहकार्यमा गर्नु पर्नेछ। संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजकले प्रभावित स्थान कार्यसञ्चालन तथा समन्वय केन्द्रको समन्वयका लागि निश्चित व्यक्ति तथा निकाय तोक्नु पर्नेछ।

५.१४. विपद्का समयमा नेपाल आउन चाहेका खोज तथा उद्धार समूहका व्यक्तिहरू र मानवीय सहायता सामग्री तथा समूहका व्यक्तिहरूका सम्बन्धमा विपद्को अवस्था अनुसार नेपाल सरकारले सहायता ग्रहण वा अस्वीकार गर्न सक्नेछ। नेपाल आउने उद्धार तथा मानवीय सहायताको सहजीकरणका लागि त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल एवं अन्य आवश्यक स्थानमा आगमन तथा प्रस्थान कक्षको स्थापना गर्न सकिनेछ।

५.१५. विपद्का समयमा सहायता उपलब्ध गराउन नेपाल आउने वा आएका अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूले स्वीकृत सरकारी मापदण्ड अनुसारको गुणस्तर तथा एकरुपता कायम हुने गरी सेवा, सुविधा र सहायताको वितरण गर्नु पर्नेछ।

५.१६. विपद् प्रतिकार्यको समयमा कार्यकारी समितिको निर्देशन र प्राधिकरणको समन्वयमा नेपाली सेनाले बहुराष्ट्रिय सैनिक समन्वय केन्द्रको स्थापना गरी राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र र प्रभावित स्थान कार्यसञ्चालन तथा समन्वय केन्द्रसँगको सामन्जस्यतामा आवश्यकता अनुसार उद्धारकर्मी तथा मानवीय सहायताका स्रोत-साधन परिचालन गर्न सक्नेछ। ठूलो विपद्को समयमा विपद् प्रतिकार्यका लागि प्राधिकरणले देहाय अनुसारको कार्यढाँचा बमोजिम अन्तर्राष्ट्रिय खोज, उद्धार र राहत सहायता परिचालन गर्ने, गराउने छ।




## ६. राष्ट्रिय विपद् प्रतिकार्यका लागि कार्यसञ्चालन विशेष व्यवस्था :

६.१. विपद् प्रतिकार्यका लागि गरिने पूर्वतयारी अन्तर्गत विपद् सम्बन्धी सूचना तत्काल संकलन गर्ने, विश्लेषण गर्ने र उपयुक्त माध्यमहरूबाट प्रवाह गर्ने, क्षतिको लेखाजोखाका लागि तयारी, नियमन, जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने, समन्वय र राहत सामग्रीको पूर्व व्यवस्था तथा बन्दोबस्ती मिलाउने जस्ता क्रियाकलापहरू पर्दछन्। उल्लेखित कार्यहरू निर्दिष्ट समयमै सम्पादन गरी तयारी अवस्थामा राख्नु प्राधिकरणका प्रमुख कार्यकारी तथा राष्ट्रिय विपद् प्रतिकार्य नियन्त्रक र सम्बन्धित प्रतिकार्यकर्ताको जिम्मेवारी हुनेछ।

६.२. आपत्कालीन प्रतिकार्यको समयमा राष्ट्रिय प्रतिकार्य नियन्त्रक र सम्बन्धित प्रतिकार्यकर्ताले देहाय बमोजिम प्राथमिकताका साथ प्रतिकार्यको कार्यसञ्चालन गर्नु पर्नेछ :

६.२.१. तत्कालीन मानवीय सेवा अन्तर्गत समन्वय, लेखाजोखा, खोज, उद्धार तथा राहत बन्दोबस्ती, स्वास्थ्योपचार, आगलागी नियन्त्रण, फोहोर तथा शव व्यवस्थापन जस्ता कार्य र अत्यावश्यक सेवाहरू।

६.२.२. सडक, विद्युत, विमानस्थल, खानेपानी आपूर्ति प्रणाली, दूरसञ्चार, सांस्कृतिक सम्पदाजस्ता संवेदनशील संरचनाको पुनःस्थापना।

६.२.३. विस्थापित व्यक्ति तथा परिवारको दर्ता तथा लगत अद्यावधिक गर्ने।

६.२.४. खाद्यान्न, गैर-खाद्य सामग्री, औषधी, इन्धन आपूर्ति गर्ने।

६.२.५. जोखिममा रहेका समूहको संरक्षण, पोषणयुक्त खानाको व्यवस्था, गर्भवती तथा बच्चालाई दूध खुवाउने महिलाको हेरचाह, जेष्ठ नागरिक, अपाङ्ग, दिर्घरोगी, बालबालिकाको विशेष संरक्षण तथा सेवा सुविधा संचालन गर्ने।

६.२.६. मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श, प्रभावितक्षेत्र खाली गर्ने र सुरक्षित खुल्ला स्थानको व्यवस्था गर्ने। यी कार्यलाई प्रचलित मापदण्ड बमोजिम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

६.३. संघ, प्रदेश, जिल्ला र स्थानीय तहका विपद् प्रतिकार्यका लागि जिम्मेवार सरकारी निकाय, रेडक्रस अभियान, विषयगत क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था, निजी तथा व्यवसायीक प्रतिष्ठान, समुदायमा आधारित संस्थाहरूले आ-आफ्नो जिम्मेवारी बमोजिम कार्यसम्पादन गर्नु पर्नेछ।

६.४. प्राधिकरणले समय-समयमा विषयगत विज्ञहरूको सूची, खोज तथा उद्धार समूहको जनशक्ति तथा सामग्री र उपकरण, अस्पतालको सूची र क्षमता, रक्तसञ्चार तथा भण्डारण, राहत सामग्री, आपत्कालीन बन्दोबस्ती तथा सञ्चार व्यवस्था, एम्बुलेन्स सेवा जस्ता विषयहरूको मौजुदा संस्थागत क्षमताको लेखाजोखा र अभिलेखन कार्यलाई अद्यावधिक गर्नेछ।

६.५. राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको आधारभूत कार्यसञ्चालन विधि बमोजिम आपत्कालीन प्रतिकार्यको अवधिमा संघ, प्रदेश र जिल्ला तथा स्थानीय तहका आपत्कालीन कार्यसञ्चालन केन्द्रले विपद्को वस्तुस्थिति अद्यावधिक गर्न, खोज तथा उद्धारकर्मी परिचालन गर्न, राहत वितरणको समन्वय गर्न, आपत्कालीन बन्दोबस्ती सामग्रीको परिचालन गर्न र विषयगत क्षेत्रलाई सक्रिय तुल्याउन आवश्यकता अनुसार मानवीय उद्धार कार्यका लागि खोज तथा उद्धार कमाण्ड पोष्ट स्थापना गर्नुपर्नेछ।

६.६. खोज, उद्धार तथा राहत कार्यसञ्चालन गर्न प्राधिकरणका प्रमुख कार्यकारीको नेतृत्वमा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रमा खोज तथा उद्धार कमाण्ड पोष्ट स्थापना गरिनेछ। सो कमाण्ड पोष्टमा गृह मन्त्रालयका विपद् व्यवस्थापनसँग सम्बन्धित सह-सचिव, नेपाली सेनाका विपद्

व्यवस्थापन निर्देशक, नेपाल प्रहरीका विपद् व्यवस्थापन महाशाखा प्रमुख र सशस्त्र प्रहरी बल, नेपालका विपद् व्यवस्थापन महाशाखा प्रमुख रहनेछन्। उक्त खोज तथा उद्धार कमाण्ड पोष्टको कार्यसञ्चालनको कमाण्ड र परिचालन नेपाली सेनाले गर्नेछ।

६.७. स्थानीय तह, जिल्ला, प्रदेशस्तरका विपद् व्यवस्थापन समिति वा निकायबाट विपद्जन्य घटना भएको जानकारी प्राप्त हुनासाथ प्राधिकरणका प्रमुख कार्यकारी, गृह मन्त्रालयका विपद् व्यवस्थापनसँग सम्बन्धित सह-सचिव, नेपाली सेनाका विपद् व्यवस्थापन निर्देशक, नेपाल प्रहरीका विपद् व्यवस्थापन महाशाखा प्रमुख र सशस्त्र प्रहरी बल, नेपालका विपद् व्यवस्थापन महाशाखा प्रमुख सहितको बैठक तत्काल बसी विपद् प्रतिकार्यका लागि आवश्यक निर्णय गर्नुपर्नेछ। प्राधिकरणका प्रमुख कार्यकारीले उक्त निर्णयको व्यहोरा, विपद्जन्य स्थितिको विश्लेषण तथा मुल्याङ्कन गरी त्यसको प्रभाव र उत्पन्न परिस्थितिका आधारमा शीघ्र प्रतिकार्यका लागि अग्रगामी कार्य गर्दै सोको प्रतिवेदन कार्यकारी समितिमा पेश गरी प्राप्त निर्देशन बमोजिम गर्नुपर्नेछ।

६.८. प्राधिकरणका प्रमुख कार्यकारीले विपद् प्रतिकार्यका लागि राष्ट्रिय विपद् प्रतिकार्य नियन्त्रकको रुपमा रही कार्य गर्नेछन्। सम्बन्धित सरकारी निकाय र सुरक्षा निकायबाट तोकिएका विपद् प्रतिकार्यका जिम्मेवार अधिकृतहरूले प्रमुख कार्यकारीको नेतृत्वमा विपद् प्रतिकार्यको काम गर्नेछन्।

६.९. प्राधिकरणले यस कार्यढाँचा अनुरुप विपद् प्रतिकार्यलाई सहयोग पुग्ने गरी शीघ्र पुनर्लाभका कार्यक्रमहरू एकैसाथ सञ्चालन गर्न सम्बन्धित निकायहरू बीच आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

६.१०. विपद् प्रतिकार्यका काम कारवाहीको नियन्त्रण र निर्देशन दिने कार्य राष्ट्रिय परिषद्ले गर्नेछ। कार्यकारी समितिको निर्देशन बमोजिम प्राधिकरणले विपद् प्रतिकार्यको आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्नेछ। प्राधिकरणले जिल्ला तथा स्थानीय तहमा भएको विपद् प्रतिकार्यको काम कारवाहीको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। राष्ट्रिय परिषद् र कार्यकारी समितिको निर्देशन तथा नियन्त्रण बमोजिम प्राधिकरणले गरेको अनुगमन, मूल्याङ्कन तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समित र जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राप्त प्रतिवेदनको एकीकृत विवरण सहितको राष्ट्रिय प्रतिवेदन प्राधिकरणले तयार गरी सार्वजनिक गर्नेछ।

## ७. विपद् प्रतिकार्यको राष्ट्रिय स्वरुप :

७.१. कार्यकारी समिति वा प्राधिकरणले तत्काल विपद् प्रतिकार्यका लागि आवश्यकता अनुसार बैठक बसी सरकारी, बहुपक्षीय तथा दुईपक्षीय दातृ निकाय, नेपालमा क्रियाशील राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका गैर-सरकारी निकाय तथा संघ-संस्थासँग समन्वयको व्यवस्था मिलाउने छन्। यसरी गरिने प्रतिकार्यका लागि समन्वयात्मक ढङ्गले काम कारबाही गर्न गराउन सम्बन्धित प्रदेश, जिल्ला र स्थानीय तहका विपद् व्यवस्थापन समितिले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नेछन्।

७.२. संघ, प्रदेश, जिल्ला र स्थानीय तहका आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूले आ-आफ्नो तहका सरकारी निकाय, निजी क्षेत्र तथा विभिन्न संघ-संस्थाहरूसँग प्रतिकार्यको क्रियाकलापहरूलाई प्रभावकारी बनाउनका लागि आवश्यक समन्वय गर्नेछन् ।

७.३. विपद् प्रतिकार्यका लागि राष्ट्रिय परिषद्, कार्यकारी समिति र प्राधिकरणलाई देहाय बमोजिमका निकायहरूले आ-आफ्नो क्षेत्राधिकार तथा कार्यक्षेत्र भित्र रही आवश्यक सहयोग गर्नेछन् ।

७.३.१. संवैधानिक निकाय, मन्त्रालय, केन्द्रीयस्तरका आयोग वा सचिवालय, विभाग र कार्यालयहरू,

७.३.२. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश प्रहरी र बारुणयन्त्र,

७.३.३. प्रदेश सरकार, प्रदेशस्तरका निकाय र कार्यालयहरू,

७.३.४. संघका जिल्ला स्थित कार्यालयहरू,

७.३.५. स्थानीय तहका निकाय तथा कार्यालयहरू,

७.३.६. संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजक तथा संयुक्त राष्ट्रसङ्घीय प्रणालीका निकायहरू,

७.३.७. नेपाल स्थित कुटनीतिक निकायहरू, अन्तर्राष्ट्रिय वित्तीय संस्था तथा क्षेत्रीय संगठनहरू, दातृ निकाय एवं विकास साझेदार संस्थाहरू,

७.३.८. रेडक्रस अभियान, बहुराष्ट्रिय संघ-संस्थाहरू, अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरू,

७.३.९. सरकारी अस्पताल एवं स्वास्थ्य प्रतिष्ठानहरू, निजी अस्पताल,

७.३.१०. दूरसञ्चार सेवा प्रदायकहरू, सरकारी सञ्चार माध्यम, निजी तथा संस्थागत सञ्चार माध्यमहरू,

७.३.११. विश्वविद्यालय, अनुसन्धान प्रतिष्ठानहरू, शैक्षिक संस्था र सम्बन्धित विशेषज्ञ निकाय,

७.३.१२. मानवीय क्षेत्रमा क्रियाशील संघ-संस्था, प्राज्ञिक निकाय, सञ्चारकर्मी, नागरिक समाज र विज्ञ व्यक्ति तथा समूह,

७.३.१३. पेशागत तथा व्यवसायिक संघ, संगठनहरू, समुदायस्तरका स्वयंसेवक तथा उद्धारकर्मी ।

७.४. विपद्को सूचना प्राप्त भएपछि उक्त विपद्को प्रभावकारी प्रतिकार्य गर्न तपशिलमा उल्लेखित समयावधि र निकायहरूको नेतृत्वमा देहाय बमोजिमका कार्यहरू गर्नुपर्ने छ ।

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| ० देखि २ घण्टाभित्र | विपद्को जानकारी दिने। | राष्ट्रिय भूकम्प मापन केन्द्र, जल तथा मौसम विज्ञान विभाग, स्थानीय तह |
| | विपद् सम्वन्धी प्रतिकार्यको निर्देशन दिने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह |
| | खोज तथा उद्धारका लागि तत्काल निर्देशन दिने र सुरक्षा निकाय परिचालन हुने। | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र सुरक्षा निकायहरू |
| | विपद्को यथार्थ सूचना तथा उद्धार प्रयासको जानकारी सार्वजनिक रुपमा प्रवाह गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू |
| | विद्युतीय सञ्चारका सबै माध्यममा एकैपटक स्वतः आपत्कालीन सन्देश आउने प्रणाली स्थापना गरी सञ्चालनमा ल्याउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| ० देखि १० घण्टाभित्र | विपद्को घटना र प्रभावित क्षेत्रको प्रारम्भिक विवरण तयार गरी सूचना प्रवाह गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समिति |
| | विपद् व्यवस्थापन समितिको बैठक बस्ने। | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समिति |
| | प्राधिकरणको आपत्कालीन बैठक वस्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले आपत्कालीन स्थितिको कार्यसञ्चालन विधि (SOP) बमोजिम सक्रिय भई कार्य गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र |

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| | जनतालाई सचेत गराउन रेडियो, टेलिभजन, छोटकरी सूचना सेवा (SMS) का माध्यमबाट स्थानीयतहका तथ्यगत पूर्वचेतावनी, आपत्कालीन चेतावनी, कार्यसञ्चालन केन्द्रहरू भए गरेका उद्धारका प्रयासहरू तथा सार्वजनिक आव्हान विषयक सूचनाहरू प्रवाह गर्ने। यसबारे देशभित्र र सीमापारमा समेत प्रभाव पर्ने देखिएमा सीमापार र अन्तर्राष्ट्रिय तहमा समेत नियमित रुपमा जानकारी दिने। यस्तो सूचना आवश्यकता अनुसार नियमित रुपमा प्रवाह गर्ने। | राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय तहका आपत्कालिन कार्यसञ्चालन केन्द्रहरू |
| | कार्यकारी समतिको बैठक बोलाउने। | अध्यक्ष, कार्यकारी समिति, प्राधिकरण |
| ० देखि २४ घण्टाभित्र | महामारी विपद्का सम्बन्धमा मानिसमा हुने महामारी अवस्थाको जानकारी दिने तथा प्रतिकार्य शुरु गर्ने। | स्वास्थ्य सेवा विभाग, सम्बन्धित महाशाखा |
| | पशुमा हुने महामारीका सम्बन्धमा व्यवस्थित गर्नका लागि निर्देशन तथा समन्वय गर्ने। | पशु सेवा विभाग |
| | आणविक, जैविक र रसायनिक प्रकोपका सम्बन्धमा जानकारी प्रवाह गर्ने तथा विपद् प्रभावितलाई उद्धार गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान |
| | प्राधिकरणलाई राष्ट्रिय विपद् प्रतिकार्यका लागि मुख्य समन्वय केन्द्रको रुपमा परिचालन गर्ने। | गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| | राहत वितरण समन्वय तथा सहजीकरण समिति गठन गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति |
| | पीडितलाई तत्काल सुरक्षित आश्रयस्थलमा पुऱ्याउन खोज तथा उद्धार समूहलाई परिचालन गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र सुरक्षा निकायहरू |

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| | पीडित घाइतेहरूका सम्बन्धमा तत्काल घटनास्थलमै उपचारको व्यवस्था मिलाउने । | स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र, नेपाली सेना र नेपाल रेडक्रस सोसाइटी |
| | एम्बुलेन्स सेवा, आपतकालीन प्राथमिक उपचार र घाइतेका लागि यातायातको व्यवस्था तत्काल मिलाउने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आपत्कालीन स्वास्थ्य सेवा केन्द्र, सुरक्षा निकाय |
| | सिकिस्त घाइतेलाई तत्काल उपचारका लागि अस्पताल पठाउने र उपचार सुरु गर्ने । | खोज तथा उद्धार समूह, अस्पतालहरू र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा विपद् संकटग्रस्त क्षेत्रको घोषणा गर्ने । | नेपाल सरकार (मन्त्रिपरिषद्) |
| | विपद् प्रभावितको क्षतिको प्रारम्भिक स्वरूपको द्रुत लेखाजोखा गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र नेपाल रेडक्रस सोसाइटी |
| | संयुक्त राष्ट्रसङ्घीय विषयगत क्षेत्रलाई सक्रिय बनाउने । | नेपाल सरकारको निर्णय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अनुरोधमा संयुक्त राष्ट्रसघं मानवीय संयोजक |
| | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवीय सहयोगको लागि आव्हान गर्ने । | नेपाल सरकार (मन्त्रिपरिषद्) |
| | राष्ट्रिय, प्रदेश र जिल्ला तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सञ्चार व्यवस्थापन केन्द्रको रुपमा सञ्चालन गर्ने । | राष्ट्रिय, प्रदेश, जिल्ला तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| | विमानस्थल सुरक्षा र नागरिक उड्डयन ट्राफिक व्यवस्थापन गर्ने । | नेपाल नागरिक उड्डयन प्राधिकरण |
| | सडक आवागमन सम्पर्कको न्यूनतम पुनःस्थापन गर्ने । | सडक विभाग |

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| | पीडितहरूलाई नजिकको आश्रयस्थल तथा क्याम्पहरूमा पठाई भीड व्यवस्थापन गर्ने। | स्थानीय तह, खोज तथा उद्धार समूह, सुरक्षा निकायहरू |
| | पर्यटक, कुटनीतिक व्यक्ति तथा विदेशीको शव हस्तान्तरण र अन्य प्रभावित क्षेत्रमा समेत सञ्चार सम्पर्क तथा समन्वय गर्ने व्यवस्था मिलाउने। | परराष्ट्र मन्त्रालय, संयुक्त राष्ट्रसङ्घीय आवासीय प्रतिनिधि |
| २४ देखि ४८ घण्टाभित्र | खोज, उद्धार तथा राहत कार्यको प्रभावकारिता कायम राख्न मानविय सहायता स्थललाई खोज, उद्धार तथा राहत सामग्रीको संकलन, भण्डारण र प्रभावित स्थलको वितरण कार्य सञ्चालनका लागि तत्काल क्रियाशील तुल्याउने। | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण |
| | खोज, उद्धार तथा राहत सामाग्रीहरूको सम्बन्धमा यातायात तथा ढुवानी सुविधाको प्रबन्ध गर्ने। | यातायात व्यवस्था विभाग, प्रदेशसरकार, स्थानीय तह |
| | विपद् पीडित र प्रभावितका लागि आधारभूत स्वास्थ्य सेवा तथा खाद्य सामग्री उपलब्ध गराउने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह |
| | विदेशबाट आउने उद्धार सामग्री प्रदायक, ढुवानीकर्ता र अन्तर्राष्ट्रिय मानवीय सहयोग उपलब्ध गराउने समुदायको दर्ता तथा सहजीकरण गर्ने। | परराष्ट्र मन्त्रालय, अध्यागमन विभाग |
| | अन्तर्राष्ट्रिय मानवीय सहयोग उपलब्ध गराउने समुदायको लागि सडक तथा हवाइमार्गबाट प्रवेश बिन्दुमा प्रवेशाज्ञा शुल्क र भन्सार छुट दिने व्यवस्था मिलाउने। | अध्यागमन विभाग, भन्सार विभाग |
| | राहत सामग्रीको ढुवानी र विपद् प्रभावितहरूलाई सहज वितरणको कामलाई कार्यान्वयन गर्ने। | राष्ट्रिय, प्रदेश, जिल्ला, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| | अस्पताल, स्वास्थ्य केन्द्र, विपद् प्रभावितको आश्रयस्थल तथा शिविर, विद्यालयजस्ता आधारभूत क्षेत्रमा विद्युत सेवा उपलब्ध गराउने। | नेपाल विद्युत प्राधिकरण, स्थानीय तह |
| | प्रभावित क्षेत्रमा अस्थायी अस्पतालको स्थापना गर्ने। | स्वास्थ्य सेवा विभाग, स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र |
| | अस्पताल, विपद् प्रभावितहरूको आश्रयस्थल तथा शिविर, औषधि वितरण केन्द्र वा औषधालय, विद्यालय र अन्य बसोबास क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन सेवा उपलब्ध गराउने। | खानेपानी तथा ढल निकास विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| | जैविक, ठोस तथा प्रकोपजन्य फोहोरको उचित प्रबन्ध मिलाउने वा नष्ट गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति |
| | भण्डारण गृहहरू, विपद् प्रभावितको आश्रयस्थल तथा शिविर, व्यक्तिगत आवास, मानवीय सेवा प्रदायक र सम्पत्तिको सुरक्षा तथा कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउने। | गृह मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह |
| | प्रभावित परिवारको दर्ता गर्ने, पीडितको लागि परिचयपत्र उपलब्ध गराउने र तथ्याङ्कको उचित प्रबन्ध र व्यवस्था गर्ने। | जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति |
| | आकस्मिक सञ्चारको प्रवन्ध गर्ने तथा यथाशीघ्र दूरसञ्चारको पुनःस्थापन गरी सेवा सञ्चालन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| **४८ देखि ७२ घण्टा भित्र** | क्षतिको प्रारम्भिक लेखाजोखा गरी शीघ प्रतिकार्य योजना तयार गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति |
| | मौजुदा अवस्थामा अस्पताल, विद्यालय, स्वास्थ्य सेवा प्रदायकका साथै सडक, पुल र अन्य संरचनाको क्षतिको लेखाजोखा प्रारम्भ गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| | घुऱ्यान तथा थुप्रिएको फोहोरहरू व्यवस्थापन गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति |
| | मृत पशुहरू संकलन तथा व्यवस्थापन गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति |
| | विपद् प्रभावितहरूको तत्काल खोज तथा उद्धार गरी आवश्यक खाद्यान्न, आश्रयस्थल, लत्ताकपडा र न्यूनतम मानवोचित सामग्री र स्वीकृत मापदण्ड बमोजिम राहत रकम उपलब्ध गराउने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति |
| ७२ घण्टा देखि ७ दिन भित्र | शव व्यवस्थापन निर्देशिका बमोजिम शवको व्यवस्थापन, आर्थिक सहयोग र मृत्यु प्रमाण- पत्र जारी गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति |
| | प्रभावित स्थानमा आश्रयस्थल तथा शिविर सञ्चालन भएका स्थानहरू, राहत सामग्री वितरण हुँदा तथा खोज तथा उद्धारका समयमा हुन सक्ने महिला हिंसाका गतिविधिका सम्बन्धमा विशेष निगरानी राख्ने तथा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग र असहाय वर्गका विषयमा विशेष संरक्षणको प्रवन्ध गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय |
| | बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा प्रारम्भ गर्ने । | संयुक्त राष्ट्रसङ्घीय मानवीय समन्वय सहयोग कार्यालय, रेडक्रस अभियान |
| | विपद् प्रभावितहरूलाई तत्काल आश्रयस्थल तथा शिविरमा बस्नका लागि आवश्यक लत्ताकपडा, खाद्यान्न र गैर-खाद्य सामग्री वितरण गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |
| ७ दिन देखि २ साता भित्र | खुल्ला क्षेत्रका रुपमा घोषित वा पहिचान गरिएको स्थानमा आश्रयस्थल तथा शिविरको सञ्चालन गर्ने । | सहरी विकास मन्त्रालय, स्थानीय तह |

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| | आश्रयस्थल तथा शिविरका बालबालिकामा हुनसक्ने कुपोषणको अवस्थालाई मध्यनजर गरी आवश्यक प्रबन्ध मिलाउने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्थानीय तह |
| | आश्रयस्थल तथा शिविर र खुला क्षेत्रमा खुला दिशापिसाब वा अन्य माध्यमबाट सर्ने सरुवा रोगको नियन्त्रण गर्ने । | स्वास्थ्य आपत्कालीन सेवा केन्द्र, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय, स्थानीय तह |
| | मानवीय कार्यका लागि भएका प्रतिकार्य तथा उद्धार कार्यको अनुगमन र प्रतिवेदन तयार गर्ने । | प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद व्यवस्थापन समिति |
| | विपद् प्रभावित सङ्कटासन्न समूहका लागि स्वच्छ र सुरक्षित वातावरणको व्यवस्था गर्ने । लैङ्गिक हिंसा नियन्त्रण गर्न विशेष ध्यान दिने । | स्थानीय तह, स्थानीय प्रशासन, सुरक्षा निकायहरू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय |
| | मानसिक तनावमा परेका व्यक्तिलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने र आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आपत्कालीन स्वास्थ्य सेवा केन्द्र |
| | परिवारसँग विछोडिएका बालबालिकालाई परिवारसँग मिलन गराउने र परिवार गुमाएका वा एकल बालबच्चाको उचित स्याहार र लालनपालनको व्यवस्था मिलाउने वा आफन्तलाई बुझाउने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, नेपाल रेडक्रससोसाइटी |
| **२ साता देखि १ महिना भित्र** | विपद् प्रभावितलाई स्वीकृत मापदण्ड बमोजिम लत्ताकपडा, खाद्यान्न र नगद सहयोग उपलब्ध गराउने । | जिल्ला विपद् व्यवस्थापन समिति,स्थानीय विपद् व्यवस्थापन समिति |
| | विद्यालय खुलाउने र विद्यार्थीलाई विद्यालयमा आउने वातावरण तयार गरी पठन पाठनलाई सामान्य अवस्थामा फर्काउने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह |

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| | आश्रयस्थल तथा शिविरमा उपचार सेवा सञ्चालन, विद्यालय सञ्चालन, सुरक्षाको प्रवन्ध, अत्यावश्यक उपभोगका वस्तु र सार्वजनिक सेवाहरूको प्रबन्ध गर्ने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, सम्बन्धित विभागीय निकाय, स्थानीय निकाय |
| | तत्कालीन पुनर्स्थापनाको लागि आवश्यक लेखाजोखा तथा विश्लेषण गरी बसोबास र तत्कालको जीविकोपार्जन जस्ता प्रमुख क्षेत्रको विकासका कार्यलाई अघि बढाउने वातावरण तयार गर्ने । | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, सम्बन्धित विभागीय निकाय, स्थानीय तह |
| | विपद् प्रभावितको खोज, उद्धार तथा राहत, आश्रयस्थल तथा शिविर सञ्चालन र तत्कालीन पुनर्लाभिका क्रियाकलापहरूको विश्लेषण सहितको प्रतिवेदन तयार गर्ने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |

## ८. विपद् प्रतिकार्यका लागि पूर्वतयारी कार्ययोजना

### ८.१. संघको विपद् प्रतिकार्य राष्ट्रिय कार्ययोजना:

विपद् प्रतिकार्यका क्रियाकलापहरूलाई प्रभावकारी बनाउन देहाय बमोजिमका निकायहरूले तपशिल बमोजिमको आ-आफ्नो पूर्वतयारी कार्ययोजना बनाउनु पर्नेछ ।

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १. | राष्ट्रिय, प्रदेश र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र नजिक र काठमाडौं उपत्यकामा इन्धनको पूर्वतयारी भण्डारण गर्ने सम्बन्धमा कार्ययोजना तर्जुमा गर्ने । | नेपाल आयल निगम | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सुरक्षा निकायहरू, पेट्रोलियम विक्रेता संघ, साझा पेट्रोल पम्प | ६ महिना भित्र |
| २. | पूर्वचेतावनी प्रणालीको राष्ट्रिय रणनीतिक कार्ययोजना तयार गरी स्वीकृत गर्ने । | उर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विभाग, खानी तथा भुगर्भ विभाग | ६ महिना भित्र |

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| ३. | आपत्कालीन सञ्चार आचार-संहिता बनाउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, नेपाल दूरसञ्चार प्राधिकरण, राष्ट्रिय समाचार समिति तथा सञ्चार माध्यमहरू, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, दातृ निकायहरू | ६ महिना भित्र |
| ४. | संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा आपत्कालीन सञ्चार प्रणालीको स्थापना गरी लक्षित क्षेत्र र संवेदनशील स्थानमा प्रसारण गर्ने गराउने। वैदेशिक सञ्चार माध्यमसँग समेत समन्वय र सहकार्य गर्न सकिने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विषयगत विभागीय निकायहरू, प्रदेश सरकार, स्थानीय तह, दूरसञ्चार प्राधिकरण, दूरसञ्चार सेवा प्रदायकहरू, विषयगत क्षेत्र सम्बन्धी निकायहरू, संयुक्त राष्ट्र संघीय निकायहरू | १ वर्ष भित्र |
| ५. | विपद्को प्रभावकारी प्रतिकार्यका लागि राष्ट्रिय स्रोत-साधनको अद्यावधिक सूची तयार गरी राख्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विषयगत मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, स्थानीय प्रशासन, सुरक्षा निकायहरू, मानविय क्षेत्रमा क्रियाशील संघ- संस्था र निजी तथा व्यवसायीक क्षेत्र | १ वर्ष भित्र |

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| ६. | विपद्को प्रभावकारी प्रतिकार्यका लागि छिमेकी मित्रराष्ट्र स्थित बन्दरगाह हुँदै नेपाल प्रवेश विन्दुसम्म राहत सामग्री ढुवानीका लागि आवश्यक सम्झौता गर्ने । | उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संयुक्त राष्ट्रसङ्घीय निकायहरू, सार्क विपद् व्यवस्थापन केन्द्र | ६ महिना भित्र |
| ७. | विपद् प्रतिकार्यका लागि तत्काल आवश्यक पर्ने उद्धार राहत र गैर-खाद्य सामग्री तथा औषधी समेतको भण्डार व्यवस्थापन गर्ने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | गृह मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, स्थानीय प्रशासन, मानविय क्षेत्रमा क्रियाशिल संघ-संस्था र निजी तथा व्यवसायीक क्षेत्र | १ वर्ष भित्र |
| ८. | विपद् प्रतिकार्यका लागि विषयगत क्षेत्रको आपत्कालीन योजना तयार गर्ने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | विषयगत क्षेत्रको नेतृत्व र सह-नेतृत्व गर्ने निकाय तथा संघ-संस्थाहरू | १ वर्ष भित्र |
| ९. | सङ्घीय सरकारका सम्बद्ध मन्त्रालय, सचिवालय र विभागहरू, सुरक्षा निकायहरू, कार्यालयहरू, सार्वजनिक सेवा प्रदायक संघ-संस्थाहरू, प्राज्ञिक, शैक्षिक रसेवामुलक निकायहरू र निजी तथा व्यवसायिक प्रतिष्ठानहरू समेतले आ-आफ्नो व्यवसायीक निरन्तरताको योजना (Business Continuity Plan) तयार गर्ने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | मानवीय क्षेत्रमा क्रियाशील निकाय तथा संघ-संस्था र विज्ञ व्यक्ति र समूहहरू | १ वर्ष भित्र |
| १०. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विपद् प्रतिकार्य कार्ययोजना तयार गर्ने र प्रतिकार्यका लागि वैकल्पिक स्थलका रुपमा अन्य विमानस्थलहरूको क्षमता विकास गर्ने । विमानस्थलहरूमा आवश्यक उपकरण, सामग्री तथा साधनहरू तयारी अवस्थामा राख्ने । | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाली सेना, नेपाल वायुसेवा सञ्चालक संघ, विषयगत क्षेत्रका सदस्य निकाय, अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन, कुरियर तथा सञ्चार सेवा प्रदायकहरू, दातृ निकायहरू | १ वर्ष भित्र |

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| ११. | विपद्का समयमा सहजरुपमा प्रतिकार्य गर्न र खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन छिमेकी मुलुक तथा मित्रराष्ट्रसँग आवश्यक सम्झौता गर्ने । | परराष्ट्र मन्त्रालय | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल स्थित कूटनीतिक निकायहरू | १ वर्ष भित्र |
| १२. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका सम्बन्धमा अन्तर्राष्ट्रिय सहयोग प्राप्ति र त्यसका लागि तत्काल गर्नुपर्ने प्रक्रियागत व्यवस्थापनका लागि निर्देशिका तयार गर्ने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, संयुक्त राष्ट्रसङ्घीय आवसीय प्रतिनिधिहरूको कार्यालय, रेडक्रम अभियान | १ वर्ष भित्र |
| १३. | सुरक्षा निकायहरूले सङ्घीय तहको निर्दिष्ट मापदण्ड बमोजिम दमकलसहितको विपद् व्यवस्थापनका यथेष्ट सामग्रीयुक्त जनशक्ति सहितको टोली तयारी अवस्थामा राख्ने प्रबन्ध मिलाउने । | सुरक्षा निकायहरू | गृह मन्त्रालय, रक्षा मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह | १ वर्ष भित्र |
| १४. | विपद् प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय खोज तथा उद्धार समूहको सहयोग गर्न बिभिन्न राष्ट्रहरूबाट आउने सेना परिचालन गर्नका लागि निर्देशिका तयार गर्ने । | रक्षा मन्त्रालय | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपाली सेना, राष्ट्रिय विपद् जोखिम व्यवस्थापन प्राधिकरण | १ वर्ष भित्र |
| १५. | विपद् प्रभावित स्थानका स्थलगत कार्यसञ्चालन समन्वय केन्द्र (OSOCC) र बहुराष्ट्रिय सेनासमन्वय केन्द्र (MNMCC) को संरचना तथा प्रक्रिया निश्चित गर्न कार्यसञ्चालन विधि निर्माण गर्ने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | गृह मन्त्रालय, नेपाली सेना, संयुक्त राष्ट्रसंघिय आवासिय प्रतिनिधिको कार्यालय | १ वर्ष भित्र |

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १६. | अन्तर्राष्ट्रिय मानवीय उद्धारकर्मी तथा सहायता समूहको सहज आगमन, कार्यसञ्चालन र शेष सामग्री सहितको बहिर्गमनको लागि प्रवेशाज्ञा, भन्सार र अन्य व्यवस्थापनका लागि नमूना सम्झौता बमोजिम आवश्यक प्रबन्ध मिलाउने। | गृह मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपाली सेना, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, अध्यागमन विभाग, भन्सार विभाग, संयुक्त राष्ट्रसङ्घीय आवासीय प्रतिनिधिको कार्यालय, रेडक्रस अभियान | १ वर्ष भित्र |
| १७. | विपद् प्रतिकार्यका लागि गरिने उद्धारकार्य र मानवीय उद्धार तथा राहत सहयोग परिचालनको अनुगमन र मूल्याङ्कनका लागि आवश्यक विधि तथा मापदण्ड निर्माण गर्ने। | कार्यकारी समिति | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | १ वर्ष भित्र |
| १८. | विपद् बाट प्रभावितका लागि राहत प्रदान गर्ने मापदण्ड निर्माण गर्ने। | कार्यकारी समिति | अर्थ मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | १ वर्ष भित्र |
| १९. | नेपाल सरकारको आव्हानमा खोज, उद्धार र राहतको लागि नेपाल आउने उद्धारकर्मी तथा सहायता सामग्रीको प्राथमिकीकरण गर्न व्यवस्थापन आवश्यक कार्ययोजना बनाउने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, संयुक्त राष्ट्रसङ्घीय आवासिय प्रतिनिधिको कार्यालय, दातृ निकाय, रेडक्रस अभियान | १ वर्ष भित्र |
| २०. | विपद् पश्चात अवरुद्ध विद्युत सेवा विपद् प्रतिकार्यको समयमा तत्काल सुचारु गर्नका लागि कार्ययोजना बनाउने। | नेपाल विद्युत प्राधिकरण | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, शहरी विकास मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | १ वर्ष भित्र |
| २१. | विपद्को समयमा चिडियाखाना, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षमा रहेका जंगली जनावरहरू बाहिर निस्कन सक्ने सम्भावनालाई मध्यनजर गरी जंगली जनावरको आकस्मिक संरक्षण कार्ययोजना बनाउने। | राष्ट्रिय चिडिया खाना, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष | वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा प्राधिकरण व्यवस्थापन, सुरक्षा निकायहरू | १ वर्ष भित्र |

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| २२ | विपद्को कारण मृत जनावरहरूको व्यवस्थापनका लागि कार्ययोजना बनाउने । | स्थानीय तह | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | १ वर्षभित्र |
| २३. | संघ, प्रदेश, जिल्ला र स्थानीय तहका खोज, उद्धार तथा राहत कार्ययोजना तयार गर्ने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | सङ्घीय मामिला तथासामान्य प्रशासन मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | १ वर्ष भित्र |
| २४ | आपत्कालीन प्रतिकार्यका लागि पूर्वतयारीका साथ खोज, उद्धार तथा राहत कार्ययोजना र व्यवस्थापन विधि तयार गर्ने । | गृह मन्त्रालय, रक्षा मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, संयुक्त राष्ट्र सङ्घीय आवासीय प्रतिनिधिको कार्यालय | १ वर्ष भित्र |
| २५. | विपद् प्रतिकार्यका लागि आवश्यक खाद्य तथा गैर-खाद्य सामग्रीहरू रणनीतिक दृष्टिले उपयुक्त स्थलमा भण्डार, सुरक्षण र परिचालन गर्न गराउनका लागि आवश्यक कार्ययोजना बनाउने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल खाद्य संस्थान, नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य संघ, नेपाल चेम्बर अफ कमर्श | १ वर्ष भित्र |
| २६. | वर्षातका कारणले हुनसक्ने बाढी, पहिरो, डुबान र सो बाट उत्पन्न स्थितिको कारण हुने महामारी लगायतका विपद्को सामना गर्न आवश्यक कार्ययोजना बनाउने । | सिंचाइ विभाग, स्वास्थ्य सेवा विभाग | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह | १ वर्ष भित्र |

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| २७. | विपद्को कारणबाट मृत्यु भएका मानिसहरूको शव व्यवस्थापनका लागि कार्ययोजना बनाई लागू गर्ने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल रेडक्रस, स्थानीय तह | १ वर्ष भित्र |
| २८. | राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्जालीकरण र कार्यसञ्चालन विधि तर्जुमा गर्ने । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | १ वर्ष भित्र |
| २९. | वन डढेलो नियन्त्रण तथा त्यसबाट हुने क्षतिको न्यूनीकरण गर्नका लागि कार्ययोजना बनाउने । | वन तथा वातावरण मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह | १ वर्ष भित्र |
| ३०. | विपद् प्रतिकार्य संगै शीघ्र पुनर्लाभ तथा पुनर्स्थापना गर्नका लागि कार्ययोजना बनाउने । | सङ्घीय मामिला तथा सामान्य प्रशान मन्त्रालय | शहरी विकास मन्त्रालय, राष्ट्रिय विपद् जोखिम भित्र न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | १ वर्ष भित्र |

### ८.२. प्रदेशको विपद् प्रतिकार्य कार्ययोजना :

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा कार्ययोजनाको मार्गदर्शन बमोजिम प्रदेश विपद् व्यवस्थापन परिषद् तथा कार्यकारी समितिले विपद् प्रतिकार्यका लागि यस कार्यढाँचालाई आधार मानी आ- आफ्नो विपद् प्रतिकार्य कार्ययोजना बनाउन सक्नेछन् ।

### ८.३. स्थानीय तहको विपद प्रतिकार्य कार्ययोजना :

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा कार्ययोजनाको मार्गदर्शन र प्रदेश विपद् व्यवस्थापन परिषद् तथा कार्यकारी समितिको निर्णय तथा प्राधिकरणबाट दिइएका मार्गदर्शन एवं स्थानीयस्तरको वस्तुस्थितिको आधारमा स्थानीय तहले विपद् प्रतिकार्यका लागि आ-आफ्नो विपद् प्रतिकार्य कार्ययोजना बनाउन सक्नेछन् ।



# खोज तथा उद्धार राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७१

(मन्त्रिपरिषद्को मिति २०७१/०१/१२ को र मन्त्रिपरिषद्, सामाजिक समितिको मिति २०७१/०२/२३को बैठकबाट स्वीकृत)

## १. पृष्ठभूमि

नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, हुरीबतास, असिना वर्षा, खडेरी, अनिकाल तथा महामारीजस्ता प्राकृतिक विपद्को उच्च जोखिममा रहेको मुलुक हो। नेपालको पूर्वदेखि पश्चिमसम्मको भूखण्ड सक्रिय भूकम्पीय क्षेत्रमा रहेको कारण भूकम्पीय दृष्टिले पनि उच्च सङ्कटासन्न अवस्थामा रहेको छ। काठमाडौं उपत्यकामा १९ औं शताब्दीमा गएका ठूलास्तरका भूकम्पवाट व्यापक जनधनको क्षति भएको ऐतिहासिक अभिलेखले देखाएको छ। वि.स. १९९० सालमा गएको र केन्द्रविन्दु नेपालको पूर्वक्षेत्रमा भएको ८.४ रिक्टर स्केल क्षमताको प्रलयकारी भूकम्पले मुलुकभर व्यापक क्षति पुयाएको थियो। सो भूकम्पका कारण ६० प्रतिशत भवन भत्किएका, ८ हजार ५ सय १९ मानिस मारिएका थिए, जसमध्ये काठमाडौं उपत्यकामा मात्र ४ हजार २ सय ६९ मानिस मारिएका थिए। भूकम्पको पूर्वानुमान गर्न कठिन छ तर यो अवश्यम्भावी छ। जब भूकम्प आउँछ भूकम्प स्वंयले नभएर यसको कारण मानव निर्मित भौतिक पूर्वाधार तथा संरचना भत्कन गई मानव जीवन र सम्पतिलाई क्षति पुयाउँछ। यसले शदियौंदेखि मानिसद्वारा विकास गरिएको भौतिक विकासका पूर्वाधार, संरचना र प्राकृतिक वातावरणलाई नै तहसनहस पार्छ। नेपालमा ठूलो भूकम्प गएमा यहाँका प्रमुख अस्पताल, विद्यालय तथा भवनहरू एवम् सर्वसाधरणका घरहरू क्षतिग्रस्त हुने प्रबल सम्भावना छ। यसले वृहत मात्रामा जीवित मानिसलाई भग्नावशेषमा पुर्नेछ हजारौ मानिसहरू घाईते हुनेछन् भने ठूलो संख्यामा मानिसहरू विस्थापित हुनेछन्। त्यस अवस्थामा खोज तथा उद्धारको अवस्था कहाली लाग्दो हुनसक्ने र यसको सामना गर्न एकीकृत खोज तथा उद्धार टोलीको गठन र क्षमता विकास गर्नु महत्वपूर्ण पक्ष रहनेछ।

## २. रणनीतिक कार्ययोजनाको अवधारणा

नेपालमा वर्तमान अवस्थामा खोज तथा उद्धार कार्यका लागि व्यावसायिक तथा विशिष्टकृत क्षमता र दक्षता सहितको एकीकृत खोज तथा उद्धार टोलीको व्यवस्था नरहेकोले नेपाली सेना, सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीका तालीम प्राप्त सुरक्षाकर्मीहरूले नै खोज तथा उद्धारको कार्य गर्दै आइरहेका छन्। नेपाल सरकारले विपद् प्रतिकार्यका लागि नेपाली सेना, सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीका तालीम प्राप्त र समर्पित सुरक्षाकर्मीहरूबाट न्यूनतम खोज तथा उद्धार क्षमताको विकास गरेको छ। राष्ट्रिय विपद् जोखिम व्यवस्थापन रणनीति, २०६६ र सन् २०११ को अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समूह (International Search and Rescue Advisory Group) को विश्लेषणात्मक सुझाव, राष्ट्रिय विपद्

प्रतिकायको कार्यढाँचा, २०७० (National Disaster Response Frame work, 2070) तथा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan) जस्ता क्षमता अभिवृद्धिका लागि गरिएका नीतिगत व्यवस्था र त्यसबाट प्राप्त सिकाई एवं सिफारिशहरू बमोजिम नेपाल सरकारले एकीकृत खोज तथा उद्धार टोलीको गठन, क्षमता अभिवृद्धि र सुदृढीकरण गर्ने कार्यलाई प्रमुख प्राथमिकताको रूपमा लिएको छ।

यस रणनीतिक कार्ययोजना खास गरी संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समुहको मार्गदर्शन तथा कार्यविधि (Methodology) मा आधारित रहेको छ। यसले प्रतिकार्यका लागि पूर्वतयारीलाई सुनिश्चितता प्रदान गरेको छ। संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समुह (INSARAG) को प्रतिकार्य कार्ययोजना अनुरुप राष्ट्रिय उद्धार टोलीले आपत्कालीन उद्धारको कार्य गर्दछ।

- यस कार्ययोजनाले प्रत्येक नयाँस्तरको आपत्कालीन प्रतिकार्यका लागि समग्र क्षमताको अभिवृद्धि गर्दै उद्धार क्षमतालाई बढाउँदछ।
- विभिन्न तहहरूमा गरिने अभ्यास, प्रयोग हुने भाषा र सूचना साझा रुपमा परिचालन हुनु पर्नेछ।
- यसले सबैतहमा पूर्वतयारी, क्षमता विकास तालीम र क्षमता मापनलाई एक आपसमा अन्तर सम्बन्धित गरी संयुक्त रुपमा सम्बोधन गर्दछ।
- खोज तथा उद्धार टोलीहरू परिचालित हुँदा व्यवस्थापन (Management), बन्दोवस्ती (logistics), खोज (Search) तथा उद्धार (Rescue) र उपचार (Medical) का अवयवहरू समेत समावेश हुन्छन्।

खोज तथा उद्धार प्रतिकार्यढाँचा निम्न चित्रमा देखाए अनुसार रहनेछ। ठूला विपद्को समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिकार्यकर्ताहरू बीच समन्वय संरचनाको तरिका राष्ट्रिय प्रतिकार्यको कार्यढाँचाले निर्दिष्ट गरे बमोजिम हुनेछ। पहिलो प्रतिकार्यकर्तामा स्थानीय आपत्कालीन सेवा र सामुदायिक प्रतिकार्यकर्ता हुनेछन् भने राष्ट्रिय खोज तथा उद्धार कार्यदलमा सामान्य (Light), मध्यम (Medium) र ठूलो (Heavy) खोज तथा उद्धार कार्यदलहरू रहने छन्। अन्तर्राष्ट्रियस्तरको कार्यदलमा मध्यम (Medium) र ठूलो (Heavy) कार्यदल हुनेछ।



## ३. रणनीतिक परिदृष्य (Strategic Vision)

अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समूहको मापदण्ड र राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० को कार्ययोजनाले निर्दिष्ट गरे बमोजिम नेपालमा व्यवसायीक तथा प्राविधिक रूपमा सक्षम खोज तथा उद्धार टोली (SAR Team) को निर्माण गरी खोज तथा उद्धार कार्यमा प्रभावकारीता ल्याउने।

## ४. रणनीतिक कार्ययोजनाको उद्धेश्य

- विपद् प्रतिकार्यका लागि विशिष्टिकृत खोज तथा उद्धार (SAR) टोलीको गठन गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप क्षमता अभिवृद्धि गर्ने।
- खोज तथा उद्धार टोलीलाई स्पष्ट कार्यक्षेत्र प्रदान गरी स्वस्फूर्त रूपमा खोज तथा उद्धार कार्यमा क्रियाशील गराउने।
- सरकार तथा अन्य सरोकारवाला निकायहरूको सक्रिय समन्वय र सहयोगमा खोज तथा उद्धार क्षमता विकासका लागि उत्कृष्ट वातावरणको निर्माण गर्ने र विपद् पर्नासाथ एउटै कार्ययोजना भित्र रहेर खोज तथा उद्धार कार्यका चुनौतीको सामना गर्न सक्षम वनाउने।

## ५. लक्ष्य

१. संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समूह (INSARAG) को मापदण्ड र अनुभवको अधारमा दीर्घकालीन रुपमा नेपालको परिस्थिति र वातावरण सुहाउँदो विशिष्ट प्रशिक्षण प्राप्त व्यक्तिहरू भएको अन्तर्राष्ट्रियस्तरको सशक्त खोज तथा उद्धार टोलीहरूको निर्माण गरी क्रमशः क्षमता विकास गर्ने।

२. वर्तमान अवस्थामा नेपाली सेना र सशस्त्र प्रहरी बलमा एक एक वटा राष्ट्रियस्तरको मध्यमस्तरीय खोज तथा उद्धार टोलीहरूको निर्माण गरी क्रमशः क्षमता विकास गर्दै लैजाने।

३. स्थानीयस्तरमा विपद् प्रतिकार्यलाई प्रभावकारी वनाउन पहिलो प्रतिकार्यकर्ताको रुपमा नेपाल प्रहरीमा तत्काल सातवटा सामान्य खोज तथा उद्धार टोलीहरूको निर्माण गर्ने र क्रमशः टोली निर्माण गर्ने कार्यलाई विस्तार गर्दै क्षमता अभिवृद्धि गर्दै जाने।

४. स्थापित खोज तथा उद्धार टोलीहरूको क्रमशः क्षमता विकास र स्तरोन्नति गर्दै अन्तर्राष्ट्रियस्तरको वनाउने।

### ५.१ खोज तथा उद्धार टोलीसम्बन्धी लक्ष्य निर्धारणका आधारहरू देहाय बमोजिम रहेका छन् :

क. क्षमता अभिवृद्धि गर्न त्रिपक्षीय सामानान्तर अवधारणा अवलम्बन गर्ने, जसमा :

(१) समुदायस्तरको पहिलो प्रतिकार्यकर्तालाई आवश्यक बन्दोबस्तीका सामानले सुसज्जित गर्ने,

(२) आपत्कालीन सेवा प्रदायकहरूको प्रतिकार्य क्षमता सुदृढीकरण गर्ने, र

(३) आवश्यकता अनुसार दैनिक प्रतिकार्यलाई बल प्रदान गर्न तुरुन्त परिचालन गर्न सकिने समर्पित खोज तथा उद्धार टोलीहरूको विकास गर्ने।

ख. विपद्का घटना भएमा खोज तथा उद्धारको लागि तत्कालै खटाउन सकिने सक्षम जनशक्तिको पहिचान गरी प्रशिक्षण प्रदान गर्ने ।

## ६. रणनीति

१. खोज तथा उद्धार कार्यका लागि विशिष्टीकृत एवं व्यवसायीक खोज तथा उद्धार टोलीको निर्माण गर्ने ।

२. खोज तथा उद्धार टोलीहरूको स्पष्ट कार्यक्षेत्र र जिम्मेवारी निर्धारण गर्ने ।

३. राष्ट्रिय परिवेश र वातावरण अनुकूल हुने गरी अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम प्राथमिकताको आधारमा क्रमशः अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीयस्तरमा खोज तथा उद्धार टोलीहरूको निर्माण गर्ने ।

४. विभिन्न मन्त्रालय/निकायहरू, दातृनिकायहरू तथा साझेदारहरूसँगको समन्वय र सहयोगमा खोज तथा उद्धार टोलीको संस्थागत सुदृढीकरण गर्दै तिनीहरूको क्षमताको विकास गर्ने ।

५. खोज तथा उद्धार टोलीमा आवश्यक जनशक्तिको नयाँ पदस्थापन र प्रतिस्थापन गर्दा विशिष्ट ज्ञान र तालीम प्राप्त जनशक्तिहरूबाट मात्र गरी खोज तथा उद्धार टोलीको संस्थागत सुदृढीकरण गर्दै दिगोपना कायम गर्ने ।

६. प्रभावकारी प्रतिकार्यका लागि विपद् खोज तथा उद्धार उन्मुख पूर्वतयारीलाई सशक्त वनाउने ।

## ७. खोज तथा उद्धार क्षमता अभिवृद्धिका लागि रणनीतिक कार्ययोजनाको मार्गनिर्देशक सिद्धान्तहरू

१. खोज तथा उद्धार टोलीको गठन अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समूह (INSARAG) को मापदण्डमा आधारित हुनेछ ।

२. राष्ट्रिय परिवेश तथा आवश्यकताका आधारमा खोज तथा उद्धार टोलीको गठन र संचालन हुनेछ ।

३. राष्ट्रसंघीय निकाय तथा दातृ समुदायबाट उपलब्ध सल्लाह तथा परामर्श खोज तथा उद्धार टोली गठनको लागि मार्गनिर्देशन हुनेछन् ।

४. केन्द्रीय दैवी प्रकोप उद्धार समिति, क्षेत्रीय दैवी प्रकोप उद्धार समिति र जिल्ला दैवी प्रकोप उद्धार समितिले आ-आफ्नो क्षेत्राधिकार भित्र रही खोज तथा उद्धार टोलीको परिचालन गर्नेछन् ।

५. ठूलो विपद्को समयमा खोज तथा उद्धार टोलीको परिचालन राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा बमोजिम त्रिपदीय प्रतिकार्य संयन्त्रको आधारमा हुनेछ ।

६. पूर्वसूचना प्रणालीको माध्यमद्वारा आपत्कालिन कार्यसंचालन केन्द्रहरू मार्फत प्रकोपको पूर्वसूचना समयमै प्राप्त गरी विपद् प्रतिकार्यका लागि खोज तथा उद्धार टोली परिचालनको पूर्व प्रबन्ध हुनेछ ।

७. ठूलो विपद्को समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिकार्यकर्ताहरूवीचको समन्वय संरचनाको ढाँचा राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा बमोजिम हुनेछ ।

८. राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रले खोज तथा उद्धार टोली परिचालनका लागि सचिवालयको रुपमा कार्य गर्नेछ ।

## ८. समस्या तथा चुनौतीहरू

नेपालमा विशेष गरी खोज तथा उद्धार कार्यका लागि विशिष्टिकृत एवं व्यावसायीक एकीकृत खोज तथा उद्धार टोलीको निर्माण हुन सकेको छैन। वर्तमान अवस्थामा नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका तालीम प्राप्त जनशक्तिहरूबाट अलग-अलग रुपमा विपद् प्रतिकार्यका लागि खोज तथा उद्धारका कार्यहरू हुँदै आएका छन्। नेपाल सरकार कार्यविभाजन नियमावली २०६४ (संशोधन सहित) बमोजिम गृह मन्त्रालयबाट विपद् प्रतिकार्य सम्बन्धी सम्पूर्ण कार्यहरूको समन्वयकारी भूमिका निर्वाह हुँदै आएको छ। विपद् प्रतिकार्य अन्तर्गत गरिने कार्यहरू अन्तर्गत तत्कालीन सूचना संकलन, लेखाजोखा, नियमन, जनधनको सुरक्षा, कानूनको पालना, विरामी तथा घाईतेको उपचार, संकटासन्न व्यक्तिहरूको हेरचाह, राहत सामग्रीको पूर्वव्यवस्था र बन्दोबस्तीका क्रियाकलापहरूको समन्वयात्मक एवं प्रभावकारी रुपमा संचालन गर्नु जरुरी हुन्छ।

विपद् प्रतिकार्यमा संलग्न निकायहरू नेपाली सेना, सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीको संस्थागत क्षमतालाई थप सुदृढीकरण गरी प्रतिकार्य क्षमताको प्रभावकारिता अभिवृद्धि गर्नु आवश्यकता छ। हालको अवस्थामा आपत्कालीन अवस्थामा उपलब्ध गराउने विषयगत सेवाहरू प्रभावकारी हुन सकेका छैनन्। खोज तथा उद्धारका लागि विभिन्न निकायहरूबाट उपलब्ध गराउने तालीम तथा प्रशिक्षण कार्यक्रममा समन्वयको अभाव रहेको छ भने तालीम प्राप्त जनशक्तिहरू विभिन्न निकायहरूमा छरिएर रहेका र तिनीहरूमा निरन्तरताको पनि अभाव रहेको छ। तालीममा गुणस्तरीयता र एकरुपता कायम हुन सकेको छैन। यस पृष्ठभूमिमा खोज तथा उद्धारको क्षेत्रमा विद्यमान प्रमुख चुनौतीहरू निम्नानुसार रहेका छन्।

१. प्रतिकार्यका लागि विशिष्टिकृत एवं व्यवसायीक एकीकृत खोज तथा उद्धार टोलीको गठन गर्नु।

२. विभिन्न निकायहरूमा छरिएर रहेका तालीम प्राप्त जनशक्तिहरूलाई एकीकृत गरी उनीहरूमा व्यावसायिकताको विकास गर्नु।

३. तालीम प्राप्त जनशक्तिहरूलाई खोज तथा उद्धारसम्बन्धी आधुनिक ज्ञान र सीपको विकास एवम् यसका लागि पर्याप्त उपकरण तथा सामग्रीहरूको व्यवस्था गर्नु।

४. अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नेपालको परिवेश र अवस्था अनुसार तालीम तथा प्रशिक्षणका कार्यक्रमहरू व्यवस्थितढंगबाट संचालन गर्नु।

५. खोज तथा उद्धार कार्यटोली गठनका लागि विद्यमान कानूनी जटिलतालाई हटाउनु।

६. प्रभावकारी खोज तथा उद्धार कार्यका लागि खोज तथा उद्धार सामग्रीहरू, व्यक्तिगत एवं संचार सम्बन्धी उपकरणहरू, औषधी सम्बन्धी उपकरण तथा बन्दोबस्तीका सामान र उपकरणहरू लगायत विपद् प्रतिकार्यका लागि चाहिने अन्य सामग्रीहरू निश्चित प्रकार र पर्याप्त संख्यामा व्यवस्था गर्नु।

७. सहरी क्षेत्रमा पर्याप्त संख्यामा अग्नि नियन्त्रण टोलीहरूको व्यवस्था, अग्नि नियन्त्रण उपकरणहरू पर्याप्त व्यवस्था गरी अग्नि नियन्त्रकहरूलाई विशेष तालीम तथा प्रशिक्षण उपलब्ध गराउनु र आवश्यक पानीको उपलब्धता सुनिश्चित गर्नु।

## ९. खोज तथा उद्धारका टोलीको गठन तथा कार्यान्वयन कार्ययोजना

| क्र. स. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समयावधि | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| १. | खोज तथा उद्धार कार्यका लागि विशिष्टीकृत एवं व्यवसायीक खोज तथा उद्धार कार्यदलको निर्माण गर्ने | १. खोज तथा उद्धार टोली गठनका लागि विद्यमान कानूनमा संशोधन गरी कानूनी सुनिश्चितता दिने । | गृह मन्त्रालय | कानुन, न्याय संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालय | ६ महिना भित्र | उपयुक्त कानुनी आधार तयार हुने |
| | | २. खोज तथा उद्धार टोली गठनका लागि तीनवटै सुरक्षा निकायहरूमा मौजुदा तालीम प्राप्त जनशक्तिहरूको पहिचान गर्ने । | गृह मन्त्रालय, रक्षा मन्त्रालय | नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी | २ महिना भित्र | तीन वटै सुरक्षा निकायहरूका मौजुदा तालीम प्राप्त जनशक्तिहरूको पहिचान हुनेछ । |
| | | ३. मौजुदा तालीम प्राप्त जनशक्तिलाई दक्षता र क्षमताका आधारमा तीन समूह (विशेष तालीम प्राप्त, मध्यमस्तरीय तालीम प्राप्त र सामान्य तालीम प्राप्त) मा सूचीकरण गर्ने । | नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी | गृह मन्त्रालय, रक्षा मन्त्रालय | ३ महिना भित्र | तालीम प्राप्त जनशक्तिको वर्गीकरण भएको हुनेछ । |
| | | ४. राष्ट्रियस्तरको मध्यमस्तरीय खोज तथा उद्धार टोलीको गठनका लागि विद्यमान स्रोत साधन र उपकरणहरूको पहिचान गरी आवश्यक उपकरणहरू तथा अन्य सामग्रीहरूको विवरण तयार गर्ने । | नेपाली सेना, सशस्त्र प्रहरी बल, | गृह मन्त्रालय, रक्षा मन्त्रालय | ६ महिना भित्र | खोज तथा उद्धार कार्यका लागि चाहिने आवश्यक मेसिन, उपकरणहरू तथा सामग्रीहरूको विवरण एकीन हुनेछ । |

| क्र. स. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समयावधि | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | ५. साधारण खोज तथा उद्धार टोलीको गठनका नेपाल प्रहरी लागि विद्यमान स्रोत साधन र उपकरणहरूको पहिचान, लेखाजोखा र विश्लेषण पश्चात चाहिने उपकरणहरू तथा सामाग्रीहरूको विवरण तयार गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय | ६ महिना भित्र | खोज तथा उद्धार कार्यका लागि चाहिने आवश्यक मेसिन, उपकरणहरू तथा सामग्रीहरूको विवरण एकिन हुनेछ। |
| | | ६. स्थानीय तहको समुदायमा आधारित खोज तथा उद्धार टोली गठन र विकासका लागि नेपाल रेडक्रस सोसाइटी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरूबाट समुदायस्तरमा आधारभूत तहको MFR/CSSR सहितको प्रशिक्षण प्राप्त जनशक्तिको पहिचान र खोज तथा उद्धारका लागी चाहिने सामग्री तथा उपकरणहरूको विवरण तयार गर्ने। | गृह मन्त्रालय | नेपाल रेडक्रस सोसाइटी, नेपाल प्रहरी | ६ महिना भित्र | स्थानीय तहको खोज तथा उद्धार टोली गठनको लागि आवश्यक जनशक्ति स्रोत र साधनको पहिचान भएको हुनेछ। |
| २. | खोज तथा उद्धार टोलीहरूको स्पष्ट कार्यक्षेत्र र जिम्मेवारी निर्धारण गर्ने। | १. आवश्यक जनशक्तिको व्यवस्था एवं औजार उपकरणहरूको बन्दोवस्त गरी नेपाली सेना र सशस्त्र प्रहरी बलमा एक/एक वटा राष्ट्रिय तहको मध्यमस्तरीय खोज तथा उद्धार टोलीको संचालन गर्ने मार्गाचित्र (Road map) र कार्य जिम्मेवारी निर्धारण गर्ने। | गृह मन्त्रालय, रक्षा मन्त्रालय | नेपाली सेना, सशस्त्र राष्ट्रसंघीय निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू | ६ महिना भित्र | मार्गचित्र र कार्य जिम्मेवारीको एकिन हुनेछ। प्रदान गरी स्वस्फूर्त रूपमा खोज तथा उद्धारका कार्यमा क्रियाशील गराउने। |

| क्र. स. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समयावधि | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | २. आवश्यक जनशक्तिको व्यवस्था एवं औजार तथा उपकरणहरूको वन्दोवस्त गरी नेपाल प्रहरीका क्षेत्रयि, अंचल र जिल्लास्थित कार्यालयमा सामान्य खोज तथा उद्धार टोलीको संचालन गर्ने मार्गचित्र (Road map) र कार्य जिम्मेवारी निर्धारण गर्ने। | नेपाल प्रहरी | गृह मन्त्रालय, संयुक्त राष्ट्संघीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरू | ६ महिना भित्र | विभिन्न निकायहरूमा स्थापित खोज तथा उद्धार टोलीमा तालीम प्राप्त जनशक्तिको निरन्तरता हुनेछ। |
| | | ३. स्थानीय तहको समुदायमा आधारित खोज तथा उद्धार टोलीको संचालनको लागी मार्गचित्र (Road map) र कार्य जिम्मेवारी निर्धारण गर्ने। | जिल्ला दैवी प्रकोप उद्धार समिति, स्थानीय दैवी प्रकोप उद्धार समितिहरू | नेपाल प्रहरी, स्थानीय निकायहरू, नेपाल रेडक्रस सोसाइटी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी सस्थाहरू | ६ महिना भित्र | समुदायमा आधारित खोज तथा उद्धार टोलीको परिचालनका लागि मार्गचित्र (Road-map) तयार हुनेछ। |
| | | ४. तीनै निकायवाट तयार गरिएको मार्गचित्रका आधारमा विपद्को समयमा तीनै तहमा स्थापित खोज तथा उद्धार टोलीको संचालन प्रक्रिया (Mobilization procedure) तयार गर्ने। | गृह मन्त्रालय, राष्ट्रिय आपत्कालिन कार्यसंचालन केन्द्र | नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी | ९ महिना भित्र | खोज तथा उद्धार टोलीको संचालन प्रक्रिया (Mobilization procedure) तयारी हुनेछ। |

| क्र. स. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समयावधि | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | ५. खोज तथा उद्धार टोलीमा कार्यरत जनशक्तिहरूको प्रतिस्थापन र नयाँ पदस्थापन गर्दा क्रमशः विशिष्ट ज्ञान र तालीम प्राप्त जनशक्तिहरूवाट मात्र गर्ने व्यवस्थाको सुनिश्चितता गरी खोज तथा उद्धार टोलीमा दिगोपना कायम गर्ने। | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल | गृह मन्त्रालय, रक्षा मन्त्रालय | नियमित | खोज तथा उद्धार टोलीमा संस्थागत सुदृढीकरण भई दिगोपना कायम भएको हुनेछ। |
| ३. | राष्ट्रिय परिवेश र वातावरण अनुकुल हुने गरी अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम प्राथमिकताको आधारमा क्रमशः अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीयस्तरमा खोज तथा उद्धार टोलीहरूको निर्माण गर्ने। | १. पहिलो प्रतिकार्यकर्ताको रुपमा स्थानीय गा.वि.स./ न. पा. वडाहरूमा उपलब्ध जनशक्ति र स्रोत साधनको आधारमा आवश्यकता अनुसार समुदायिक तहको खोज तथा उद्धार टोलीको निर्माण गरी विपद् परेको समयमा संचालनमा ल्याउने | जिल्ला दैवी प्रकोप उद्धार समिति, सम्बन्धित जिल्ला विकास समिति एवम् गा.वि.स. | गृह मन्त्रालय, सङ्घीय मामिला तथा विकास मन्त्रालय नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाईटी। | १ वर्ष भित्र | पचहत्तरै जिल्लाका विपद् संवेदनशील गा.वि.स. क्षेत्रहरूमा समुदायमा आधारित खोज तथा उद्धार समूहको निर्माण भई विपद्को समयमा परिचालन हुनेछन्। |
| | | २. नेपाल प्रहरीका क्षेत्रीय, अंचल र जिल्लास्थित कार्यालयमा पहिलो चरणमा ७ (सात) वटा साधारण खोज तथा उद्धार टोलीको निर्माण गरी विपद् को समयमा संचालनमा ल्याउने। | नेपाल प्रहरी | गृह मन्त्रालय, रेडक्रस सोसाइटी, संयुक्त राष्ट्रसंघीय निकाय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू | १ वर्ष भित्र | नेपाल प्रहरीका क्षेत्रीय, अञ्चल र जिल्लास्थित कार्यालयमा सामान्य खोज तथा उद्धार टोलीको निर्माण भई संचालनमा आउने छन्। |

| क्र. स. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समयावधि | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | ३. नेपाली सेना र सशस्त्र प्रहरी बलमा एक/एक वटा राष्ट्रिय तहको मध्यमस्तरीय खोज तथा उद्धार टोलीको निर्माण गरी संचालनमा ल्याउने। | नेपाली सेना र सशस्त्र प्रहरी बल | गृह मन्त्रालय, रक्षा मन्त्रालय, रेडक्रस सोसाइटी, संयुक्त राष्ट्रसंघीय निकाय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू | १ वर्ष ६ महिना भित्र | नेपाली सेना र सशस्त्र प्रहरी बलमा एक/एक वटा राष्ट्रियतहको मध्यमस्तरीय खोज तथा उद्धार टोलीको निर्माण भई संचालन हुनेछन्। |
| ४. | विभिन्न मन्त्रालय निकायहरू, दातृ निकायहरू तथा साझेदारहरूसँगको समन्वय र सहयोगमा खोज तथा उद्धार कार्यदलको संस्थागत सुदृढीकरण गर्दै क्षमताको विकास गर्ने। | १. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका तालीम प्राप्त विज्ञ एवम् विशेषज्ञहरूबाट समुदायस्तरमा स्थापित स्थानीय खोज तथा उद्धार टोलीका जनशक्तिलाई आवश्यक खोज तथा उद्धार सम्बन्धी आवश्यक तालीम तथा प्रशिक्षण उपलब्ध गराउने। | जिल्ला दैवी प्रकोप उद्धार समिति र स्थानीय दैवी प्रकोप उद्धार समिति | गृह मन्त्रालय, रक्षा मन्त्रालय, जिल्ला विकास समिति, रेडक्रस सोसाइटी संयुक्त राष्ट्रसंघीय निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू | स्थापना पश्चात् निरन्तर | समुदायमा खोज तथा उद्धारसम्बन्धी तालीम प्राप्त जनशक्तिको विकास भएको हुनेछ। |
| | | २. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका तालीम प्राप्त विज्ञ एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालीम विषेशज्ञहरूवाट नेपाल प्रहरीमा स्थापित सामान्य खोज तथा उद्धार टोलीका जनशक्तिहरूलाई आवश्यक तालीम तथा प्रशिक्षण उपलब्ध गराई क्षमता विकास गर्दै जाने। | नेपाल प्रहरी | गृह मन्त्रालय, रक्षा मन्त्रालय, रेडक्रस सोसाइटी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू। | स्थापना पश्चात् निरन्तर | नेपाल प्रहरीमा खोज तथा उद्धार सम्वन्धी तालीम प्राप्त जनशक्तिको विकास भई खोज तथा उद्धार कार्य प्रभावकारी हुनेछ। |

| क्र. स. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समयावधि | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | ३ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका तालीम प्राप्त विज्ञ एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालीम प्राप्त विषेशज्ञहरूवाट नेपाली सेना र सशस्त्र प्रहरी बलमा रहेका राष्ट्रियतहको मध्यमस्तरीय खोज तथा उद्धार टोलीका जनशक्तिहरूलाई खोज तथा उद्धार सम्बन्धी विशिष्टकृत तालीम तथा प्रशिक्षण उपलब्ध गराई संस्थागत क्षमता विकास गर्दै जाने। | नेपाली सेना, सशस्त्र प्रहरी | गृह मन्त्रालय, रक्षा मन्त्रालय, रेडक्रस सोसाइटी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू। | स्थापना पश्चात् निरन्तर | नेपाली सेना र सशस्त्र प्रहरी बलमा गठित खोज तथा उद्धार कार्यटोलीले खोज तथा उद्धारसम्बन्धी तालीम प्राप्त जनशक्तिहरूको क्षमता तथा दक्षता विकास भई खोज तथा उद्धार कार्य प्रभावकारी हुनेछ। |
| | | ४. तीनै तहमा स्थापित खोज तथा उद्धार टोलीको नियमित क्षमता विकास गर्न राष्ट्रिय तालीम संचालन विधी तथा निर्देशिका (National Training Mannual and Guidence) तयार गरी आधारभूत तह (Basic Level) मध्यमस्तरीय तह (Intermediate level) तथा उच्च तह (Advance Level) को प्रशिक्षण तथा तालीम संचालन गरिने। | गृह मन्त्रालय, राष्ट्रिय आपत्कालिन कार्यसंचालन केन्द्र | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, रक्षा ममन्त्रालय, | ६ महिना भित्र | राष्ट्रिय तालीम संचालन विधि तथा निर्देशिका (National Training Mannual and Guidence० तयार भई खोज तथा उद्धार टोलीका लागि तालीम तथा प्रशिक्षण संचालन भई तीनै तहमा सक्षम जनशक्ति तयार हुनेछन्। |

| क्र. स. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समयावधि | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | ५. खोज तथा उद्धार टोलीको नियमित रुपमा विशिष्ट क्षमता विकास गर्न एक राष्ट्रिय विपद् व्यवस्थापन प्रशिक्षण प्रतिष्ठानको स्थापना तथा विकास गर्ने। | गृह मन्त्रालय | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, रक्षा मन्त्रालय, दातृ निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू | २ वर्ष भित्र | राष्ट्रिय विपद् व्यवस्थापन प्रशिक्षण प्रतिष्ठानको स्थापना तथा विकास भई नियमित रुपमा विशिष्ट किसिमवाट तालीम तथा प्रशिक्षणको कार्य संचालन भएको हुनेछ। |
| | | ६. विभिन्न तह (स्थानीयस्तर, नेपाल प्रहरी र नेपाली सेना तथा सशस्त्र प्रहरी बलमा स्थापित खोज तथा उद्धार टोलीका लागि आवश्यक मेसिन, उपकरण तथा सामाग्रीहरूका साथै अन्य स्रोतको पर्याप्त व्यवस्था सहित संस्थागत सुदृढीकरण गर्ने। | अर्थ मन्त्रालय | गृह मन्त्रालय, रक्षा मन्त्रालय, संयुक्त राष्ट्रसंघीय निकायहरू, दातृ निकाय तथा सहयोगी संघ सस्थाहरू। | निरन्तर | स्रोत साधनको पर्याप्त व्यवस्था भई खोज तथा उद्धार टोलीहरूको संस्थागत क्षमता सुदृढीकरण हुनेछ। |
| ५. | प्रभावकारी प्रतिकार्यका लागि विपद् खोज तथा उद्धार उन्मुख पूर्वतयारीलाई सशक्त बनाउने। | १. विषयगत मन्त्रालय तथा निकायहरू, विभागहरू, दातृ निकाय र साझेदारहरूको सहयोग र समन्वयमा विपद् प्रतिकार्यका लागि खोज तथा उद्धार टोलीलाई जुनसुकै समयमा परिचालन गर्न सक्ने गरी पूर्णतयारी अवस्थामा राख्ने। | गृह मन्त्रालय | विषयगत मन्त्रालय तथा निकायहरू, नेपाल रेडक्रस सोसाइटी र दातृनिकाय तथा सहयोगी संघ सस्थाहरू। | विपद् पूर्वतयारीको अवस्थामा निरन्तर | सवै तहमा विपद् प्रतिकार्यका लागि खोज तथा उद्धार टोलीहरू पूर्णतयारीको अवस्थामा हुनेछन्। |

| क्र. स. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समयावधि | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| ६. | खोज तथा उद्धार टोलीको गठन, सचालन र क्षमता अभिवृद्धिका लागि भएका कार्यहरूको नियमित अनुगमन तथा निरीक्षण गर्ने | १. गृह मन्त्रालयको संयोजकत्वमा रक्षा मन्त्रालय, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, संयुक्त राष्ट्रसंघीय निकाय समेत सम्मिलित केन्द्रीय अनुगमन टोलीले भएका कार्यहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन गर्ने। | गृह मन्त्रालय | नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, संयुक्त राष्ट्रसंघीय निकायहरू तथा अन्य साफेदारहरू | निरन्तर | खोज तथा उद्धार टोलीको गठन, संचालन र क्षमता अभिवृद्धि भई प्रभावकारी रुपमा संचालनमा आउनेछन्। |

## १०. कार्ययोजनाको कार्यान्वयन

अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समूह अन्तर्गत रहेको खोज तथा उद्धार समूहको प्रतिकार्य ढाँचालाई आधार मानेर राष्ट्रिय स्वरुपमा समायोजन गरी प्रस्तुत रणनीतिक कार्ययोजना तयार गरिएको छ। यस कार्ययोजनाको कार्यान्वयनका लागि दातृ समुदाय, अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समूह, सरोकारवालाहरू र सम्बन्धित विज्ञहरूबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ। यो कार्ययोजना कार्यन्वयनका लागि तोकिएका जिम्मेवार निकाय तथा सहयोगी निकायहरूले आ-आफ्नो जिम्मेवारी र दायित्व प्रभावकारी रुपमा निर्वाह गर्नेछन्। नेपालमा विपद् व्यवस्थापनका सन्दर्भमा पूर्वतयारी तथा प्रतिकार्य प्रणालीको विकास र क्षमता विस्तारका लागि प्रस्तुत खोज तथा उद्धार राष्ट्रिय रणनीतिक कार्ययोजनाको कार्यान्वयनमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको एवम् प्रतिवद्धता रहेको छ। खोज तथा उद्धार टोलीको परिचालनको जिम्मेवारी गृह मन्त्रालयमा रहने छ। गृह मन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रले खोज तथा उद्धार टोलीको सचिवालयबको रुपमा कार्य गर्ने छ।

यस कार्ययोजनाको कार्यान्वयनवाट विपद् व्यवस्थापनमा प्रभावकारिता आउनुका साथै विपद् प्रतिकार्यमा सरकारको क्षमता अभिवृद्धि भई विपद्को समयमा गरिने प्रतिकार्यको गुणस्तरीयता सुनिश्चित हुने अपेक्षा गरिएको छ। प्रस्तुत रणनीतिक कार्ययोजना नेपाल सरकारका सबै नीति, निर्देशिका र ढाँचामा आधारित रही तयार भएकोले नेपालको वृहत्तर विपद् व्यवस्थापनको लागि कोशेढुङ्गा सावित हुनेछ। गृह मन्त्रालयको निर्देशनमा सबै सरोकारवाला मन्त्रालयहरू, विभागहरू र साझेदारीहरूको समन्वय र सहकार्यमा खोज तथा उद्धार टोलीले आफ्नो कार्यसंचालन गर्नेछन्। यो रणनीतिक कार्ययोजना विपद् प्रतिकार्यका सन्दर्भमा भत्किएका संरचना वा भग्नावशेषभित्र फँसेका नागरिकको जीवन बचाउने मानवीय सहयोगको मूल सिद्धान्त प्रति प्रतिबद्ध रही प्रभावकारी खोज तथा उद्धारका लागि उत्कृष्ट क्षमता र वातावरणको विकास गर्न सफल हुने अपेक्षा गरिएको छ।

## ११. कानूनी व्यवस्था

नेपालमा विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई सरकारी दायित्व तथा कार्यक्षेत्रमा राखि विपद् व्यवस्थापनलाई सहज बनाउन दैवी प्रकोप उद्धार ऐन, २०३९ कार्यान्वयन भइरहेको छ। यो ऐन विपद् प्रतिकार्यका लागि खोज तथा उद्धार टोलीको गठन तथा संचालन गर्ने मुख्य कानूनी आधार हो। विपद् प्रतिकार्यका लागि खोज तथा उद्धार टोलीको गठन र परिचालन गर्ने व्यवस्थालाई देहायको मौजुदा कानूनी तथा नीतिगत व्यवस्था समेतले समेटेको छ।

- विपद् जोखिम व्यस्थापन राष्ट्रिय रणनीति, २०६६
- राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७०
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन, २०६७
- प्रकोप पीडित उद्धार तथा राहतसम्बन्धी मापदण्ड, २०६४
- नेपाल प्रहरी ऐन, २०५२ तथा नियमावली

- स्थानीय प्रशासन ऐन, २०२८
- सशस्त्र प्रहरी बल ऐन, २०५८ तथा नियमावली
- सैनिक ऐन, २०६३

विपद्बाट उत्पन्न हुने चुनौतीको सामना गरी प्रभावकारी रुपमा खोज तथा उद्धार कार्यको परिचालनलाई प्रभावकारी र व्यवस्थित बनाउन विद्यमान दैवी प्रकोप उद्धार ऐन, २०३९ मा समयसामयिक सुधार गर्ने, सैनिक ऐन, २०६३, सशस्त्र प्रहरी बल ऐन, २०५८ तथा नेपाल प्रहरी ऐन, २०५२ सम्बन्धित नियमावलीहरू र निर्देशिका लगायतका मापदण्डहरूमा समेत आवश्यक संशोधन गरी तीन वटै निकायहरूमा दक्ष एवं व्यवसायिक खोज तथा उद्धार टोलीको गठन र संचालन गर्ने व्यवस्था गरिनु पर्दछ। यसका लागि उपयुक्त कानूनी व्यवस्था सुनिश्चित गर्न विद्यमान कानूनमा आवश्यक संशोधन / परिमार्जन गरिनेछ।

## १२. संस्थागत व्यवस्था

### १२.१. गृह मन्त्रालय / केन्द्रीय दैवी प्रकोप उद्धार समिति

नेपालमा विपद् व्यवस्थापन र विपद् प्रतिकार्यको कार्यमा गृह मन्त्रालयले संयोजनकारी भूमिका निर्वाह गर्दै आएको छ। गृह मन्त्रालयको समन्वयमा नेपाल सरकारका अन्य विषयगत मन्त्रालयहरू, आयोग, विभागहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संगठनहरूले विपद् प्रतिकार्यसँग सम्बन्धित कार्यहरू गर्दै आएका छन्। गृहमन्त्रीको अध्यक्षतामा रहेको केन्द्रीय दैवी प्रकोप उद्धार समिति विपद् प्रतिकार्यका लागि नीति तथा योजना तर्जुमा गर्ने र आवश्यक मार्गदर्शन गर्ने माथिल्लो निकाय हो। विपद्को समयमा सूचनाको संकलन तथा प्रवाह गरी विपद् प्रतिकार्य र मानवीय सहायता उपलब्ध गराउने कार्यमा केन्द्रीय समन्वयकारी निकायको रुपमा राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रले कार्य गरिरहेको छ। राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रलाई विभिन्न निकायहरूको संस्थागत क्षमताको लेखाजोखा गर्ने र आपत्कालीन प्रतिकार्यको अवस्थामा विभिन्न मन्त्रालय / आयोग र विभागका विपद् सम्पर्क व्यक्तिहरूसँग समन्वय गरी कार्य गर्ने जिम्मेवारी दिईएको छ।

### १२.२ नेपाली सेना

नेपाली सेनाले विगत देखिनै विपद् व्यवस्थापनका क्षेत्रमा प्रमुख प्रतिकार्य कर्ता र कतिपय आपत्कालीन प्रतिकार्यको अवस्थाहरूमा सक्रिय रुपमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आईरहेको छ। नेपाल सरकारले नेपाली सेनालाई संगठित र अनुशासित संरचना, आफ्नै उड्डयन सेवा, सञ्चार, यातायात, स्वास्थ्य तथा आधारभूत खोज तथा उद्धार कार्य संचालन गर्न सक्ने क्षमता भएको कारण विपद्को समयमा खोज तथा उद्धारसम्बन्धी कार्य गर्ने एक प्रथम प्रतिकार्य कर्ताको रुपमा जिम्मेवारी दिएको छ। हाल नेपाली सेनामा विपद् व्यवस्थापन तथा विपद् प्रतिकार्य अन्तर्गत खोज तथा उद्धार कार्य सञ्चालन गर्नको लागि संगठित फौजको रुपमा "विपद् व्यवस्थापन निर्देशनालय" स्थापना गरिएको छ। समर्पित फौजको रुपमा निर्देशनालय स्थापना भएता पनि देशको सबै क्षेत्रमा निर्देशनालय अन्तर्गतका फौजवाट मात्र खोज तथा उद्धार कार्य गर्न पर्याप्त नहुने भएकोले परेको समयमा खोज तथा उद्धार कार्य सञ्चालन गर्न अन्य फौजहरूमा

हाल भईरहेको आधारभूत खोज तथा उद्धार क्षमतालाई विस्तार गर्दै लैजान नितान्त आवश्यक देखिन्छ। नेपाली सेनासंग खोज तथा उद्धार कार्यको लागि आवश्यक पर्ने आधारभूत सामग्री / उपकरणहरू सीमित मात्रामा रहेको छ भने Collapsed Structure Search and Rescue (CSSR) कार्यको लागि CSSR तथा Medical First Responder (MFR) तालीम प्राप्त सीमित दक्ष जनशक्तिहरू मात्र उपलब्ध रहेका छन्। हालसम्म नेपाली सेनामा अन्तर्राष्ट्रिय प्रचलन तथा मान्यता अनुसारको CSSR टोलीहरू गठन हुन सकेको छैन। खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन नेपाली सेनामा एक निर्दिष्ट राष्ट्रिय मध्यमस्तरीय खोज तथा उद्धार टोली गठन गर्न नितान्त आवश्यक देखिएको छ।

### १२.३. नेपाल प्रहरी

नेपाल प्रहरीले परम्परादेखि नै आपत्कालीन समयमा पहिलो प्रतिकार्य कर्ताको रूपमा काम गर्दै आएको छ। आगजनी होस् वा कुनै दङ्गा होस उनीहरू आपत्कालीन अवस्था सुरु हुने बित्तिकै नेपाल प्रहरी तत्काल परिचालित हुन्छन्। नेपाल प्रहरीको केन्द्रीय कार्यालयमा भरखरै विपद् व्यवस्थापन इकाईको स्थापना गरिएको छ भने हाल नेपाल प्रहरीका केन्द्र देखि जिल्ला र स्थानियतहसम्म दुई हजार एकसय ३३ इकाइहरू रहेका छन् जसले सूचना सङ्कलन, कार्यसञ्चालन समन्वय र उद्धार, राहत तथा पुनःस्थापनामा महत्वपूर्ण भूमिका खेलिरहेका छन्। यद्यपि, नेपाल प्रहरीले भरखरै विपद् व्यवस्थापन विषेश कार्यदलको स्थापना गरेको छ जहाँ विपद् व्यवस्थापन तालीमका लागि पर्याप्त सुविधाहरू उपलब्ध छैनन्। अधिकांश तालीमहरू राष्ट्रिय प्रहरी प्रतिष्ठानमा हुने गर्दछन्, जहाँ CSSR र MFR उपकरणहरू तालीम प्रयोजनको लागि मात्र जडान गरिएका छन्। हाल स्थापित विपद् व्यवस्थापन कार्यदल सहित अन्य सातवटा साधारणस्तरको खोज तथा उद्धार टोलीहरू नेपाल प्रहरीको संरचना भित्र गठन हुनेछन्।

### १२.४. सशस्त्र प्रहरी बल

सशस्त्र प्रहरी बल ऐन, २०५८ अनुसार अर्द्धसैनिक बलको रुपमा सशस्त्र प्रहरी बलको स्थापना गरिएको छ। यसका भूमिकाहरू मध्ये अर्को महत्वपूर्ण एवम् प्रमुख कार्य विपद् तथा महामारी पीडितको खोज, उद्धार र राहत व्यवस्थापनमा सहयोग पुयाउनु पनि रहेको छ।

विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी वनाउने उद्देश्यले सन् २०११ मा सशस्त्र प्रहरी बलको वेशक्याम्प कुरिनटारमा विपद् व्यवस्थापन तालीम केन्द्रको स्थापना गरिएको छ। विपद् व्यवस्थापन तालीम केन्द्र स्थापनाको उद्देश्य खोज तथा उद्धारको लागि आवश्यक व्यवसायिक जनशक्ति उत्पादन गर्नु तथा शसस्त्र प्रहरी बलको क्षमता बढाउनु रहेको छ। यद्यपि, सशस्त्र प्रहरी बलसँग विपद् व्यवस्थापन कार्यसञ्चालनको लागि आवश्यक पर्ने पर्याप्त बन्दोवस्तीका सामग्री र सहयोग प्रणालीको व्यवस्था भएको छैन। आगामी दिनमा आपत्कालीन प्रतिकार्यको कार्यलाई थप प्रभावकारी र व्यवस्थित गर्न सशस्त्र प्रहरी बलमा विपद् व्यवस्थापन तालीम केन्द्रबाट प्रशिक्षित जनशक्तिहरूलाई एकीकृत ढंगबाट पदस्थापन गरी एक निर्दिष्ट राष्ट्रिय मध्यमस्तरीय खोज तथा उद्धार टोलीको गठन गरिनेछ।

### १२.५. बारुण यन्त्र

हाल काठमाडौं उपत्यकामा पाँचवटा अग्नी नियन्त्रण टोली रहेका छन् । आगलागी को खवर प्राप्त हुनासाथ काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपाका र भक्तपुर नगरपालिकामा रहेका वारुणयन्त्रहरूले सार्वजनिक सुरक्षाको लागि तत्काल घटनास्थलमा पुगी प्रथम प्रतिकार्य कर्ताको रूपमा आगो नियन्त्रण गर्ने काम गर्दछन् । यसका अतिरिक्त प्रत्येक नगरपालिका लगायत सबै जिल्ला सदरमुकाममा कम्तिमा एक एक वटा बारुण यन्त्र अनिवार्य रुपमा राख्नु पर्ने व्यवस्था छ । नेपाली सेना र सशस्त्र प्रहरी बलमा पनि आफ्नै अग्नि नियन्त्रक दल रहेको छन् । यी अग्नी नियन्त्रकहरूको परिचालन खास गरी आन्तरिक अग्नि नियन्त्रण गर्ने प्रयोजनको लागि उपयोग हुने गर्दछ । आगलागीको घटना नागरिक अग्नि नियन्त्रकको क्षमताभन्दा बाहिर गई नियन्त्रण हुन नसकेको अवस्थामा नेपाली सेना तथा नेपाल प्रहरीमा रहेका अग्नी नियन्त्रकहरूले आवश्यक सहयोग उपलब्ध गराउनेछन् । खोज तथा उद्धार टोलीहरू गठन भए पश्चात उक्त टोलीका सदस्यहरूवटै वारुणयन्त्रहरू संचनलन हुने प्रबन्ध मिलाईनेछ ।

### १२.६. नेपाल रेडक्रस सोसाइटी

वर्तमान समयमा सार्वजनिक संस्था तथा सर्वसाधारणको लागि विपद् व्यवस्थापनसम्बन्धी सरकारीस्तरबाट स्वीकृत विशेष तालीम सञ्चालन निर्देशिका र कार्यक्रमको अभाव छ । यद्यपि, नेपाल रेडक्रस सोसाइटीले आफ्नै आन्तरिक स्रोतसाधन तथा यस क्षेत्रमा कार्यगर्ने सहयोगी निकाय र संस्थाहरूसँगको सहकार्यमा सञ्चालन गर्ने तालीम तथा जनचेतना अभिवृद्धि कार्यक्रमले मुलुकका विभिन्न क्षेत्रका मानिसलाई विपद् जोखिम न्यूनीकरण र विपद् प्रतिकार्यको तालीमको अवसर जुटाएको छ । नेपाल रेडक्रस सोसाइटीले आधारभूत खोज तथा उद्धारका लागि सीप, समुदायमा आधारित जोखिम न्यूनीकरणसम्बन्धी तालीम पाठ्यक्रम तथा सम्भावित जोखिम र भविष्यमा हुनसक्ने विपद्को सामना गर्ने ज्ञान र जनचेतना अभिवृद्धि गर्न देशका सवै गाविसहरूमा पुग्ने प्रयास गरीरहेको छ। समुदायको तल्लो तहसम्म पुग्ने यो संस्था सामुदायिक प्रतिकार्य र क्षमता अभिवृद्धिसम्बन्धी तालीमको लागि सहयोग गर्नसक्ने सर्वाधिक सुविधा सम्पन्न र सञ्जालयुक्त संस्था बन्ने अपेक्षा छ । नेपाल रेडक्रस सोसाइटीकले राष्ट्रिय सञ्चार प्रणालीसमेत स्थापित गरेकोछ । नेपाल रेडक्रस सोसाईटीले यसको माध्यमबाट स्थानीय इकाईसँग तुरुन्त सञ्चार सम्पर्क गरी तत्काल सूचना संकलन र सम्प्रेषण गर्ने क्षमता राख्दछ ।

### १२.७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था

नेपालमा कार्यरत धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले समेत स्थानीय तहमा खोज तथा उद्धार क्षमता अभिवृद्धिको लागि महत्वपूर्ण कार्य गर्दै आएका छन् । भविष्यमा नेपालमा खोज तथा उद्धार टोलीको विकास र प्रवर्द्धन गर्न यी सस्थाहरूको समन्वयमा र सहकार्यको महत्वपूर्ण भूमिका रहनेछ ।

## १३. नेपालमा रहने तीन तहको खोज तथा उद्धार समूहको संरचना देहायबमोजिम हुनेछ :

### १३.१ समुदाय तहको प्रतिकार्य (Community Level Resposne)

स्थानीय तहको खोज तथा उद्धार टोली समुदायमा आधारित हुनेछ जसलाई प्राथमिक प्रतिकार्यकर्ताको रूपमा लिइनेछ। यस समूहले घटना भएको क्षेत्रका समुदायमा तत्काल चाहिने न्यूनतम आवश्यकता पूरा गर्न सघाउनेछ। नेपाल प्रहरीका सामुदायिक प्रहरी सेवा केन्द्र अन्तर्गतका जनशक्तिहरू, नेपाल रेडक्रस सोसाइटी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट आधारभूत तहको MFR र CSSR तालीम प्राप्त जनशक्ति हुनेछन्।

समुदायमा आधारित संस्थाहरूले समुदाय तहको खोज तथा उद्धार टोलीको विकास र क्षमता अभिवृद्धिमा निरन्तर सघाउनुका सथै आपत्कालीन समयमा उत्कृष्ट सेवा दिन सक्ने तहमा उनीहरूको स्तरोन्नति नियमित रूपमा गर्नेछन्। विपद् परेको समयमा साधारण तथा मध्यम खोज तथा उद्धार टोली पुग्न नसकेको अवस्थामा र पुग्न लाग्ने समयमा समुदाय तहको खोज तथा उद्धार टोलीले तत्काल मानिसलाई मृत्यु हुनबाट बचाउने प्रारम्भिक कार्य गर्नेछ र स्थानीय परिवेश अनुसार आवश्यकता बमोजिम साधारण र मध्यम तहको खोज तथा उद्धार टोलीलाई खोज तथा उद्धारका लागि सहयोग गर्नेछ।

### १३.२ सामान्य खोज तथा उद्धार समूह (Light SAR teams)

सामान्य खोज तथा उद्धार टोली क्षेत्रीय, अञ्चल, जिल्ला सदरमुकाम र नगरपालिकाहरूमा नेपाल प्रहरीको परिसरमा रहनेछन्। प्रारम्भिक चरणमा पाँच विकास क्षेत्रमा रहेका नेपाल प्रहरीका क्षेत्रीय कार्यालयमा एक-एक वटा र एउटा काठमाडौं उपत्यकास्थित नगर प्रहरी कार्यालयमा सामान्य खोज तथा उद्धार टोलीको स्थापना गरिनेछ। उनीहरूले आफ्नो कार्यक्षेत्रलाई आधार बनाएर काम गर्नेछन्। त्यसैगरी काठमाडौं महानगरपालिकास्थित बारुण यन्त्र कार्यालयमा एक सामान्य खोज तथा उद्धार टोलीको स्थापना गरिनेछ र अन्य नगरपालिकास्थित वारुण यन्त्र कार्यालयहरूलाई उपकरण सहित क्षमतावान बनाइनेछ।

सामान्य खोज तथा उद्धार टोलीले सुरक्षा निकायको आफ्नै संयन्त्र भित्र रहेर काम गर्नेछन् र खोज तथा उद्धार टोलीका सदस्य २४ सैं घण्टा तयारी अवस्थामा रहनेछन् भन्ने कुराको प्रत्याभूति गरिनेछ। खोज तथा उद्धार टोलीका सदस्यहरू खोज तथा उद्धारका कार्यमा हतियार विना परिचालित हुनेछन्। सम्बन्धित सुरक्षा निकायमा रहने सामान्य खोज तथा उद्धार टोलीलाई मुलुकमा रहेको एकीकृत खोज तथा उद्धार क्षमता अनुरुप प्रशिक्षण प्रदान गरिनेछ र प्रशिक्षण प्राप्त सदस्यको अन्यत्र पदस्थापन हुने अवस्थामा त्यस पदमा पूर्ण रूपमा प्रशिक्षित सदस्य मात्र पदस्थापन गरिनेछ। ठूलो विपद् भएको अवस्थामा सहरी खोज तथा उद्धार क्षमता आदान-प्रदान गर्नका लागि सम्भावित मुलुकहरूसँग पहिले नै द्विपक्षीय सम्भौत गरिनेछ। यसका साथै सरकारले देश भित्रका सबै खोज तथा उद्धार टोलीको क्षमता विकासका लागि आवश्यक पर्ने प्रशिक्षण ढाँचा, सामग्री र क्रमबद्धताको निर्धारण गरी अर्धदक्ष र दक्ष सीप विकासको प्रक्रियालाई चरणबद्ध रूपमा अघि बढाउने छ।

## १३.३ राष्ट्रिय तहको मध्यमस्तरीय खोज तथा उद्धार समूह (National Medium SAR teams)

प्रारम्भिक चरणमा नेपाली सेनामा र सशस्त्र प्रहरी बल भित्र एक-एक वटा राष्ट्रिय तहको मध्यमस्तरीय खोज तथा उद्धार टोली स्थापना गरिनेछ। नेपाली सेना अन्तर्गत स्थापना हुने खोज तथा उद्धार टोली त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको ब्यारेक वा काठमाडौं उपत्यका भित्र नेपाली सेना रहेको उपयुक्त स्थानमा रहनेछ। सशस्त्र प्रहरी बल भित्र रहने मध्यमस्तरको खोज तथा उद्धार समूहको स्थापना सशस्त्र प्रहरी बल, ललितपुरको खुमलटार वा अन्य उपयुक्त स्थानको विपद् व्यवस्थापन इकाईमा स्थापना हुनेछ।

मध्यमस्तरको खोज तथा उद्धार टोली ठूलो विपद् परेको समयमा सक्रिय हुनेछ। यद्यपि, विपद्को अवस्था नरहेको समयमा यसका सदस्यले मुलुकलाई आवश्यक पर्ने जनशक्ति उत्पादनका लागि वा खोज तथा उद्धार टोली भित्र आवश्यक पर्ने वा प्रतिस्थापन हुने पदका लागि चाहिने जनशक्ति तयार गर्न प्रशिक्षण केन्द्रमा प्रशिक्षकको रूपमा रही कार्य गर्नेछन्। यसबाट खोज तथा उद्धारका लागि थप जनशक्तिको विकास हुन गई अन्य क्षेत्रमा स्थापना हुने खोज तथा उद्धार टोलीको आवश्यकता पूरा गर्न सहयोग मिल्नेछ। यस प्रकारको राष्ट्रिय क्षमताले विपद् जोखिमको लेखाजोखाका आधारमा खोज तथा उद्धार कार्यका लागि योजना तर्जुमा गर्न विशिष्ट क्षमताको विकास हुनेछ।

नेपालमा ठूलो विपद् परेको अवस्थामा नेपाली सेना भित्र रहेको मध्यम क्षमताको खोज तथा उद्धार टोलीले नेपाली सेनाको नेतृत्वमा अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समूहको सम्पर्क केन्द्रको रूपमा रहेर सहरी खोज तथा उद्धार समूहसँग समन्वय गरी काम गर्नेछ।

## १४. वित्तीय व्यवस्था

यस रणनीतिक कार्ययोजनाले तय गरेबमोजिम खोज तथा उद्धार क्षमता स्थापना र परिचालन गर्न सरकारको राष्ट्रिय बजेटबाट प्राप्त हुने रकमका साथै दातृ निकायबाट प्राप्त हुने सहयोग नै प्रमुख वित्तीय स्रोत हुनेछ। उल्लेखित स्रोतबाट प्राप्त हुने वित्तीय व्यवस्थाले रणनीतिक कार्ययोजना बमोजिम नै खोज तथा उद्धार समूहको स्थापना र संचालन हुनेछ। खोज तथा उद्धार टोली स्थापना हुने निकायहरू नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा खोज तथा उद्धार टोलीको परिचालनका लागि नेपाल सरकारवाट आवश्यक बजेट विनियोजन हुनेछ।

दातृ निकायहरू तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरूबाट प्राप्त हुने आर्थिक र प्राविधिक सहयोग समेत उपयोग गरी खोज तथा उद्धार टोलीको स्थापना, संचालन र क्षमता विकास सम्बन्धी कार्यहरू गरिनेछ। सुरक्षा निकायहरूका कार्यालयमा रहेका बन्दोवस्तीका केही सामग्री, उपकरण तथा मेसिनरी वस्तुहरू खोज तथा उद्धार टोलीको कार्यालय स्थापना गर्दा आवश्यकता अनुसार स्थानान्तरण गरिनेछ। खोज तथा उद्धार टोलीको परिचालनको लागि थप हुने अन्य आर्थिक व्ययभार नेपाल सरकारले वहन गर्नेछ। दातृ निकायबाट प्राप्त हुने सहयोग तालीम, प्रशिक्षण र मेसिन एवम् उपकरणहरू खरीद गर्ने कार्यमा मात्र उपयोग हुनेछ। वित्तीय प्रवन्ध र खर्चको मापदण्ड प्रचलित कानूनी व्यवस्था र विपद् व्यवस्थापन सम्बन्धमा तोकिएको मापदण्ड बमोजिम हुनेछ।

## १५. अनुगमन तथा मूल्याङ्कन

दैवी प्रकोप उद्धार ऐन, २०३९ ले निर्दिष्ट गरेबमोजिम नियमित र प्रभावकारी रूपमा काम भइरहेको सुनिश्चित गर्न समन्वय, सहजीकरण, अनुगमन तथा मुल्याङ्कन लगायतका सम्पूर्ण कार्य गर्ने जिम्मेवारी गृह मन्त्रालयसँग रहेको छ। गृह मन्त्रालय विपद् व्यवस्थापन महाशाखा अन्तर्गत राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रले अनुगमन तथा मूल्याङ्कनका लागि सचिवालयको रुपमा कार्य गर्नेछ।

नेपालमा खोज तथा उद्धार क्षमताको विकासका लागि राष्ट्रिय रणनीतिक कार्ययोजनाको प्रभावकारिताको लागि केन्द्रीय तहमा देहाय वमोजिमको केन्द्रीय अनुगमन समिति रहनेछ। अनुगमन तथा मूल्याङ्कन समितिले खोज तथा उद्धार टोलीको गठन, संचालन, विकास एवम् सुदृढीकरणसम्बन्धी कार्यहरूको अनुगमन र मूल्याङ्कन गरी केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा प्रतिवेदन गर्नेछ।

| | |
|---|---|
| सचिव, गृह मन्त्रालय | संयोजक |
| उपरथी, नेपाली सेना | सदस्य |
| प्रहरी अतिरिक्त महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |



नेपाल सरकार

सहरी विकास मन्त्रालय

आपूर्ति, आश्रय तथा पुनःस्थापना उपसमिति (दैवी प्रकोप (उद्धार) ऐन २०३९ को दफा ५ ग अनुसार गठित )

# विपद् पीडित पुनर्वास सञ्चालन कार्यविधि, २०७१

**प्रस्तावना:** विपद्का कारण कुनै पनि व्यक्ति बसोबास गरिरहेको घर र जग्गा क्षतिग्रस्त भई बसोबासका लागि उपयुक्त नभएमा त्यस्ता व्यक्तिलाई अन्य स्थानमा पुनर्वास गराउने कार्यलाई व्यवस्थित रुपले सञ्चालन गर्न दैवि प्रकोप (उद्धार) ऐन २०३९ को दफा ५ ग को उपदफा (३) बमोजिम आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमितिको मिति २०७१।०१।१२ को निर्णयानुसार यो आन्तरिक कार्यविधि जारी गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "विपद् पीडित पुनर्वास सञ्चालन कार्यविधि, २०७१" रहेको छ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "ऐन" भन्नाले दैबी प्रकोप (उद्धार) ऐन, २०३९ सम्झनुपर्छ।

(ख) "विपद्" भन्नाले बाढी, पहिरो वा भूकम्पजस्ता प्राकृतिक प्रकोप सम्झनुपर्छ।

(ग) "विपद् पीडित" भन्नाले विपद्को कारण आफू बसोबास गरिरहेको घर र जग्गा पूर्णरुपमा क्षतिग्रस्त भई वा हुने अवस्था परी त्यस्तो स्थानबाट विस्थापित भएको वा हुने अवस्थामा रहेको व्यक्ति सम्झनुपर्छ।

(घ) "पुनर्वास" भन्नाले विपद् पीडितलाई अन्य सुरक्षित स्थानमा बसोबास गराउने कार्य सम्झनुपर्छ।

(ङ) "उपसमिति" भन्नाले ऐनको दफा ५ग. को उपदफा (३) बमोजिमको आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमिति सम्झनुपर्छ।

(च) "जिल्ला समिति" भन्नाले ऐनको दफा ७ बमोजिमको जिल्ला दैवी प्रकोप उद्धार समिति सम्झनुपर्छ।

(छ) "सिफारिस समिति" भन्नाले कार्यविधिको नियम ७ को उपनियम (१) बमोजिमको पुनर्वास सिफारिस समिति सम्झनुपर्छ।

(ज) "प्राविधिक समिति" भन्नाले नियम ४ को उपनियम (३) बमोजिमको प्राविधिक समिति सम्झनु पर्छ।

(झ) "पुनर्वास कार्यक्रम सञ्चालन समिति" भन्नाले नियम ९ को उपदफा (२) बमोजिमको समिति सम्झनुपर्छ।

(ञ) "निर्माण सहयोग समिति" भन्नाले नियम १४ को उपनियम (१) बमोजिमको समिति सम्झनुपर्छ।

(ट) "कार्यविधि" भन्नाले विपद् पीडित पुनर्वास कार्यविधि, २०७१ सम्झनुपर्छ।

३. **यस कार्यविधि बमोजिम पुनर्वास गराउनुपर्नेः** विपद् पीडितलाई नेपाल सरकारबाट पुनर्वास गराउँदा यस कार्यविधि बमोजिम गराइनेछ।

## परिच्छेद २

## पुनर्वास सम्बन्धी प्रारम्भिक कारबाही

४. **पुनर्वास माग गर्नेः**

(१) विपद् पीडितले अन्यत्र पुनर्वास गर्नुपर्ने भएमा आफ्नो वा आफ्नो परिवारका नाउँमा अन्यत्र त्यस्तो घर र जग्गा नभएको कारणसहित सम्बन्धित स्थानीय निकायको सिफारिश र स्थानीय प्रहरी कार्यालयको मुचुल्कासहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन उपर सम्बन्धित प्रमुख जिल्ला अधिकारीले आवश्यक छानविन गरी निवेदन मनासिव छ भन्ने लागेमा निर्णयका लागि जिल्ला समितिको बैठक बोलाउने छ।

(३) उपनियम (२) बमोजिम बोलाइएको जिल्ला समितिको बैठकले निवेदन माग उपयुक्त छ भन्नेलागेमा देहायका सदस्य रहेको एक प्राविधिक समिति गठन गरी स्थलगत अध्ययन गराई सो को प्रतिवेदन लिन सक्नेछः-

| | | |
|---|---|---|
| (क) | प्राविधिक अधिकृत, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | - सदस्य |
| (ख) | प्राविधिक अधिकृत, खानेपानी तथा सरसफाई डिभिजन वा सव - डिभिजन कार्यालय | - सदस्य |
| (ग) | प्राविधिक अधिकृत, जिल्ला प्राविधिक कार्यालय | - सदस्य |
| (घ) | प्राविधिक अधिकृत, जिल्ला भू-संरक्षण कार्यालय | - सदस्य |
| (ङ) | प्राविधिक अधिकृत, जिल्ला नापी कार्यालय | - सदस्य |
| (च) | अधिकृत प्रतिनिधि, जिल्ला मालपोत कार्यालय | - सदस्य |
| (छ) | अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| (ज) | अधिकृत प्रतिनिधि, जिल्ला विकास समिति | - सदस्य |
| (झ) | सम्बन्धित स्थानीय निकायको सचिव वा कार्यकारी अधिकृत | - सदस्य |
| (ञ) | जिल्ला समितिले तोकेको अन्य आमन्त्रित व्यक्ति | - सदस्य |

(४) उपनियम (३) बमोजिमको प्राविधिक समितिमा जिल्ला समितिले तोकेको व्यक्तिले संयोजक र सदस्य-सचिव भई कार्य गर्नेछन्।

(५) उपनियम (४) बमोजिमको समितिको कार्य र बैठकसम्बन्धी व्यवस्था समितिले नै निर्धारण गरेबमोजिम हुनेछ।

५. **प्राबिधिक समितिको काम, कर्तव्य र अधिकारः** प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विपद् प्रभावित क्षेत्रको विस्तृत प्राविधिक अध्ययन गर्ने, क्षतिको विवरण तयार गर्ने

(ख) विपद् पीडित व्यक्तिहरूको सूचि तयार गर्ने

(ग) विपद् प्रभावित क्षेत्र बसोबासयोग्य भए नभएको यकिन गर्ने,

(घ) पुनर्वासका लागि सम्बन्धित जिल्ला वा छिमेकी जिल्लामा ऐलानी वा सरकारी पर्ती जग्गा भए नभएको यकिन गर्ने,

(ङ) कुनै सरकारी संघ संस्थाको स्वामित्वमा पुनर्वास योग्य जग्गा भए नभएको यकिन गर्ने,

(च) पुनर्वासका लागि विपद् भएको जिल्लालाई प्राथमिकता दिई उपयुक्त लागेको जग्गाको स्वामित्व, क्षेत्रफल, त्यसको प्रकृतिसमेत यकिन गरी सो सम्बन्धी विवरण र नक्सा तयार गर्ने,

(छ) विपद् पीडितलाई पुनर्वासका लागि सम्बन्धित जिल्लाभित्र उपयुक्त जग्गा फेला नपरेमा सोव्यहोरा उल्लेख गरी छिमेकी जिल्लाभित्र उपयुक्त जग्गा उपलब्ध हुने स्थिति देखिएमा सो कुराको सिफारिस गर्ने,

(ज) उपयुक्त देखेका अन्य कार्य।

६. **प्रविवेदन उपर कारबाही अघि बढाउनेः**

(१) प्राविधिक समितिबाट प्राप्त प्रतिवेदन र सो प्रतिवेदनका आधारमाविपद् पीडितलाई पुनर्वास गराउनु पर्ने देखिएमा जिल्ला समितिले आफ्नो रायसहित आवश्यक कारबाहीका लागि सो प्रतिवेदन सहरी विकास मन्त्रालयमा पठाउनु पर्नेछ र सो को जानकारी गृह मन्त्रालयमा पठाउनुपर्नेछ।

## परिच्छेद ३

## पुनर्वास सञ्चालन तथा अनुगमन

७. **पुनर्वास सिफारिश समितिको गठनः**

(१) पुनर्वासका लागि प्राप्त प्रतिवेदन, राय तथा सुझाव समेत उपरविचार गरी पुनर्वास गराउन उपयुक्त हुने देखेमा सोको निर्णय र सुझावसाथ आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमिति समक्ष सिफारिश गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) सहसचिव (विपद् व्यवस्थापन हेर्ने), शहरी विकास मन्त्रालय - संयोजक

(ख) सहसचिव (विपद् व्यवस्थापन हेर्ने), गृह मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि (रा.प. प्रथम श्रेणी), बन तथा भू-संरक्षण मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि (रा.प. प्रथम श्रेणी), भूमिसुधार तथा व्यवस्था मन्त्रालय - सदस्य
(ङ) प्रतिनिधि (रा.प. प्रथम श्रेणी) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय - सदस्य
(च) प्रतिनिधि (रा.प. प्रथम श्रेणी), सिँचाई मन्त्रालय - सदस्य
(छ) प्रतिनिधि (रा.प. प्रथम श्रेणी), अर्थ मन्त्रालय - सदस्य
(ज) उप-महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग - सदस्य
(झ) उप-महानिर्देशक, खानेपानी तथा ढल निकास विभाग - सदस्य
(ञ) उप-महानिर्देशक, खानी तथा भूगर्भ विभाग - सदस्य
(ट) उप-महानिर्देशक, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग - सदस्य
(ठ) शाखा प्रमुख, विपद् व्यवस्थापन शाखा, शहरी विकास मन्त्रालय - सदस्य-सचिव

(२) सिफारिस समितिको बैठक आवश्यकतानुसार संयोजकले तोकेको मिति र सयममा बस्नेछ।

(३) बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिले आवश्यकतानुसार कुनै विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

८. **सिफारिश समितिको काम, कर्तव्य र अधिकार:** सिफारिश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राप्त राय, सुझाव र प्रतिवेदनउपर अध्ययन र छलफल गर्ने,

(ख) आवश्यकता अनुसार प्राविधिक र स्थलगत अध्ययन गर्ने वा गराउने,

(ग) पुनर्वासका लागि प्रस्तावित जग्गा प्राप्त हुन सक्ने नसक्ने विषयको निक्यौल गर्ने,

(घ) पुनर्वासका लागि सरकारी पर्ती, ऐलानी वा सार्वजनिक जग्गा उपलब्ध हुने नहुने कुराको यकिन गर्ने,

(ङ) पुनर्वास कार्य सञ्चालन गर्न आवश्यक भए नभएको निर्णय गर्ने,

(च) आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमितिले समय समयमा तोकेका अन्य कार्यगर्ने।

९. **पुनर्वास कार्यक्रम तर्जुमा गर्ने:**

(१) आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमितिबाट पुनर्वास कार्यक्रम सञ्चालन गर्नेगरी स्वीकृति प्राप्त भएमा त्यस्तो पुनर्वास कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपनियम (१) बमोजिम कार्यक्रम सञ्चालन तथा अनुगमन गर्ने गराउने प्रयोजनका लागि देहाय बमोजिम संयोजक र सदस्य रहेको एक पुनर्वास कार्यक्रम सञ्चालन समिति रहनेछः-

(क) सह-सचिव (विपद् व्यवस्थापन हेर्ने), शहरी विकास मन्त्रालय - संयोजक
(ख) उप-महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग - सदस्य

(ग) उप-महानिर्देशक, खानेपानी तथा ढल निकास विभाग - सदस्य

(घ) उप-सचिव (विपद् व्यवस्थापन शाखा), गृह मन्त्रालय - सदस्य

(ङ) अधिकृत प्रतिनीधी, राष्ट्रिय आवास कम्पनी - सदस्य

(च) सि.डि.ई. शहरी विकास तथा भवन निर्माण विभाग - सदस्य-सचिव

(३) पुनर्वास सञ्चालन समितिको बैठक आवश्यकतानुसार संयोजकले तोकेको मिति र सयममा बस्नेछ।

(४) बैठक सम्बन्धी अन्य व्यवस्था पुनर्वास सञ्चालन समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) पुनर्वास सञ्चालन समितिले आवश्यकतानुसार कुनै विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१०. **पुनर्वास सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः** पुनर्वास कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमितिबाट स्वीकृति प्रदान भए बमोजिम कार्यक्रम सञ्चालनगर्न विस्तृत योजना तर्जुमा गर्ने वा गर्न लगाउने।

(ख) पुनर्वास कार्यक्रम सञ्चालन गर्ने वा गराउने,

(ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने बजेट स्वीकृतिका लागि उपसमितिमा लेखीपठाउने,

(घ) कार्यक्रम कार्यान्वयन सम्बन्धमा कार्यान्वयन निकायलाई राय, सल्लाह तथा निर्देशन दिने,

(ङ) कार्यक्रम कार्यान्वयन गर्दा आइपर्ने समस्याको समाधान गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने,

(छ) पुनर्वास कार्यमा अन्य कुनै सरकारी वा गैरसरकारी संस्थासँग सहयोग र समन्वय गर्ने,

(ज) पुनर्वास सम्बन्धी आवासको नमूना र पूर्वाधार स्वीकृत गर्ने,

(झ) नेपाल सरकारले समय-समयमा दिएका निर्देशन बमोजिम गर्ने वा गराउने।

११. **कार्यान्वयन निकाय, जग्गाको हद तथा नमूनाः**

(१) पुनर्वास कार्यक्रम कार्यान्वयन गर्दा आवास तथा भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यका लागि पुनर्वास गराउने क्षेत्रसँग सम्बन्धित शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयले र खानेपानी तथा सरसफाई सम्बन्धी कार्यका लागि सम्बन्धित जिल्लास्तरका खानेपानी कार्यालयले कार्यान्वयन निकायका रुपमा रही कार्य गर्नेछन्।

(२) पुनर्वास गराउने जग्गाको हद, आवासको नमूना र डिजाइन तथा पूर्वाधार अनुसूची १ मा उल्लेखभएबमोजिम हुनेछ।

(३) पुनर्वास गराउँदा विपद् भएको क्षेत्रको नजीकको सुरक्षित स्थानलाई प्राथमिकता दिइने छ।

## १२. सहयोग र समन्वय गर्ने:

(१) जिल्ला समितिले आफ्नो क्षेत्राधिकारभित्र सञ्चालित पुनर्वास कार्यक्रमको अनुगमन, समन्वय र सहजीकरण गर्नुपर्नेछ।

(२) एकभन्दा बढी जिल्लासँग सम्बन्धित पुनर्वास कार्यक्रम सम्बन्धमा क्षेत्रीय दैवी प्रकोप उद्धारसमितिले आवश्यक सहयोग, समन्वय र अनुगमन गर्नुपर्नेछ।

## १३. आयोजना कार्यालय वा कार्यान्वयन इकाई स्थापना गर्न सकिने:

(१) बृहत् रुपको पुनर्वास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा शहरी विकास तथा भवन निर्माण विभागमा छुट्टै आयोजना कार्यालय स्थापना गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) जिल्ला स्तरमा कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय वा सम्बन्धित खानेपानी तथा सरसफाई डिभिजन वा सब-डिभिजन कार्यालयमा कार्यान्वयन इकाई गठन गरिनेछ।

## १४. निर्माण सहयोग समितिको गठन:

(१) स्थानीय स्तरमा पुनर्वासका लागि निर्माणसम्बन्धी कार्य गर्नुपर्नेभएमा सोका लागि देहाय बमोजिमको एक निर्माण सहयोग समिति गठन गरिनेछः-

| | | | |
|---|---|---|---|
| (क) | विपद् पीडितमध्येबाट प्रतिनीधी एकजना | - | संयोजक |
| (ख) | विपद् पीडितमध्येबाट प्रतिनीधी अन्य पाँचजना व्यक्ति | - | सदस्य |
| (ग) | सम्बन्धित स्थानीय निकायको प्रतिनिधि | - | सदस्य |
| (घ) | कार्यक्रम कार्यान्वयन इकाईबाट खटाएको अधिकृतस्तरको प्राविधिक कर्मचारी | - | सदस्य-सचिव |

(२) उपनियम (१) बमोजिमको निर्माण सहयोग समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पुनर्वासका लागि आयोजना कार्यालय वा कार्यान्वयन एकाईसँग सम्झौता गर्ने,

(ख) आयोजना कार्यालय वा कार्यान्वयन इकाईको निर्देशन, राय सुझाव बमोजिम निर्माण कार्य गर्ने वा गराउने,

(ग) स्थानीय सीप, स्रोत र साधन जुटाई आवश्यक निर्माण सामग्री उपलब्ध गराउने तथा कामको गुणस्तर कायम गर्ने वा गराउने,

(घ) सम्भव भएसम्म विपद् पीडितलाई आवास निर्माण कार्यमा सहभागी गराई रोजगारी उपलब्ध गराउने,

(ङ) कार्यान्वयन निकायले दिएको निर्देशन पालना गर्ने वा गराउने।

## परिच्छेद ४

## पुनर्वास कार्यक्रम संचालनार्थ आर्थिक श्रोत

**१५. विपद् पीडित पुनर्वास बजेटः**

(१) नेपाल सरकारले विपद् पीडित पुनर्वास कार्य सञ्चालन गर्न सहरी विकास मन्त्रालयको वार्षिक कार्यक्रम अन्तर्गत छुट्टै बजेटको ब्यवस्था गर्नेछ।

(२) पुनर्वास कार्यक्रम संचालनार्थ देहायका रकमहरू प्रयोग गर्न सकिने छ :-

(क) नेपाल सरकारबाट प्राप्त वार्षिक बजेट,

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको जिन्सी वा नगद रकम,

(ग) दैवी प्रकोप केन्द्रीय सहायता कोष, दैवी प्रकोप क्षेत्रीय सहायता कोष तथा दैवी प्रकोप जिल्ला सहायता कोषबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम

(३) कुनै ब्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको जिन्सी वा नगद रकम जिल्ला समितिको निर्णयानुसार खर्च गरिने छ।

## परिच्छेद ५

## विविध

१६. **क्षतिग्रस्त जग्गाको स्वामित्व नेपाल सरकारमा रहनेः** विपद् पीडितलाई पुनर्वास गराउनु पूर्व निजहरूको स्वामित्वमा रहेको क्षतिग्रस्त घरजग्गाको स्वामित्व नेपाल सरकारमा रहने गरी विपद् पिडित परिवारसँग सम्झौता गर्नुपर्नेछ। विपद् पिडित परिवारलाई पुनर्वास गराउनु पूर्व निजहरूको स्वामित्वमा रहेको क्षतिग्रस्त जग्गाको साबिकको लगत कट्टा गर्नुपर्नेछ।

१७. **नेपाल सरकारको अधिकारः** विपद्का कारण कुनै व्यक्ति, परिवार वा बस्ती जोखिममा छ भन्ने लागेमा नेपाल सरकारले त्यस्ता व्यक्तिलाई विना निवेदन अन्यत्र पुनर्वास गराउन सक्नेछ। यसरी पुनर्वास गराउँदा यसै कार्यविधि बमोजिम हुनेछ।

१८. **प्रतिवेदन बुझाउनु पर्नेः** कार्यक्रम कार्यान्वयन निकायले पुनर्वाससम्बन्धी कामको प्रगतिसम्बन्धी विवरणउल्लेख गरी सो को प्रतिवेदन जिल्ला समिति, पुनर्वास कार्यक्रम सञ्चालन समिति तथा पुनर्वास सिफारिश समितिसमक्ष बुझाउनु पर्नेछ।

१९. **कार्यविधिमा हेरफेर तथा थपघट गर्ने अधिकारः** आपूर्ति, आश्रय तथा पुनर्स्थापन उप समितिले कार्यविधिमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ।

२०. **बाधा अड्काउ फुकाउनेः** यो कार्यविधी पालना गर्ने गराउने सम्बन्धमा कुनै द्विविधा वा कुनै कठिनाइ वा बाधा अड्काउ परेमा आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमितिले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२१. **प्रचलित कानूनको व्यवस्था मान्य हुनेः** यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित नेपाल कानूनमा लेखिएको कुरा नै मान्य हुनेछ।

२२. **समन्वय गर्नेः** यस कार्यविधीमा उल्लेखित विभिन्न समितिहरू प्राविधिक समिति, पुनर्वास सिफारिस समिति, पुनर्वास कार्यक्रम तर्जुमा समिति तथा निर्माण सहयोग समितिले आवश्यकता अनुसार केन्द्रिय, क्षेत्रिय तथा जिल्ला दैवी प्रकोप उद्दार समितिसँग समन्वय गर्नुपर्नेछ।

# अनुसूची १

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित )

## जग्गाको हद, आवासको नमूना र डिजाइन तथा पूर्वाधार

**क. जग्गाको हदः**

(१) हिमाली र पहाडी जिल्लामा पुनर्वास गराउँदा जग्गाको प्रकृति र उपलब्धताका आधारमा प्रतिपरिवार न्यूनतम आठ आनादेखि अधिकतम बाह्र आनासम्म,

(२) तराई र भित्री मधेशको हकमा प्रतिपरिवार न्यूनतम एक कट्ठादेखि अधिकतम डेढ कठ्ठासम्म।

(३) जग्गाको स्वामित्व निर्णय भएको मितिले ५ वर्षपछि मात्र पिडित ब्यक्तिको नाममा नामसारी गर्न सकिने। नामसारी हुनु अघी उक्त जग्गा नेपाल सरकारको संरक्षणमा रहने छ।

**ख. आवासको नमूना तथा डिजाइनः**

(१) हिमाली भेगः

(अ) पर्खालः ढुंगा र माटोको जोडाइको गारो, काठको खम्बा,

(आ) छानाः काठको भाटा, काठको फ्ल्याक, माटोको सतहको भुइँको समतलछाना,जस्तापाताको भिरालो छाना।

(२) पहाडी भेगः

(अ) पर्खालः ढुंगा र माटो जोडाइएएको गारो, काठ वा बाँसको खम्बा,

(आ) छानाः काठ वा बाँसको भाटा, स्लेट वा जस्ता पाताको छाना।

(३) तराई भेगः

(अ) पर्खालः ईटा माटो जोडाइ, काठ वा बाँसको खम्बा, बाँसको टाटीको पार्टिसनवाल,

(आ) छानाः बाँस वा काठको भाटा, जस्ता पाताको भिरालो छाना।

(४) एक परिवारलाई बढीमा ५०० वर्गफुट क्षेत्रफलको आवास उपलब्ध गराइने।

**ग. पूर्वाधारः**

(१) पानीको व्यवस्थाः तराईमा आठदेखि दश घरपरिवारलाई एक, पहाडमा छदेखि सात घरपरिवारलाई एक इनार, ट्यूवेल वा धारा।

(२) शौचालयः पाँचवटा रिङ्गभएको पिट ल्याटिन (Pit Latrine), एक घरपरिवारलाई एकवटा।

(३) आवास क्षेत्रभित्र पर्याप्त हावा, घाम आउने र आवतजावत गर्न सुविधा हुने गरी बाटोको व्यवस्था,

(४) आवास क्षेत्रमा हरियाली, केटाकेटीले खेल्ने पार्क र पानी जाने ड्रेनको व्यवस्था,

(५) पुनर्वास स्थलसम्म जाने बाटोको सम्बन्धमा तराईमा मोटर जाने चौडाई भएको, पहाड र हिमाली भेगमा स्थान अनुसार उपयुक्त स्तरको।



# जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७५

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ मा बमोजिम भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा वसोवास गरेका घर परिवारलाई स्थानीय तहको सहयोग र सहकार्यमा नजिकको सुरक्षित स्थानको एकीकृत बस्तीमा स्थानान्तरण गर्ने साथै सेवा सुविधा पुऱ्याउन कठिन, विकासका निम्ति बाधक, अपायक र असुरक्षित स्थानमा रहेका छिटफुट वस्तीहरूलाई स्थानान्तरण गरी पुनर्वास गराउन आवश्यक सेवा सुविधाहरू पुऱ्याउन तथा सर्वसाधारण जनताको स्वास्थ्य सुविधा एवं आर्थिक हित कायम राख्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न एकीकृत रुपमा जग्गा तथा वस्ती व्यवस्थापन गर्न आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम अनुसार कार्यान्वयन गर्न छुट्टै कार्यविधि लागू गर्न वान्छनीय भएकोले नेपाल सरकारले देहायको कार्यविधि तयार गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७५ रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शहरी विकास मन्त्रालय सम्झनु पर्छ।

(ख) "विभाग" भन्नाले नेपाल सरकारको शहरी विकास तथा भवन निर्माण विभाग सम्झनु पर्छ।

(ग) "आवास व्यवस्थापन समन्वय इकाई" भन्नाले दफा १३ बमोजिमको कार्यक्रम समन्वय इकाई सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले महानगरपालिकाहरू, उप-महानगरपालिकाहरू, नगरपालिकाहरू र गाउँपालिकाहरू सम्झनु पर्छ।

(ङ) "संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजना" भन्नाले शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत संघीय आयोजनाहरू कार्यान्वयन गर्न स्थापना भएका इकाई / आयोजना कार्यालयहरू सम्झनु पर्छ।

(च) "केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समिति" भन्नाले दफा नं. १५(१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(छ) "भौगोलिक रुपमा विकट वस्ती" भन्नाले मानवीय बसोवास प्रयोजनको लागि व्यवस्थित पूर्वाधार विना नै निर्मित भौगोलिक रुपमा विकट र असुरक्षित स्थान र छुट्टा छुट्टै रहेका तथा न्यूनतम आवश्यक पूर्वाधारहरू विकास गर्न कठिन हुने क्षेत्रका वस्तीलाई सम्झनु पर्दछ।

(ज) "जोखिमयुक्त वस्ती" भन्नाले दफा ३ बमोजिम पहिचान गरिएका वस्ती सम्झनु पर्छ।

(झ) "लाभग्राही" भन्नाले दफा १८ बमोजिम पहिचान गरिएका घरपरिवारलाई सम्झनु पर्छ।

(ञ) "एकीकृत वस्ती" भन्नाले कुनै बस्ती विशेषमा उपलब्ध हुन सक्ने भौतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक पूर्वाधारहरू आदि समेतलाई समेटी व्यवस्थित रुपमा बनाइएको योजनाबद्ध वस्ती सम्झनु पर्दछ।

(ट) "पूर्वाधार" भन्नाले कुनै वस्ती विशेषमा उपलब्ध हुन सक्ने बाटो, खानेपानी, ढल, विद्युत जस्ता भौतिक पूर्वाधार, हेल्थपोष्ट, अस्पताल, विद्यालय, सेवा केन्द्र, सुरक्षा जस्ता सामाजिक पूर्वाधार, बैंक तथा वित्तीय संस्था, उद्योग, कलकारखाना जस्ता समृद्धि र समुन्नतिसंग सम्वन्धित आर्थिक पूर्वाधार तथा स्थानीय मूर्त तथा अमूर्त सम्पदासंग सम्वन्धित सांस्कृतिक पूर्वाधारहरू सम्झनु पर्दछ।

(ठ) "योजना" भन्नाले भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा वसोवास गरेका घर परिवार तथा व्यक्तिलाई व्यवस्थित रुपमा बसोबास गराउने प्रयोजनको लागि एकीकृत वस्ती विकास गर्न शहरी विकास तथा भवन निर्माण विभाग वा प्रदेश सरकार वा स्थानीय तहबाट संचालन हुने योजना सम्झनु पर्दछ।

## परिच्छेद २
## जोखिमयुक्त वस्तीको पहिचान, वस्ती विकासका आधारहरु

३. **जोखिमयुक्त वस्तीको पहिचान :**

(१) जिल्ला विपद् व्यवस्थापन समितिले सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा स्थानीय तहवाट प्राप्त आफ्नो क्षेत्रमा रहेको भौगोलिक रुपमा विकट, सेवा सुविधा पुयाउन र प्राप्त गर्न कठिन, विकासका निम्ति वाधक, अपायक तथा विपद्को उच्च जोखिम स्थानमा रहेको कारण स्थानान्तरण गर्नु पर्ने वस्तीहरू र विपद्का कारण क्षति पुगेको वस्ती तथा पीडित घरपरिवारहरूको पहिचान गरी समितिबाट निर्णय गराई सम्भावित स्थानान्तरण गर्न सकिने नजिकको स्थानको पहिचान गरी सूची सहित प्राथमिकता निर्धारण गरी सम्बन्धित संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजना वा विभागमा पठाउनु पर्नेछ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिबाट भएको निर्णयानुसार संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाले प्रारम्भिक अध्ययन गरी / गराई स्थानान्तरण गर्नु पर्ने बस्तीहरू र स्थानान्तरण गरिने स्थान समेतको पहिचान गरी विभागमा पठाउनेछ।

(३) विभागले संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाबाट प्राप्त विवरण र त्यस सम्बन्धमा भएका अध्ययन तथा पूर्व अध्ययन प्रतिवेदन समेतको आधारमा विवरण तयार गरी केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिमा छनौटको लागि पेश गर्नेछ।

(४) विभागबाट प्राप्त विवरण तथा अध्ययन प्रतिवेदनको आधारमा केन्द्रीय एकीकृत बस्ती विकास समन्वय समितिले प्राथमिकता निर्धारण गरी एकीकृत वस्ती विकासको योजना सहित स्थानान्तरण गरिने वस्तीहरूको कार्यान्वयनका लागि छनौट गर्नेछ।

## ४. वस्ती स्थानान्तरणः

(१) भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा वसोवास गरेका घर परिवारको लागि देहायको विकल्प अनुरुप वस्ती विकास गर्ने व्यवस्था मिलाईने छ :

(क) पूर्ण वस्ती स्थानान्तरण भौगोलिक वा अन्य कारणले साविक स्थानमा बस्ती बस्न सुरक्षित नहुने भएमा स्वीकृत विस्तृत प्रतिवेदनको आधारमा वस्तीलाई न्यूनतम पूर्वाधार सेवा सुविधा समेत उपलब्ध हुने गरी एकीकृत रुपमा एक वा विभिन्न स्थानमा स्थानान्तरण गरिने छ।

जोखिमयुक्त भनी पहिचान गरिएको बस्तीको जग्गामा कुनै पनि परिवारलाई आवासीय प्रयोग गर्न दिइने छैन।

(ख) आंशिक बस्ती स्थानान्तरण स्वीकृत विस्तृत प्रतिवेदनको आधारमा बसोबास गराउनु पर्ने परिवार संख्या र योजना स्थलको सम्भाव्यता हेरी उपयुक्त भएमा केही परिवारलाई साविककै स्थानमा बसोवास गराई स्थानान्तरण गर्ने पर्ने परिवारलाई मात्र अन्यत्र सार्ने गरी आंशिक रुपमा पनि वस्ती स्थानान्तरण गर्न सकिनेछ।

(ग) छिटफुट वा छरपस्ट रुपमा रहेका आवास / बस्ती स्थानान्तरण स्वीकृत विस्तृत प्रतिवेदनको आधारमा सेवा सुविधा पुन्याउन र प्राप्त गर्न कठिन, विकासका निम्ति बाधक, अपायक र असुरक्षित स्थानमा रहेका आवास तथा बस्तीलाई नजिकको एकीकृत वस्ती विकास भएको स्थानमा वा सुरक्षित र विकासको सम्भावना भएको स्थानमा स्थानान्तरण गर्न सकिनेछ।

## ५. एकीकृत वस्ती विकासः

(१) एकीकृत वस्ती विकास गरी भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका घर परिवारहरूको निमित्त आधारभूत आवासको आवश्यकता पूरा गर्नको लागि आवास तथा घडेरीको व्यवस्था गर्न र अन्य शहरी क्रियाकलापको लागि विभागले शहरी विकासको अवधारण अनुरुप देहायबमोजिम एकीकृत वस्ती विकास सञ्चालन गर्नेछ :

(क) **जग्गा प्राप्ति** : जग्गा प्राप्ति सम्बन्धी ऐन, २०३४ वा अन्य प्रचलित कानून वा जग्गा एकीकरण कार्यक्रम बमोजिम जग्गा प्राप्ति गरिनेछ।

(ख) **जग्गा विकास** : दफा ५(१) क बमोजिम प्राप्त जग्गामा शहरी विकास तथा भवन निर्माण विभागले शहरी विकास सम्बन्धी मापदण्ड अनुसार पूर्वाधारयुक्त सूचकहरू (घडेरी, खुला क्षेत्र, सडक संजाल, विद्युत, प्राथमिक विद्यालय, स्वास्थ्य चौकी र प्रहरी चौकी, बैंक तथा वित्तीय संस्था, पसल, साना उद्योग आदि) सहित जग्गा विकासको योजना तयार गर्ने / गराउनेछ।

(ग) **पूर्वाधार विकास** : एकीकृत वस्ती विकासको क्रममा आवश्यक पूर्वाधारहरू निर्माणको लागि नेपाल सरकार शहरी विकास मन्त्रालयले आवश्यक बजेट व्यवस्था गरी शहरी विकास तथा भवन निर्माण विभाग र अन्तर्गतका संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाबाट सम्बन्धित निकाय तथा स्थानीय तहसंग आवश्यक समन्वय गरी निर्माण गरिनेछ।

(घ) **न्युनतम लाभग्राही परिवार संख्याः** यस कार्यविधि बमोजिम एकीकृत बस्ती विकास योजना संचालन गर्न कम्तिमा पच्चिस घर परिवारको सहभागिता हुनु पर्नेछ।

(ङ) **आय आर्जन** : एकीकृत वस्ती विकास गरी स्थानान्तरण गर्दा प्रस्तावित योजनास्थलमा स्थानान्तरण हुने परिवारहरूको लागि प्रदेश सरकार तथा स्थानीय तह, सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग समन्वय गरी आयआर्जन सहित जीविकोपार्जनको लागि परम्परागत सीप वा जिवन निर्वाहको कार्यक्रम संचालन गरिनेछ। यसरी उपलब्ध गराईएको कार्यक्रमहरूमा एकल महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग एवं विपन्न व्यक्तिलाई प्राथमिकता दिइनेछ।

## परिच्छेद ३

## योजना तर्जुमा, प्रस्ताव स्वीकृति र कार्यान्वयन सम्बन्धी

६. **योजना तर्जुमा** :

(१) केन्द्रीय एकीकृत बस्ती विकास समन्वय समितिबाट वस्ती स्थानान्तरण गर्न छनौट भएका एकीकृत वस्ती विकासको लागि भू-उपयोग क्षेत्र निर्धारण गर्ने, त्यस्तो क्षेत्रमा गर्न पाइने भौतिक विकासको मापदण्ड तोक्ने तथा त्यस्तो क्षेत्रको जनघनत्वको आधारमा सडक, यातायात, बिजुली, ढल निकास, सरसफाइ, खुल्ला क्षेत्र लगायतका सेवा तथा सुविधा उपलब्ध गराउने गरी योजना तर्जुमा गरिनेछ।

(२) भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा वसोवास गरिरहेका घर परिवारलाई स्थानान्तरण गराउने क्रममा प्रारम्भिक र विस्तृत गरी दुई चरणमा योजना स्वीकृत गरिनेछ।

(३) शहरी विकास तथा भवन निर्माण विभाग र अन्तर्गतको संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाले देहाय वमोजिम प्रारम्भिक योजना तर्जुमा गर्नेछः

(क) वस्तीको अध्ययन : स्थानान्तरण गरिने सम्भावित वस्तीको अवस्थिति, भौगोलिक संरचना, जग्गाको कित्ता, नक्शा, जग्गाधनिको विवरण, विद्यमान आर्थिक र समाजिक स्थिति, उपलब्ध पूर्वाधार तथा सेवा सुविधाहरू उपलब्ध स्रोतसाधन आदिको विषयमा स्थलगत अध्ययन गरी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने।

(ख) तथ्याङ्क विश्लेषणः संङ्कलन गरिएको तथ्याङ्क विश्लेषण तथा अध्ययन गरी वस्ती विकासको लागि उपयुक्त विकल्प छनौट गर्ने।

(४) वस्ती विकासको प्रारम्भिक योजना केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिले निर्णय गरे पश्चात शहरी विकास मन्त्रालय मार्फत शहरी विकास तथा भवन निर्माण विभाग र अन्तर्गतको संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाले निम्न विषयहरूलाई समेत समेटी विस्तृत योजना तर्जुमा गर्नेछः

(क) वस्ती स्थानान्तरण योजना तयार गर्दा हालको वस्तीको आकार, उपलब्ध पूर्वाधार तथा सेवाको अवस्था, योजना कार्यान्वयनको क्रममा थप आवश्यक पर्ने पूर्वाधार, सुरक्षित निर्माणको आधार योजना लागत जस्ता प्रासाहिक विवरणहरू समेत समावेश गर्नु पर्नेछ,

(ख) साविक बासिन्दाहरू भएको बस्तीमा स्थानान्तरण गरिने भएमा थप हुने परिवारलाई प्रस्तावित योजनास्थलले धान्न सक्ने क्षमता, रोजगारको लागि आवश्यक थप अन्य व्यवस्था, योजना स्थलको साविक बासिन्दाहरूबाट योजनामा हुन सक्ने सहभागिता वा सम्भावित अवरोध आदि विषयमा समेत विश्लेषण गरिएको हुनु पर्नेछ,

(ग) वस्तीलाई आंशिक रुपमा मात्र स्थानान्तरण गर्ने भएमा साविक वस्तीमा हुने वस्ती विकासको तथा नयाँ प्रस्तावित स्थानमा गरिने वस्ती विकास समेतको बेग्लाबेग्लै योजना तयार गर्नु पर्नेछ,

(घ) प्रदेश सरकार तथा स्थानीय तहको प्रचलित मापदण्ड विपरीत नहुने गरी प्रस्तावित वस्तीमा लागू गरिने निर्माण सम्बन्धी मापदण्ड समेत प्रस्ताव गरिएको हुनु पर्नेछ। अनुसूची १ मा त्यस्तो मापदण्डको न्यूनतम आवश्यकता प्रस्तुत गरिएको छ।

## ७. योजना प्रस्ताव :

(१) बुदाँ ६ (३) बमोजिम एकीकृत वस्ती विकासको प्रारम्भिक योजना तर्जुमा गरी केन्द्रीय एकीकृत बस्ती विकास समन्वय समितिमा स्वीकृतिको लागि निम्न कागजात सहित पेश गर्नु पर्नेछ।

(क) प्रारम्भिक योजना स्वीकृतिको लागि निवेदन,

(ख) एकीकृत बस्ती विकास गरिने योजनास्थलमा रहेको जग्गाहरूको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि, नापी नक्शा र कित्ताहरूको सूची,

(ग) एकीकृत वस्ती विकास योजनामा सहभागी हुन चाहने अन्य साविक बासिन्दाहरू भएमा तत् सम्बन्धी विवरण र त्यस्ता व्यक्तिहरूको मञ्जुरीनामा सहित नागरिकताको प्रतिलिपि,

(घ) वस्ती विकास सम्बन्धी अवधारणा नक्शा सहितको भौतिक विकास योजना,

(ङ) प्रारम्भिक योजनाको लागत, लागत व्यहोर्ने स्रोत र कार्यान्वयन संयन्त्र,

(च) अन्य सान्दर्भिक र आवश्यक विषयहरू सहितको योजना प्रतिवेदन

(२) वुदाँ ७ (१) बमोजिम प्रारम्भिक योजना स्वीकृत भएपछि बुँदा ६ (४) बमोजिम विस्तृत योजना तर्जुमा गरी निम्न कागजात सहित स्वीकृतिको लागि पेश गर्नु पर्नेछ :

(क) कित्ता नक्शामा प्रस्तावित योजनास्थलको नक्शाङ्कन,

(ख) एकीकृत वस्ती विकास योजनामा निम्न विषयहरू समेत समावेश हुनुपर्नेः

(अ) भौतिक पक्षः स्थानीय तहको कुनै जग्गा खण्डीकरण नीति भए सो संग सामाञ्जस्यता हुने गरी जग्गा विकास योजना, आवास निर्माण र वितरण योजना, योजनास्थल भित्रको भौतिक पूर्वाधार विकास योजना, प्रमुख पूर्वाधार सेवालाई बाह्य प्रणालीसंग एकीकरण गर्ने योजना, निर्माण तथा भौतिक विकास,

(आ) वित्तीय पक्ष : योजनाको लागत, लागत सहभागिता, लागत बेहोंने स्रोतहरू,

(इ) सामाजिक पक्ष : शिक्षा र स्वास्थ्य संग सम्बन्धित पूर्वाधार,

(ई) आर्थिक पक्ष : रोजगारको आवश्यकता र अवसर घरेलु उद्योग र साना बजार पूर्वाधार,

(उ) व्यवस्थापन पक्ष : योजना निर्माण, हस्तान्तरण, सञ्चालन तथा मर्मत सम्भारको दायित्व सम्बन्धी विवरण,

(ऊ) अन्य विविध : सांस्कृतिक, वातावरणीय र अन्य आवश्यक विषयगत विवरणहरू।

८. **योजना स्वीकृती :** प्रस्तावित योजनाहरूको स्वीकृति केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिको सिफारिसमा शहरी विकास मन्त्रालयबाट हुनेछ। योजना स्वीकृत भए पश्चात योजना कार्यान्वयनको लागि आवश्यक बजेट नेपाल सरकार शहरी विकास मन्त्रालयले व्यवस्था गर्नेछ।

९. **योजना कार्यान्वयन :** योजना स्वीकृत भएपछि शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाले कार्यान्वयन गर्नेछ।

१०. **रोक लगाउन सक्ने :**

(१) एकीकृत बस्ती बिकासका लागि विस्तृत योजना तर्जुमा साथै योजना कार्यान्वयन सम्बन्धी कामको लागि केन्द्रीय एकीकृत बस्ती विकास समन्वय समितिवाट निर्णय भएपछि संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी दुई वर्षको अवधि ननाघ्ने गरी सोही सूचनामा तोकिएको अवधिभरको लागि एकीकृत बस्ती बिकास योजना क्षेत्रभित्र पर्ने जुनसुकै प्रकारको अचल सम्पत्ति केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिको पूर्व स्वीकृति विना टुक्रयाउन वा कुनै प्रकारले भौतिक परिवर्तन गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(२) दफा १०(१) बमोजिम रोक लगाएको कुराको सूचना समितिले रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(३) रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयले दफा १०(२) बमोजिमको सूचना पाएमा त्यस्तो अचल सम्पत्ति टुक्रयाउने गरी रजिष्ट्रेशन गर्न हुँदैन।

## परिच्छेद ४

## कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूको भूमिका

११. **शहरी विकास मन्त्रालयको काम, कर्तव्य र अधिकारः** शहरी विकास मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिको बैठकको लागि आवश्यक सहयोग गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक नीति तर्जुमा गर्ने तथा बजेट व्यवस्थाको लागि आवश्यक समन्वय गर्ने,

(ग) शहरी विकास तथा भवन निर्माण विभाग मार्फत माग भएको कार्यक्रम तथा बजेट स्वीकृत गरी अर्थ मन्त्रालयमा बजेट व्यवस्थाको लागि अनुरोध गर्ने,

(घ) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आईपरेका समस्याहरू समाधान गर्ने। साथै यस कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नु परेमा आवश्यक तयारी गरी स्वीकृतिको लागि पेश गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आईपरेका समस्याहरू समाधान गर्ने तथा कार्यक्रम अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने।

१२. **विभागको काम, कर्तव्य र अधिकारः** शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संघीय आयोजना इकाई / आयोजनाबाट प्राप्त जोखिम युक्त वस्ती सम्बन्धि प्रारम्भिक अध्ययन प्रतिवेदन अध्ययन गरी केन्द्रीय एकीकृत बस्ती विकास समन्वय समितिमा छलफलको लागि पेश गर्ने,

(ख) केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिबाट छनौट भएका जोखिमयुक्त वस्तीहरूको विस्तृत अध्ययन गरी / गराई विस्तृत अध्ययन प्रतिवेदन तयार गरी केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिमा पेश गर्ने,

(ग) केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिबाट स्थानान्तरण गर्नुपर्ने भनी छनौट भएका वस्तीहरूको स्थानान्तरण गर्न जग्गा प्राप्ति गर्ने / गराउने,

(घ) जोखिमयुक्त वस्ती पहिचान, अध्ययन, योजना तर्जुमा गर्ने लगायत स्वीकृत योजना कार्यान्वयन गर्न आवश्यक वजेट व्यवस्थाको लागि शहरी विकास मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा माग गर्ने,

(ङ) विभाग अन्तर्गतका निकायलाई कार्यान्वयनको लागि आवश्यक निर्देशन दिने,

(च) एकीकृत वस्ती विकास सम्बन्धि सम्पूर्ण कार्यहरूको अनुगमन तथा मुल्याङ्कन गरी केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिमा प्रगति प्रतिवेदन पेश गर्ने,

(छ) एकीकृत वस्ती विकास सम्बन्धी आईपरेका अन्य कार्यहरू गर्ने तथा सम्बद्ध निकायहरूसँग आवश्यक समन्वय गर्ने ।

१३. **आवास व्यवस्थापन समन्वय इकाईको काम, कर्तव्य र अधिकार :** कार्यक्रम कार्यान्वयनको लागि सहयोग पुऱ्याउन शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, आवास महाशाखा अन्तर्गत "आवास व्यवस्थापन समन्वय इकाई" ले एकीकृत बस्ती विकास सम्बन्धी कार्य समेत गर्नेछ। आवास व्यवस्थापन समन्वय इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित मन्त्रालय, विभाग र कार्यक्रम कार्यान्वयन गर्ने तहहरूबीच समन्वय गर्ने,

(ख) केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिको बैठकको आयोजना गर्ने तथा बैठकको निर्णय बमोजिम समितिवाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ग) केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिबाट अनुमोदन भएको एकीकृत वस्ती विकास सम्बन्धी विवरणहरूको सूची अनुसार कार्यक्रम तथा बजेट तयार गरी शहरी विकास मन्त्रालय पठाउने,

(घ) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने, प्रगति विवरण प्राप्त गरी समीक्षा गर्ने एवं सम्बन्धित निकायहरू बीच समन्वय गर्ने,

(ङ) एकीकृत बस्ती विकास सम्वन्धमा आइपरेमा अन्य कार्यहरू गर्ने ।

१४. **संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाको काम, कर्तव्य र अधिकार :**

(१) संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिको बैठकको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने,

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्राप्त जोखिमयुक्त वस्ती प्रारम्भिक अध्ययन गरी सूची तयार गर्ने र विभाग मार्फत केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिमा पठाउने,

(ग) केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिले छनौट गरेका जोखिमयुक्त बस्तिहरूको विस्तृत अध्ययन गरी / गराई विस्तृत प्रतिवेदन तयार गरी पुनः समितिमा पठाउने,

(घ) एकीकृत वस्ती विकास योजना तर्जुमा सम्बन्धी कामको लागि केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिले स्वीकृत गरेका स्थानमा चार किला तोकी जुनसुकै प्रकारको अचल सम्पत्ति केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिको पूर्व स्वीकृति विना टुक्रयाउन वा कुनै प्रकारले भौतिक परिवर्तन गर्न नपाउने गरी रोक लगाउन सूचना प्रकाशन गर्ने,

(ङ) केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिले छनौट गरेका, स्थानान्तरण गर्नु पर्ने, जोखिमयुक्त वस्तिहरूको स्थानान्तरणका लागि आवश्यक जग्गा प्राप्त गर्न साथै स्वीकृत योजना कार्यान्वयन गर्न वजेट व्यवस्थाको लागि विभाग पठाउने र ऐन कानुन वमोजिम आवश्यक जग्गा प्राप्त गर्ने,

(च) लाभग्राहीहरूको पहिचान गरी स्थानान्तरण हुने जग्गा तथा आवास निर्माणको लागि अनुदान वितरण सम्झौता गर्ने,

(छ) प्राविधिकहरूको सिफारिसको आधारमा अनुदान रकम भुक्तानी दिने,

(ज) लाभग्राहीहरूको आवास निर्माणको निरीक्षण र प्रमाणीकरणको लागि आवश्यकता अनुसार प्राविधिकहरू परिचालन गर्ने,

(झ) निर्माण सम्पन्न भएका एकीकृत वस्तीहरूको पूर्वाधार विकास गर्ने। सो कार्यका लागि आवश्यक विवरण सहित विभागमा बजेट व्यवस्थाका लागी पेश गर्ने,

(ञ) कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने तथा कार्यक्रमको प्रगतिको प्रतिवेदन तयार गरी विभागमा पेश गर्ने र सम्बन्धित निकायहरू बीच समन्वय गर्ने।

(२) संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनामा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन इकाई रहनेछ।

## परिच्छेद ५

## समिति सम्बन्धी

**१५. केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समिति :**

(१) एकीकृत वस्ती विकासको कार्यमा समन्वय र व्यवस्थापनका लागि केन्द्रीय स्तरमा देहाय बमोजिमको एक केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समिति रहने छ :

| | | |
|---|---|---|
| १. मन्त्री, शहरी विकास मन्त्रालय | - | संयोजक |
| २. सचिव, शहरी विकास मन्त्रालय | - | सदस्य |
| ३. सह-सचिव, अर्थ मन्त्रालय | - | सदस्य |
| ४. सह सचिव, आवास तथा भवन महाशाखा, शहरी विकास मन्त्रालय | - | सदस्य |
| ५. महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग | - | सदस्य |
| ६. महानिर्देशक, नापी विभाग | - | सदस्य |
| ७. महानिर्देशक, भुमि व्यवस्थापन तथा अभिलेख विभाग | - | सदस्य |
| ८. महानिर्देशक, खानी तथा भुगर्भ विभाग | - | सदस्य |
| ९. महानिर्देशक, वन विभाग | - | सदस्य |
| १० उप महानिर्देशक, आवास महाशाखा, शहरी विकास तथा भवन सदस्य सचिव निर्माण विभाग | - | सदस्य सचिव |

(२) केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिले आवश्यकता अनुसार सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**१६. बैठक सम्बन्धी कार्यविधि :**

(१) केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ।

(२) केन्द्रीय एकीकृत बस्ती विकास समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१७. केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिको काम, कर्तव्य र अधिकार :** केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) लाभग्राहीहरूलाई उपलब्ध गराईने अनुदान रकमको निर्धारण तथा पुनरावलोकन गर्ने,

(ख) प्राथमिकताको आधारमा प्रदेशगत एकीकृत वस्ती विकास योजना कार्यान्वयन गर्ने अधिकतम संख्या निर्धारण गर्ने,

(ग) उपलब्ध वार्षिक बजेट र आवश्यकताको आधारमा कार्यक्रम कार्यान्वयनका लागी प्राथमिकताको आधारमा जिल्ला र स्थानीय तह / वडा अन्तर्गत जोखिमयुक्त वस्तीहरू तोक्ने,

(घ) दफा नं. ३ (३) बमोजिम प्रारम्भिक प्रतिवेदन अनुसार प्राथमिकताको आधारमा विस्तृत अध्ययन गर्नुपर्ने वस्तीहरू छनौट गर्ने,

(ङ) दफा नं. ३ (५) बमोजिम विस्तृत प्रतिवेदन अनुसार प्राथमिकताको आधारमा स्थानान्तरण गर्नुपर्ने जोखिमयुक्त बस्तीको छनौट गर्ने,

(च) दफा नं. ६ बमोजिम तयार भएको प्रारम्भिक तथा एकीकृत वस्ती विकास योजना - स्वीकृत गर्ने,

(छ) एकीकृत वस्ती विकास योजना कार्यान्वयन तथा घडेरी / आवास निर्माण अनुदान वितरणको सम्बन्धमा विभाग र अन्तर्गतका निकायहरूलाई आवश्यक निर्देशन दिने,

(ज) कार्यक्रम कार्यान्वयनको क्रममा आई परेका बाधा अड्चन फुकाउने,

(झ) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने / गराउने,

(ञ) जोखिममा रहेका आवास वा भवन अतिरिक्त जोखिमपूर्ण क्षेत्रमा अवस्थित अन्य पूर्वाधारका संरचनाहरू जस्तै बाँध, खानेपानी मुहान, धारा, टैंकी, सडक, तटबन्ध आदि जस्ता संरचनाको आवश्यक्ता पुनर्निर्माण वा मर्मत सुधार गर्न निर्देशन दिने,

(ट) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक मार्गदर्शन गर्ने,

(ठ) कार्यक्रमको प्रगति समीक्षा गर्ने एवं सम्बन्धित केन्द्रीय निकायहरू बीच समन्वय गर्ने।

## परिच्छेद ६

## एकीकृत वस्ती विकासको विधि

१८. **लाभग्राहीको पहिचान :** वस्ती स्थानान्तरण गर्नु पर्ने भनी दफा नं. ३ (५) बमोजिम कार्यान्वयनका लागि छनौट भएका स्थानान्तरण गर्नुपर्ने जोखिमयुक्त वस्तीमा स्थायी बसोबास गर्ने घरपरिवारलाई लाभग्राहीको रुपमा छनौट गरिनेछ साथै दफा ४ (ग) अनुसार सेवा सुविधा पुन्याउन र प्राप्त गर्न कठिन, विकासका निम्ति बाधक, अपायक र असुरक्षित स्थानमा रहेका आवास तथा वस्तीका घर परिवारलाई समेत सम्झनु पर्दछ।

१९. **एकीकृत वस्ती विकासमा लाभग्राहीलाई जग्गा तथा आवास निर्माण अनुदान :**

(१) भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोवास गरेका घर परिवारहरूलाई एकीकृत वस्ती विकास गरी विकसित घडेरी प्रदान गरिनेछ। एकीकृत वस्ती विकास देहाय अनुसार गरिनेछः

(क) **जग्गा सम्बन्धी अनुदान :** (१) एकीकृत वस्ती विकास सम्बन्धी कार्य गर्न जग्गाको संयोजन देहायबमोजिम हुनेछः

(अ) नयाँ विकसित हुने प्लटहरूमा भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका वा विपद्का कारण क्षति पुगेको वस्ती तथा पीडित घरपरिवारहरूलाई स्थानान्तरण गरिनेछ,

(आ) स्थानान्तरण गरिने परिवारले विकसित प्लट पाउने भएकोले जग्गा वापतको छुट्टै अनुदान रकम पाउने छैनन्।

(२) दफा ४ (ग) अनुसार सेवा सुविधा पुच्याउन र प्राप्त गर्न कठिन, विकासका निम्ति बाधक, अपायक र असुरक्षित स्थानमा रहेका आवास तथा वस्तीका घर परिवारले नजिकको एकीकृत बस्ती विकास भएको स्थान वा सुरक्षित र विकासको सम्भावना भएको स्थानमा स्थानान्तरण हुन सक्नेछन। त्यस्ता लाभग्राहीलाई स्थानान्तरण गर्न सहयोगस्वरूप केन्द्रीय एकीकृत वस्ती विकास समन्वय समितिले तोके बमोजिमको अनुदान रकम जग्गा खरिद सम्बन्धी लिखित प्रमाणको आधारमा शहरी विकास तथा भवन निर्माण विभाग मार्फत संघिय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाबाट एकमुष्ट उपलब्ध गराईनेछ। निजले उक्त जग्गामा अनिवार्य आवास निर्माण गरी बसोवास गर्नु पर्नेछ, सो पश्चात पनि पुरानै स्थानमा बसोबास गरिरहेमा स्थानीय सरकारले सार्वजनिक सेवा सुबिधाबाट बन्चित गरी प्रचलित ऐन कानुन बमोजिम कारवाही गर्नेछ।

(ख) **आवासको नक्सा र डिजाइनः** (१) लाभग्राहीले बिभागबाट स्वीकृत प्रविधि सहितका नमूना आवास नक्सा र डिजाइनहरू मध्येबाट कुनै एक डिजाइन छानी वा लाभग्राही स्वयम आफैले तयार गरेको भुकम्प प्रतिरोधी डिजाइनबाट शौचालय सहितको आवास निर्माण गर्नु पर्नेछ।

(२) बुदाँ नं. १९ ख (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान सम्झौता हुन अगावै घरधनी स्वंयले शौचालय सहितको भुकम्प प्रतिरोधी प्रविधिको घर निर्माण कार्य प्रारम्भ गरिसकेको हकमा निर्मित वा निर्माणाधीन आवास प्राविधिकले चेकजाँच गर्दा विभागबाट तोकिएको मापदण्ड पुरा गरेको भनी प्रमाणिकरण भई आएमा स्विकृत नक्सा र डिजाइन बमोजिम नै भएको मानिनेछ।

(३) बुदाँ नं. १९ ख (२) बमोजिम चेकजाँच गर्दा प्राविधिकले कुनै सुधार गर्न सुझाव दिएकोमा सो बमोजिम सुधार गरी प्राविधिकबाट प्रमाणिकरण भई आएमा समेत स्विकृत नक्सा र डिजाईन बमोजिम नै भएको मानिनेछ।

(ग) आवास निर्माण अनुदान : भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका र दफा ४ (ग) अनुसारका व्यक्तिहरूलाई एकीकृत विकसित वस्ती वा सुरक्षित र विकासको सम्भावना भएको स्थानमा स्थानान्तरण गराउदा योजना क्षेत्रभित्र प्रचलित मापदण्ड बमोजिम आवास निर्माणको लागि लाभग्राहीहरूलाई अनुसूची २ बमोजिम रकम नेपाल सरकारले उपलब्ध गराउने छ।

(२) लाभग्राहीको लागि आवास निर्माण गर्न तोकिएको अनुदान रकम अनुसार आवश्यक बजेट शहरी विकास मन्त्रालयले अर्थ मन्त्रालयसंग माग गर्नेछ र अर्थ मन्त्रालयबाट रकम प्राप्त भएपछि मन्त्रालयले विभाग र अन्तर्गतको संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनामा पठाउनेछ।

(३) लाभग्राहीलाई अनुदान उपलब्ध गराउन अनुसूची- ३ बमोजिमको ढाँचामा सम्बन्धित संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाले अनुदान सम्झौता गर्नेछ।

(४) विभाग / संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाले अनुदान सम्झौता भएका लाभग्राहीलाई आवास निर्माणका लागि चार किस्तामा लाभग्राहीको बैंक खाता मार्फत अनुदान रकम उपलब्ध गराउनेछ।

(५) सम्झौता भए पश्चात पहिलो किस्ता वापत जम्मा अनुदान रकमको ३०% रकम उपलब्ध गराईने छ। सो रकम प्राप्त गरे पश्चात स्वीकृत नमूना डिजाइन र मापदण्ड बमोजिम जग र प्लिन्थ लेवल सम्मको निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ।

(६) पहिलो किस्ता वापतको प्राविधिक प्रतिवेदन प्राप्त भएपछि मात्र दोस्रो किस्ता बापत ५०% रकम उपलब्ध गराईनेछ। दोस्रो किस्ताको रकमबाट लाभग्राहीले प्लिन्थ भन्दा माथिको गाहो झ्याल ढोकाको चौकस राख्ने देखि छाना छाउने सम्मको निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ।

(७) लाभग्राहीले दोस्रो किस्ता वापतको रकम प्राप्त गरे पश्चात झ्याल ढोकाको बाँकी कार्य, शौचालय निर्माण गर्ने, वैकल्पिक उर्जा प्रयोग गरी बत्ति जडान गर्ने लगायतका बाँकी सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी आयोजनाको प्राविधिकवाट प्राविधिक प्रतिवेदन सहित नापि किताव पेश भए पश्चात तेस्रो तथा अन्तिम किस्ता बापत २०% रकम उपलब्ध गराइनेछ।

(८) नेपाल सरकारबाट निर्धारण गरिएको अनुदान रकम भन्दा बढी लागतको आवास निर्माण भएको भएमा अनुदान रकम भन्दा बढी रकम लाभग्राही स्वयले व्यहोर्नु पर्नेछ।

(९) नेपाल सरकारबाट उपलब्ध हुने अनुदानको सम्पूर्ण रकम जुन प्रयोजनका लागि उपल्बध गराईएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ।

(१०) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि लाभग्राहीले अन्य कुनै स्वदेशी वा विदेशी संघ संस्थाको सहयोगमा आवास निर्माणका लागि अनुदान रकम वा आवास नै प्राप्त गरिसकेको भएमा यस कार्यविधि बमोजिमको अनुदान सहायता उपलब्ध गराइने छैन।

(११) कुनै लाभग्राहीको एक भन्दा बढी आवास भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा भएता पनि एउटा मात्र आवास भवन निर्माणका लागि मात्र अनुदान उपलब्ध गराइनेछ।

(१२) यस कार्यविधि बमोजिम लाभग्राहीलाई एकीकृत तथा सुरक्षित स्थानमा जग्गा वा जग्गा वापतको अनुदान रकम उपलब्ध गराइए पछि साविकमा निज वा निजको परिवारका सदस्यको नाममा लगत श्रेष्ता कायम रही हकभोग भइरहेको रैकर बाहेक अन्य जग्गा यस अघि जुन प्रयोजनको लागि उपयोग भईरहेको हो सोही प्रयोजनार्थ हकभोग गर्न छाडी सरकारलाई फिर्ता गर्नुपर्नेछ।

**२०. अनुदान रकम फिर्ता गराइने :** कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च

गरेको पाईएमा त्यस्तो अनुदानको रकम सम्बन्धित संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाले फिर्ता गराउनेछ।

२१. निर्माण सम्पन्न भएको मानिने : सम्झौता बमोजिमको शौचालय सहितको आवास इकाई निर्माण भएपछि मात्र आवास निर्माण कार्य सम्पन्न भएको मानिने छ।

## परिच्छेद ७

## विविधि

२२. **कन्टिन्जेन्सी खर्चको व्यवस्था :**

(१) कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्न संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजनाले पाँच प्रतिशत सम्म रकम कन्टिन्जेन्सी खर्च बापत छुट्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कन्टिन्जेन्सी खर्चको बाँडफाँड गर्दा कार्यक्रम संचालन, समितिको बैठक संचालन, लागत ईष्टमेट, मूल्यांकन र अनुगमन, सुपरिवेक्षण, समिक्षा लगायतका कार्यमा मात्र छुट्याउन सकिनेछ।

२३. **स्तर कायम गर्नु पर्ने :** आवास निर्माण गर्दा त्यस प्रयोजनको लागि सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड, गुणस्तर, निर्माण संहिता आदिको पूर्ण पालना गर्नुपर्नेछ।

२४. **विवादको समाधान :** निर्माण कार्य भईरहेको समयमा कुनै विवाद उत्पन्न भएमा केन्द्रीय वस्ती विकास समन्वय समितिबाट दिइने निर्णय अन्तिम हुनेछ।

२५. **कारबाही हुने :** अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

२६. **स्वामित्व हस्तान्तरण नहुने :** यस कार्यविधि बमोजिम उपलब्ध गराएको घर जग्गा भए सो आवास इकाईको स्वामित्व भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा वसोवास गरेका घर परिवारको नाममा कायम भएको दस वर्षको अवधि सम्म निजको मृत्यु भई हकवालाको नाममा नामसारी गर्ने बाहेक अरु कुनै पनि तवरले अन्य कुनै व्यक्ति वा संस्थाको नाममा हस्तान्तरण गर्न सकिने छैन।

२७. **निर्देशन पालना गर्नुपर्ने :** एकीकृत वस्ती विकासको क्रममा कार्यक्रम कार्यान्वयनलाई शिघ्रता प्रदान गर्न, थप पारदर्शि, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन विभागले आवश्यक निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु यस कार्यक्रमसंग सम्बन्धित सम्पूर्ण निकाय तथा पदाधिकारीको कर्तव्य हुनेछ।

२८. **बाधा अडकाउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा मन्त्रालयले आवश्यकता अनुसार कार्बिधिको व्यवस्थाको प्रतिकूल नहुने गरी बाधा अडकाउ फुकाउन सक्नेछ।

## अनुसूची १
### दफा ६ ४ (ङ) संग सम्बन्धित
# एकीकृत वस्ती विकासको न्यूनतम मापदण्ड

## १. योजना स्थल पहिचान गर्ने आधारहरू :

| आधार | सूचक | कैफियत |
|---|---|---|
| भौगोलिक अवस्था | शहरी विकस तथा भवन निर्माण विभाग वा मातहतका निकायहरूबाट खटिएको प्राविधिक टोलीले वस्ती विकासको लागि उपयुक्त भनी सिफारिस गरेको | अध्ययन प्रतिवेदन |
| भौतिक पूर्वाधारको उपलब्धता | सडक सञ्जाल वा ग्रामिण बाटोसंग जोडिएको | स्थलगत अध्ययन |
| | खानेपानी तथा सरसफाई सम्बन्धी पूर्वाधार भएको वा निर्माण गर्न सकिने | |
| | विद्युत सेवाको उपलब्धता भएको वा उपलब्ध गराउन सहज हुने | |
| | स्थानान्तरण हुने परिवारको जीविकोपार्जन साविक बस्तीमै कायम रहने भए प्रस्तावित वस्ती दैनिक आवागमन गर्न सकिने दुरीमा रहेको | |
| | वातावरणमा वस्ती विकासबाट प्रतिकुल असर नपर्ने स्थान हुनुपर्ने | |
| सामाजिक पूर्वाधार | प्राथामिक विद्यालय, स्वास्थ्य चौकी र प्रहरी चौकी जस्ता आधारभूत पूर्वाधारको उपलब्धता | |
| आर्थिक पूर्वाधार | बैंक तथा वित्तीय संस्था, पसल, साना उद्योग भएको वा हुन सक्ने अवस्था | |

## २. वस्ती विकासको मापदण्ड :

| आधार | सूचक |
|---|---|
| सडक | सडक भए कम्तिमा ६ मिटर र ग्रामिण मुल बाटो भए कम्तिमा ४ मिटर चौडा |
| खानेपानी | ७ घरपरिवारको लागि कम्तिमा एउटा धारा |
| ढल निकास | सतह ढल र फोहोर ढलको बेग्ला बेग्लै निकास |
| खुल्ला क्षेत्र | प्रत्येक २० आवास इकाईको लागि कम्तिमा ८० वर्गमिटरको खुल्ला क्षेत्र |
| घडेरी | स्थानीय तहले तोके बमोजिमको न्यूनतम मोहडा र क्षेत्रफल |
| फोहोर मैला व्यवस्थापन | प्रत्येक आवास इकाईमा निकास सहितको एक शौचालय |
| | प्रत्येक खुल्ला क्षेत्रमा महिलाको लागि एक र पुरुषको लागि एक व्यवस्थित निकास सहितको सार्वजनिक शौचालय |
| विद्यालय | सम्भाव्यता अनुसार एउटा प्राथामिक विद्यालय |
| स्वास्थ्य सेवा | सम्भाव्यता अनुसार एउटा स्वास्थ्य केन्द्र |
| भवन मापदण्ड | शहरी विकास मन्त्रालयले जारी गरको आधारभुत मापदण्ड |
| विद्युत | प्रत्येक आवास इकाईमा विद्युत |

## अनुसूची २

### दफा १९ १ (ग) संग सम्बन्धित

### आवास निर्माणको लागि उपलब्ध गराउने अनुदान रकम

| क्र.स | योजना स्थल रहेको क्षेत्र | प्रति आवास एकाई निर्माणको लागि उपलब्ध हुने अनुदान रकम (कन्टेन्जेन्सी समेत) | कैफियत |
|---|---|---|---|
| १. | हिमाली क्षेत्र | पाँच लाख रुपैया | |
| २. | पहाडी ग्रामीण क्षेत्र | चार लाख रुपैंया | |
| ३. | पहाड़ी शहरी र तराई क्षेत्र | तीन लाख पचास हजार रुपैंया | |

## अनुसूची ३
### दफा १९ (३) संग सम्बन्धित
### आवास निर्माण अनुदान सम्झौता पत्र

| | |
|---|---|
| सर्वेक्षण घरधनी क्रम संख्या | |
| सम्झौता क्रमाङ्क संख्या | |

भौगोलिक रुपमा विकट एवं विपद्को जोखिम बस्ती स्थानान्तरण गरी एकीकृत वस्ती विकास सम्बन्धी कार्यक्रम अन्तर्गत आवास निर्माणका लागि ............. जिल्ला ............म.न.पा./ उ.म.न.पा./न.पा./गा.पा., वडा नं. .........गाँउ/टोल ............ बस्ने श्री ........................... को नाती / नातीनी / बुहारी

श्री .................. को छोरा/छोरी/श्रीमती वर्ष .......... को लाभग्राही श्री ................. (यस पछि प्रथम पक्ष भनिने) र ............... विभाग / संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजना (यस पछि दोस्रो पक्ष भनिने। बीच देहाय बमोजिमका शर्तहरूको अधिनमा रही नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम एकीकृत वस्ती विकास निर्माण गर्न गराउन मिति २० साल .......... महिना............ गतेका दिन यो अनुदान सम्झौता-पत्रमा सही छाप दस्तखत गरेका छौं।

**प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरू**

१. मेरो भौगोलिक रुपमा विकट / विपद्को जोखिममा रहेको ठीक साँचो हो।

२. मैले मेरो घर भौगोलिक रुपमा विकट / विपद्को जोखिममा रहेकाले जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७५ एवं सम्झौता पत्रमा उल्लिखित शर्त अनुरुप बनाउनेछु।

३. निर्माण सामाग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन र अन्य निर्माण कार्य गर्ने निर्माणकर्मी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ।

४. मैले प्राप्त गर्ने जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७५ मा आवास निर्माण अनुदान रकम आवास निर्माणका लागि आवश्यक सामाग्रीहरू लागि मात्र खर्च गर्नेछु।

५. मैले प्राप्त गर्ने आवास अनुदान एकीकृत वस्ती अन्तर्गत निर्माण हुने घर निर्माणको लागि मात्र खर्च गर्नेछु।

६. मैले तोकिएको बैंकमा खोलिएको खाता मार्फत अनुदान रकम रु..................... तीन किस्तामा प्राप्त गर्नेछु।

- मैले तोकिएको बैंकमा खोलिएको खाता मार्फत पहिलो किस्ता वापत ३०% रकम प्राप्त गरे पश्चात स्वीकृत नमूना डिजाइन र मापदण्ड बमोजिम जग र प्लिन्थ लेवल सम्मको निर्माण कार्य सम्पन्न गर्नेछु।
- मैले तोकिएको गुणस्तर र प्रविधि बमोजिम प्लिन्थ भन्दा माथिको गाह्रो झ्याल ढोकाको चौकस राख्ने देखि छाना छाउने सम्मको निर्माण कार्य सम्पन्न गरे पश्चात दोस्रो किस्ता वापत ५०% प्राप्त गर्नेछु।
- मैले तोकिएको गुणस्तर र प्रविधि बमोजिम झ्याल ढोकाको वाँकी कार्य, शौचालय निर्माण गर्ने, वैकल्पिक उर्जा प्रयोग गरी बत्ति जडान गर्ने लगायतका बाँकी सम्पूर्ण निर्माण कार्य सम्पन्न गरे पश्चात तेस्रो तथा अन्तिम किस्ता वापत २०% रकम प्राप्त गर्नेछु।

७. घरको निर्माण कार्य स्वीकृत मापदण्ड र प्रविधि बमोजिम भए नभएको सम्बन्धमा प्रमाणीकरण गर्न गराउन मेरो मञ्जुरी छ।

८. मेरो घर निर्माण कार्य तोकिएको गुणस्तर मापदण्ड र प्रविधि अनुरुप नभएमा आफ्नो स्रोत, साधन र सामग्री प्रयोग गरी सुधार गर्न मञ्जुरी छ।

९. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो। झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

**दोस्रो पक्ष (.......... विभाग / संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजना) ले मञ्जुर गरेका शर्तहरू**

प्रथम पक्षबाट उल्लेखित शर्तहरू पुरा भएको अवस्थामा निम्न अनुसारको सुरक्षित नागरिक आवास निर्माण अनुदान दोस्रो पक्षले बैंकमार्फत उपलब्ध गराउने छ।

| प्रथम पक्ष (लाभग्राही) |
|---|
| (क) लाभग्राहीको व्यक्तिगत विवरण |
| लाभग्राहीको नाम, थर (अंग्रेजीमा): ....................................................<br>लाभग्राहीको नाम, थर (नेपालीमा): ..................................................<br>नगरिकता उल्लेखित ठेगाना<br>जिल्ला: .............................<br>म.न.पा. /उ.म.न.पा./न.पा./गा.पा.,...................... वडा नं. ...............<br>ना.प्र. नं.: .................. जारी जिल्ला: .......................... जारी मिति ................<br>जन्म मिति: ................................<br>सम्पर्क फोन नं.: ............................. |

स्थायी ठेगाना र नागरिकता उल्लेखित ठेगाना फरक भएमा
(बसाइसराइको विवरण उल्लेख गर्ने)
बसाइसराइ प्रमाणपत्र नं. ...........................
बसाइसराइ मिति ..............................

लाभग्राहीको फोटो

फोटो

सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकार / मञ्जुरी प्राप्त व्यक्तिको विवरण
(लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि)

संरक्षक / अधिकार मञ्जुरी प्राप्त व्यक्तिको नाम, थर : ..........................................

स्थायी ठेगाना

जिल्लाः .......................... म.न.पा. /उ.म.न.पा./न.पा./गा.पा. .......................
वडा : ............................ गाँउ/ टोलः ......................
ना.प्र.नं. : ....................... जारी जिल्ला : ....................
जारी मितिः .................... जन्म मितिः ......................

बाजेको नाम, थरः ...........................................................................
बाबुको नाम, थरः ...........................................................................
लाभग्राहीसँगको नाता : .....................................................................
सम्पर्क फोन नं. : ................................................

लाभग्राही/ संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठा छाप


दायाँ

बायाँ

लाभग्राही / संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर ..............................
मितिः .....................

| | |
|---|---|
| (ख) बैंक खाता विवरण (तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)<br>बैंक खाता नं.:.............................................................<br>खातावालाको नाम, थर : ...................................................<br>बैंकको नाम : ........................................................<br>शाखा : ............................................................ | |
| (ग) घर निर्माण हुने जग्गाको विवरणः<br>कित्ता नं. ............................ क्षेत्रफल .......................... वर्ग मिटर<br>ठेगानाः जिल्ला .............................. गा.वि.स./न.पा .............................. | |
| (घ) इच्छाएको व्यक्तिको नाम, थरः .........................................<br>लाभग्राहीसँगको नाता : ................................................ | |
| (ङ) साक्षीको नाम, थरः ..................................................................<br>हस्ताक्षर : ........................................................... | |
| दोश्रो पक्ष (............................................... विभाग / संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजना) | कार्यालयको छाप |
| कार्यालयको नाम, ठेगानाः ..............................<br>अधिकार प्राप्त कर्मचारीको नामः .......................<br>पद : ..........................................<br>हस्ताक्षर : ...................................<br>मितिः .................................... | |

# जोखिम बस्ती पहिचान


जिल्ला प्रशासन कार्यालय
जिल्ला विपद् व्यवस्थापन समिति
स्थानीय तह
संघीय आयोजना कार्यान्वयन इकाई / सघन शहरी तथा भवन निर्माण आयोजना
शहरी विकास तथा भवन निर्माण विभाग
शहरी विकास मन्त्रालय
केन्द्रीय एकीकृत बस्ती विकास समन्वय समिति


विपद् जोखिम न्यूनीकरण
राष्ट्रिय नीति, २०७५

# विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५

## १. पृष्ठभूमि

निरन्तर दोहोरिरहने बहु-प्रकोपका घटनाहरूबाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेको मुलुकहरूमध्ये नेपाल पनि एक हो। यहाँ प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ्ग, आगलागी, सडक दुर्घटना र महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरूका कारण जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ। मुलुक विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिबृष्टि, अनावृष्टि, हुरी बतास, शीतलहर, तातो हावाको लहर, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरूबाट प्रभावित छ। त्यसैगरी नेपाल सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु जस्ता महामारी, सर्पदंश, जनावर आक्रमण, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक प्रकोपबाट पनि प्रभावित छ। २०७२ साल बैशाखमा आएको गोरखा भूकम्प, २०७१ र २०७४ सालमा आएको बाढी तथा पहिरो र यसबाट भएको ठूलो जनधनको क्षति तथा नोक्सानी यसका पछिल्ला उदाहरणहरू हुन्। जनसंख्या बृद्धि, गरिबी, अव्यवस्थित शहरीकरण र जोखिम असंवेदनशील विकासका कार्यहरूले गर्दा विपद् सङ्कटासन्नतामा अझ बृद्धि भइरहेको छ।

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरूलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ। यस सन्दर्भमा विपद् जोखिम व्यवस्थापनका लागि दैवी प्रकोप (उद्धार) ऐन, २०३९, स्थानीय स्वायत्त शासन ऐन, २०५५, भवन ऐन, २०५५, राष्ट्रिय भवन संहिता, २०६०, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६, जलवायु परिवर्तन नीति, २०६७, भू-उपयोग नीति २०६९, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मार्गदर्शन, २०७२, र ाष्ट्रिय शहरी विकास रणनीति, २०७३ आदि महत्वपूर्ण कानूनी तथा नीतिगत आधार हुन् भने नेपालको संविधान, २०७२ पछि आएका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ पछिल्ला महत्वपूर्ण कानूनी व्यवस्था हुन्। साथै केन्द्रदेखि स्थानीय स्तरसम्म कानून बमोजिम स्थापित दैवी प्रकोप उद्धार समितिहरू, नेपाल सरकारका विभिन्न निकाय एवं प्रतिष्ठानहरूलाई महत्वपूर्ण संस्थागत व्यवस्थाको रुपमा लिन सकिन्छ भने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले व्यवस्था गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, कार्यकारी समिति, प्राधिकरण, प्रदेश, जिल्ला तथा स्थानीय तहका

समितिहरू नयाँ संस्थागत व्यवस्थाका रुपमा रहेका छन् । विपद् जोखिम न्यूनीकरणका लागि मूलतः सेण्डाइ कार्यढाँचा, दिगो विकासका लक्ष्यहरू, जलवायु परिर्वतनसम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकता अनुरुप विपद् जोखिम न्यूनीकरणका लागि मूल नीति तर्जुमा गर्न आवश्यक भएको छ । नेपालले विपद् जोखिम व्यवस्थापनका लागि लागु गरेको विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को कार्यान्वयनबाट प्राप्त सिकाई र अनुभवहरू, २०७२ सालको गोरखा भूकम्प तथा पछिल्ला अन्य विपद्का घटनाहरूको सिकाई र अनुभवहरू समेतलाई आधार बनाई विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा अन्य नयाँ सम्भावित जोखिमको प्रभावकारी रोकथाम गरी विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्न यस विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७४ तयार गरेको छ । यो नीति विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ५(क) बमोजिम गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदको मिति असार ४, २०७५ गतेको बैठकबाट स्वीकृत भई लागु भएको छ ।

## २. दीर्घकालीन सोच (Vision)

विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने यस नीतिको दीर्घकालीन सोच रहेको छ ।

## ३. ध्येय (Mission)

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूलाई सन्तुलित रुपमा कार्यान्वयन गरी विपद्बाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका स्रोतसाधनहरूका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार र साँस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्यरुपमा कमी गर्नु तथा तिनीहरूको उत्थानशीलता बृद्धि गर्नु यस नीतिको ध्येय रहेको छ ।

## ४. लक्ष्य (Goal)

विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोतसाधनहरूका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाईका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरू जस्ता महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरूको उत्थानशीलता बृद्धि गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्नु यस नीतिको लक्ष्य रहेको छ ।

## ५. उद्देश्यहरू (Objectives)

प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रुपमा कम गर्नु यस नीतिको प्रमुख उद्देश्य रहेको छ । यस नीतिका अन्य उद्देश्यहरू देहाय बमोजिम छन् :

५.१ विपद् जोखिमको बुझाई अभिबृद्धि गर्ने तथा सबै तह र वर्गमा विपद् जोखिमसम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने ।

५.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् जोखिम मैत्री शासनको सुदृढीकरण गर्ने ।

५.३ विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापसँग एकाकार गर्दै समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

५.४ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी बृद्धि गरि उत्थानशीलता अभिबृद्धि गर्ने ।

५.५ विपद् व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण तथा बहुप्रकोप पूर्व सूचना प्रणालीको विकास एवं विस्तार गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने ।

५.६ “अझ राम्रो र अझ बलियो” (Build Back Better) अवधारणा अनुरुप विपद् पश्चातको पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माण सुनिश्चित गर्ने ।

## ६. अवधारणा

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति देहाय बमोजिमको अवधारणामा आधारित रहेको छ ।

६.१ नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम विपद् जोखिम न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्यको सिद्धान्तलाई अवलम्बन गर्ने ।

६.२ विपद् सुशासनको सिद्धान्त अनुरुप सहभागिता, जवाफदेहिता र पारदर्शिता जस्ता विषयहरूलाई आत्मसात गरी समाजका सबै सरोकारवालाहरूको संलग्नता तथा साझेदारी र लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गर्ने ।

६.३ जोखिम संवेदनशील विकासको अवधारणा अवलम्बन गर्ने ।

६.४ बहु प्रकोप विपद् जोखिम ब्यवस्थापनको अवधारणा अवलम्बन गर्ने ।

६.५ स्थानीय विशेषता अनुरुप विज्ञान तथा प्रविधिको प्रयोग र स्थानीय साधन, श्रोत, ज्ञान र शीपको अत्याधिक उपयोगको अवधारणा अवलम्बन गर्ने ।

६.६ नवप्रवर्तनमुखी वित्तीय लगानीको अवधारणा अवलम्बन गर्ने ।

६.७ पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा “अझ राम्रो र अझ बलियो” अवधारणा अवलम्बन गर्ने ।

## ७. नीति

माथिका उद्देश्यहरू प्राप्तिका लागि देहायका नीति अवलम्बन गरिनेछन् ।

७.१ विपद् जोखिमसम्बन्धी विषयलाई विद्यालयस्तरदेखि उच्चस्तर सम्मको शैक्षिक पाठ्यक्रममा समावेश गरिनेछ।

७.२ जनचेतनामूलक तथा सूचनामूलक कार्यक्रमहरू तयार गरी सूचना तथा सञ्चारका माध्यमहरूको प्रभावकारी उपयोग मार्फत सबैमा पहुँच हुने गरी विपद् सम्वन्धी जानकारी, सचेतना र सिकाई समुदायस्तरसम्म अभिबृद्धि गरिनेछ।

७.३ प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरूको नियमितरुपमा सूक्ष्म निगरानी र मापन गरिनेछ।

७.४ विपद् जोखिम लेखाजोखा तथा नक्शाङ्कन गर्ने प्रणालीको विकास गरिनेछ। संकट उन्मुख समुदायको पहिचान गरी त्यस्ता समुदायको क्षमता अभिवृद्धि गरिनेछ।

७.५ सडक दुर्घटनाका सम्भावित क्षेत्रहरूको पहिचान गरी विपद् आँकलन र नक्शाङ्कनको आधारमा विपद्क्षेत्र निर्धारण गरिनेछ र यससम्बन्धी सूचनालाई सार्वजनिक रूपमा उपलब्ध गराई दुर्घटना न्यूनीकरणमा मद्दत गरिनेछ।

७.६ शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन, उर्जा, आवास, यातायात, खानेपानी, सरसफाई लगायतका पूर्वाधार र ऐतिहासिक तथा साँस्कृतिक सम्पदामा पर्नसक्ने विपद् जोखिमका प्रभाव सम्बन्धमा विपद् जोखिम लेखाजोखा तथा नक्शाङ्कन गरी प्रचारप्रसार गरिनेछ।

७.७ विपद्बाट व्यापार व्यवसाय, जनस्वास्थ्य र पोषणमा पर्न सक्ने सम्भाव्य जोखिम न्यूनीकरण गर्न विपद् जोखिम लेखाजोखा गरिनेछ।

७.८ दुर सम्वेदन प्रणाली (Remote Sensing System), भौगोलिक सूचना प्रणाली (Geographic Information System) र खुला स्रोत प्रविधि (Open Source Technology) मा आधारित आधुनिक विपद् व्यवस्थापन सूचना प्रणाली (Disaster Management Information System) विकास गरी जनसाधारण तथा सरोकारवालाहरूलाई सहज रुपमा विपद् व्यवस्थापनसम्बन्धी सूचना उपलब्ध हुने व्यवस्था गरिनेछ।

७.९ विपद् जोखिम न्यूनीकरणका लागि भू-विज्ञान, भुकम्प विज्ञान, भौगोलिक सूचना प्रणाली, दूर संवेदन प्रणाली, स्याटेलाइट प्रविधि, राडार प्रविधि, पूर्व सूचना प्रणाली लगायतका आधुनिक तथा परम्परागत प्रविधिहरूको अध्ययन, अनुसन्धान गरी उपयुक्त प्रविधिको प्रयोग गरिनेछ।

७.१० विपद् जोखिमको अध्ययन अनुसन्धान, विपद्को रोकथाम, पूर्वतयारी, खोज तथा उद्धार एवं विपद् पश्चातको पूनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी क्षमता विकासका लागि "राष्ट्रिय विपद् जोखिम न्यूनीकरण अनुसन्धान तथा तालिम प्रतिष्ठान" को स्थापना गरिनेछ।

७.११ विपद् जोखिमको अध्ययन तथा अनुसन्धानमा सरकारी निकायहरू, विकास साझेदार, निजी तथा गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, विश्वविद्यालय र अनुसन्धान केन्द्रहरू तथा अन्य सरोकारवालाहरूबीचको संलग्नता र सहकार्यलाई प्रोत्साहन गरिनेछ।

७.१२ संघ, प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको गठन गरी क्षमता अभिवृद्धि गरिनेछ।

७.१३ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्वयंमसेवक व्यूरो, फ्लाइङ्ग स्क्वाड, फायर ब्रिगेड, आपत्कालीन कार्यसंचालन केन्द्रहरू एवं स्वास्थ्य आपत्कालीन कार्यसंचालन केन्द्रहरूको स्थापना, विकास, विस्तार र संजालीकरण गरी तिनीहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

७.१४ राष्ट्रिय सडक सुरक्षा परिषद गठन गरी सक्रिय बनाईनेछ।

७.१५ सडक सुरक्षा सुनिश्चित गर्न राष्ट्रिय सडक सुरक्षा रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

७.१६ समुदाय स्तरको विपद् जोखिम न्यूनीकरणका लागि सिंचाई, नदी नियन्त्रण, वन व्यवस्थापन, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी तथा सरसफाइ लगायतका योजना तर्जुमा, कार्यान्वयन तथा व्यवस्थापनमा स्थानीय उपभोक्ता, सामुदायिक संस्था र जनसमुदायको सहभागिता सुनिश्चित गरिनेछ।

७.१७ राष्ट्रिय भू-उपयोग नीति अनुरुप स्थानीय तहमा वहु प्रकोपीय जोखिम लेखाजोखाको आधारमा जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी व्यवस्थित एंव सुरक्षित वस्ती विकास कार्यलाई अगाडि बढाइनेछ। साथै असुरक्षित बस्तीहरूलाई सुरक्षित स्थानमा स्थान्तरण गर्ने नीति लिइनेछ।

७.१८ समग्र विकास प्रक्रियाहरूलाई बहुप्रकोप जोखिम संवेदनशीलताका आधारमा सम्भाव्य जोखिमको न्यूनीकरण हुने गरी कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ।

७.१९ एकीकृत जलश्रोत व्यवस्थापनको सिद्धान्त अनुरुप नदी व्यवस्थापन तथा अन्तरसम्बन्धलाई सम्बोधन गर्ने गरी माथिल्लो तथा तल्लो तटीय क्षेत्र अनूरुप भू तथा जलाधार संरक्षणसम्बन्धी गुरुयोजना बनाइ कार्यान्वयन गरिनेछ।

७.२० चुरे क्षेत्रको कमजोर भौगोलिक बनावटका कारण उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न चुरे व्यवस्थापन गुरुयोजनालाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

७.२१ विपद् जोखिम न्यूनीकरणका सबै चरण तथा संरचनामा समावेशी विपद् व्यवस्थापनको अवधारणा अनुरुप महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदायहरूको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नता सुनिश्चित गरिनेछ।

७.२२ विपद् संवेदनशीलताको अवधारणा अनुरुप सार्वजनिक भौतिक संरचनाहरू (सरकारी कार्यालय, शैक्षिक संस्थाहरू, स्वास्थ्य संस्थाहरू, सामुदायिक भवनहरू, आश्रयस्थल आदि) लाई जेष्ठ नागरिकमैत्री, लैंङ्गिकमैत्री, अपाङ्गतामैत्री एवं बालमैत्री बनाइनेछ।

७.२३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्वयंसेवक परिचालनका लागि समुदाय स्तरमा संस्थागत व्यवस्था सुनिश्चित गरिनेछ।

७.२४ विपद् जोखिमबाट सुरक्षित भवन निर्माण कार्यलाई प्रोत्साहन गर्न राष्ट्रिय भवन संहिता र स्थानीय मापदण्डलाई समय सापेक्ष परिमार्जन गरी लागू गरिनेछ।

७.२५ विकासका भौतिक पूर्वाधारहरूको डिजाईन तथा निर्माणका क्रममा जोखिम सुरक्षित पूर्वाधार नीति अवलम्बन गरिनेछ। साथै जलवायु परिवर्तन अनुकूलित पूर्वाधार निर्माणलाई समेत प्रोत्साहित गरिनेछ।

७.२६ विकास निर्माणका ठूला परियोजनाहरू तर्जुमा, डिजाइन, निर्माण र व्यवस्थापनमा विपद् जोखिम तथा जलवायु परिवर्तनको प्रभावसम्बन्धी अध्ययन गरी जोखिम न्यूनीकरण गर्ने नीति लिइनेछ।

७.२७ सुरक्षित समाजको निर्माणका लागि विपद् सुरक्षित संस्कृति (Culture of Safety) प्रवर्द्धन र अवलम्वन गरिनेछ।

७.२८ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सरकारी निकायहरूको साँगठनिक संरचना पुनरावलोकन गरी सुदृढ गरिनेछ। साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नकालागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संगठनात्मक र संस्थागत विकास गरिनेछ।

७.२९ संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्न समावेशी संयन्त्र स्थापना गरिनेछ।

७.३० राष्ट्रिय विपद् जोखिम न्यूनीकरण सञ्जाल (National DRR Platform) लाई स्थानीय तहसम्म विस्तार गरी सुदृढीकरण गरिनेछ।

७.३१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नतालाई प्रोत्साहित गरिनेछ।

७.३२ जीविकोपार्जनका उपायहरूलाई विविधिकरण गरी विपद् उत्थानशील समुदाय निर्माण गरिनेछ।

७.३३ नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान लगायतका अनुसन्धान केन्द्रहरूको सहयोगमा बाढी, डुवान र खडेरी प्रतिरोधी तथा जलवायु परिवर्तन अनुकूलित कृषि प्रणालिको विकास गरिनेछ।

७.३४ नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, विभिन्न स्वास्थ्य प्रतिष्ठान लगायतका अनुसन्धान केन्द्रहरूको सहयोगमा बाढी, डुवान र खडेरी प्रतिरोधी तथा जलवायु परिवर्तन अनुकूल स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ।

७.३५ विपद् जोखिम न्यूनिकरणमा निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, विकास साझेदार, दातृ संस्था आदिको लगानी प्रबर्द्धन गरिनेछ।

७.३६ समुदायस्तरको विपद् जोखिम न्यूनीकरणमा सामुदायिक तथा सहकारी संस्थाहरूको लगानीलाई प्रोत्साहन गरिनेछ।

७.३७ संकट उन्मुख समुदायको जोखिममा हिस्सेदारी तथा जोखिम हस्तान्तरणका लागि कृषि, पशुपंक्षी तथा व्यापार व्यवसायमा बीमा गराउने कार्यलाई प्रोत्साहन गरी बीमामा सहज पहुँचको व्यवस्था मिलाइनेछ। साथै बैंक तथा बित्तीय सँस्थाहरूमार्फत विपद् प्रभावित समुदायलाई सहुलियत कर्जाको व्यवस्था गरिनेछ।

७.३८ विपद् प्रतिकार्य र विपद्पश्चातको पुनर्लाभ तथा पुनर्निर्माणमा समेत सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई समाहित गरी संचालन गरिनेछ।

७.३९ विपद्का कारण हुन सक्ने क्षतिको क्षतिपूर्तिका लागि निजी, सरकारी तथा सामुदायिक भवन, शैक्षिक तथा स्वास्थ्य सम्बन्धी संरचनाहरू, खानेपानी लगायतका अन्य भौतिक संरचनाहरूको अनिवार्य बीमा गर्न प्रोत्साहन गरिनेछ।

७.४० विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारबाट वार्षिक रुपमा निश्चित प्रतिशत बजेट विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ।

७.४१ विपद् जोखिम न्यूनीकरण कार्यलाई विकासमूलक क्रियाकलापहरूसँग एकीकरण तथा मूलप्रवाहीकरण गरिनेछ। स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा मार्फत प्राप्त क्षेत्रगत सुझावलाई स्थानीय विकास योजनामा प्राथमिकताका साथ संलग्न गरी कार्यान्वयन गरिनेछ।

७.४२ बाढी, पहिरो, खडेरी, चट्याङ्ग, हावाहुरी, तातो हावाको लहर, शीतलहर, वन डढेलो, आगलागी, महामारी, हिमताल विस्फोटन लगायतका प्रकोपहरूको नियमित रुपमा अनुगमन तथा पूर्वानुमानको साथै पूर्वसूचना प्रणाली विकास गरी पूर्वानुमानको आधारमा पूर्वतयारी तथा प्रतिकार्य योजनाहरू (Forecast Based Preparedness and Response Plans) बनाई लागु गरिनेछ।

७.४३ स्थानीय ज्ञान, सीप, श्रोत र साधनको अधिकतम उपयोग गर्दै समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू कार्यान्वयन गरिनेछन्।

७.४४ आपतकालीन कार्यसंचालन केन्द्रहरूको क्षमता विकास गरी घटना नियन्त्रण पद्दति (Incident Command System) लाई स्थानीय तहसम्म नै विस्तार गरी कार्यान्वयन गरिनेछ।

७.४५ संघ, प्रदेश र स्थानीय तहमा आकस्मिक पूर्वतयारी योजना र विपद्पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। साथै सरकारी, निजी तथा गैरसरकारी क्षेत्रहरूको व्यवसाय निरन्तरता योजना (Business Continuity Plan) बनाई कार्यान्वयन गरिनेछ।

७.४६ संघ, प्रदेश र स्थानीय तह सम्म विभिन्न स्तरका खोज तथा उद्धार टोलीको गठन, क्षमता विकास र बिस्तार गरिनेछ।

७.४७ संघ, प्रदेश र स्थानीय स्तर सम्म कानून बमोजिम विपद् व्यवस्थापन कोषको स्थापना गरी श्रोत परिचालन गरिनेछ।

७.४८ शैक्षिक संस्था, अस्पताल तथा आश्रय स्थलहरूको स्तरोन्नती गरी आपतकालीन अवस्थामा समुचित उपयोग गर्न मिल्ने व्यवस्था गरिनेछ।

७.४९ विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि खुल्ला क्षेत्रको पहिचान, विकास र व्यवस्थापन गर्नुका साथै संकट उन्मुख क्षेत्रमा पहुँचयुक्त एवं सुरक्षित आश्रय स्थलको निर्माण गरिनेछ। साथै विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन मानवीय सहायता स्थल एवं बन्दोवस्ती स्थलको स्थापना, विकास र विस्तार गरिनेछ।

७.५० संघ, प्रदेश, स्थानीयतहमा विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन आपत्कालीन भण्डारण गृहको स्थापना, विकास र विस्तार गरी आवश्यक पर्ने उद्धार तथा राहत सामाग्रीको भण्डारण गरिनेछ।

७.५१ ठुला विपद्को समयमा प्राप्त हुने अन्तर्राष्ट्रिय मानवीय सहायता सामग्रीहरूको सहज आपूर्तिका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

७.५२ प्रमुख शहरहरूमा घाईते हेरविचार केन्द्रहरू (Trauma Care Centres) स्थापना गरिनेछ।

७.५३ स्थानीय स्तरमा विपद्को समयमा परिचालित हुने स्वयंमसेवकहरूको क्षमता विकास गरिनेछ।

७.५४ विपद् पश्चात गरिने पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माण कार्यमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न "अझ राम्रो, बलियो र सुरक्षित बनाऔं" भन्ने अवधारणालाई प्रोत्साहन गरिनेछ।

७.५५ विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि आधुनिक सूचना प्रविधिमा आधारित सूचना तथा सञ्चार प्रणाली (Web-based System, Mobile Apps, Short Message Service-Cell Broadcast, Interactive Voice Response, Emergency tele communication centers० लाई प्रोत्साहन गरिनेछ।

७.५६ विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समन्वय, सहयोग र सहकार्यलाई प्रोत्साहन गरिनेछ।

७.५७ खोज, उद्धार तथा राहत जस्ता विपद् प्रतिकार्यमा सहयोग पुऱ्याउन संघ, प्रदेश तथा स्थानीय तहमा राजनीतिका दल र दलसंग सम्बन्धित भातृ संगठनहरूलाई समेत परिचालन गर्न सक्ने व्यवस्था मिलाईनेछ।

७.५८ संघ, प्रदेश, जिल्ला र स्थानीयतहमा विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन सबै क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहने गरी बिषयगत क्षेत्र (cluster approach) को अवधारण स्थापना गरि कार्यान्वयनमा ल्याईने छ।

७.५९ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई प्रभावकारी बनाउन जवाफदेहीता, पारदर्शीता र उच्च गुणस्तरीयता सुनिश्चित गरिने छ।

## ८. नीति कार्यान्वयन

यस नीतिको कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरू अवलम्बन गरिनेछन्।

८.१ यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजनाका साथै आवधिक, वार्षिक तथा आकस्मिक योजना तर्जुमा गरी लागू गरिनेछ।

८.२ विषयगत मन्त्रालय, सार्वजनिक निकायहरू, विकासका साझेदार तथा नीजि क्षेत्रको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइनेछ।

८.३ प्रदेश तथा स्थानीय सरकारका आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइनेछ।

८.४ यस नीतिको कार्यान्वयनका लागि संघ, प्रदेश, स्थानीय तहमा आवश्यक वजेट विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ।

८.५ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था गरे बमोजिम आवश्यक संस्थागत संरचना निर्माण गरिनेछ।

८.६ यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि विषयगत मन्त्रालय तथा विभागहरूको पुनः संरचना संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा आवश्यकता अनुसार गरिनेछ।

८.७ यो नीति कार्यान्वयनको लागि आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ।

## ९. समन्वय, अनुगमन तथा मूल्याङ्कन

९.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्यहरूको प्रभावकारी कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहमा सरकारी, निजी, गैर सरकारी संस्था, रेडक्रस अभियानका अंगहरू, राजनीतिक दलहरू तथा सरोकारवालाहरू बीच समन्वय र सहकार्य गरिनेछ।

९.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्ले केन्द्रिय स्तरमा यस नीतिको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

९.३ विपद् जोखिम न्यूनिकरण कार्यले पुऱ्याएको योगदानको अनुगमन गर्दा जोगिएको जनधनको विवरण, जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि निर्माण गरिएका भौतिक संरचनाहरूबाट पुग्न गएको सुविधा र प्रतिफल, प्रभावित समुदायको उत्थानशीलतामा आएको परिवर्तन आदिलाई ध्यान दिइनेछ।

९.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण विवरण वार्षिक रुपमा अद्यावधिक गरी "नेपाल विपद् प्रतिवेदन" प्रकाशन गरिनेछ।

## १०. नीति पुनरावलोकन

यस नीतिलाई आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ।



# विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाः २०१८-२०३०

## शब्द संक्षेप

| | | |
|---|---|---|
| **AD** | ईस्वी संवत् | Anno Domini |
| **AMCDRR** | विपद् जोखिम न्यूनीकरण सम्बन्धी एशियाली मन्त्रीस्तरीय सम्मेलन | Asian Ministerial Conference on Disaster Risk Reduction |
| **BCPR** | सङ्कट निवारण तथा पुनर्लाभ ब्यूरो | Bureau for Crisis Prevention and Recovery |
| **CBO** | समुदायमा आधारित संगठन | Community Based Organization |
| **CCA** | जलवायु परिवर्तन अनुकूलन | Climate Change Adaptation |
| **CDRRC** | केन्द्रीय विपद् उद्धार तथा प्रतिकार्य समिति | Central Disaster Rescue and Response Committee |
| **DDC** | जिल्ला विकास समिति | District Development Committee |
| **DDRC** | जिल्ला दैवी प्रकोप उद्धारसमिति | District Disaster Relief Committee |
| **DHM** | जल तथा मौसम विज्ञान विभाग | Department of Hydrology and Meteorology |
| **DRR** | विपद् जोखिम न्यूनीकरण | Disaster Risk Reduction |
| **DRM** | विपद् जोखिम व्यवस्थापन | Disaster Risk management |
| **DOA** | कृषि विभाग | Department of Agriculture |
| **DOF** | वन विभाग | Department of Forest |
| **DOHS** | स्वास्थ्य सेवा विभाग | Department of Health Services |
| **DOMG** | खानी तथा भूगर्भ विभाग | Department of Mines and Geology |
| **DSCWM** | भू तथा जलाधार संरक्षण विभाग | Department of Soil Conservation and Watershed Management |
| **DUDBC** | शहरी विकास तथा भवन निर्माण विभाग | Department of Urban Development and Building Construction |
| **DWIDM** | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग | Department of Water Induced Disaster Management |
| **FAO** | खाद्य तथा कृषि संगठन | Food and Agriculture Organization |
| **FNCCI** | नेपाल उद्योग वाणिज्य महासंघ | Federation of Nepalese Chambers of Commerce and Industry |
| **GDP** | कूल ग्राह्यस्थ उत्पादन | Gross Domestic Product |

| | | |
|---|---|---|
| **GLOF** | हिमताल विस्फोट बाढी | Glacial Lake Outburst Flood |
| **GON** | नेपाल सरकार | Government of Nepal |
| **GPS** | ग्लोबल पोजिशनिंग सिस्टम | Global Positioning System |
| **HFA** | ह्योगो कार्य संरचना | Hyogo Framework for Action |
| **HFF** | हिमालयन फ्रंटल फǔट | Himalayan Frontal Fault |
| **ICIMOD** | अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र | International Centre for Integrated Mountain Development |
| **INGO** | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | International Non-Governmental Organization |
| **LAPA** | जलवायु परिवर्तनका लागि स्थानीय अनुकूलन कार्ययोजना | Local Adaptation Plan of Actions to Climate Change |
| **LRMP** | भूमि स्रोत नक्शांकन परियोजना | Land Resource Mapping Project |
| **LSGA** | स्थानीय स्वायत्त शासन ऐन | Local Self Governance Act |
| **MBT** | मेन बाउन्ड्री थ्रस्ट | Main Boundary Thrust |
| **MCT** | मेन सेन्ट्रल थ्रस्ट | Main Central Thrust |
| **MOALM&C** | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | Ministry of Agriculture, Land Management and Cooperatives |
| **MOFAGA** | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | Ministry of Federal Affairs and General Administration |
| **MOHA** | गृह मन्त्रालय | Ministry of Home Affairs |
| **MOFE** | वन तथा बातावरण मन्त्रालय | Ministry of Forest and Environment |
| **MOUD** | शहरी विकास मन्त्रालय | Ministry of Urban Development |
| **NAPA** | जलवायु परिवर्तनका लागि राष्ट्रिय अनुकूलन कार्यक्रम | National Adaption Programme of Action to Climate Change |
| **NCA** | दैवीप्रकोप (उद्धार) ऐन | Natural Calamities (Relief) Act |
| **NEA** | नेपाल विद्युत प्राधिकरण | Nepal Electricity Authority |
| **NGO** | गैर सरकारी संस्था | Non-governmental Organization |
| **NPC** | राष्ट्रिय योजना आयोग | National Planning Commission |
| **NPR** | नेपाली रूपियाँ | Nepalese Rupees |

| | | |
|---|---|---|
| **NRA** | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | National Reconstruction Authority |
| **NSDRM** | विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति | National Strategy for Disaster Risk Management |
| **DRR&MA** | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन | Disaster Risk Reduction & Management Act |
| **LGOA** | स्थानिय शासन संचालन ऐन | Local Government Operation Act |
| **NUDS** | राष्ट्रिय शहरी विकास रणनीति | National Urban Development Strategy |
| **OPMCM** | प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय | Office of the Prime Minister and Council of Ministers |
| **SAARC** | दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन | South Asian Association for Regional Cooperation |
| **UN** | संयुक्त राष्ट्र संघ | United Nations |
| **UNDP** | संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम | United Nations Development Programme |
| **UNICEF** | संयुक्त राष्ट्र संघीय बाल कोष | United Nations International Children's Emergency Fund |
| **VDC** | गाउँ विकास समिति | Village Development Committee |
| **WECS** | जल तथा ऊर्जा आयोगको सचिवालय | Water and Energy Commission Secretariat |
| **WFP** | विश्व खाद्य कार्यक्रम | World Food Programme |
| **WHO** | विश्व स्वास्थ्य संगठन | World Health Organization |

## कार्यकारी सारांश

नेपालको वर्तमान संविधानमाविपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापनको विषयलाईविभिन्न भाग, धारा र अनुसूचीमा उल्लेख गरीएको छ। संविधानको भाग ४ धारा ५१(छ) को प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्नपूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने कुरा उल्लेख छ। त्यसरी नै संविधानको अनुसूची ७ ले प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ। अनुसूची ८ मा विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा सूचीकृत गरेको छात्यस्तै अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समेत विपद् व्यवस्थापनलाई समेटेको छ।

नेपालले विपद् जोखिम व्यवस्थापन सम्बन्धि अन्तर्राष्ट्रिय स्तरमा हुने प्रतिबद्धतामा सहभागी हुदै गर्दा सन् २००५-२०१५ को ह्योगो कार्यढाँचामा पनि प्रतिबद्धता जनाए अनुरूपविपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २००९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हो। उक्त रणनीतिले ह्योगो कार्यढाँचामा अपेक्षा गरीएजस्तै विपद् उत्थानशील नेपालको परिकल्पना गरेता पनि हाम्रा क्रियाकलापहरू बढी प्रतिकार्य तथा राहत केन्द्रित रहे।

सन् २०१५ पछिका केही ऐतिहासिक अन्तर्राष्ट्रिय सम्झौताहरू र प्रतिबद्धताहरू मध्ये विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा, दिगो विकास लक्ष्य २०१५-२०३० र जलवायु परिवर्तन सम्बन्धि पेरिस सम्झौताविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सन्दर्भमा महत्वपूर्ण हुन्।

विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३ एउटा अन्तर्राष्ट्रिय मार्गदर्शन गर्ने विश्वब्यापी दस्तावेज हो भने विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २००९ प्रमुख राष्ट्रिय मार्गदर्शन हो। सो को कार्यान्वयनबाट सिकेका कुराहरू र पहिचान गरीएका कमी कमजोरीहरू, सन् २०१५ को भूकम्प, सन् २०१४ र २०१७ को बाढीर हालैका अन्य विपद्हरूबाट सिकेका पाठहरू हाम्रा लागि व्यवहारिक मार्गदर्शन हुन्। यी विषयहरूलाई मार्गदर्शनको रूपमा लिई तयार गरीएको यो रणनीतिक कार्ययोजना सन् २०१८ देखि २०३० सम्मको अवधिलाई लक्षित गरी तयार गरीएको छ। यो रणनीतिक कार्ययोजनाको लागि निम्न बमोजिमका चार प्राथमिकता प्राप्त क्षेत्रहरू र अठार प्राथमिकता प्राप्त कार्यहरू तय गरिएका छन्।

### प्राथमिकताप्राप्त क्षेत्र १:विपद् जोखिम बारे बुझाई

प्राथमिकताप्राप्त कार्य १ः प्रकोप बमोजिम जोखिम आँकलन

प्राथमिकताप्राप्त कार्य २ः बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

प्राथमिकताप्राप्त कार्य ३ः प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

प्राथमिकताप्राप्त कार्य ४ः विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

### प्राथमिकताप्राप्त क्षेत्र २: संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य ५ः संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य ६: कानूनी तथा नियामक संरचना निर्माण

प्राथमिकताप्राप्त कार्य ७: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

प्राथमिकताप्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमा समावेशिताको सुनिश्चितता

**प्राथमिकताप्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन**

प्राथमिकताप्राप्त कार्य ९: उत्थानशीलता बृद्धिका लागि लगानी प्रवर्धन

प्राथमिकताप्राप्त कार्य १०: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

प्राथमिकताप्राप्त कार्य ११: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि

प्राथमिकताप्राप्त कार्य १२: जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

**प्राथमिकताप्राप्त क्षेत्र ४: प्रभावकारी विपद्प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

प्राथमिकताप्राप्त कार्य १३: प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य १४: विपद् पूर्वतयारीको लागि बहु(प्रकोप पूर्व सूचना प्रणालीको विकास

प्राथमिकताप्राप्त कार्य १५: समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन

प्राथमिकताप्राप्त कार्य १६: विपद् पूर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य १७: खोज तथा उद्धारको क्षमता अभिवृद्धि

प्राथमिकताप्राप्त कार्य १८: पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" अवधारणा प्रवर्धन

हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत रणनीतिक क्रियाकलापहरूसामान्यतया सन् २०१८ देखि २०२० सम्मको अवधिलाई अल्पकालिन, सन् २०१८ देखि २०२५ सम्मको अवधिलाई मध्यकालिन,सन् २०१८ देखि २०३० सम्मको अवधिलाई दीर्घकालिनर निरन्तर रुपमा गरिरहनुपर्ने क्रियाकलापहरूका लागि निरन्तर भनि प्रस्ताव गरीएका छन्। यस रणनीतिक कार्ययोजनालाई सरल र कार्यान्वयन योग्य बनाउन प्रयास गरीएको भएता पनि यसको अद्यावधिक र आवधिक सुधार निरन्तर रूपमा आवश्यक हुनेछ। यस रणनीतिक कार्ययोजनाको आवधिक समीक्षा र अद्यावधिक गर्न गृह मन्त्रालयको पहलमा अन्य मन्त्रालयहरू, विभाग, निजी क्षेत्र र अन्य साझेदारको संयुक्त अनुभवको आधारमा लगातार प्रयास हुनेछ।

यस विपद्जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० का नौ अध्यायहरू छन्। पहिलो अध्यायमापृष्ठभूमीको रूपमा नेपालमाविपद् जोखिमको अवस्था बारे संक्षिप्त विवरण प्रस्तुत गरीएको छ। दोस्रो अध्यायमाविपद् जोखिम ब्यवस्थापन राष्ट्रिय रणनीति २०६६ कार्यान्वयनको समीक्षा, विद्यमान कानूनी

तथा नितीगत ब्यवस्थार विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना तयारी प्रक्रिया बारेमा आवश्यक जानकारी गराउँने प्रयास गरीएको छ। तेस्रो अध्यायले विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजनाका प्राथमिकताप्राप्त क्षेत्रहरू प्रस्तुत गर्छ। चौथो अध्यायदेखि सातौं अध्यायमा कार्ययोजनाको निम्ति चार प्राथमिकता प्राप्त क्षेत्रहरूमा प्रत्येकका विस्तृत रणनीतिक क्रियाकलापहरूअलग अलग प्रस्तुत गरीएका छन्। आठौं अध्यायले रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय विकल्पहरू प्रस्तुत गर्छ र नवौं अध्यायमा रणनीतिक कार्य योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकनको विधि समावेश गरीएको छ।

## अध्याय १
## पृष्ठभूमि

### १.१ विपद् जोखिमको अवस्था

नेपालको उत्तरमा विशाल हिमालय पर्वत श्रृंखलादेखि दक्षिणमा समथर तराईसम्म सरदर १७० किलोमिटर दूरी रहेको छ। यस्तो कम दूरी भित्र पनि विविध भौगोलिक स्थिति हुनाले नेपाल प्राकृतिक विविधताको धनी देश भएता पनि नेपालीहरूले विभिन्न प्रकारका खतरनाक प्रकोपहरूको सामना गर्नु परिरहेको छ। नेपाल प्राकृतिक प्रकोपका कारण विविध प्रकारका विपदहरूको जोखिममा रहेकोले हरेक वर्ष औसत ५०० भन्दा बढी विविध विपद्का घटनाहरू हुने गर्दछन्, परिणामस्वरूप भौतिक संरचना तथा मानवीय क्षति हुन्छ र जीविकोपार्जनमा समेत असर पर्छ। पछिल्लो ४५ वर्ष (सन् १९७१ देखि २०१५) को अवधिमा नेपालमा ४०,००० भन्दा बढी व्यक्तिहरूले विपद्का कारण आफ्नो ज्यान गुमाएका छन्। यो संख्या हरेक दिन २ जनाको ज्यान गए भन्दा बढी हो। उच्च मृत्यु दरको अलावा, उक्त अवधिमा ७५,००० भन्दा बढी व्यक्तिहरू घाइते भएका छन् भने लगभग ३०,००,००० प्रभावित बनेका छन्। यी विपद्हरूले नेपाल भर मानिस तथा समुदायलाई एक भयानक बोझ थोपरेको छ। नेपालमा अधिकांश जिल्लाहरूमा लगातार विपद् आउने गर्दछ, जहाँ दुई वा दुई भन्दा धेरै प्रकारका प्रकोपबाट जनसंख्याको ९० प्रतिशत भन्दा बढी मृत्युको उच्च जोखिममा हुन्छन्।

मुख्य विपद्हरूमा गैरप्राकृतिक विपद्हरू जस्तै महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरूङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतंक, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना तथा प्राकृतिक विपद्हरू जस्तै हिमपात, असिना, हिमपहिरो, हिमपहिरो विष्फोटन, अतिबृष्टि, अनावृष्टि, बाढी पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आदि हुरी बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ, भूकम्प, ज्वालामूखी विष्फोटन, डढेलो जस्ता घटनाहरू पर्दछन्। नेपाल विश्वमा भूकम्पबाट ११ औं अति जोखिम तथा बाढी र पहिरोबाट ३० औं अति जोखिम देशको रूपमा रहेको छ। यसका अलावा बढदो विकास प्रक्रिया सँगै नेपालले वातावरण प्रदूषण, वन विनाश, बाँध तथा तटबन्ध बिस्फोटन, पुल भत्किने, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना आदि जस्ता गैर प्राकृतिक विपद्हरूसमेत भोग्नु परिरहेको छ।

भौगर्भिक रूपमा गतिशीलपर्वत श्रृखला, अस्थिर र अति भिरालो जमिन तथा कमजोर भौगोलिक बनावटका कारण मनसुनको समयमा देशैभरि विभिन्न प्रकारका भौगर्भिक तथा जलवायुजन्य प्रकोपहरू हुने गर्दछन्। करिब ८३ प्रतिशत नेपाल हिमाल तथा पहाडी भूभागमा र १७ प्रतिशत समतल तराईमा पर्छ। पहाडी भाग पहिरो र भूक्षयको जोखिममा छ भने तराई र चुरे क्षेत्र बाढी, खडेरी, आगलागी र महामारीको जोखिममा छन्। हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटन बाढीको खतरा छ। पुरै नेपाली भूभाग सक्रिय भूकम्पीय क्षेत्रमा पर्ने हुनाले पहाडी र हिमाली क्षेत्रका बस्तीहरू उच्च भूकम्पीय जोखिममा छन्। यी विपद्बाहेक, देशमा अन्य मानव सिर्जित विपद्का घटनाहरू पनि हुने गरेका छन्। नेपालमा विपद् निम्त्याउने मुख्य प्रकोपहरू यस प्रकार छन्।

### १.१.१ सडक दुर्घटना

बढदो विकास प्रक्रिया सँगै नेपालमा बृद्धि हुँदै गईरहेको शहरीकरण र सडक सञ्जालको विस्तारले सडक दुर्घटनाहरू बर्षेनी बृद्धि हुँदै गईरहेका छन्। चालकको लापरवाही, मदिरा सेवन गरी गाडी चलाउनु, तीब्र गतिमा गाडी चलाउनु, पैदल यात्रुहरूको लापरवाही, अव्यवस्थित पार्किङ्ग, अव्यवस्थित सडक पार गर्ने प्रणाली, साँघुरो सडक, भिरालो सडक, खराब साईड ड्रेन, मोडहरूमा कमजोर दृश्यता आदि सडक दुर्घटनाका मुख्य कारणहरू हुन्।

विश्व स्वास्थ्य संगठनको सन् २०१४ को प्रतिवेदन अनुसार नेपालमा सडक दुर्घटनाका कारण मृत्यु हुनेको दर कुल मृत्युदरको ३.१८ प्रतिशत रहेको देखिन्छ। यो मृत्युदर उमेर समुह मृत्युदरसँग समायोजन गर्दा प्रति एक लाख जनसख्यामा २२.३२ ब्यक्ति हुन आउँदछ। सडक दुर्घटनाका कारण हुने मृत्युदरको आधारमा नेपाल विश्वको पचासौ राष्ट्र रहेको छ। सन २००१ देखि हालसम्मको तथ्याङ्क केलाउँदा सडक दुर्घटनावाट हुने मृत्युदर बढिरहेको देखिन्छ। विगत ५ वर्षको तथ्याङ्क अनुसार नेपालमा बर्षेनी करीब १०,००० सडक दुर्घटना हुने गरेका छन्। जसका कारण बर्षेनी करीब १,८८९ ब्यक्तिले ज्यान गुमाउँछन् भने करीब १३,००० ब्यक्तिहरू घाईते हुन्छन्। यी तथ्याङ्कहरूको विश्लेषणले नेपालमा दैनिक २७ वटा दुर्घटना तथा ५ जना भन्दा बढीको मृत्यु हुने गरेको देखिन्छ। सडक दुर्घटनाको कारणले मात्र कुल गार्हस्थ्य उत्पादनको करिब ०.८ प्रतिशत वार्षिक आर्थिक क्षति हुने गरेको छ।

### १.१.२ महामारी

नेपालका जनसमुदायहरू महामारीको प्रकोपबाट अत्यन्त असुरक्षित छन्। पानी, किरा र जीवाणुबाट संक्रमण हुने रोगका कारण धेरैको ज्यान जाने गरेको छ। सन् १९७१ देखि २०१५ सम्ममा महामारीका कारण १६,५६४ जनाले ज्यान गुमाएका छन्। नेपालमा झाडा पखाला, काला ज्वर, ठेउला, हेपाटाईटिस, एनफ्लुएन्जा, टाइफाईड, दम, हैजा, यौन रोग, क्षयरोग र कुष्ठरोग संक्रमण हुने रोगहरू हुन्।

वि. सं. २०६५ सालमा चैत देखि भदौसम्म नेपालको मध्य तथा सुदूर पश्चिमी क्षेत्र झाडा पखालाको महामारीबाट प्रभावित भयो। करिब २८२ जनाले ज्यान गुमाए। १९ जिल्लामा झाडा पखालाको असर देखियो। जाजरकोट

जिल्लामा मात्र करिब १२५०० ब्यक्ति प्रभावित भए भने १२८ जनाले ज्यान गुमाए। यस्तै रूकुममा ४६ जनाले ज्यान गुमाए।

वि. सं. २०६५ साल माघमा नेपालमा पहिलो पटक पंक्षीबाट हुने एन्फ्लुएन्जा (बर्ड फ्लु) देखा पर्‍यो। यस भाइरसले झापा जिल्ला स्थित काकरभिट्टामा कुखुरापालन प्रभावित गर्‍यो। भाइरस नियन्त्रण गर्न उक्त क्षेत्रको २८,००० कुखुराहरू मारिए। काठमाडौं उपत्यका, चितवन, काभ्रे, हेटौंडा र देशको अन्य भागहरूमा पनि हालसालै उक्त भाइरस फैलिएको पाईएको छ। साथै बर्षेनी नेपालका केही स्थानहरूमा सयौं मानिसले महामारीका कारण ज्यान गुमाउनुपर्ने अवस्था विद्यमान छ। जनावर र जन स्वास्थ्यमा प्रभाव पार्न सक्ने एन्फ्लुएन्जा भाइरस लगायतका महामारी अनुगमनको लागि नियमित निगरानी प्रणाली विकास गर्न आवश्यक छ।

### १.१.३ भूकम्प

नेपालसक्रिय भूकम्पीय क्षेत्रमा अवस्थित रहेको छानेपालमा हिमालयभन्दा दक्षिण तर्फका मध्य पर्वतहरूसँग जोड्ने विशाल हिमालयको आधार स्थलमा मेन सेन्ट्रल थ्रस्ट, साना हिमालय र सिवालिकको संगमस्थलमा मेन बाउन्ड्री थ्रस्ट र सिवालिकको दक्षिण तर्फ हिमालय फ्रन्टल फल्ट समेत प्रमुख तीन दरारहरू रहेका छन्। प्रत्येक दरारहरू पूर्वदेखि पश्चिम तर्फ क्रियाशील छन् र यसैका कारण नेपालमा साना तथा ठूला परिमाणका भूकम्पहरू गईरहेका हुन्छन्। यी दरारहरू यूरेशियन प्लेट तल ईण्डियन प्लेटको हलचलका कारण पैदा भएका हुन भन्ने भूगर्भविदहरूको भनाई छ।

ईण्डियन प्लेट उत्तर तर्फ प्रति वर्ष २० मिलिमिटर सरिरहेको छ र तिब्बत (यूरेशियाको दक्षिणी किनारा) तलको भाग एशियन प्लेटसँग मिल्दछ, फलवरूप हिमालयलाई माथितिर धकेल्न आवश्यक पर्ने शक्ति उत्पन्न गर्दछ जसले गर्दा यस क्षेत्रलाई विश्वमा सबैभन्दा गतिशील स्थान बनाएको छ। भूउपग्रहहरूको उपयोग गरेर ग्लोबल पोजिसनिङ सिस्टमद्वारा गरीएको मापनले नेपालको मध्य भाग काठमाडौंको पूर्वोत्तर दिशामा अवस्थित हिमालय प्रति वर्ष ७±२ मिलिमिटर बढिरहेको देखाएको छ। यसैकारण नेपालमा ईस्वी संवत् १२५५, १४१०, १५०५, १५५५, १८०३, १८३३, १८९७, १९०५, १९३४, १९५०, २००५ र २०१५ मा ठूला भूकम्पहरू आएका थिए।

वि. सं. २०७२ बैशाख १२ गते गोरखा केन्द्र विन्दु भएको ७.६ रेक्टर स्केलको विनाशकारी भूकम्पको कारण नेपालले जनधनको धेरै क्षति बेहोर्नु पर्‍यो। तत्पश्चात् २०७२ साल बैशाख २९ गते सिन्धुपाल्चोक केन्द्र विन्दु भएको ७.३ रेक्टर स्केलको ठूलो पराकम्पनले र निरन्तर आईरहेका अन्य पराकम्पनहरूले जनधनको थप क्षति बढायो। उक्त भूकम्पले हिमपहिरो, सुख्खा पहिरो, बाटो अवरोध जस्ता विपत्तीहरू सिर्जना गर्‍यो। नेपालका ३१ जिल्लामा यसको बढी प्रभाव पर्‍यो र १४ जिल्लालाई त अति प्रभावित जिल्ला घोषणा गरीयो। थुप्रै बस्तीहरू बसोबासका लागि जोखिमपूर्ण भए र काठमाडौं उपत्यकाका ऐतिहाँसिक क्षेत्रहरू तथा सम्पदा स्थलहरू नष्ट भए।

उक्त भूकम्पको कारण ८,९७९ मानिसहरू मरे र २२,३०० भन्दा बढी मानिसहरू घाइते भए। कम्तीमा ४९८,८५२ निजी घरहरू तथा २,६५६ सरकारी भवनहरू नष्ट भएको आँकलनले देखायो। यस्तै २५६,६९७ निजी घरहरू

तथा ३,६२२ सरकारी भवनहरू आंशिक रूपले क्षतिग्रस्त भए। यसबाहेक १९,००० भन्दा बढी कक्षाकोठाहरू पूर्णरूपमा नष्ट भए र ११,००० भन्दा बढी कक्षाकोठाहरू आंशिकरूपमा क्षतिग्रस्त बने।

### १.१.४ पहिरो

सन् १९७१ देखि २०१५ सम्ममा पहिरोका कारण नेपालमा ४,८३२ जनाले ज्यान गुमाएका छन्। वि.सं. २०५० सालमा बाढी र पहिरोको प्रकोपबाट नेपालको पूर्वी र मध्य क्षेत्रमा ठूलो जनधनको क्षति भएको थियो। राजमार्ग र भिरालो पहाडमा साना ठूला गरी २,००० भन्दा बढी पहिरो गएका थिए। निस्क्रिय भैसकेका पुराना पहिरोहरू पनि पुनः सक्रिय भए। मूसलधारे वर्षा, पहिरो र बाढीको कारण कृषि योग्य भूमिको ४२,९९५ हेक्टर भूभाग प्रभावित भएको थियो। थुप्रै सिंचाई प्रणाली, राजमार्ग, पुल र अन्य पूर्वाधारहरू क्षतिग्रस्त भएका थिए। करिब ५ अर्ब नेपाली रूपियाँ बराबर कूल क्षति भएको अनुमान गरीएको थियो। १,१७० मानिसहरूको मृत्यु भयो भने पाँच लाख व्यक्तिहरू प्रभावित भएका थिए।

त्रिभुवन, पृथ्वी, अरनिको, बुटवल-पोखरा र नारायणगढ-मुगलिङ राजमार्गहरू सहित नेपालको महत्वपूर्ण पहाडी राजमार्गहरूले नियमित रूपमा पहिरोको सामना गरीरहेका छन्। वि. सं. २०६० सालको श्रावणमा अत्यधिक वर्षाले नारायणगढ-मुगलिङ राजमार्गको ३६ किलोमिटर खण्डमा ७० भन्दा धेरै स्थानहरूमा पहिरो गएको थियो। विनाशकारी बाढी र पहिरोले सिर्जना गरेको विपद्का कारण यसबाट बच्न जनचेतनाको माध्यमबाट केहि नयाँ सिकाइ तथा अनुभवहरू पनि प्राप्त भएका छन्।

### १.१.५ बाढी

नेपालमा साना ठूला गरेर ६,००० भन्दा बढी नदीहरू छन् जसको कूल लम्बाइ करिब ४५,००० किलोमिटर छ। यी नदीहरूले कृषि सिंचाई सुविधा र जीवन निर्वाहका लागि सहयोग पुऱ्याउँछन् तर जब ती नदीहरूमा बाढी आउँछ, बाढीले मुख्यतया तराई र उपत्यकाहरूमा विनाशलीला नै मच्चाउँछन्। नेपालमा नदीको जल निकास घनत्व ०.३ किमि प्रति वर्ग किमीले जल निकास मार्गहरू कति नजिक र बाढी संवेदनशील छन् भन्ने देखाउँछ। बाढीले बालीको नोक्सान गर्नुका साथै मानवीय तथा भौतिक सम्पत्तिमा क्षति पुऱ्याउँछ र बाढी पश्चात प्रायः महामारी फैलिन्छ। विशेषतः यसबाट गरीबहरू सबैभन्दा असुरक्षित हुन्छन्। सन् १९७१ देखि २०१५ सम्ममा बाढीका कारण ४,३४४ जनाले ज्यान गुमाएका छन्।

सामान्यतया उच्च सघनतायुक्त वर्षा, धेरै दिनसम्म लगातार वर्षा, हिमताल विस्फोटन र भुस्खलनको कारण हुने बाँध विस्फोटनले नेपालमा बाढी आउँछ। नेपालको मध्य पहाडी क्षेत्रमा अचानक बाढी आउने र जनधनको नोक्सानी हुने गरेको अनुभव हामी सामु छ। पहाडी क्षेत्रदेखि अत्यधिक मात्रामा नदीले बगाएर ल्याएको थिग्रेनी तराईको समतल भूमिमा थुप्रिनुको कारणले गर्दा विशेषतः तराईमा प्रायः तटवर्ती क्षेत्रहरू बाढीले प्रभावित हुन्छन्। ग्रीष्मकालीन मनसुन अधिक सक्रिय बनेपछि आषाढ, श्रावण र भाद्रको मध्य अवधिमा सबभन्दा बढी बाढी आउँने गर्दछ। पहिरो र हिमनदीले बनाएका अस्थायी तालहरूको विस्फोटनको कारण पनि अचानक बाढी आउँछ। चुरे पर्वतदेखि उत्पन्न खहरेहरूबाट अचानक आउँने बाढीको कारण भावर क्षेत्र खतरामा छ। यी

नदीहरूले प्रायः आफ्ना धार परिवर्तन गर्छन् र अत्यधिक थिग्रेनी बगाएर ल्याउँछन ती थिग्रेनीहरू समतल भूमिमा थुप्रिएपछि नदी बहने मार्ग र बगरको उचाई लगातार बढ्दछ। जब यी नदीहरू दक्षिण तराई तर्फ बग्छन तब डुबान, कटान गर्ने र खेत बगर बन्ने तथा बालीमा बालुवा थुप्रिने हुन्छ।

भारतको बिहार र उत्तर प्रदेशमा सीमा नजिकै नदीहरूमा निर्माण गरीएका तटबन्धहरूले जल निकास अवरोध गर्दा नेपालको तराई जलमग्न हुने गरेको छ। पूर्वाधार निर्माण, विशेषगरी सिमानामा सडक निर्माण कार्यले पनि प्राकृतिक जल निकासलाई बाधा पुऱ्याउँछ। नदी बहने मार्गको सतह बढ्दा मध्यम स्तरको जल प्रवाहको समयमा पनि जनसमुदायबाढीबाट असुरक्षित हुन्छन्। यो समस्या निराकरणका लागि पनि यसका आफ्नै निर्दिष्ट उद्धार र राहत गतिविधिहरूका साथै प्राकृतिक जल निकास मार्गहरू खोल्ने जस्ता रोकथामका उपायहरू आवश्यक हुन्छन्। पहाडमा पनि बाढीको समस्या व्याप्त छ, जहाँ हिमनदी विस्फोटन पछिको बाढीले तल्लो भेगमा उल्लेख्य क्षति पुऱ्याउँन सक्छ।

### १.१.६ हिमपात तथा हिमपहिरो

वि. सं. २०७१ आश्विन २८ गते नेपालको मनाङ र मुस्ताङ जिल्ला स्थित अन्नपूर्ण र धौलागिरी वरपरको क्षेत्रमा हिमपात सँगै श्रृंखलावद्ध हिमपहिरो गयो। त्यस सालको आश्विन २० गते बङ्गालको खाडीबाट उत्पन्न भएको हुदहुद नामको तूफानले गर्दा आँधी आएको थियो। हिमपात र हिमपहिरोको कारण २१ जना पदयात्री सहित कम्तिमा ४३ व्यक्तिहरूको मृत्यु भयो। अनुमानित ५० जना जति व्यक्तिहरू हराइरहेका र १७५ व्यक्तिहरू कष्टप्रद चिसोको कारण शरीरमा असर भएर घाइते भएको सूचना मिलेको थियो। लगभग ४०० व्यक्तिहरूलाई मनाङ र मुस्ताङका विभिन्न क्षेत्रहरूबाट उद्धार गरीएको थियो। यस्ता घटनाहरूले पर्यटन क्षेत्र र राष्ट्रिय अर्थव्यवस्थामा गहिरो असर पुऱ्याउँछन्। पर्यटक तथा स्थानीय समुदायलाई सुरक्षित स्थानमा लैजाने संयन्त्रको विकास र मौसम पूर्वसूचना प्रणालीमा उचित लगानीले यस्ता विपद् जोखिम टार्न सकिन्छ।

### १.१.७ खडेरी

नेपालको तराई र पश्चिमका पहाडहरूमा वषनी हुने खडेरीले कृषि, पर्यावरण र मानव पद्धतिमा नकारात्मक असर पुऱ्याइरहेको छ। मंसिरदेखि जेष्ठ सम्मको अवधि अपेक्षाकृत सुक्खा हुन्छ र मनसुन अवधिमा लामो समयसम्म पानी नपर्दाको अवधिमा पनि खडेरीको जस्तै अवस्था पैदा हुन्छ। हिमालय पारी पर्ने जिल्लाहरू मुस्ताङ र मनाङ भने वर्ष भर नै अत्यन्तै सुक्खा रहन्छन् र तराई तथा पश्चिमका पहाडहरू अन्य क्षेत्रहरू भन्दा बढी प्रभावित हुन्छन्।

मध्य पहाडहरूमा पानीको स्रोतहरू (मुख्यतया भूमिगत पानीका मूलहरू) सुक्ने घटनाहरू वृद्धि भइरहेको अनुभव गरीएको छ। कृषि तथा सहकारी मन्त्रालयले खडेरीलाई कृषिका निम्ति सबैभन्दा ठूलो जोखिमको रूपमा पहिचान गरेको छ। विशेष गरी वर्ष भर कृषियोग्य भूमिको ३८ प्रतिशत भूमिमा मात्र सिंचाई सुविधा पुगेको र बाँकी भूमि वर्षाको पानीमा निर्भर रहने गरेको अवस्थामा लामो खडेरीले कृषि उत्पादनमा प्रतिकूल असर पारी खाद्य असुरक्षाको अवस्था सिर्जना गर्दछ। नेपालमा हरेक वर्ष पहाड र तराई क्षेत्रहरूमा बस्ने करिब ५,०००

परिवार खडेरीले प्रभावित हुन्छन्। खडेरीको कारण अन्न उत्पादनमा व्यापक गिरावट आउँछ र भोकमरीको समस्या अझ बढ्न जान्छ।

सन् २००८ को हिउँदमा वर्षाको कमीले देश भर अन्न उत्पादनमा गम्भीर ह्रास आयो। गहुँ र जौ उत्पादनमा क्रमशः १४ र १७ प्रतिशतले गिरावट आयो। नेपालको मध्य तथा सुदूर-पश्चिमका केही जिल्लाहरूमा नोवेम्बर २००८ देखि फेब्रुअरी २००९ सम्म औसत वर्षाको आधा भन्दा कम वर्षा भएकोले अन्न उत्पादन आधा भन्दा कम भएको थियो। कृषि तथा सहकारी मन्त्रालय, संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठन र संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रमको संयुक्त आँकलनले अपर्याप्त अन्न उत्पादनको कारण लगभग २० लाख मानिसहरू खाद्य असुरक्षाको उच्च जोखिममा परेका र थप ३४ लाख चपेटामा परेका थिए भन्ने देखाएको छ। ती संस्थाहरूको प्रतिवेदनले नेपालको ७५ जिल्लाहरूमध्ये ४० जिल्लामा खडेरीको कारणले खाद्यन्नको अभाव भएको अनुमान गरेको छ।

उल्लिखित प्रमुख जलवायुजन्य, भूगर्भीय र स्वास्थ्य प्रकोपहरूका अतिरिक्त आगलागी, डढेलो, चट्याङ, असिना पानी, हावाहुरी, हिमताल विस्फोटनबाट हुने बाढी र वायु तथा जल प्रदूषण जस्ता प्रकोपबाट पनि नेपाल तुलनात्मक रूपले असुरक्षित नै रहेको छ।

जलवायु परिवर्तनका कारण चरम जलवायु घटनाका क्षेत्रिय र सामयिक ढाँचाहरू परिवर्तनहुन सक्ने सम्भावना छ। हालैका वर्षहरूमा मनसुनी वर्षाको ढाँचा परिवर्तन भै मनसुन समाप्त हुन ढीलो हुँदा सक्रिय मनसुनको अवधि लम्बिन गएको संकेत पाईएको छ। उच्च तीब्रतर चरम वर्षाको क्षेत्रीय प्रवृत्ति वार्षिक वा मनसुनी वर्षाको प्रवृत्ति भन्दा धेरै फरक हुन्छ। तराई र चुरे क्षेत्र जहाँ अपेक्षाकृत वार्षिक वर्षा र पानी पर्ने दिन कम हुन्छ, उच्च तीब्रतर चरम वर्षाको चपेटामा परेका छन्। सन् १९८१ देखि २०१० सम्मको २१० केन्द्रहरूको हालको वर्षाको प्रवृत्ति विश्लेषण गर्दा नेपालभर पूर्व मनसुन वर्षा बढिरहेको देखिन्छ भने मनसुन पश्चात वर्षा घटिरहेको देखिन्छ। अझ, नेपालभर लगातार सुक्खा दिनहरूको संख्यामा एक महत्वपूर्ण बढदो प्रवृत्ति र पानी पर्ने दिनहरूको संख्यामा घटदो प्रवृत्ति देखिएको छ, जसले देशभर सुक्खा अवधि लम्बिएको संकेत गर्दछ। समग्रमा, देशका विभिन्न भागहरूमा विभिन्न वर्षा सूचकांकको तीब्रताले क्षेत्र विशेष बाढी, पहिरो र खडेरीको जोखिमलाई संकेत गर्दछ।

विपद् प्रकोप र संकटउन्मुखताको संयुक्त परिणाम हो। सबैभन्दा जोखिम समूहमा कम आय भएका र गरीब परिवारहरू, सीमान्तकृत र बहिष्कृत समुदायहरू, महिलाहरू, बालबालिका, बृद्ध र अपाङ्ग ब्यक्तिहरू पर्दछन्। विपद् जोखिम सामाजिक, आर्थिक र राजनीतिक ढाँचा र उनीहरू बीचको अन्तरसम्बन्धमा निर्भर गर्दछ। विपदका आयामहरू गतिशील छन्।सम्मुखता र संकटउन्मुखता घटाएर तथा उत्थानशीलता अभिबृद्धि गरेर विपद् जोखिम न्यूनीकरण गर्न सकिन्छ।

## अध्याय २

## विपद् जोखिम जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ कार्यान्वयनको समीक्षा र विद्यमान कानुनी तथा नीतिगत व्यवस्था

### २.१ विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ कार्यान्वयनको समीक्षा

विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा राहत तथा उद्धार केन्द्रित अवधारणाबाट विपद् जोखिम न्यूनीकरण केन्द्रित बृहत्तरअवधारणालाई अंगिकार गरेको छ। उक्त रणनीति तर्जुमा र कार्यान्वयनमा विपद् जोखिम व्यवस्थापनमा संलग्न सरकारी निकायहरू, विकास साझेदारहरू,र ाष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था, रेडक्रस अभियानका अंगहरू र मानवीय सहायताको क्षेत्रमा क्रियाशील संघ संस्था एंव सामुदायिक संस्थाहरूकोसंलग्नता र सहयोग रहेको थियो।

यस रणनीतिको कार्यन्वयनबाट जोखिम न्यूनीकरणका क्षेत्रमा केही महत्वपूर्ण नीतिगत तथा संस्थागत व्यवस्था भएका छन्। राष्ट्रिय भवन संहितामा आधारित नयाँ निर्माण र विद्यालय तथा अस्पताल भवनहरूको प्रबलीकरण कार्यक्रमहरू जोखिम न्यूनीकरणको क्षेत्रका महत्वपूर्ण उपलब्धी हुन्। यसै गरी जोखिम न्यूनीकरणका लागि जिल्ला देखि समुदाय स्तरसम्म कार्यान्वयनमा ल्याइएका स्थानीय विपद् जोखिम व्यवस्थापन योजना, जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र केन्द्र देखि जिल्ला तहसम्म स्थापना गरी संचालनमा ल्याइएका आपत्कालीन कार्य संचालन केन्द्रहरू केही महत्वपूर्ण प्रयासहरू हुन्। यसरी नै राष्ट्रिय स्तर देखि स्थानीय स्तरसम्मका विपद् जोखिम व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन भएबाट यस क्षेत्रमा ठूलो लाभ मिलेको छ। केही नदीहरू एवं जोखिमयुक्त हिमतालहरूमा स्थापना गरीएका पूर्वसूचना प्रणालीले वाढी तथा डुवानबाट हुने जनधनको क्षति न्यूनीकरणमा मद्दत पुऱ्याएको छ।

विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ कार्यान्वयनमा आए पश्चात जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा केही सार्थक प्रगति भएतापनि शासनका क्रियाकलापहरूलाई अपेक्षित रूपमा जोखिम सम्वेदनशील बनाउन नसक्दा रणनीतिका संस्थागत व्यवस्था र जोखिमको लेखाजोखा जस्ता पहिलो र दोस्रो प्राथमिकताप्राप्त क्रियाकलापहरूमा अपेक्षाकृत प्रगति हुन सकेन। भौगोलिक सूचना प्रणाली (Geographic Information System) मा आधारित विपद् सूचना व्यवस्थापन प्रणालीको स्थापना र त्यसलाई संस्थागत गर्ने कार्य तथा कार्यमूलक जोखिम सूचना र यसको प्रभावकारी प्रचार प्रसार संयन्त्रको बिकास गर्ने कार्य प्रारम्भिक अवस्थामै छ। यसका अलावा जलवायुजन्य र अन्य जोखिमहरूको एकीकृत लेखाजोखा गरी जलवायु परिवर्तन अनुकूलन एवं विपद् जोखिम न्यूनीकरणलाई समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्न सकिएको छैन्। जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण सम्बन्धी नीतिगत, संस्थागत एवं कानूनी व्यवस्थालाई एकीकृत गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नाले सीमित स्रोत साधनको सदुपयोग हुने हुँदा यसतर्फ ध्यान दिन आवश्यक छ। पछिल्लो दशकमा हासिल गरीएका महत्वपूर्ण सफलताका बावजुद यो रणनीतिले नेपाललाई विपद् उत्थानशील समुदायको रूपमा स्थापित गर्न अवलम्बन गरेको दीर्घकालीन सोच हासिल गर्न अझै धेरै काम गर्न बाँकी नै छ।

## २.२ विद्यमानकानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधानले प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाईको विकास गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने नीति अवलम्बन गरेको छ। संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ। यसै गरी विपद् व्यवस्थापनलाई अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको सूचीमा समेटेको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखेको छ।

दैवी प्रकोप (उद्धार) ऐन, २०३९ कार्यान्वयन भए सँगै नेपालमा विपद् व्यवस्थापन सम्बन्धी संस्थागत कार्यको थालनी भयो। यस ऐनले गृह मन्त्रालयलाई विपद् पश्चातको उद्धार तथा राहत मार्फत जनधनको सुरक्षा गर्ने कार्यको समन्वय गर्न केन्द्रीय निकायको रूपमा स्थापित गर्‍यो। यसै गरी अन्य मन्त्रालय, विभाग, प्रतिष्ठान, विकास साझेदार, संयुक्त राष्ट्र संघीय निकाय, अन्तर्राष्ट्रिय मानवीय सहयोग निकायहरू, गैर सरकारी संस्थाहरू र नागरीक समाजलाई सहयोगीको रूपमा तय गर्‍यो। ऐनले नीति निर्माण र कार्यान्वयन गर्न केन्द्रीय स्तरमा केन्द्रीय दैवी प्रकोप उद्धारसमिति र समन्वय एवं कार्यान्वयनका लागि क्षेत्रीय, जिüला र स्थानीय स्तरमादैवी प्रकोप उद्धार समितिहरू गठनका लागि अधिकार प्रदान गरेको थियो।

अन्तर्राष्ट्रिय स्तरमा गरीएका पहलहरूको परिमाणस्वरूप सन् २००५ मा आत्मसात् गरीएको ह्योगो कार्यढाँचासँगै नेपालको विपद् व्यवस्थापनको अवधारणा "विपद् जोखिम न्यूनीकरण" तर्फ विकसित भइरहेको छ। यसै सन्दर्भमा विपद जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् जोखिम न्यूनीकरणका लागि पाँच वटा प्राथमिकता प्राप्त क्षेत्रहरू पहिचान गरी उत्थानशील समुदायको विकास गर्ने उद्देश्य लिएको छ। यस रणनीतिले ह्योगो कार्यढाँचा २००५-२०१५ मा अपेक्षा गरीए जस्तै विपद् उत्थानशील नेपाल बनाउने सोच प्रस्तुत गर्‍यो। यसले क्षेत्रगत विकास योजना निर्माण र कार्यान्वयन प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्न अभिप्रेरित गर्नुका साथै संस्थागत संयन्त्र विकास र सुदृढीकरण गर्न, क्षमता अभिबृद्धि गर्न, आपतकालीन पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ कार्यक्रमलाई प्रभावकारी बनाउन प्रोत्साहित गरेको छ।

सेन्डाई कार्यढाँचा २०१५ ले चारवटा प्राथमिकता क्षेत्रहरू तोकी विपद् व्यवस्थापनमा समाजका सबै तहको सहभागितालाई सुनिश्चित गर्दै विपद उत्थानशील समुदाय र राष्ट्रको विकास गर्ने लक्ष्य लिएको छ। नेपालले पनि अन्तर्राष्ट्रिय प्रतिबद्धता, विगतका विपद्‌हरूको अनुभवहरू एवं नेपालको संविधान वमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा ल्याएको छ। यस ऐनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका समग्र पक्षहरूलाई समेटेको छ। विपद व्यवस्थापनका लागि एक विशिष्टीकृत निकायको रूपमा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको व्यवस्था गर्नुका साथै संघ, प्रदेश र स्थानीय तहको कार्य एवं जिम्मेवारीलाई स्पष्ट गरेको छ।

दशौं पञ्चवर्षीय योजना (२०५९-२०६४) ले विपद् व्यवस्थापनलाई अन्तरसम्बन्धित नीतिको रूपमा अवलम्बन गरेको थियो। यस योजनाले जल उत्पन्न प्रकोप नियन्त्रण, प्राकृतिक तथा मानव सिर्जित विपद्कोएकीकृत व्यवस्थापन, नीतिगत सुधार, संस्थागत संयन्त्रको बिकास, विपद् जोखिम आँकलन र सूचना प्रवाह साथै विपद् प्रतिरोधी निर्माण अभ्यासमा जोड दिएको थियो।

तीन वर्षे अन्तरिम योजना (२०६४-२०६७) ले विपद्लाई विकास लक्ष्यको प्राप्तिमा अवरोधको रूपमा पहिचान गरी विपद् जोखिम न्यूनीकरण दिगो विकासका लागि अनिवार्य रहेको विषयलाई स्वीकार गरेको थियो। यस योजनाले प्रमुख निकायहरू र सरोकारवालाहरू बीचको सहकार्य र समन्वयलाई जोड दिएको थियो। साथै चौधौं योजना (२०७३-२०७थ) ले विपद् व्यवस्थापनलाई प्राथमिकता दिदैं आपत्कालीन खोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिबृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने तथा विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने नीति लिएको छ।

भू तथा जलाधार संरक्षण ऐन, २०३९ मा बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गरीएको छ। जलस्रोत ऐन, २०४९ मा जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने व्यवस्था छ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले तत्कालीन स्थानीय निकायहरू (गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरू) र जनताहरूलाई आफ्ना क्षेत्रमा प्रभावकारी विकास योजना निर्माण र कार्यान्वयनका लागि सबैभन्दा उपयुक्त प्रवेश विन्दुका रूपमा लिई विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यहरू गर्न अधिकार दिनुका साथै जिल्ला विकास समिति, गाउँविकास समिति र नगरपालिका तहमा वातावरण संरक्षण तथा विपद् व्यवस्थापन कोष स्थापना गर्न अधिकार प्रदान गर्‍यो।

स्थानीय स्वायत्त शासन ऐन, २०थथ लाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रतिस्थापन गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धीसबै चरणका कार्यहरू समावेश गरेको छ। यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमनका सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन आदि कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ। यसै गरी भवन ऐन,२०५५ ले भूकम्प, आगलागी तथा अन्य दैवी प्रकोपबाट भवनहरूमा पर्न सक्ने क्षतिलाई यथासम्भव कम गर्न भवन निर्माण कार्यलाई नियमित गराउन भवन निर्माण व्यवस्था सुदृढीकरण समिति गठनको व्यवस्था गरेको छ।

राष्ट्रिय कृषि नीति, २०६१ ले प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गर्ने उद्देश्य लिएको थियो। यसमा प्राकृतिक प्रकोप अतिवृष्टि, अनावृष्टि, रोग, कीरा एवं अन्य दैवी प्रकोपहरूको आंकलन र कृषि राहत परिचालनका लागि निगरानी प्रणाली स्थापित गरी क्रियाशील राखिने उल्लेख गरीएको

थियो। हाल कार्यान्वयनमा रहेको कृषि विकास रणनीति(२०७२-२०९२) ले किसानहरूलाई जलवायु परिवर्तन र विपद् उत्थानशिल बनाउँन मौसम तथा जलवायु पूर्वसूचना प्रणालीको स्थापना, सुख्खा र पानी खप्न सक्ने जातको अनुसन्धान, किसान कल्याणकारी कोषको स्थापना, कृषि बीमाको प्रर्वद्धन, खाद्य, बिउ र स्याउलाको भण्डारण व्यवस्था, पूर्वतयारी र प्रतिकार्य कोषको स्थापना आदि क्रियाकलापहरूलाई प्राथमिकतामा राखेको छ।

उद्योग नीति, २०६७ लेउद्योग व्यवसायमा आगलागीबाट हुने जोखिम कम गर्न स्थानीय गाउँ/नगरपालिकासँगको समन्वयमा औद्योगिक क्षेत्र र कोरिडोरमा आधुनिक बारूण यन्त्रको व्यवस्था गर्ने तथा कुनै प्राकृतिक विपत्ति र सामाजिक सेवामा उद्योगले दिने अनुदान वा सहयोगमा आय कर छुट दिने व्यवस्था गरेको छ।

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ ले जिल्ला तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा संलग्न सबै सरकारी निकायहरू, रेडक्रस, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र संयुक्त राष्ट्रसंघीय निकायहरूलाई स्पष्ट जिम्मेवारी दिएको छ। यसको आधारमा सबै जिल्लाहरूमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गरीएको छ।

नेपाल सडक सुरक्षा कार्ययोजना (२०७०-२०७७) ले सुरक्षित सडक पूर्वाधार र सेवाहरूको व्यवस्था तथा दुर्घटना पश्चात प्रभावकारी प्रतिकार्य मार्फत जनधन तथा आर्थिक क्षति कम गर्ने सोँच राखेको छ। यस कार्ययोजनाले सडक सुरक्षा व्यवस्थापन, सुरक्षित सडक तथा आवागमन, सुरक्षित सवारी साधन, सुरक्षित सडक प्रयोगकर्ता र दुर्घटना पश्चात प्रतिकार्य जस्ता पाँच आधार स्तम्भहरू अन्तर्गत विभिन्न क्रियाकलापहरू तय गरेको छ।

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० ले विपद् पूर्वतयारी र विपद्पछिको खोज, उद्दार र राहत कामलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको बाँडफाँड गर्न र समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था गरेको छ। यस अन्तर्गत प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोगको अपिल गर्ने प्रक्रिया र त्यसको जिम्मेवारी, त्यसका लागि ध्यान दिनु पर्ने पक्ष, अन्तर्राष्ट्रिय सहायताको समन्वयका कुराहरूलाई पनि उक्त कार्यढाँचाले व्यवस्थित गरेको छ। उक्त कार्यढाँचाले आपतकालीन समयमा निकायगत समन्वयका लागि विषय क्षेत्रगत समूहको प्रावधान, विपद् सूचना संकलन र प्रभावको संयन्त्र र त्यसको परिचालनको पक्षमा पनि स्पष्ट व्यवस्था गरेको छ। विपद् पछिका विभिन्न समय अवधिको प्राथमिकतायुक्त कामको पहिचान गर्दै विपद्पछि गर्नुपर्ने कामको पहिचान र जिम्मेवारीको विभाजन पनि गरेको छ।

यसका अलावा पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कामलाई निर्देशित गर्न अन्य केही नियमावली वा निर्देशिकाहरू पनि प्रयोगमा छन्। ती मध्ये खोज तथा उद्धारका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७१, प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४, विपद् पीडित पुनर्वास संचालन कार्यविधि, २०७१, प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष सञ्चालन नियमाबली, २०६३, विपद् पश्चात्को शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८, प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४, काठमाण्डौ उपत्यकामा ८३ वटा खुल्ला क्षेत्र कायम गर्ने नेपाल सरकारको निर्णय, २०६९, विपद् पीडित पुनर्वास संचालन कार्यविधि, २०७१, र बारूणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०६७ मुख्य कानूनी व्यवस्थाका रूपमा रहेका छन्।

राष्ट्रिय स्वास्थ्य नीति, २०७१ ले जलवायु परिवर्तनबाट पर्ने स्वास्थ्य सम्वन्धी नकारात्मक असरको सम्बोधनका लागि समष्टिगत व्यवस्थापन गर्न राष्ट्रिय संजाल तथा संयन्त्र एवं अवसरको समुचित प्रयोग गर्दै बहुपक्षीय कार्ययोजना बनाई सरोकारवाला सम्पूर्ण निकायसँग सहकार्य गर्ने एवं पशुपक्षी तथा कीटहरूबाट मानिसमा सर्ने रोगहरूको व्यवस्थापनका लागि सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय र सहकार्यको समुचित व्यवस्था गर्ने नीति तय गरेको छ।

राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ ले विपद् पश्चात्को पुनर्लाभ, पुनर्निर्माण र पुनर्स्थापना कार्यको लागि नीतिगत मार्गदर्शन गर्दछ। २०७२ साल बैशाखको भूकम्पले क्षति पुऱ्याएका भौतिक संरचनाहरू र बस्तीहरू पुनर्निर्माण गर्न, पुनर्निर्माण तथा पुनःस्थापना कार्यक्रमको कार्यान्वयन योजना निर्माण र समन्वय गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना भएको छ।

जल उत्पन्न प्रकोप ब्यवस्थापन नीति, २०७२ ले बाढी, पहिरो जस्ता जल उत्पन्न प्रकोपहरूको संरचनागत तथा गैर संरचनागत प्रविधिबाट रोकथाम गरी सो बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न र नदी, जलाधार क्षेत्र तथा जलजन्य पर्यावरणको संरक्षण गरी प्राकृतिक श्रोत साधन एवं खानेपानी, जलपरिवहन, सिंचाई, स्थल यातायात आदि जस्ता पूर्वाधारका उपयोगितालाई दिगो बनाउनविभिन्न नीतिहरू प्रस्तुत गरेको छ।

राष्ट्रिय शहरी विकास रणनीति, २०७३ ले सन्तुलित र समृद्ध शहरी भविष्यको लागि उत्थानशीलतालाई पाँच मार्गदर्शक सिद्धान्तहरू मध्ये एक मानेको छ। यस रणनीतिले विपद् जोखिम अनुकूलित शहर र समुदाय निर्माणका लागि उत्थानशीलतालाई शहरी प्रणाली र समुदायको योजना निर्माण तथा विकासमा एकीकृत गर्न जोड दिएको छ।

सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्र संघका १९३ सदस्य राष्ट्रहरूले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरू पारित गरेका छन्। नेपाल सरकारले देशको समावेशी दीर्घकालीन विकासका लागि उक्त लक्ष्यहरूलाई आत्मासात गरेको छ। विपद् जोखिम न्यूनीकरणका कार्यहरूले दिगो विकास लक्ष्यहरू २, ३, ६, ९, ११, १३ र १५ हासिल गर्न प्रत्यक्ष सहयोग पुऱ्याउने छन्।

नेपाल सरकारले चरम जलवायु घटना र जलवायु परिवर्तनको असरलाई सम्बोधन गर्न अनुकूलनका कार्यहरू कार्यान्वयन गर्न र जलवायु परिवर्तनलाई स्थानीय विकास योजनाहरूसँग एकीकृत गर्न जलवायु परिवर्तन नीति, २०६७, राष्ट्रिय अनुकूलन कार्यक्रम, २०६७ तथा स्थानिय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना, २०६८ तयार गरी लागू गरेको छ। जलवायु परिवर्तन नीतिमा हिमनदी तथा हिमतालहरूको अद्यावधिक स्थिति अध्ययन गरी जोखिमपूर्ण हिमतालहरूमा प्राथमिकताको आधारमा प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरूको अवलम्बन गर्ने गराउने, जलवायु परिवर्तनबाट सिर्जित जल-उत्पन्न प्रकोप एवम् जोखिमको पूर्वानुमान गर्दै पूर्व सूचना दिन तथा रोकथामका उपायहरूको अवलम्बन गर्न आवश्यक संयन्त्रको विकास तथा कार्यान्वयनगरी तिनको नियमित निरीक्षण तथा कार्य क्षमता सुदृढ गर्ने विषयहरू समावेश छन्।

सन् २०१६ अक्टोबरमा आवास र दिगो शहरी विकासको लागि संयुक्त राष्ट्र सम्मेलन (Habitat III) मा अवलम्बन गरिएको नयाँ शहरी एजेन्डाले पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अपनाउने र कार्यान्वयन गर्ने,

सङ्कटको अवस्था कम गर्ने, प्राकृतिक तथा मानव सिर्जित प्रकोपमा उत्थानशीलता एवं प्रतिकार्य क्षमता निर्माण गर्ने र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनलाई बढावा दिने शहरहरूको परिकल्पना गरेको छ।

सन् २०१५ मार्चमा संयुक्त राष्ट्र संघका १८७ सदस्य राष्ट्रहरूले तेस्रो विश्व विपद् न्यूनीकरण सम्मेलनमा विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३० अवलम्बन गरेका छन्। यसले विपद् जोखिम तथा क्षतिको न्यूनीकरणका लागि चार प्राथमिकता प्राप्त क्षेत्रहरू तथा सात विश्वव्यापी लक्ष्यहरू निर्धारण गरेको छ। नेपालले पनि विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचाको पक्ष राष्ट्र भएकोले यस "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०" तयार गरेको छ।

## २.३ रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया

नेपाल सरकारलेविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागिसन् २०१५ पछि विश्वव्यापी रूपमा स्वीकार गरीएका कार्यढाँचाहरूको आधारमा नयाँ मार्गचित्र पहिचान गरीविपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ लाई प्रतिस्थापन गरी अघि बढनु पर्ने आवश्यकता महसूस गरेको छ। विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ कार्यान्वयनबाट प्राप्त अनुभव, गोरखा भूकम्प २०७२ को अनुभव तथा सिकाई, जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता, दिगो विकास लक्ष्य र सेण्डाइ कार्यढाँचाका आधारमा यस "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना" तयार गरीएको छ। यसले जोखिम न्यूनीकरणका लागि जोखिम संवेदनशील कार्यहरू पहिचान गरी संघ, प्रदेश र स्थानीय तहको विकास प्रक्रियामा मूलप्रवाहीकरण गरी कार्यान्वयनमा सबै सरोकारवाला निकायहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नेछ।

यो रणनीतिक कार्ययोजना तर्जुमाका लागि गृह मन्त्रालय विपद् व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा कार्य समिति गठन गरीएको थियो। जसमा नेपाल सरकारका विभिन्न निकायहरू (प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सहरी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वन तथा वातावरण मन्त्रालय) र विकास साझेदारहरू (दातृ निकाय, संयुक्त राष्ट्र संघ आवासीय समन्वयकर्ताको कार्यालय, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको संगठन विपद् व्यवस्थापन कार्यदल, विपद् पूर्वतयारी सञ्जाल नेपाल, नेपाल रेडक्रस सोसाइटी र निजी क्षेत्र) का प्रतिनिधिहरू रहेका थिए। कार्य समिति अन्तर्गत देहाय बमोजिमका ६ वटा क्षेत्रगत कार्यसमूहहरू गठन गरीएको थियो।

१. **उत्पादन मूलक क्षेत्र (कृषि, खाद्य सुरक्षा तथा जीविकोपार्जन, उद्योग)**: नेतृत्वकर्ता निकाय -कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सह-नेतृत्वकर्ता निकाय -उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

२. **सामाजिक क्षेत्र (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, समाज कल्याण)**: नेतृत्वकर्ता निकाय - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सह-नेतृत्वकर्ता निकाय - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

३. **पूर्वाधार क्षेत्र (सहरीविकास, यातायात, सिँचाइ, ऊर्जा, आवास तथा साँस्कृतिक सम्पदा)**: नेतृत्वकर्ता निकाय - सहरी विकास मन्त्रालय, सह-नेतृत्वकर्ता निकाय -ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय

४. **प्राकृतिक स्रोत तथा वातावरण क्षेत्र (भूमि उपयोग, वन तथा वातावरण)**: नेतृत्वकर्ता निकाय - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सह-नेतृत्वकर्ता निकाय - वन तथा वातावरण मन्त्रालय

५. **लैंगिक तथा सामाजिक समावेशीकरण र सुशासन क्षेत्र**: नेतृत्वकर्ता निकाय - राष्ट्रिय योजना आयोग, सह-नेतृत्वकर्ता निकाय -महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

६. **आपतकालीन संचार, पूर्वतयारी, प्रतिकार्य र पूनर्लाभ क्षेत्र**: नेतृत्वकर्ता निकाय - गृह मन्त्रालय, सह-नेतृत्वकर्ता निकाय -संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

यी क्षेत्रगत कार्यसमूहहरूमा नेपाल सरकारका अन्य सम्बन्धित निकायहरू, विकास साझेदार, संयुक्त राष्ट्र संघीय निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, विपद् पूर्वतयारी सञ्जाल नेपाल, नेपाल रेडक्रस सोसाइटी र निजी क्षेत्रका प्रतिनिधिहरू समेत सहभागी थिए। यी क्षेत्रगत कार्यसमूहहरूले यस रणनीतिक कार्ययोजनामा सम्बन्धित क्षेत्रका विषय समावेश गर्न विभिन्न चरणमा परामर्श बैठक तथा छलफलहरू गरी सुझावहरू संकलन गरेर सम्बन्धित क्षेत्रका रणनीतिक क्रियाकलापहरू सिफारिश गरेका छन्।

सेण्डाइ कार्यढाँचाले सिफारिस गरे बमोजिम सबै क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहने गरी राष्ट्रिय, क्षेत्रीय र जिल्लास्तरमा परामर्श कार्यशाला गोष्ठीहरूको पनि आयोजना गरीएको थियो, जसमा बहू-सरोकारवाला निकायका प्रतिनिधिहरूले आ-आफ्ना क्षेत्रमा भएका असल अभ्यास, सिकाई सवाल र चुनौतीहरूका आधारमा मूलभूत समस्या र समाधानका क्षेत्र पहिचान गरी "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति तथा रणनीतिक कार्ययोजना" मा समावेश गर्न सिफारिश गरेका थिए।

सरोकारवालाहरूसँगको परामर्श, कार्यशाला गोष्ठीहरू तथा क्षेत्रगत कार्यसमूहहरूको सुझाव र सिफारिसहरूलाई समेटी तयार गरीएको मस्यौदालाई विभिन्न चरण र तहमा व्यापक छलफल गरी सबैको राय, परामर्श, सल्लाह र सुझावका आधारमा यस रणनीतिक कार्ययोजनालाई अन्तिम रूप दिइएको छ।

## अध्याय ३
## विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना

### ३.१ परिचय

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउने सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि नेपाल सरकारको प्रतिबद्धता सहितको राष्ट्रिय दस्तावेज हो। यस कार्ययोजनाले विपद् व्यवस्थापनमा "जोखिम न्यूनीकरण" केन्द्रित बृहत्तर अवधारणालाई जोड दिएको छ। यो कार्ययोजना तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३०, एशियाली मन्त्रीस्तरीय सम्मेलन २०१६ बाट पारित एशियाली क्षेत्रीय योजना, विपद् जोखिम न्यूनीकरण विश्वव्यापी कार्यमञ्चको पाँचौं बैठकले पारित गरेको कानकुन घोषणा लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूप विपद् व्यवस्थापनमा जोखिम न्यूनीकरणको वृहत अवधारणालाई समेटिएको छ।

यस रणनीतिक कार्ययोजनाले विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को कार्यान्वयन मार्फत प्राप्त अनुभवहरू, गोरखा भूकम्प सहित हालका वर्षहरूमा भएका अन्य प्रमुख विपद्हरूका अनुभव तथा सिकाईहरू र जलवायु परिवर्तन अनुकूलन तथा दिगो विकास लक्ष्यका पहलहरूलाई ग्रहण गरेको छ। कार्ययोजनामा चारवटा मूल प्राथमिकताप्राप्त क्षेत्र, त्यसका सहायक क्षेत्रहरू र रणनीतिक क्रियाकलापहरू समेत स्पष्ट रूपमा परिभाषित गरी विभिन्न निकायहरूको जिम्मेवारी निर्धारण गरीएको छ।

## ३.२ मार्गदर्शक सिद्धान्त

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरीनेछन्।

१. विपद् जोखिम न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी राज्यको हुनेछ। राज्यले आवश्यक परेमा अन्तर्राष्ट्रिय, क्षेत्रिय तथा द्विपक्षीय सहकार्य तथा साझेदारी गर्न सक्नेछ।

२. नेपाल सरकारले संघ, प्रदेश तथा स्थानीय तह, सरोकारवाला संघ, संस्थाहरू तथा समुदाय, निजी क्षेत्र, अन्तर्राष्ट्रिय संघ संस्थाहरू लगायतको सहभागिता तथा सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य गर्नेछ।

३. विपद् जोखिम व्यवस्थापन गर्दा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण तथा प्रबर्धन गरीनेछ।

४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समाजका सबै पक्ष तथा क्षेत्रसँगको सहभागिता तथा साझेदारीमा गरीनेछ। यसका लागि विपदबाट अति प्रभावित समुदायको सशक्तीकरण गरीनेछ। मुख्यतया अति गरीब समुदायको समावेशी, पहुँचयुक्त तथा विभेदरहित सहभागिता सुनिश्चित गरीनेछ। लिङ्ग, उमेर, अपाङ्गता तथा सांस्कृतिक र भौगोलिक विविधतालाई नीति निर्माण तथा कार्यान्वयनमा पर्याप्त ध्यान दिइनेछ। महिला तथा युवा नेतृत्वलाई प्रबर्द्धन गरीनेछ।

५. संघ, प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवाला निकायहरूको पूर्ण सहभागिता, सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरूको जिम्मेवारी र भूमिकाको स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रिय संलग्नता, साझेदारी तथा परिपूरकताको सुनिश्चितता गरीनेछ।

६. स्थानीय तह तथा समुदायलाई श्रोत, साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सशक्तिकरण गरीनेछ।

७. विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा लिङ्ग, उमेर र अपाङ्गताको आधारमा छुट्टाछुट्टै अद्यावधिक, बृहत्तर, परम्परागत ज्ञानलाई औपचारिक र सम्मानपूर्ण मान्यता दिई विज्ञानमा आधारित तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदान र प्रचार प्रसारको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरीनेछ।

८. दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जलवायु परिवर्तन अनुकूलन, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण बीच सामञ्जस्यता कायम गरीनेछ।

९. विपद् जोखिमका स्थानीय तथा विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गरीनेछन्।

१०. विपद् जोखिमका कारक तत्वहरूको निराकरणको लागि सार्वजनिक तथा निजी लगानी बृद्धि गरी दिगो विकासमा समेत योगदान पुऱ्याइनेछ।

११. विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न "अझ राम्रो, बलियो र सुरक्षित बनाऔं" भन्ने अवधारणा अवलम्वन गरीनेछ।

१२. विपद् जोखिमको बारेमा सार्वजनिक शिक्षा र सचेतना अभिबृद्धि गरीनेछ।

१३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय श्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई अत्यधिक उपयोग गरीनेछ।

## ३.३ दीर्घकालीन सोंच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य

### दीर्घकालीन सोंच

नेपाललाई विपद् जोखिमबाट सुरक्षित, अनुकूलित तथा उत्थानशील राष्ट्रको रूपमा स्थापित गर्दै दिगो विकासमा योगदान पुऱ्याउने यस रणनीतिक कार्ययोजनाको दीर्घकालीन सोंच रहेको छ।

### अपेक्षित परिणाम

विपद्बाट हुने मृत्यु दर तथा प्रभावित व्यक्तिहरूको संख्यामा उल्लेख्य रूपले कमी ल्याउनु,जीविकोपार्जन, स्वास्थ्य, सम्पत्ति, व्यवसाय र समुदायमा हुने जोखिम तथा क्षतिको न्यूनीकरण गर्नु यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ।

### उद्देश्य

प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापहरूको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्स्थापना तथा पुनर्निर्माणको सुदृढीकरणर उत्थानशीलता अभिबृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथामगर्नु यस रणनीतिक कार्ययोजनाको उद्देश्य रहेको छ।

### लक्ष्य

नेपाल सरकार, गृह मन्त्रालयको पछिल्लो ४५ वर्ष (सन १९७१ देखि २०१५) को तथ्याङ्क विश्लेषण गर्दा

नेपालमा हरेक वर्ष करिब ९०० (सडक दुर्घटना बाहेक) व्यक्तिहरूले विपदका कारण आफ्नो ज्यान गुमाएको देखिन्छ। यसै गरी वार्षिक रूपमा औसत ६,४०,००० व्यक्तिहरू विपद्का कारण प्रभावित हुने गरेका छन् भने प्रत्येक वर्ष करिव ३०,००० घरहरू क्षतिग्रस्त वा नष्ट हुने गरेको छ। सडक दुर्घटनाका कारण मात्र नेपालमा प्रति वर्ष करिव २००० व्यक्तिहरूको मृत्यु हुने गरेको छ भने १३,००० व्यक्तिहरू घाईते हुने गरेका छन्।

विपदबाट आर्थिक रूपमा बढी प्रभावित र नोक्सानी हुने क्षेत्रहरूमा उत्पादनमूलक क्षेत्र, सामाजिक क्षेत्र र पूर्वाधार क्षेत्रहरू मुख्य रहेका छन्। सन् १९७१-२०१० को अवधिमा विपद्का कारण भएको आर्थिक क्षति र नोक्सानको विश्लेषण गर्दाप्रति वर्ष कूल गार्हस्थ्य उत्पादनको करिब २% औसत क्षति भएको देखिन्छ। सन् १९८८ र २०१५ को भूकम्प र सन् १९९३, २००८ र २०१७ को बाढीको कारणले ठूलो मात्रामा आर्थिक क्षति भएको देखिन्छ। सन् २०१५ को गोरखा भूकम्पबाट कूल गार्हस्थ्य उत्पादनको करिब एक तिहाई क्षति भएको थियो भने सन् २०१७ को तराई बाढी तथा डुवानबाट मात्र करिब तीन प्रतिशत क्षति भएको छ।

नेपालले सन् २०३० सम्मका लागि तय गरेको दीगो विकास लक्ष्यहरू (Sustainable Development Goals) र विद्यालय क्षेत्र विकास योजना (School Sector Development Plan) लाई समेत आधार लिई यस रणनीतिक कार्ययोजनाले विपद् क्षति न्यून गर्न निम्न लक्ष्यहरू लिएको छ।

| सि. नं. | सूचक | आधार रेखा (२०१५ सम्मको औषत) | अल्पकालीन (२०२० सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| १ | **राष्ट्रिय स्तरमा विपद्बाट हुने मृत्यु दर उल्लेख्य मात्रामा कम गर्ने** | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | ९०० | ४०० | ३०० | २२थ |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | २,००० | १,७०० | १,२०० | ७०० |
| २ | **राष्ट्रिय स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने** | | | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | १,३२,००० | ११०,००० | ८०,००० | ६५,००० |
| २.२ | विपद्बाट घाईते हुने व्यक्तिहरूको वार्षिकऔसत संख्या | १,८०० | १,६०० | १,१०० | ९०० |
| २.३ | सडक दुर्घटनाबाटघाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | १३,००० | ११,००० | ८,००० | ५,००० |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या | ३०,००० | २५,००० | २०,००० | १५,००० |
| ३ | **राष्ट्रिय कूल गार्हस्थ्य उत्पादनमा विपदको कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य रुपमा कम गर्ने** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.१ | राष्ट्रिय कूल गार्हस्थ्य उत्पादनमा विपद् को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति | २% | ०.५% | ०.२% | ०.१% |
| **४** | **महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपदल् पुऱ्याउने क्षति र अवरोध उल्लेख्यरूपले कम गर्न उत्थानशीलता विकास गर्ने** | | | | |
| ४.१ | स्वास्थ्य भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | ७५० | ९०० | १२०० |
| ४.२ | कक्षा कोठाहरूको मर्मत संभार र प्रवलीकरण गरी उत्थानशीलता विकास | | १९,५०० | २५,००० | ३०,००० |
| ४.३ | विद्यालय भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | ७५० | १,२५० | १,७५० |
| ४.४ | विपद् जोखिम न्यूनीकरणका लागि विद्यमान विद्यालयहरूबाट नमूना विद्यालयहरूको विकास | | ५०० | १,००० | १,५०० |
| ४.थ | सार्वजनिक र सरकारी भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | २,५०० | ५००० | ७,००० |
| ४.६ | सांस्कृतिक सम्पदास्थलहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | १३० | २०० | ३०० |
| ४.७ | विमानस्थलहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | ७ | १४ | २१ |
| ४.८ | विद्यमान जलविद्युत उत्पादन गृहहरू तथा बाँधहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | २१ | ५६ | ९१ |
| ४.९ | विद्युत सवस्टेशनहरूको उत्थानशीलता विकास | | ४२ | ११२ | १८२ |
| ४.१० | खानेपानीका संरचनाहरूको मर्मत सम्भार गरी उत्थानशीलता विकास | | ३००० | ४५०० | ६००० |
| ४.११ | एकिकृत जलश्रोत व्यवस्थापनको योजना कार्यान्वयनको प्रतिशत | | २५ | ४० | ६० |
| ४.१२ | उच्च जोखिमयुक्त हिमताल विस्फोटन बाढीको जोखिम न्यूनीकरण (संख्या) | २ | ३ | ५ | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.१३ | बायो ईन्जिनियरिङ्ग प्रविधिद्वारा नदी किनाराको संरक्षण (कि.मी.) | १,६७५ | ४,५०० | ७,२२५ | १०,००० |
| ४.१४ | जलाधारहरूको संरक्षण (संख्या) | ३,३४६ | ३,९०० | ४,४४८ | ५,००० |
| ४.१५ | ताल, सिमसार तथा पोखरीहरूको संरक्षण (संख्या) | १,७२७ | २८०० | ३९०९ | ५००० |
| ४.१६ | जलवायु स्मार्ट गाउँहरूको विकास | | ५० | ११३ | १७० |
| ४.१७ | जलवायु स्मार्ट कृषि प्रवर्धन गर्ने | | १५० | ३३३ | ५०० |
| **५.** | **प्रदेश र स्थानीय तहहरूमाविपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने** | | | | |
| ५.१ | विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने प्रदेश र स्थानीय तहहरूको प्रतिशत | | १०० | १०० | १०० |
| ५.२ | संघ, प्रदेश र स्थानीय तहहरू र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास गर्ने ( प्रतिशत) | | १०० | १०० | १०० |
| ५.३ | पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणका लागि “अझ राम्रो र बलियो निर्माण“ को सिद्धान्तका आधारमा श्रोतहरू व्यवस्थापन र कार्यान्वयन गर्ने सरकारी निकायहरूको प्रतिशत | | १०० | १०० | १०० |
| **६.** | **बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि गर्ने** | | | | |
| ६.१ | देशको कूल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र संचालन भएको क्षेत्रफलको प्रतिशत | | ५० | ७० | १०० |
| ६.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | २० | ५० | ८० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि तयार भएका स्थानीय तहहरूको प्रतिशत | | १०० | १०० | १०० |
| ६.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी एवं आंकलन जनसमुदायलाई उपलब्ध गराउन सक्ने स्थानीय तहहरूको प्रतिशत | | २० | ५० | १०० |
| ६.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | २५ | ५० | १०० | १०० |

### ३.४ प्राथमिकता प्राप्त क्षेत्रहरू

यस रणनीतिक कार्ययोजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुऱ्याउन समष्टिगत अवधारणा (Holistic Approach) लाई आत्मसात गरेको छ। विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचालाई मूल मार्गदर्शनको रुपमा लिई यस कार्ययोजनाले चार प्राथमिकता प्राप्त क्षेत्रहरू र अठार प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरेको छ। हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत अल्पकालीन (सन् २०१८-२०२०), मध्यकालीन (सन् २०१८- २०२५), दीर्घकालीन (सन् २०१८-२०३०) र निरन्तर रुपमा गरिरहनुपर्ने क्रियाकलापहरूका लागि निरन्तर अवधि तोकी निम्न बमोजिमका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

**प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिम बारे बुझाई**

प्राथमिकता प्राप्त कार्य १: प्रकोप बमोजिम जोखिम आँकलन

प्राथमिकता प्राप्त कार्य २: बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

प्राथमिकता प्राप्त कार्य ३: प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणलीको विकास तथा सूचना प्रवाह

प्राथमिकता प्राप्त कार्य ४: विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र २: संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य ५: संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य ६: कानूनी तथानियामक संरचना निर्माण

प्राथमिकता प्राप्त कार्य ७: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी प्राथमिकता प्राप्त कार्य ८:विपद् जोखिम न्यूनीकरणमा समावेशिताको सुनिश्चितता

**प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन**

प्राथमिकता प्राप्त कार्य ९: उत्थानशीलता बृद्धिका लागि लगानी प्रवर्धन

प्राथमिकता प्राप्त कार्य १०: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य ११: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य १२: जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य १३: प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण प्राथमिकता प्राप्त कार्य १४: विपद् पूर्वतयारीको लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास


प्राथमिकता प्राप्त कार्य १५: समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन

प्राथमिकता प्राप्त कार्य १६: विपद् पूर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य १७: खोज तथा उद्धारको क्षमता अभिवृद्धि

प्राथमिकता प्राप्त कार्य १८: पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" अवधारणा प्रवर्धन

**चित्र १ नेपालमा विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकता प्राप्त क्षेत्रहरू**



विपद् जोखिमको सही पहिचान गर्नु जोखिम न्यूनीकरण तर्फको पहिलो प्रस्थान विन्दु हो। यसले विपद् जोखिम न्यूनीकरण सम्वन्धी निर्णय प्रक्रियालाई सही ढंगबाट निर्देशित गर्छ। साथै प्रतिकार्यको लागि प्रभावकारी पूर्व तयारीलाई समेत सही दिशानिर्देश गर्दछ। चित्र १ मा नेपालमा विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकता प्राप्त क्षेत्रहरू एवं विपद् जोखिम बारेको बृहत्तर बुझाईले अन्य प्राथमिकता प्राप्त क्षेत्रहरूको लागि मार्गदर्शन गर्ने कुरा प्रस्तुत गरिएको छ।

## अध्याय ४

## प्राथमिकता प्राप्त क्षेत्र १ - विपद् जोखिम बारे बुझाई

विपद् जोखिम बारे बुझाईका लागि प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपको सामना गरिरहेका समुदायलाई यी प्रकोपसँग सम्बन्धित जोखिमहरूले कसरी प्रभाव पार्दछन् भन्ने विषयको राम्रो जानकारी हुनु आवश्यक हुन्छ। प्राकृतिक तथा गैर प्राकृतिक प्रकोप र जोखिमको प्रभावको बारेमा अधिकांश मन्त्रालय, विभाग, प्रदेश तथा स्थानीय सरकारसँग सीमित जानकारी भएको हुँदा जोखिम बुझाईमा प्राथमिकता प्राप्त क्षेत्र निर्धारण गर्न जोखिम कम गर्ने निर्णय लिन सघाउ पुऱ्याउने नयाँ पद्दति अवलम्बन गर्नु आवश्यक हुन्छ। जोखिम आँकलन तथा जानकारीका लागि अन्तर्राष्ट्रिय स्तरमा अपनाइएका स्थापित पद्दतिहरूलाई समेत नेपालमा अवलम्बन गरी जोखिमका मूलातः तीन तत्वहरू प्रकोप (Hazard), सम्मुखता (Exposure) र संकटउन्मुखता (Vulnerability) लाई समेटनु पर्ने आवश्यकता देखिन्छ।

विपद् जोखिमको बुझाईको लागि प्रभाव मोडलिङ (Impact Modeling) र जोखिम आँकलन (Risk Assessment) गर्न सकिन्छ। प्रभाव मोडलिङ कुनै प्रकोपबाट व्यक्ति, संरचना, जिवीकोपार्जन आदिमा पार्न सक्ने प्रभावको अनुमान हो भने जोखिम आँकलन सम्पूर्ण सम्भावित घटनाहरूको समग्र प्रभाव हो। जोखिम आँकलनले एकल वा बहु प्रकोपबाट हुनेवार्षिक औसत क्षति र सम्भावित अधिकतम क्षति निर्धारण गर्न सहयोग गर्छ। प्रभाव मोडेलको नतिजाका आधारमा निर्णयकर्ताहरूले घटना हुनु पूर्व नै उचित निर्णय लिन सक्नेछन्। प्रभाव मोडेलहरू वित्तीय योजना तथा सुरक्षा, विपद् जोखिम न्यूनीकरण लगानीमा प्राथमिकता निर्धारण र विभिन्न जोखिम न्यूनीकरण विकल्पको लाभ-लागत विश्लेषणका लागि धेरै उपयोगी हुन सक्छन्। यी पूर्व तयारी गर्न, जोखिम न्यूनीकरण लगानीमा केन्द्रित हुनर नयाँ जोखिम सिर्जना हुनबाट रोक्नका लागि आवश्यक नीति तर्जुमा तथा कार्यान्वयनका लागि महत्वपूर्ण आधार हुन सक्छन्।

प्रभावकारी जोखिम आँकलनको लागि प्रयोग गरिने तथ्याङ्क कानूनी तथा प्राविधिक रूपले सहज उपलब्ध हुनुपर्दछ। यस प्रकारका तथ्याङ्कको विश्लेषणका लागि खुला स्रोत (Open Source) मा आधारित प्रविधिको समेत उपयोग गरी विना लागत पुनः उपयोग, पुनर्मुद्रण र पुनः वितरण गर्न सकिने खालको हुनुपर्दछ। जोखिम प्रभावित व्यक्तिहरूको प्रत्यक्ष सहभागितामा तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण गर्ने र यी तथ्याङ्कहरू सबैका लागि उपलब्ध हुने व्यवस्थाले मात्रै व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ।

नेपालमा प्रकोपको प्रकृतिअनुरूप हरेक प्रकोपको जोखिम सम्बन्धी जानकारीलाई सङ्कटउन्मुखता तथा क्षमता सम्बन्धी ज्ञान एवं सामाजिक, आर्थिक तथा जनसाङ्ख्यिक विवरणलाई समेटर जोखिम आँकलन तथा

नक्शाङ्कन गर्नु आवश्यक छ। लिङ्ग, उमेर, अपाङ्गता र विविधताका अन्य सूचकाङ्कहरूको आधारमा छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क संकलन गर्नु पर्दछ। प्रकोप, सङ्कटउन्मुखता तथा क्षमताका सम्बन्धमा राष्ट्रिय तथा स्थानीयस्तरमा विस्तृत तथ्याङ्क प्रणालीको विकास गर्न अझै बाँकी छ। यस्तै जोखिमको बारेमा एकीकृत सूचना प्रसारण गर्ने पद्धति र सञ्चार माध्यम एवं आधुनिक सञ्चार प्रविधिहरूको विवेकपूर्ण प्रयोग गर्ने क्षमता पूर्ण विकास भएको छैन। विपद् जोखिमको पहिचान र मापन कार्यलाई संस्थागत रूपमा सुदृढीकरण गर्न बाँकी छ। यी विषयहरूलाई सम्बोधन गरी विपद् जोखिमको बारेमा बुझाई अभिबृद्धि गर्न देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरू अन्तर्गत अल्पकालिन (सन् २०१८- २०२०), मध्यकालिन (सन् २०१८-२०२५), दीर्घकालिन (सन् २०१८-२०३०) र निरन्तर रुपमा गरिरहनुपर्ने क्रियाकलापहरूका लागि निरन्तर अवधि तोकी रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन्।

क) प्रकोप बमोजिम जोखिमको आँकलन

ख) बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

ग) प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

घ) विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

## ४.१ प्रकोपबमोजिम जोखिमको आँकलन

नेपालमा प्रकोपको प्रकृति अनुरूप हरेक प्रकोपको सम्मुखता, संकटउन्मुखतार जोखिमको आँकलन तथा नक्शाङ्कन गर्नु र सार्वजनिक रूपमा उपलब्ध गराउनु आवश्यक छ। जोखिम संवेदनशील भू-उपयोग योजना (Risk Sensitive Land Use Planning) तयार गरी भू-उपयोग क्षेत्र विभाजन गर्नु समेत आवश्यक छ। प्रकोप बमोजिम जोखिमको आँकलनका लागि देहायका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन्।

### सडक दुर्घटना जोखिम

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| सडक दुर्घटनाका सम्भावित क्षेत्रहरूमा निरन्तर सडक अनुगमन प्रणाली (Real-Time Road Surveillance System) स्थापना गर्ने | सडक दुर्घटना सम्बन्धमा तत्काल जानकारी उपलब्ध भएको हुनेछ। | निरन्तर | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार |
| सडक दुर्घटनाका सम्भावित क्षेत्रहरूको पहिचान गरी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउने | सडक दुर्घटना प्रकोप नक्शा उपलब्ध हुनेछ | अल्पकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार |

## महामारी जोखिम

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| महामारीको निरन्तर अनुगमन प्रणाली (Real- Time Outbreak and Disease Surveillance System) स्थापना गर्ने | महामारी सम्बन्धमा तत्काल जानकारी उपलब्ध भएको हुनेछ। | निरन्तर | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार |
| महामारी प्रकोपक्षेत्रका लागि महामारी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउने | महामारी प्रकोपक्षेत्रका लागि महामारी प्रकोपनक्शा उपलब्ध हुनेछ | अल्पकालिन | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा महामारी जोखिमयुक्त क्षेत्रहरूमा Geo Spatial प्रविधि समेत प्रयोग गरीसम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | महामारी सम्मुखता र संकटउन्मुखताको खण्डीकृत हुनेछ (disaggregated) तथ्याङ्क उपलब्ध | मध्यकालिन | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार |
| जोखिमयुक्त क्षेत्रहरूका लागि महामारी जोखिम आँकलन तथा नक्शाङ्कन सम्पन्न गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | महामारी जोखिम स्तर (उच्च, मध्यम र सामान्य) का जानकारी खुला श्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध हुनेछ | मध्यकालिन | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालय |

## भूकम्प जोखिम

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| भूकम्प मापन प्रणाली (Real-Time Earthquake Monitoring System) को राष्ट्रव्यापी सञ्जालको विस्तार र आधुनिकीकरण गर्ने | मुलुकभर निरन्तर भूकम्पीय जानकारी उपलब्ध भएको हुनेछ | निरन्तर | खानी तथा भूगर्भ विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

| | | | | |
|---|---|---|---|---|
| भूकम्पीय प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | राष्ट्रिय र स्थानीय स्तरमा भूकम्पीय प्रकोप आँकलन तथा नक्शाहरू उपलब्ध भएको हुनेछ | अल्पकालिन | खानी तथा भूगर्भ विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, विश्वविद्यालयहरू, प्रदेशसरकार, स्थानीय सरकार |
| Soil Liquefaction प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | संघ, प्रदेश र स्थानीय स्तरमा Soil Liquefaction प्रकोप आँकलन तथा नक्शाहरू उपलब्ध भएको हुनेछ | अल्पकालिन | खानी तथा भूगर्भ विभाग, भू तथा जलाधार संरक्षण विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, विश्वविद्यालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा भूकम्प जोखिमयुक्त पूर्वाधारहरू तथा आश्रयस्थलहरूका लागि भू-सन्दर्भित (Geo-referenced) सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | भूकम्पीय सम्मुखता र संकटउन्मुखताको छुट्टाछुट्टै (disag-gregated) तथ्याङ्क उपलब्ध भएको हुनेछ | अल्पकालिन | शहरी विकास तथा भवन निर्माण विभाग, शहरी विकास मन्त्रालय, खानी तथा भूगर्भ विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, विश्वविद्यालयहरू, केन्द्रीय तथ्याङ्क विभाग |
| जोखिमयुक्त पूर्वाधारहरू, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू, आश्रयस्थलहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरूका लागि भूकम्पीय जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउने | भूकम्पीय जोखिम स्तर (उच्च, मध्यम र न्यून) को जानकारी खुलाश्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ | मध्यकालिन | शहरी विकास तथा भवन निर्माण विभाग, शहरी विकास मन्त्रालय, खानी तथा भूगर्भ विभाग, पुरातत्व विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| भूकम्प जोखिम संवेदनशील भू-उपयोग योजनाहरूको तर्जूमा गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउने | भूकम्पीय जोखिम संवेदनशील भू-उपयोग योजनाहरू उपलब्ध हुनेछन् | मध्यकालिन | नेपाल सरकारको कृषि, भूमी व्यवस्था तथा सहकारी मन्त्रालय | नेपाल सरकारका सम्बन्धीत मन्त्रालय तथा विभागहरू प्रदेश सरकार, स्थानीय सरकार |

## पहिरो जोखिम

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| पहिरो अनुगमन प्रणाली (Real-Time Landslide Monitoring Systemo स्थापना गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | पहिरो सम्बन्धी तात्कालिक जानकारी उपलब्ध हुनेछ | निरन्तर | नेपाल सरकारको ऊर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय, भू तथा जलाधार संरक्षण विभाग, जल तथा मौसम विज्ञान विभाग, खानी तथा भुगर्भ विभाग | नेपाल सरकारको सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार र स्थानीय सरकार |
| प्रमुख रुपमा पहिरो प्रभावित क्षेत्रहरूको पहिरो प्रकोप आँकलन, नक्शाङ्कन र क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | पहिरो प्रकोप नक्शा उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको ऊर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय, भू तथा जलाधार संरक्षण विभाग, जल तथा मौसम विज्ञान विभाग, खानी तथा भुगर्भ विभाग | नेपाल सरकारको सम्बन्धित मन्त्रालयहरू,खानी तथा भूगर्भ विभाग, विश्वविद्यालयहरू,प्रदेश सरकार र स्थानीय सरकार |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा पहिरो जोखिमयुक्त पूर्वाधारहरू तथा आश्रयस्थलहरूका लागि भू-सन्दर्भित (Geo-referenced) सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | पहिरो सम्मुखता र संकटउन्मुखताको छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू,जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, जल तथा मौसम विज्ञान विभाग, केन्द्रीय तथ्याङ्कविभाग, विश्वविद्यालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| जोखिमयुक्त पूर्वाधारहरू, आश्रयस्थलहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरूका लागि पहिरो जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | सार्वजनिक संरचनाहरूको पहिरो जोखिम स्तर (उच्च, मध्यम र न्यून) को जानकारी खुलाश्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय/राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, जल तथा मौसम विज्ञान विभाग, केन्द्रीय तथ्याङ्कविभाग, विश्वविद्यालयहरू, अनुसन्धान केन्द्रहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| प्रमुख जलाधार क्षेत्रहरूमा भू-क्षय आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | प्रमुख जलाधारहरूको लागि भू-क्षय नक्शा सार्वजनिक रूपमा उपलब्धभएको हुनेछ | अल्पकालिन | भू तथा जलाधार संरक्षण विभाग, वन विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, विश्वविद्यालयहरू, अनुसन्धान केन्द्रहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| पहिरो जोखिम संवेदनशील भूउपयोग योजनाहरूको तयारी गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | पहिरो जोखिम संवेदनशील भू-उपयोग योजनाहरू उपलब्ध भएको हुनेछन् | मध्यकालिन | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू,जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, स्थानीय सरकार |

## बाढी जोखिम

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| प्रमुख बाढीजन्य नदी जलाधारहरूमा तात्कालिक जल सतह र बर्षा अवलोकन प्रणाली (Real-Time Water Level and Rainfall Observation System) को विस्तार र आधुनिकीकरण गर्ने | प्रमुख नदीहरूको जल सतह तथाबर्षा सम्बन्धी तात्कालिक तथ्याङ्क उपलब्ध भएको हुनेछ | निरन्तर | जल तथा मौसम विज्ञान विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, प्रदेश सरकार, स्थानीय सरकार |
| प्रमुख बाढीजन्य नदीहरूका लागि बाढी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | प्रमुख नदीहरूको बाढी प्रकोप नक्शा उपलब्धभएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको ऊर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू,जल तथा मौसम विज्ञान विभाग, जल तथा ऊर्जा आयोगको सचिवालय |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा बाढी जोखिमयुक्त पूर्वाधारहरू तथा आश्रयस्थलहरूका लागि भू-सन्दर्भित (Geo-referenced) सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | बाढी सम्मुखता र संकटउन्मुखताको छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय/राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग,केन्द्रीय तथ्याङ्कविभाग, विश्वविद्यालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| जोखिमयुक्त पूर्वाधारहरू, आश्रयस्थलहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरूका लागि बाढी जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | बाढी जोखिम स्तर (उच्च, मध्यम र न्यून) को जानकारी खुलाश्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालय, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| बाढी जोखिम संवेदनशील भूउपयोग योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने | बाढी जोखिम संवेदनशील भूउपयोग योजनाहरू कार्यान्वयन भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, प्रदेश सरकार, स्थानीय सरकार |

### हिमपात, हिम पहिरो तथा हिमताल विस्फोटन जोखिम

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| हिमपात, हिमनदी र हिमताल निरन्तर अनुगमन प्रणाली (Real-Time Snow, Glacier and Glacial Lake Observation System) स्थापना गर्ने | हिमपात, हिमपहिरो तथा हिमतालको अवस्था निरन्तर रुपमा जानकारी भएको हुनेछ | निरन्तर | जल तथा मौसम विज्ञान विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| प्रमुख हिमपात, हिमपहिरो तथा हिमताल प्रभावित क्षेत्रको प्रकोप आँकलन, नक्शाङ्कन र क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | हिमपात, हिमपहिरो तथा हिमताल विस्फोट नहुन सक्ने अवस्था सम्बन्धी प्रकोप नक्शा उपलब्ध भएको हुनेछ | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन जोखिमयुक्त पूर्वाधारहरू तथा आश्रयस्थलहरूका लागि लिङ्ग, उमेर र अपाङ्गताका आधारमा भू-सन्दर्भित (Geo- referenced) सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन सम्मुखता र संकटासन्नताको छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क उपलब्ध भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय/राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, स्थानीय सरकार, विश्व विद्यालयहरू, केन्द्रीय तथ्याङ्क विभाग |

| | | | | |
|---|---|---|---|---|
| हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन को जोखिममा रहेका पूर्वाधारहरू, आश्रयस्थलहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरूको जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन जोखिम स्तर (उच्च, मध्यम र न्यून) को जानकारी खुलाश्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय/राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, स्थानीय सरकार, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरू |
| हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन जोखिम संवेदनशील भूउपयोग योजनाहरूको तयारी गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन जोखिम संवेदनशील भूउपयोग योजनाहरू उपलब्ध हुनेछन् | मध्यकालिन | नेपाल सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू,जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, स्थानीय सरकार |

**जलवायुजन्य जोखिम(खडेरी,चट्याङ,हावाहुरी,तातो हावाको लहर, शीत लहर)**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| मौसमको निरन्तर अनुगमन प्रणाली (Real- Time Weather Observation System) लाई राष्ट्रब्यापी रूपमा विस्तार र आधुनिकीकरण गर्ने | मौसम सम्बन्धी जानकारी निरन्तर रुपमा उपलब्ध भएको हुनेछ | निरन्तर | जल तथा मौसम विज्ञान विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| प्रमुख जलवायुजन्य प्रकोप क्षेत्रको प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | जलवायुजन्य प्रकोप क्षेत्रको प्रकोप नक्शा उपलब्ध हुनेछ | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र, जल तथा ऊर्जा आयोगको सचिवालय, कृषि विभाग, प्रदेश सरकार, स्थानीय सरकार, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरू |

| | | | | |
|---|---|---|---|---|
| जलवायुजन्य जोखिमयुक्त क्षेत्रहरूका लागि लिङ्ग, उमेर र अपाङ्गताका आधारमा भू-सन्दर्भित (Geo-referenced) सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | जलवायुजन्य सम्मुखता र संकटासन्नताको छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क उपलब्ध हुनेछ | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय/राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, स्थानीय सरकार, विश्वविद्यालयहरू, केन्द्रीय तथ्याङ्क विभाग |
| जोखिमयुक्त पूर्वाधारहरू (सिंचाई, उद्योग, कृषि, जलविद्युत,ऊर्जा, पशुधन, वन, सिमसार, जलासय, जीविकोपार्जन, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना आदि), जनसंख्या तथा आश्रय स्थलहरूको जलवायुजन्य जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | जलवायुजन्य जोखिम स्तर (उच्च, मध्यम र सामान्य) को जानकारी खुला श्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, स्थानीय सरकार |
| जलवायुजन्य जोखिम संवेदनशील भूउपयोग योजनाहरूको तर्जूमा गरी कार्यान्वयन गर्ने | जलवायुजन्य जोखिम संवेदनशील भूउपयोग योजनाहरू कार्यान्वयन भएका हुनेछन् | मध्यकालिन | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू,जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, स्थानीय सरकार |

### आगलागीर वनडढेलोको जोखिम

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| आगलागी र वनडढेलोको निरन्तर अनुगमन प्रणाली (Real-Time Fire Monitoring System) स्थापना गर्ने | आगलागी र वन डढेलो सम्बन्धी निरन्तर जानकारी उपलब्ध भएको हुनेछ | निरन्तर | स्थानीय सरकार, वन विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, शहरी विकास तथा भवन निर्माण विभाग, अनुसन्धान केन्द्रहरू |

| | | | | |
|---|---|---|---|---|
| मुख्य पूर्वाधार संरचना र सेवाहरूमा आगलागी र वनडढेलो विरूद्ध सचेतना निर्माणका लागि जानकारीमूलक सामग्री (Information Kit) को विकास गर्ने | आगलागी र वनडढेलो सम्बन्धी जानकारी उपलब्ध भएको हुनेछ | निरन्तर | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वन विभाग | शहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश सरकार, स्थानीय सरकार |
| वन क्षेत्रको प्रकोपका आगलागी, बनडढेलो र जंगली जनावर आतंक संबन्धी प्रकोप आँकलन, नक्शाङ्कन र क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | आगलागी प्रकोप क्षेत्रको आगलागी र बनडढेलो प्रकोप नक्शा उपलब्ध भएको हुनेछ | अल्पकालिन | वन विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू,शहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश सरकार, स्थानीय सरकार |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा आगलागी र वनडढेलो जोखिमयुक्त क्षेत्रहरूका लागि भू-सन्दर्भित सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | आगलागीर वनडढेलो सम्मुखता र संकटउन्मुखताको छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क उपलब्ध भएको हुनेछ | अ:पकालिन | वन विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, शहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश सरकार, स्थानीय सरकार |
| जोखिमयुक्त पूर्वाधारहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, सार्वजनिक, सरकारी तथा निजी भवनहरू, औद्योगिक संरचनाहरू तथा आश्रयस्थलहरूका लागि आगलागी र वन डढेलो जोखिम आँकलन तथा नक्शाङ्कन सम्पन्न गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | आगलागीर वन डढेलो जोखिम स्तर ( उच्च, मध्यम र सामान्य) को जानकारी खुला श्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध हुनेछ | अल्पकालिन | वन विभाग, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, शहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश सरकार, स्थानीय सरकार |
| आगलागी र वन डढेलो जोखिम संवेदनशील भू-उपयोग योजनाहरूको तर्जूमा गरी कार्यान्वयन गर्ने | आगलागी र वन डढेलो जोखिम संवेदनशील भू-उपयोग योजनाहरू कार्यान्वयन भएको हुनेछ | मध्यकालिन | नेपाल सरकार कृषि, भूमी व्यवस्था तथा सहकारी मन्त्रालय, वन विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, शहरी विकास तथा भवन निर्माण विभाग,प्रदेश सरकार, स्थानीय सरकार |

### औद्योगिक (रासायनिक, विकिरण) जोखिम

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| औद्योगिक प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | औद्योगिक रासायनिक प्रकोप नक्शा उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल सरकारको सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| औद्योगिक जोखिमयुक्त क्षेत्रहरूका लागि लिङ्ग, उमेर र अपाङ्गताका आधारमा भू-सन्दर्भित (Geo-referenced) सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | औद्योगिक सम्मुखता र संकटउन्मुखताको छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, विश्वविद्यालयहरू, केन्द्रीय तथ्याङ्क विभाग |
| जोखिमयुक्त पूर्वाधारहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, जनसंख्या तथा आश्रयस्थलहरू, औद्योगिक संरचनाहरूको औद्योगिक जोखिम आँकलन तथा नक्शाङ्कन सम्पन्न गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | औद्योगिक जोखिम स्तर (उच्च, मध्यम र सामान्य) का जानकारी खुला श्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, विश्वविद्यालयहरू, केन्द्रीय तथ्याङ्क विभाग |
| औद्योगिक जोखिम संवेदनशील भू-उपयोग योजनाहरूको तर्जूमा गरी कार्यान्वयन गर्ने | औद्योगिक जोखिम संवेदनशील भू-उपयोग योजनाहरू कार्यान्वयन भएका हुनेछन् | मध्यकालिन | नेपाल सरकारको कृषि, भूमी व्यवस्था तथा सहकारी मन्त्रालय,उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार,स्थानीय सरकार |

## ४.२ बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

नेपालमा बहु-मापदण्डमा आधारित बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनहरू पर्याप्त छैनन्। यस सन्दर्भमा बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनको लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| बहुप्रकोप विपद् जोखिम आँकलन पद्धतिलाई संस्थागत गर्नसाझा राष्ट्रिय ढाँचा (Common National Framework) र पद्धतिको विकास गर्ने | बहुप्रकोप विपद् जोखिम आँकलन साधन, विधि, संस्थागत व्यवस्था र निर्देशिका उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, विभागहरू, जल तथा ऊर्जा आयोग सचिवालय, प्रदेश सरकार, विश्वविद्यालयहरू, अनुसन्धान केन्द्रहरू |
| प्रकोप, सम्मुखता, सङ्कटउन्मुखता र जोखिम तथ्याङ्क संकलनमा एकरूपता कायम गर्न अन्तर निकाय संयन्त्र स्थापना गर्ने | प्रकोप, सम्मुखता, संकटउन्मुखता र जोखिम तथ्याङ्क संकलनमा एकरूपता कायम भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, समुदायमा आधारित संगठनहरू, खानी तथा भूगर्भ विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश सरकार, स्थानीय सरकार |
| संघ, प्रदेश र स्थानीय तहमा महत्वपूर्ण पूर्वाधारहरू (आवास, सिंचाई, उद्योग, कृषि, सडक, विमानस्थल, जलविद्युत, ऊर्जा, पशुधन, वन, सिमसार, जलासय, जीविकोपार्जन, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना आदि), आश्रयस्थल र जनसंख्याको लागि बहु-मापदण्डमा आधारित विस्तृत बहु-प्रकोप जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने | सर्वसाधारणका लागि खुला श्रोत स्वरूपमा महत्वपूर्ण पूर्वाधार र आवासको बहु-प्रकोप जोखिम जानकारी उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय/राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, शहरी विकास तथा भवन निर्माण विभाग, खानी तथा भूगर्भ विभाग,जल तथा मौसम विज्ञान विभाग,शहरी विकास तथा भवन निर्माण विभाग |

| | | | | |
|---|---|---|---|---|
| बहु(प्रकोप जोखिम संवेदनशील भू-उपयोग योजनाहरूको तयारी गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउँने | बहु(प्रकोप जोखिम संवेदनशील भू-उपयोग योजनाहरू उपलब्ध भएका हुनेछन् | मध्यकालिन | नेपाल सरकारको कृषि, भूमी व्यवस्था तथा सहकारी मन्त्रालय, नेपाल सरकारको गृह मन्त्रालय/राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

### ४.३ प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

नेपालमा एकीकृत सूचना प्रसारण गर्ने पद्धतिको विकास र सञ्चार माध्यम तथा आधुनिक सञ्चार प्रविधिहरूको समुचित प्रयोग गर्ने क्षमताको पूर्ण विकासका लागि प्रभावकारी काम गर्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विद्यमान र उदियमान विपद् जोखिम प्रचारप्रसार गर्न विभिन्न मिडिया (सामाजिक, छापा, विद्युतीय, श्रब्य दृश्य) को प्रभावकारी प्रयोग गर्ने | विपद् जोखिम बारे व्यापक प्रचार प्रसार तथा जानकारी भएको हुनेछ | निरन्तर | नेपाल सरकारको संचार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल दुरसंचार प्राधिकरण, पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजन |
| विपद् जोखिम सूचना साझेदारिताका लागि सरकारी संस्थाहरू, समुदायमा आधारित संगठनहरू, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरू, रेडक्रस अभियानका अंगहरू र मिडिया बीच राष्ट्रिय देखि स्थानीय स्तरसम्म सहकार्य गर्ने | विपद् जोखिम सूचना साझेदारितामा व्यापक रूपले सहकार्य भएको हुनेछ | निरन्तर | नेपाल सरकारको गृह मन्त्रालय/राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल दुरसंचार प्राधिकरण, समुदायमा आधारित संगठनहरू, विकासका साझेदार, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरू, रेडक्रस अभियानका अंगहरू र मिडिया |

| | | | | |
|---|---|---|---|---|
| संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम सूचना साझेदारी गर्न (मोबाईल एप्स, वेबसाईट, एसएमएस, रेडियो र टेलिभिजन जस्ता प्रविधिको प्रयोग सहित) संचार तथा प्रसार रणनीति र कार्यविधि तयार पार्ने | सबै तहमा विपद् जोखिम सूचनाको प्रभावकारी संचार र प्रसार भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको संचार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल दुरसंचार प्राधिकरण |
| महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग, विद्यार्थी र अन्य संकटउन्मुख समूहसँग जोखिम सूचना साझेदारी गर्न संचार तथा प्रसार रणनीति र कार्यविधि तयार गर्ने | महिला, वृद्ध, बालबालिका, अपाङ्ग, विद्यार्थी र अन्य संकटउन्मुख समूहसँग जोखिम सूचना साझेदारी भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको संचार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल दुरसंचार प्राधिकरण |
| संघ, प्रदेश तथा स्थानीय तहमा आधिकारिक, खुला, भौगोलिक सूचना प्रणालीमा आधारित विपद् जोखिम सूचना ब्यवस्थापन प्रणालीको स्थापना गर्ने | सबै तहमा विपद् जोखिम जानकारीको लागि विपद् जोखिम सूचना ब्यवस्थापन प्रणाली उपलब्ध भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय/राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार,स्थानीय सरकार |
| विपद् जोखिम जानकारी साझेदारितामा द्विपक्षीय, क्षेत्रीय र अन्तरराष्ट्रिय सहयोगलाई बढावा दिने | सीमा वार पार जोखिम सूचना उपलब्ध भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग |

### ४.४ विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

नेपालमा विपद् जोखिम बारे बुझाईका लागि क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययन, अध्यापन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरू गर्नु पर्ने आवश्यकता छ। विद्यमान प्रशिक्षण केन्द्रहरूका क्षमता अभिबृद्धि गर्ने र राष्ट्रिय देखि स्थानीय स्तरसम्म विपद् जोखिम न्यूनीकरणका लागि प्रशिक्षण र अनुसन्धान केन्द्रहरू स्थापना गर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विद्यालयदेखि विश्वविद्यालय सम्मको पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्वन्धी विभिन्न पक्षमा विधागत, विषयगत र अन्तर- विधागत पाठयक्रम निर्माण गरी अध्ययन, अध्यापन र अनुसन्धान प्रणालीलाई संस्थागत गर्ने | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको क्षेत्रमा दक्ष जनशक्ति विकास भै विपद् जोखिम बुझाईमा वृद्धिभएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालयहरू | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार,स्थानीय सरकार |
| पेशेवर सवारी चालकहरूको लागि नियमित सडक सुरक्षा शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने | सडक दुर्घटना कम गर्न पेशेवर सवारी चालकहरूको क्षमता विकास भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| दलित,महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, संकटउन्मुख समुदायहरू र सम्पूर्ण सरोकारवालाहरूका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी पाठ्यक्रमको विकास गरी प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने | संकटउन्मुख समुदायहरू र सरोकारवालाहरूको विपद् जोखिम सम्बन्धी बुझाईमा क्षमता विकास भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार,स्थानीय सरकार |
| विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरूका लागि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा खेल्नुपर्ने भूमिकाबारे जानकारीमूलक सामग्री बनाई प्रचारप्रसार गर्ने, तालिम प्रदान गर्ने र विभिन्न तहमा अनुभवको आदान प्रदान गर्ने | विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरूको विपद् जोखिम बुझाईमा क्षमता वृद्धिभएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार,स्थानीय सरकार,समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठनहरू |

| | | | | |
|---|---|---|---|---|
| राजनीतिक दल तथा भातृ संगठनहरूका सदस्यहरू, निर्वाचित जन प्रतिनिधि, विषयगत निकायका सम्पर्क व्यक्ति, विपद जोखिम व्यवस्थापन क्षेत्रमा कार्यरत संघ संस्थाहरूलाई विपद् जोखिम न्यूनीकरण ऐन, नियम, नीति, रणनीतिक कार्ययोजना बारे अभिमुखिकरण गर्ने | विपद् जोखिम न्यूनीकरण सम्बन्धि कानूनी तथा नियामक व्यवस्था बारे व्यापक जानकारी भै निर्णय प्रक्रिया प्रभावकारी भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय,राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार,स्थानीय सरकार |
| विपद् जोखिम न्यूनीकरण सम्बन्धमा सचेतना जगाउने कार्यक्रमहरूको विकास तथा संचालन गर्नका लागि समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरूसँग सहकार्य गर्ने | विपद् जोखिम सम्बन्धी चेतना अभिबृद्धिमा ब्यापक सहकार्य भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार,स्थानीय सरकार,समुदायमा आधारित संघ संस्था,गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरू |
| व्यापारी, व्यवसायी र उद्यमीहरूलाई विपद् जोखिम न्यूनीकरण बारे प्रशिक्षण दिई उनीहरूको जवाफदेहिता, सहभागिता र जिम्मेवारीवोध बढाउँने | निजी क्षेत्र विपद् जोखिम बारे जानकार भई जिम्मेवार भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार,स्थानीय सरकार, नेपाल उद्योग वाणिज्य महासंघ |
| विपद् जोखिम सम्बन्धी चेतना तथा प्रशिक्षणका लागि विस्तृत राष्ट्रिय र स्थानीय स्तरको कार्यक्रमको विकास गरी संचालन गर्ने | विपद् जोखिम सम्बन्धी चेतना अभिबृद्धि भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय,राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार,समुदायमा आधारित संघसंस्था,गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरू |

| | | | | |
|---|---|---|---|---|
| विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा विद्यमान प्रशिक्षण केन्द्रहरूका क्षमता सुदृढीकरण गर्ने | विद्यमान प्रशिक्षण केन्द्रहरूका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षमता सुदृढ भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शहरी विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, प्रशिक्षण प्रतिष्ठानहरू |
| ड्राइभिङ्ग स्कूलहरूको क्षमता विकास गर्ने | सडक दुर्घटना कम गर्न ड्राइभिङ्ग स्कूलहरूको क्षमता विकास भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| संघ, प्रदेश र स्थानीय तहमा प्रकोप, संकटउन्मुखता तथा जोखिम आँकलन, व्याख्या र समय समयमा अद्यावधिक गर्ने, जोखिम संवेदनशील भू(उपयोग योजना तयारी, विपद् प्रभाव मूल्याङ्कन सम्वन्धमा सरोकारवाला र पेशाकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम गर्ने | जोखिम आँकलन र व्याख्या अद्यावधिक गर्ने कार्यमा क्षमता सुदृढ भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार,जल तथा मौसम विज्ञान विभाग,खानी तथा भूगर्भ विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, जल तथा ऊर्जा आयोग सचिवालय, भू तथा जलाधार संरक्षण विभाग, विश्वविद्यालयहरू, अनुसन्धान केन्द्रहरू |
| विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका सवाल, समस्या र समाधान माथि अनुसन्धान र विकास गर्ने | विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका लागि नयाँ प्रविधि तथा प्रणालीको बिकास भएको हुनेछ | दीर्घकालिन | विश्वविद्यालयहरू, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, शहरी विकास तथा भवन निर्माण विभाग,जल तथा मौसम विज्ञान विभाग |

## अध्याय ५
## प्राथमिकता प्राप्त क्षेत्र २ – संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण

विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण जोखिम बुझ्ने, न्यूनीकरण गर्ने तथा व्यवस्थापन गर्ने प्रयासको जगको रूपमा मानिन्छ। विपद् जोखिम शासकीय पद्धतिले विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरणमा नागरीकका चासो व्यक्त गर्न, कानूनी अधिकार र दायित्व बारे अभ्यास गर्न र गुनासा तथा मतभेदहरूलाई सम्बोधन गर्नका लागि संस्थागत व्यवस्था, नीतिगत व्यवस्था, संयन्त्र, समन्वय र प्रक्रियाहरूको व्यवस्था गर्दछ। यसले विपदबाट सुरक्षित रहन, तयारी गर्न, व्यवस्थापन गर्न र पुनर्लाभ प्राप्त गर्न क्षमता तथा स्रोत साधनहरू पर्याप्त मात्रामा उपलब्ध हुनेछन् भन्ने सुनिश्चित गर्दछ। विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचाले विभिन्न तहमा विपद् जोखिम शासकीय पद्धतिको पहिचान गरेको छ जसले विपद् जोखिमको प्रभावकारी तथा कुशल व्यवस्थापनको लागि ठूलो महत्व राख्छ। यसको लागिसबै क्षेत्रमा स्पष्ट दृष्टि, योजना, सामर्थ्य, निर्देशन र समन्वयका साथै सम्बन्धित सरोकारवालाहरूको सहभागिता पनि आवश्यक पर्छ। विपद् जोखिम न्यूनीकरण तथा दिगो विकास कार्यान्वयनको लागि सहयोग र साझेदारीलाई बढावा दिन विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण आवश्यक छ। विपद् जोखिम शासकीय पद्धति सुदृढ बनाउन निम्न कुराहरूमा जोड दिनु आवश्यक छ।

(क) सबै क्षेत्रमा विपद् जोखिम न्यूनीकरणलाई एकीकृत र मूलप्रवाहीकरण गर्न सम्बन्धित कानून, नियम र नीतिहरूको एकरूपता कायम गर्ने। कानूनी संरचना मार्फत सार्वजनिक तथा निजी क्षेत्रहरूको भूमिका र जिम्मेवारीलाई मार्गदर्शन गर्ने। सार्वजनिक सेवा तथा पूर्वाधारहरूमा विपद् जोखिमलाई सम्बोधन गर्ने। व्यक्ति, परिवार, समुदाय र व्यवसायका कार्यहरूलाई प्रोत्साहन गर्ने। विपद् जोखिम पारदर्शिताको लागि सम्बन्धित संयन्त्र तथा पहललाई बढावा दिने। समन्वयात्मक र संगठनात्मक संरचनाहरू स्थापना गर्ने।

(ख) सबै तहहरूमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना अवलम्बन र कार्यान्वयन गर्ने।

(ग) विभिन्न स्तरमा पहिचान गरीएका जोखिमहरूको सामना गर्न प्राविधिक, वित्तीय र प्रशासनिक रूपमा विपद् जोखिम व्यवस्थापन क्षमताको आँकलन गर्ने।

(घ) विषयगत क्षेत्रका नीति, नियम र कानूनमा रहेका विपद् जोखिम न्यूनीकरणका प्रावधानहरू जस्तै भू-उपयोग, शहरी योजना, भवन संहिता, पर्यावरण संरक्षण, स्रोत व्यवस्थापन, स्वास्थ्य र सुरक्षास्तर सम्बोधन आदिको पालना सुनिश्चित गर्न र प्रोत्साहनलाई बढावा दिन आवश्यक संयन्त्रको व्यवस्था गर्ने तथा आवश्यकता अनुसार अद्यावधिक गर्ने।

(ङ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विभिन्न योजनाहरूको आवधिक प्रगति समीक्षा तथा लेखाजोखा गर्न पद्धति विकास गर्ने, सुदृढ बनाउने एवं प्रगति समीक्षाको विषयमा विभिन्न तहका जनप्रतिनिधीहरू, विधायकहरू र सम्बन्धित अधिकारीहरूसँग छलफल तथा बहसलाई प्रोत्साहन गर्ने।

(च) विपद् जोखिम व्यवस्थापनका लागि कानूनी संरचना र स्पष्ट भूमिकाका आधारमा समुदायका प्रतिनिधिहरूलाई निर्णयका लागि जिम्मेवारी सुम्पने।

(छ) संघ, प्रदेश तथा स्थानीय तहमा सम्बद्ध सरोकारवालाहरूबाट बनेको सरकारी समन्वय मञ्चहरूको स्थापना गर्ने र सुदृढ बनाउने, जस्तै विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय तथा स्थानीय मञ्चहरू।

(ज) विपद् जोखिम व्यवस्थापनमा स्थानीय स्तरमा नागरीक समाज, समुदाय, राजनीतिक दल तथा भातृ संगठनहरू, आदिवासी र आप्रवासीसँग सहकार्य र समन्वय गर्न स्थानीय अधिकारीहरूलाई सशक्त बनाउने।

(झ) विपद् जोखिम न्यूनीकरणका लागि नीतिगत तथा वित्तीय व्यवस्थाको लागि विधायकहरूसँगको छलफल तथा बहसलाई प्रोत्साहन गर्ने।

(ञ) विपद् जोखिम व्यवस्थापनको गुणस्तर विकासका लागि कदर, पुरस्कार आदिको व्यवस्था गर्न निजी क्षेत्र, नागरीक समाज, व्यावसायिक संस्थाहरू, वैज्ञानिक संस्थाहरू र संयुक्त राष्ट्र संघसँग सहकार्य गर्ने।

(ट) विपद् जोखिम क्षेत्रहरूमा विपद् नियन्त्रण तथा मानव बस्तिहरू स्थानान्तरण गर्ने नीतिगत व्यवस्था गर्ने।

यस प्राथमिकता प्राप्त क्षेत्रको कार्यान्वयनले जलवायु परिवर्तन अनुकुलन र विपद् जोखिम न्यूनीकरणलाई एकीकृत रूपमा कार्यान्वयन गरी विषयगत क्षेत्रहरू, सामाजिक र आर्थिक विकास योजना प्रक्रिया तथा अभ्यासहरूमा विद्यमान जोखिम कम गर्न र भविष्यमा हुन सक्ने जोखिम वा क्षति रोकथाम गर्न सहयोग पुऱ्याउँछ। साथै सुरक्षित विकासका लागि कम जोखिम क्षेत्रहरूमा प्रोत्साहन र उच्च जोखिम क्षेत्रहरूमा निरूत्साहन गरी उत्थानशीलता विकासमा योगदान दिनेछ।

यसको लागि विकास परियोजनामा एकीकृत विपद् तथा जलवायु जोखिम परीक्षण विधिको विकास गरीनेछ। यी विधिहरूले सबै परियोजनाहरू प्राकृतिक प्रकोपबाट पर्याप्त मात्रामा सुरक्षित छन् र तिनीहरूले नयाँ प्रकारका विपद् जोखिम सिर्जना गर्दैनन् वा विद्यमान जोखिमलाई बढाउँदैनन् भन्ने सुनिश्चित गर्न सहयोग पुऱ्याउँनेछन्। यी विधिहरू विकास परियोजनामा विपद् तथा जलवायु जोखिम विश्लेषण गर्ने व्यवस्थित पद्दति प्रवर्धन गर्ने उद्देश्यले अभिप्रेरित हुनेछन्।

नेपाल विश्वमा सबैभन्दा कम शहरीकरण भएको तर द्रुत गतिमा शहरीकरण भइरहेका देशहरूमध्ये एक हो। शहरी क्षेत्रमा विपद् जोखिम कम गर्न भवन संहितालाई समय सापेक्ष अद्यावधिक र कार्यान्वयन गर्नु जरूरी छ। साथै शहरी विकास योजनाहरूमा ढल निकाश प्रणालीको अनिवार्य व्यवस्था गर्नु पर्दछ।

विपद् जोखिम न्यूनीकरण गर्न राष्ट्रिय कार्यक्रमहरू तर्जुमा एवं सरोकारवालाहरूलाई प्रोत्साहन तथा मार्गदर्शन गर्ने प्रणालीको स्थापना गरी संघदेखि स्थानीय तहसम्म विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई सम्बोधन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम जिम्मेवार निकायहरूको स्थापना र सुदृढीकरण गर्न जरूरी देखिएको छ। विपद् जोखिम व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्थालाई समयसापेक्ष परिमार्जन गर्नुपर्ने आवश्यकता छ। सबै तहमा पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य योजनाको तर्जुमा तथा

क्षमताको अभिवृद्धि तत्काल गर्नु जरूरी छ।

उक्त विषयहरूलाई सम्बोधन गरी नेपालमा विपद् जोखिम शासकीय पद्धति सुदृढ गर्न यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरीएका छन्।

क) संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

ख) कानूनी तथा नियामक संरचना निर्माण

ग) विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

घ) विपद् जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता

## ५.१ संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

गृह मन्त्रालय अन्तर्गत मौजुदा विपद् व्यवस्थापन महाशाखाको सीमित संरचनाले विपद् जोखिमको बढ्दो कामको चाप थेग्न चुनौतिपूर्ण भैरहेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम विपद् जोखिम न्यूनीकरणको लागि अधिकार सम्पन्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना एवं विषयगत मन्त्रालय तथा विभागहरूको संगठनात्मक पुनर्संरचना र सुदृढीकरण गर्नु पर्ने आवश्यकता छ। संविधानले स्थानीय तहलाई पर्याप्त अधिकार प्रदान गरेको सन्दर्भमा विपद् जोखिम शासकीय पद्धतिमा पनि स्थानीय तहलाई बढी जिम्मेवार बनाउँदै लानु पर्ने देखिएको छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गर्ने | विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यका लागि राष्ट्रिय स्तरमासंस्थागत व्यवस्था भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| प्रदेश र स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन समिति तथा संस्थागत संरचना विकास गर्न समयबद्ध कार्ययोजना बनाई लागू गर्ने | विपद् जोखिम शासनमा प्रदेश र स्थानीय तहको संस्थागत संरचना र कार्यक्षमताको विकास भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| प्रत्येक क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणा एकीकृत र कार्यान्वयन गर्नको लागि संघ, प्रदेश तथा स्थानीय तहमा समन्वय संयन्त्र स्थापना गर्ने | प्रत्येक क्षेत्रमा स्पष्ट जिम्मेवारी सहित समन्वय संयन्त्र भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार, स्थानीय सरकार |
| विद्यमान जोखिमयुक्त सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरू तथा भौतिक पूर्वाधारहरू (सार्वजनिक, सरकारी र निजी भवनहरू, हाइड्रोलिक संरचना, शहरी पूर्वाधारहरू, विद्यालय र अस्पताल, रंगशाला, थिएटरहरू, सपिंग मल आदि) को प्रबलीकरणको लागि विशेष कोष र अनुगमन संयन्त्र स्थापना गर्ने | पूर्वाधारहरू प्रबलीकरणमा वित्तीय व्यवस्था र उत्तरदायित्व स्थापितभएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, अर्थ मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग,प्रदेश सरकार, स्थानीय सरकार |
| विषयगत मन्त्रालयहरू तथा विभागहरूमा विपद् जोखिम सम्बन्धि निश्चित जिम्मेवार (Focal) व्यक्ति, शाखा वा महाशाखा तोक्ने | प्रत्येक विषयगत मन्त्रालय र विभागमा विपद् जोखिम न्यूनीकरणका लागि समर्पित केन्द्रीय एकाइ उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, विभागहरू, अन्य निकायहरू |
| विद्यालय तथा अस्पातलहरूमा विपद् जोखिम व्यवस्थापन समिति स्थापना गर्ने | विद्यालय तथा अस्पातलहरूमा प्रभावकारी विपद् जोखिम व्यवस्थापन भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| प्रदेश र स्थानीय तहमा आपत्कालिन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने | प्रदेश र स्थानीय तहमा प्रभावकारी विपद् पूर्वतयारी तथा आपत्कालिन प्रतिकार्य भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| प्रदेश र स्थानीय तहमा स्वास्थ्य आपत्कालिन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने | प्रदेश र स्थानीय तहमा प्रभावकारी आपत्कालिन स्वास्थ्य सेवा उपलब्ध भएको हुनेछ। | अल्पकालिन | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष संलग्न प्रमुख विभागहरू तथा मन्त्रालयहरूको विपद् जोखिम न्यूनिकरण तथा व्यस्थापन सम्वन्धि संगठनात्मक संरचना सुधार तथा सुदृढीकरण गर्ने | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रभावकारी संस्थागत व्यवस्थाभएको हुनेछ | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग, भू तथा जलाधार संरक्षण विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| राष्ट्रिय सडक सुरक्षा परिषद गठन गरी सक्रिय बनाउने | सडक सुरक्षा क्रियाकलापहरूको अनुगमन तथा समन्वयका लागि संस्थागत व्यवस्था भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| मालवाहक तथा यात्रुवाहक सवारी साधनहरूको भार अनुगमन तथा नियन्त्रण संयन्त्र स्थापना गर्ने | मालवाहक तथा यात्रुवाहक सवारी साधनहरूको अत्यधिक भार अनुगमन तथा नियन्त्रण संयन्त्र स्थापना भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी र स्थानीय तहमा सडक सुरक्षा इकाई गठन गर्ने | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी र स्थानीय तहमा सडक सुरक्षाको लागि संस्थागत व्यवस्था भएको हुनेछ | अल्पकालिन | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार |

## ५.२ कानूनी र नियामक संरचनाको निर्माण

विगतका कानूनी तथा नीतिगत व्यवस्थाहरूको आधारमा सम्पादन गरीएका कार्यहरूको अनुभवहरूलाई समेत अवलम्बन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको बहुआयामिकतालाई सम्बोधन गर्न समसामयिक कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्ने आवश्यकता भएको हुनाले विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न व्यवस्थापिका-संसदले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बनाएको छ।यस ऐनको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली तयार गर्नु पर्ने आवश्यकता छ। विपद् जोखिम न्यूनीकरणको लागि विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित कानूनी र नियामक संरचनाहरूको पनि विकास गर्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली तयार गर्ने | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन शासन व्यवस्थित र सुदृढ गर्न नियमावली तयारभएको हुनेछ | अल्पकालिन | नेपाल सरकारकोगृह मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| प्रदेश र स्थानीय तहहरूले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना तयार गर्ने | प्रदेश र स्थानीय तहमा प्रभावकारी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना तयार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| राष्ट्रिय सडक सुरक्षा रणनीति तयार गर्ने र सडक सुरक्षा कार्ययोजनालाई अद्यावधिक गर्ने | राष्ट्रिय सडक सुरक्षा रणनीति तयार र सडक सुरक्षा कार्ययोजना अद्यावधिक भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, निजी क्षेत्र, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |

| | | | | |
|---|---|---|---|---|
| सडक सुरक्षा परिक्षण निर्देशिका (Road Safety Audit Manual) तयार गर्ने | सडक सुरक्षा परिक्षण निर्देशिका तयार भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, विश्व विद्यालयहरू, अनुसन्धान केन्द्रहरू |
| सुरक्षित सडकका लागि डिजाईन निर्देशिका (Design Guideline for Safer Roads) तयार गर्ने | सुरक्षित सडकका लागि डिजाईन निर्देशिका तयार भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, विश्व विद्यालयहरू, अनुसन्धान केन्द्रहरू |
| नेपाल सडक मापदण्ड तथा नेपाल सडक सेफ्टि कोडहरू(३ फरक इकोलोजिकल जोनका लागी) परिमार्जन तथा विकास गर्ने | सुरक्षित सडकका लागि नयाँ कोडर मानक तयार भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, विश्व विद्यालयहरू, अनुसन्धान केन्द्रहरू |
| सीट बेल्ट, हेलमेटको प्रयोग र सार्वजनिक यातायात सुरक्षा सम्बन्धी नियमहरूलाई कडाईका साथ लागु गर्ने र सबै सडक प्रयोगकर्ताहरूका लागि विस्तृत आचार संहिता विकास गर्ने | सडक प्रयोगकर्ताहरू सचेत र अनुशासित भै सडक दुर्घटना कम भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| भवन निर्माण ऐन अद्यावधिक गरी लागू गर्ने, शहरी तथा ग्रामीण क्षेत्रहरूको लागि भवन संहिता परिमार्जन गर्ने र सबै गाउँ तथा नगरपालिकाका लागि भवन निर्माण विनियम बनाउने | बाढी र भूकम्प प्रतिरोधी भवन निर्माणका लागि नीतिगत व्यवस्था भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको शहरी विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| पूर्वाधार योजना डिजाइन र निर्माणका लागि विद्यमान मापदण्डहरू र मानकहरू (भूकम्प कोड, योजना नर्म्स)को पुनरावलोकन र परिमार्जन गर्ने | पूर्वाधार योजना डिजाइन र निर्माणका लागि परिष्कृत कोड, मानक, निर्देशिका आदि तयार भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार | विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू |
| जोखिमयुक्त पूर्वाधारहरू (आवासीय भवन, होटेल, अपार्टमेन्ट, औद्योगिक भवन, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा, विद्यालय, अस्पताल, सामुदायिक भवन, आश्रयस्थल आदि) प्रबलीकरण (Retrofitting) को लागि निर्देशिका तयार गर्ने | जोखिमयुक्त पूर्वाधारहरूको विपद् जोखिम न्यूनीकरणको लागि प्रबलीकरण निर्देशिका उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान |
| क्षेत्रगत विकास योजनाहरूमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गर्न निर्देशिका तयार गर्ने | विकास योजना तथा कार्यक्रममा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गर्न निर्देशिका तयार भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विपद् जोखिम प्रभाव मूल्याङ्कनलाई वातावरण संरक्षण ऐन तथा वातावरण प्रभाव मूल्याङ्कन निर्देशिकामा समावेश गर्ने | विपद् जोखिम प्रभाव मूल्याङ्कन वातावरण संरक्षण ऐन तथा वातावरण प्रभाव मूल्याङ्कन निर्देशिकामा समावेश भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| प्रमुख परियोजनाहरूको छनौटका लागि विपद् र जलवायु परिवर्तन जोखिम सम्वन्धी ज्ञानहरूको आधारमा विकास आयोजनाहरूको प्रारम्भिक र विस्तृत जोखिम मूल्यांकन कार्यढाँचा तयार गरी निर्देशिकाहरूमा समावेश गर्ने | प्रमुख आयोजनाहरूमा जलवायु र विपद् जोखिम प्रतिरोधी प्रविधी समावेश गर्न विस्तृत जोखिम मूल्यांकन कार्यढाँचा तयार भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी विभिन्न कार्यक्रम र कार्ययोजनाहरूमा विपद् जोखिम न्यूनीकरण समावेश गर्ने | प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी विभिन्न कार्यक्रम र कार्ययोजनाहरूमा विपद् जोखिम न्यूनीकरण समावेश भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका वन तथा वातावरण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा विशेष योगदान पुऱ्याउँने कर्मचारीहरूलाई पुरस्कृत गर्ने प्रणाली विकास गर्ने | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागिविशेष योगदान पुऱ्याउँने कर्मचारीहरूलाई पुरस्कृत गर्ने प्रणालीको विकास भै कर्मचारीहरूको कार्य सम्पादनमा सुधार भएको हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| प्रदेश र स्थानीय तहमा आपत्कालिन कोष तथा खाद्य बैंकका लागि नियमावली र कार्य संचालन विधि तयार गर्ने | प्रदेश र स्थानीय तहमा आपत्कालिन कोष र खाद्य बैंकका लागि जवाफदेहिता सहित कार्य संचालन विधि तयार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| संकटउन्मुख समूहको सुरक्षाको लागि र आपत्कालिन स्थितीमा लैङ्गिक हिंसा रोकथाम गर्न निर्देशिका तयार र कार्यान्वयन गर्ने | आपत्कालिन स्थितीमा संकटउन्मुख समूहको सुरक्षा र लैङ्गिक हिंसा रोकथामका लागी निर्देशिका तयार भै कार्यान्वयन भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, गृह मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| विपद् प्रतिकार्यमा समुदाय तहमा स्वयंसेवक परिचालनका लागि निर्देशिका बनाई लागु गर्ने | विपदको समयमा स्वयंसेवक परिचालन सहज बनाउन निर्देशिका उपलब्ध भैलागु भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, समुदायमा आधारित संघ संस्था,गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरू |
| विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि गैरसरकारी संस्थाको परिचालन सम्बन्धी कार्यविधि परिमार्जन गर्ने | विपद् व्यवस्थापनमा गैरसरकारी संस्थाको परिचालन प्रभावकारी र पारदर्शी भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विपदको समयमा भग्नावशेष र विभिन्न फोहर व्यवस्थापनको लागि आवश्यक निर्देशिका बनाउने | विपदको समयमा भग्नावशेष र फोहर व्यवस्थित गर्न निर्देशिका तयार भएको हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| राष्ट्रिय आपत्कालिन कार्यसंचालन केन्द्रको कार्यसंचालन विधी परिमार्जन गर्ने तथा प्रदेश र स्थानीय तहका आपत्कालिन कार्यसंचालन केन्द्रहरूको कार्यसंचालन विधी तयार गर्ने | आपत्कालिन कार्यसंचालन केन्द्रहरूको कार्यसंचालन विधी अद्यावधिक भएको हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| प्रदेश र स्थानीय तहका स्वास्थ्य आपत्कालिन कार्य संचालन केन्द्रहरूको कार्यसंचालन विधी तयार गर्ने | प्रदेश र स्थानीय तहमा स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रहरूको कार्य संचालन विधी उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, |

| | | | | |
|---|---|---|---|---|
| विपद् पश्चातको खोज र उद्दारलाई प्रभावकारी बनाउन मापदण्ड विकास गरी निर्देशिका बनाउने | खोज र उद्दार कार्य प्रभावकारी बनाउन निर्देशिका उपलब्ध भएको हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, सशस्त्र प्रहरी वल, नेपाली सेना, नेपाल प्रहरी | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, समुदाय |
| प्रादेशिक, स्थानीय र सामुदायिक विपद् व्यवस्थापन समितीका लागि स्थानीय विपद् जोखिम व्यवस्थापन कार्यसंचालन विधि तयार र नियमित अद्यावधिक गर्ने | स्थानीय तहमा प्रभावकारी विपद् पूर्वतयारी तथा आपत्कालिन प्रतिकार्यको लागी कार्यसंचालन विधि तयार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| स्थानीय तहका विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन कार्यविधि र निर्देशिकाहरूको (CAPA, LDRMP, LAPA, DPRP) एकीकृत निर्देशिका तयार गर्ने | स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका लागि एकीकृत कार्यविधि उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| विपद् जोखिम न्यूनिकरणका लागि नयाँ प्रविधिहरू समाविष्ट पूर्वाधारको डिजाइन गर्न नयाँ कोडहरू र मानकहरूको विकास गर्ने | नयाँ कोड, मानक र प्रविधि तयार भएको हुनेछ | मध्यकालिन | विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, पुर्वाधार सम्वन्धित मन्त्रालय तथा विभागहरू | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| जोखिम आँकलनको आधारमा प्रमुख नदी बेसिनमा नदी व्यवस्थापन र जलाधार संरक्षणको लागि गुरू योजना तयार गर्ने | जल उत्पन्न प्रकोप जोखिम न्यूनीकरणका लागी गुरू योजना तयार भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारका जल तथा ऊर्जा आयोगको सचिवालय, ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| हरित पूर्वाधार र पारिस्थितिकी प्रणालीमा आधारित अनुकूलन (Ecosystem Based Adaptation) मार्फत विपद् जोखिम न्यूनीकरणका लागि मार्गदर्शन तयार गर्ने | हरित पूर्वाधार र पारिस्थितिकी प्रणालीमा आधारित अनुकूलन मार्फत विपद् जोखिम न्यूनीकरणका लागी मार्गदर्शन तयार भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारका वन तथा बातावरण मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शहरी विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| सडक दुर्घटनामा परेका व्यक्ति, गाडी तथा अन्य वस्तुहरूको खोज तथा उद्धारका लागी निर्देशिका र मार्गदर्शन तयार गर्ने | सडक दुर्घटनामा परेका व्यक्ति, गाडी तथा अन्य वस्तुहरूको खोज तथा उद्धारका लागी निर्देशिका र मार्गदर्शन तयार भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| बाढी जोखिम कम गर्न हाइड्रोलिक संरचना निर्माणका लागी निर्देशिका र मार्गदर्शन तयार गर्ने | बाढी जोखिम कम गर्न बलियोहाइड्रोलिक संरचनानिर्माणका लागी निर्देशिका र मार्गदर्शन तयार भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारका जल तथा ऊर्जा आयोगको सचिवालय, ऊर्जा, जलश्रोत तथासिंचाई मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| जोखिम-संवेदनशील भू-उपयोग योजना कार्यान्वयनको लागि नियमन, प्रोत्साहन र निरूत्साहन व्यवस्था विकास गर्ने | सबै स्थानीय तहमा भविष्यमा बस्ती र उत्पादनमूलक प्रयोगका लागि उच्च, मध्यम तथा न्यून जोखिम क्षेत्रहरूको पहिचानको आधारमा योजनाहरू तयार भएका हुनेछन् | मध्यकालिन | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, शहरी विकास मन्त्रालय, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार |

| | | | | |
|---|---|---|---|---|
| निजी क्षेत्रहरूका व्यवस्थापन अभ्यासहरूमा विपद् जोखिम व्यवस्थापन एकीकृत गर्ने | निजी क्षेत्रमा विपद् जोखिम व्यवस्थापन अवलम्बन भएको हुनेछ | मध्यकालिन | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विपद्को समयमा पशुपन्छी हेरचाह सम्बन्धि निर्देशिका तयार गर्ने | पशुपन्छी हेरचाह सम्बन्धि निर्देशिका तयार भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गृह मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| तातो हावाको लहर तथा शीतलहर व्यवस्थापन निर्देशिका तयार गर्ने | तातो हावाको लहर तथा शीतलहर व्यवस्थापन प्रभावकारी बनाउन निर्देशिका तयार भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| प्राकृतिक र जलवायुजन्य प्रकोप व्यवस्थापन निर्देशिका तयार गर्ने | प्राकृतिक र जलवायुजन्य प्रकोप व्यवस्थापन प्रभावकारी बनाउन निर्देशिका तयार भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

## ५.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

मुलुकको शासकीय संरचना संघीयतामा रूपान्तरण भएको अवस्थामा विपद् जोखिम व्यवस्थापनको शासकीय पद्धतिलाई संघीय ढाँचामा रूपान्तरण गर्दै संघ, प्रदेश र स्थानीय साझेदारी एवं सहकार्यको अवधारणा विकास गर्नु जरूरी छ। संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको क्षेत्रमा रहेको क्षमताको समिक्षा र मुल्यांकन गरी क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। छिमेकी देशहरूसँग विपद् जोखिम न्यूनीकरणमा सहकार्य बढाउनु आवश्यक छ। साथै विपद् जोखिम व्यवस्थापनमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू र अनुसन्धान संस्थाहरूसँग सहकार्य र साझेदारी विकास गर्नु जरूरी छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| संघ, प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणमा शासकीय क्षमता पहिचान गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गर्ने | क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन भै विपद् जोखिम शासनमा क्षमता विकास भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| संघ, प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणमा संलग्न सरकारी तथा गैर सरकारी निकायहरू र रेडक्रस अभियानका अंगहरूको सञ्जाल स्थापना गर्ने | सरकारी तथा गैर सरकारी निकायहरूको सञ्जाल स्थापना भै विपद् जोखिम न्यूनीकरणमा सबै तहमा सरोकारवालाहरूको व्यापक सहभागिता भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, अनुसन्धान संस्थाहरू |
| जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कन विधी सम्बन्धि तालिम संचालन गर्ने | तालिम संचालन भै जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कन गर्ने जनशक्तिको विकास भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वन तथा बातावरण मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू |
| राष्ट्रिय विपद् जोखिम न्यूनीकरण सञ्जाल (National DRR Platform) लाई सुदृढ बनाउने र प्रदेश तथा स्थानीय तहमा विस्तार गर्ने | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा सरोकारवालाहरूको व्यापक सहभागिता भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, सरकारी निकायहरू,गैर सरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, अनुसन्धान संस्थाहरू |

| | | | | |
|---|---|---|---|---|
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, संयुक्त राष्ट्र संघ, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरूसँग सहकार्य गर्ने | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा ब्यापक सहकार्य भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, संयुक्त राष्ट्र संघ, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरू |
| विपद् जोखिम व्यवस्थापनमा सीमापार तथा अन्तर्राष्ट्रिय सहयोग प्रवर्धन गर्ने | आसन्न विपद् बारे सीमा पारबाट जानकारी उपलब्ध भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको परराष्ट्र मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

### ५.४ विपद् जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता

महिला, बालबालिका, ज्येष्ठ नागरीक, अपाङ्ग र आर्थिक तथा सामाजिक रूपले सीमान्तकृत समुदाय र व्यक्तिहरू सबैभन्दा बढी जोखिममा रहेका र विपद्बाट सबैभन्दा बढी प्रभावित हुने गरेका छन्। विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका विभिन्न प्रक्रियामा यी समूहहरूको पहुँच, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता बृद्धि गरी समावेशीताको सुनिश्चितता गर्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विपद् जोखिम व्यवस्थापनका सम्पूर्ण प्रक्रियाहरूमा लैङ्गिक संवेदनशील र समावेशी पद्धति लागु गर्ने | प्रत्येक क्षेत्रले लैङ्गिक संवेदनशील र समावेशी विपद् जोखिम व्यवस्थापन पद्धति अवलम्बन गरेको हुनेछ | अल्पकालिन | नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागयरक मन्त्रालय, गृह मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |

| | | | | |
|---|---|---|---|---|
| विपद्बाट बढी प्रभावित, उत्थानशीलता कमजोर भएका र संकटउन्मुखता बढी भएका विभिन्न सामाजिक समूहको विपद् शासनका काममा सहभागिता बढाउँदै उनीहरूको सशक्तिकरण र साझेदारीको प्रवर्धन गर्न विपद जोखिम सरोकार समूहहरू गठन गरी संस्थागत विकास गर्ने | समुदाय तहमा विपद् जोखिम सरोकार समूहहरूको स्थापना भई उनीहरूको सञ्जालीकरणबाट विपद् पीडित र जोखिम संकटउन्मुखव्यक्ति, परिवार र समुदायको सहभागिता सुनिश्चित भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार, स्थानीय सरकार,नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |
| प्रत्येक तह तथा क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्य योजना तयार गर्ने | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि कार्य योजना उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| विपद जोखिम व्यवस्थापनका कार्यक्रम र नीति निर्माणमा जोखिममा रहेका नागरिक र जनताको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिताको लागि स्थानीय स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरू संचालन गर्ने | विपद जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरू संचालन भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |

| | | | | |
|---|---|---|---|---|
| समाजका सीमान्तकृत समूह, महिला, अपाङ्ग, बाल-बालिका तथा वृद्ध- वृद्धाहरूजस्ता अतिसंकटउन्मुख समूहहरूका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमहरूको विकास गरी संचालन गर्ने | विशेष कार्यक्रमहरू संचालन भै महिला, बालबालिका, वृद्ध वृद्धा, अपाङ्ग र संकटउन्मुख समुदायको विपद् जोखिम न्यूनीकरण भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, |

## अध्याय ६

## प्राथमिकता प्राप्त क्षेत्र ३ - विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न वृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन

व्यक्ति, समुदाय र मुलुककै भौतिक, आर्थिक, सामाजिक, स्वास्थ्य र सांस्कृतिक उत्थानशीलताको अभिवृद्धिका निमित्त संरचनात्मक र गैरसंरचनात्मक उपायहरू मार्फत विपद् जोखिम नियन्त्रण र न्यूनीकरणका लागि निजी र सार्वजनिक लगानी महत्वपूर्ण रही आएको छ। यस्तो लगानीले विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रवर्धन मात्र होइन पूर्वाधार विकास, उत्पादन वृद्धि र रोजगारीको सिर्जना पनि गर्दछ। यस्ता उपायहरू विपद् पछिको स्थितिमा शीघ्र पुनर्लाभ र पुनःस्थापनाका दृष्टिले पनि महत्वपूर्ण हुन्छन्। वन जंगल, जलश्रोत तथा जमीन जस्ता सम्पदाहरूको संरक्षण र विद्यालयहरू, स्वास्थ्य सुविधाहरू, सरकारी तथा निजी पूर्वाधारहरू जस्ता संरचनागत सम्पदाहरूको प्रवलीकरणले विपद् उत्थानशीलता बृद्धि गर्छन्। जोखिम हिस्सेदारी, गरीवी निवारण, आय आर्जन र जीविकोपार्जनका उपायहरूको प्रवर्धन जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रवर्धनका लागि महत्वपुर्ण मानिन्छन्।

विपद् जोखिम वीमाको प्रचलन नेपालमा प्रारम्भिक अवस्थामा रहेको छ। जोखिम र क्षतिपूर्तिका क्षेत्रमा अन्यत्र प्रयोगमा आएका प्रणालीहरू (जस्तै-लघुबीमा, आरक्षित कोष, जोखिमको समूहकरण र सामाजिक परिचालन, लघुवित्त प्रणाली, सामाजिक सुरक्षा आदि) नेपालमा स्थापित हुन नसकेकाले गरीब र सीमान्तकृत परिवार र समूहहरू बढी जोखिममाछन्। विपद् उत्थानशीलता अभिबृद्धि गर्न विभिन्न प्रकारका वित्तीय संयन्त्रहरू, जस्तै बार्षिक बजेट विनियोजन, आकस्मिक कोष तथा बीमा संयन्त्र प्रयोग गर्न पनि सकिन्छ।

यस प्राथमिकता प्राप्त क्षेत्रले निम्न कुराहरू सम्बोधन गर्नेछ :

(१) उत्थानशीलता बृद्धिमा लगानी द्वारा विद्यमान विपद् जोखिम कम गर्ने र

(२) विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी प्रवर्धन मार्फत भविष्यमा सिर्जना हुन सक्ने जोखिम नियन्त्रण गर्ने ।

यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरीएका छन् ।

क) उत्थानशीलता बृद्धिमा लगानी प्रवर्धन

ख) विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

ग) विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्धन

घ) जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

### ६.१ उत्थानशीलता बृद्धिमा लगानी प्रवर्धन

भौतिक पूर्वाधारहरू, शैक्षिक तथा स्वास्थ्य संरचनाहरू, प्राकृतिक श्रोतहरू, जीविकोपार्जनका उपाय र शीपहरू, उत्पादन कार्यमा प्रयोग हुने औजार, सम्पत्ति र लगानीहरू हरेक विपद्बाट प्रभावित हुने गरेका छन् । गरीब, निमूखा, भूमिहीन, सीमान्तकृत, ज्याला मजदुरीमा आश्रित व्यक्ति र परिवारको जीविकोपार्जनलाई प्रत्येक प्रकोपले दीर्घकालीन रूपमा क्षति पुर्‍याएर नेपालमा विपद् संकटउन्मुखतामा बृद्धि भैरहेको छ। सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरू तथा भौतिक पूर्वाधारहरूको निर्माण र प्रबलीकरणमा लगानी बृद्धि गरी उत्थानशीलता प्रबर्द्धन गर्न सकिन्छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरूको रूचि तथा आवश्यकता बमोजिम उनीहरूको जीवनस्तर वृद्धि गर्नको लागि रोजगारी, सीप विकास तथा स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रम तथा तालिमहरू सञ्चालन गर्न लगानी गर्ने | संकटउन्मुख समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, विकास साझेदार |

| | | | | |
|---|---|---|---|---|
| विपद् जोखिम क्षेत्रका आर्थिक रूपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहले उत्पादन गरेको वस्तु तथा सेवाको बजारसम्म पहुँच बढाउने कार्यक्रम संचालनको लागि लगानी गर्ने | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको कृषि मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, विकास साझेदार |
| विपद् जोखिम क्षेत्रमा सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारमा विशेष ध्यान दिने | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू,विकास साझेदार |
| आपत्कालिन समयमा अत्यावश्यक सेवा र संरचनाको पहिचान गरी तिनको संरचनागत र संचालनात्मक निरन्तरताको लागि स्रोत जुटाइ प्रवलीकरण र विकल्पहरूको स्पष्ट योजना बनाउँने | आपत्कालिन अत्यावश्यक सेवा र संरचनाहरू विपद् उत्थानशील योजनाहरू भएका हुनेछन् | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| मनसून पूर्व ढल तथा जल निकास मार्गहरू सफाई गर्ने | बाढी उत्थानशीलताका लागिढल तथा जल निकास मार्गहरू सफाई गर्ने कार्यमा बृद्धि भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्थानीय सरकार, शहरी विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार |
| सवारी साधनहरूमा सुरक्षा प्रावधानहरूलाई बढावा दिन कर छुट लगायतका वित्तिय प्रोत्साहनहरू दिने | सवारी साधनहरूमा सुरक्षा प्रावधानहरू भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| पैदल यात्रीहरूले सडक पार गर्ने संरचनाहरू (Overpasses, Underpasses) निर्माण गर्ने | सडक दुर्घटना उत्थानशीलताका लागि सडक पार गर्ने संरचनाहरू (Overpasses, Underpasses निर्माण भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| सम्भावित दुर्घटना हुने सडकहरूमा Safety-barriers, Steel guard-rails, Road-humps, Rumble strips, Reflective road-markings, Signals आदिको निर्माण गर्ने | सडक दुर्घटना उत्थानशीलताका लागि विभिन्न संरचनाहरू निर्माण भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, विकास साझेदारहरू |
| देशका सम्पूर्ण विद्यालयहरूलाई सबैभन्दा मजवुत संरचनाको रूपमा निर्माण, पुनः निर्माण र प्रवलीकरण गरी सुरक्षित आपत्कालिन आवाशीय सेवा समेत प्रदान गर्न सक्ने गरी क्षमता अभिवृद्धि गर्ने | विद्यालयहरू विपद् उत्थानशीलता तर्फ अग्रसर भएका हुनेछन् | मध्यकालिन | नेपाल सरकारका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| ऐतिहासिक तथा सांस्कृतिक सम्पदा भवन र स्थलहरूको संरक्षण, मर्मतसम्भार र संचालनका लागि निर्देशिका (Handbook) तयार गरी कार्यान्वयन गर्ने | ऐतिहासिक तथा सांस्कृतिक सम्पदा भवन र स्थलहरू उत्थानशीलताका लागि निर्देशिका (Handbook) तयार गरी कार्यान्वयन भएको हुनेछ | मध्यकालिन | पुरातत्व विभाग, शहरी विकास तथा भवन निर्माण विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| सम्भाव्य जोखिमयुक्त हिमतालहरूमा हिम ताल विस्फोटन जोखिम न्यूनीकरण गर्न लगानी बृद्धि गर्ने | हिम ताल विस्फोटनबाट हुने जोखिम न्यूनीकरण भै उत्थानशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | जल तथा मौसम विज्ञान विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| पोखरीहरूको निर्माण गरी पानी संरक्षण र वर्षाको पानी संकलन गर्ने तथा पानी उपयोगमा कुशल प्रविधी विकास गर्ने | बाढी, खडेरी तथा आगलागी क्षति कम भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, भूतथा जलाधार संरक्षण विभाग, प्रदेश सरकार |
| सुख्खा क्षेत्रका बन जङ्गलहरूमा अग्नी रेखा निर्माण गर्ने | आगलागी क्षति कम भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार |
| प्रदेश र स्थानीय तहमा स्थानीय श्रोतमा आधारित हरित संरचनाको प्रवर्धन गर्ने | हरित संरचनाको निर्माणले विपद् तथा जलवायु परिवर्तन उत्थानशीलता विकास भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| ताल, सिमसार तथा पोखरीहरूको संरक्षण गर्ने कार्यमा लगानी बढाउने | ताल, सिमसार तथा पोखरीहरूको संरक्षण भै बाढी, खडेरी तथा आगलागी क्षति कम भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, भूतथा जलाधार संरक्षण विभाग, प्रदेश सरकार |
| संघ, प्रदेश र स्थानीय तहमा वातावरणीय क्षयीकरण र विपद-जोखिम घटाउन वैकल्पिक ऊर्जाको प्रवर्द्धन गर्ने | बैकल्पिक ऊर्जाको प्रयोगले विपद् तथा जलवायु परिवर्तन उत्थानशीलता विकास भएको हुनेछ | दीर्घकालिन | बैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

| | | | | |
|---|---|---|---|---|
| अस्पतालहरूको र समग्र स्वास्थ्य सेवाको आपत्कालीन उपचार क्षमता अभिवृद्धि गर्ने | स्वास्थ्य सेवामा विपद् उत्थानशीलताका लागि आपत्कालीन उपचार क्षमता अभिवृद्धि भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, ठूला र क्षेत्रीय अस्पतालहरू,प्रदेश सरकार, स्थानीय सरकार |
| विपद् जोखिम न्यूनीकरणका लागि नमूना विद्यालयहरूको स्थापना गर्ने | शिक्षा क्षेत्रमा विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| मुख्य, सहायक र भित्री मार्ग र राजमार्गहरूको आपत्कालिन रणनीतिक महत्व पहिचान गरी तिनको जोखिम र विपद् सहनशीलताको मुल्यांकन गरी प्रवलीकरण गर्ने । बैकल्पिक मार्गको स्पष्ट पहिचान, प्राथमिकीकरण र निर्माण गर्ने | यातायात प्रणाली विपद् उत्थानशीलता तर्फ अग्रसर भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विद्यमान विमानस्थलहरूलाई संरचनात्मक र संचालनात्मक हिसाबले क्षमता अभिवृद्धि र प्रवलीकरण गर्ने | विमानस्थलहरू विपद् उत्थानशीलता तर्फ अग्रसर भएका हुनेछन् | दीर्घकालिन | नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरीक उडडयन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार |
| निर्माणाधीन नयाँ अन्तर्राष्ट्रिय वा क्षेत्रीय विमानस्थलहरू भूकम्प र बाढी प्रतिरोधी निर्माण गर्ने | विमानस्थलहरू विपद् उत्थानशील भएका हुनेछन् | दीर्घकालिन | नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरीक उडडयन मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| जोखिमयुक्त पूर्वाधारहरू (विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, सरकारी तथा सार्वजनिक भवनहरू, ऐतिहासिक सम्पदा र सांस्कृतिक धरोहरहरू, जलविद्युत गृह, विद्युतीय सवस्टेशन, हाईड्रोलिक संरचना आदि) को प्रबलीकरण गर्न लगानी बढाउने | जोखिमयुक्त पूर्वाधारहरू सुरक्षित भएका हुनेछन् | दीर्घकालिन | नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शहरी विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| जोखिमयुक्त निजी आवास, होटेल, सपिङ्ग मल, व्यवसायिक तथा औद्योगिक भवनहरू प्रबलीकरणको लागि कम ब्याज दरमा ऋण, कर छुट आदिद्वारा प्रोत्साहन गर्ने | निजी संरचनाहरू सुरक्षित भएका हुनेछन् | दीर्घकालिन | शहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार |
| सरकारी कार्यालयहरू, सामुदायिक भवनहरू, विद्यालयहरू, अस्पतालहरू र आश्रयस्थलहरू बालबालिका, बृद्धबृद्धा तथा अपाङ्ग मैत्री बनाउँने | बालबालिका, बृद्धबृद्धा तथा अपाङ्गहरूको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शहरी विकास मन्त्रालय, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार |
| जीवकोपार्जनका वैकल्पिक विधिहरू, बाढी प्रतिरोधी कृषि प्रणाली, बाढी प्रतिरोधी खाद्य तथा बिउ भण्डारण आदि प्रोत्साहन गर्ने | जीवकोपार्जनका साधनहरूमा विपद् उत्थानशीलता विकास भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |

| | | | | |
|---|---|---|---|---|
| जलवायु स्मार्ट (Climate Smart) कृषि प्रबर्धन गर्ने | कृषिमा जलवायु जोखिम कम भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| बाढी तथा पहिरो जोखिम न्यूनीकरणका लागि जैविक बाँध, वृक्षरोपण, वन संरक्षण, जलाधार संरक्षण आदि प्रोत्साहन गर्ने | वातावरण संरक्षण मार्फत बाढी तथा पहिरो जोखिम न्यूनीकरण भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार,गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| बाढी जोखिम न्यूनीकरणका लागि संरचनागत प्रविधि अवलम्बन गर्ने (जस्तै तटबन्ध, जलाशय, चेक बाँध आदि) | संरचनागत प्रविधि मार्फत बाढी जोखिम न्यूनीकरण भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| पहिरो जोखिम न्यूनीकरणका लागि संरचनागत प्रविधि अवलम्बन गर्ने (जस्तै भिरालो जमिन सुदृढीकरण, आकार परिमार्जन, सतह क्षयिकरण नियन्त्रण, जलनिकास सुधार आदि) | संरचनागत प्रविधि मार्फत पहिरो जोखिम न्यूनीकरण भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| जलवायु स्मार्ट गाउँ तथा शहरहरू विकास गर्ने | गाउँ तथा शहरहरूमा जलवायु जोखिम कम भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

| | | | | |
|---|---|---|---|---|
| शहरी ढल निकास प्रणाली निर्माण गर्ने तथा विद्यमान ढल निकास प्रणालीको स्तरोन्नती गर्ने | शहरी बाढी जोखिम न्यूनीकरण भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको शहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

## ६.२ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

विपद् जोखिम आँकलनको आधारमा वार्षिक तथा आवधिक योजनाहरूको तर्जुमा गरीविपद् जोखिम न्यूनीकरणका लागिसार्वजनिक निकायहरूले पर्याप्त बजेटको व्यवस्था गर्नु जरूरी छ। संघ देखि स्थानीय तहसम्म विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि कोषको व्यवस्था गर्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई विपद् हुनु अगावै विपद् पूर्व तयारीमा समेत उपयोग गर्न मिल्ने व्यवस्था गर्ने | विपद् पूर्व तयारी तथा प्रतिकार्य प्रभावकारी भएको हुनेछ | अल्पकालिन | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, गृह मन्त्रालय, अर्थ मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| सबै क्षेत्रगत निकायहरूले कम्तिमा पाँच प्रतिशत बार्षिक बजेट विपद् जोखिम न्यूनीकरणका लागि छुट्‍ याउँने ब्यवस्था गर्ने | विपद् जोखिम न्यूनीकरणका लागि क्षेत्रगत रुपमा लगानी सुनिश्चित भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| सडक निर्माण लागतको कम्तिमा दश प्रतिशत रकम सडक सुरक्षाका लागि छुट्याउँने ब्यवस्था गर्ने | सडक दुर्घटना जोखिम न्यूनीकरणका लागि लगानी सुनिश्चित भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| सडक बोर्ड कोषको रकम सडक सुरक्षाका लागि खर्च गर्न मिल्ने ब्यवस्था गर्ने | सडक दुर्घटना जोखिम न्यूनीकरणका लागि लगानी सुनिश्चित भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक बोर्ड, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| संघ, प्रदेश तथा स्थानीय तहहरूले विपद् जोखिम न्यूनीकरणका कार्यक्रम तथा वजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी वजेट प्रणाली अनुसरण गर्ने | लैङ्गिक उत्तरदायी वजेट प्रणाली अनुसरणगरी विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| सबै क्षेत्रगत निकायहरूले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई वार्षिक कार्यक्रममा समावेश गरी पर्याप्त बजेटको व्यवस्था गर्ने | विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागी बजेटको व्यवस्था भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विकास परियोजनाको बजेटबाट विपद् पश्चात पुनः निर्माणमा उपयोग गर्ने अनुमति दिन बजेट रकमान्तरणका लागि प्रक्रिया स्थापित गर्ने | पुनः निर्माणका लागि लगानी उपलब्ध भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| कृषि बिकास रणनीतिले व्यवस्था गरे अनुसारको किसान कल्याणकारी कोषको स्थापना गर्ने | किसान कल्याणकारी कोषको स्थापना भै किसानहरूको विपद् उत्थालशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, अर्थ मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| संघ देखि स्थानीय तह र समुदाय स्तरमा वातावरण-मैत्री विपद् जोखिम न्यूनीकरण (Eco- DRR) तथा व्यवस्थापन कोषको व्यवस्था गर्ने | वातावरण-मैत्री विपद् जोखिम न्यूनीकरणको लागि कोष उपलब्ध भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

## ६.३ विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्धन

ब्यापार तथा उद्योगहरूमा विपद् जोखिम निर्धारणको आधारमा व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्नु पर्ने आवश्यकता छ। निजी क्षेत्र, बैंक, सहकारी तथा सामुदायिक संस्थाहरूले विपद् जोखिम न्यूनीकरणका लागि लगानी गर्ने सहज व्यवस्था गर्नु जरूरी छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| साना ब्यापार तथा उद्योगहरूलाई विपद्को समयमा व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने | व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन भै विपदको समयमा समेत निजी व्यवसायिक क्षेत्रहरू संचालन भएका हुनेछन् | अल्पकालिन | नेपाल उद्योग वाणिज्य महासंघ, निजी क्षेत्र, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विपद् जोखिम न्यूनीकरण गतिविधिहरूमा निजी क्षेत्रको स्रोत परिचालनलाई बढावा दिन कर छुट गरी प्रोत्साहनको व्यवस्था गर्ने | पूर्वाधार सम्वन्धी विपद् जोखिम न्यूनीकरणका लागि निजी लगानी उपलव्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको अर्थ मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विपद् जोखिम न्यूनीकरणका लागि वैकल्पिक तथा सृजनशील आर्थिक साधनहरू (Innovative Financial Instruments) जस्तै पूर्वानुमानमा आधारित लगानी (Forecast Based Financing), साना लगानी, लघु ऋण, बीमा, पुनर्बीमा आदिको विकास तथा प्रवर्धन गर्ने | वैज्ञानिक तथ्याङ्कको आधारमा मानवीय कोष परिचालन भएको हुनेछ साथै विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, निजी क्षेत्र | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विपद् प्रभावित व्यक्ति तथा समुदायहरूलाई लघुवित्त, निर्ब्याजी ऋण, ससर्त नगद स्थानान्तरण आदिको व्यवस्था स्थापित गर्ने | विपद् प्रभावित व्यक्ति तथा समुदायहरूको विपद् पुनर्लाभ बृद्धि भएको हुनेछ | मध्यकालिन | नेपाल राष्ट्र बैंक, सहकारीहरू | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) कार्यक्रम मार्फत विपद् पश्चातको पुनर्लाभ र पुर्ननिर्माणमा निजी लगानी बृद्धि गर्ने | पुनर्लाभ र पुर्ननिर्माणमा निजी लगानी बृद्धि भएको हुनेछ | मध्यकालिन | नेपाल उद्योग वाणिज्य महासंघ, अर्थ मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विश्व सम्पदा, राष्ट्रिय र स्थानीय सम्पदामा पर्ने भवन र स्थानहरूको पुर्ननिर्माणका लागि सार्वजनिक निजी स्रोत परिचालन प्रणालीको विकास गर्ने | सम्पदा भवन र स्थानहरूको पुर्ननिर्माणका लागि सार्वजनिक निजी स्रोत उपलब्ध भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको अर्थ मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| राष्ट्रिय विपद् जोखिम लगानी तथा बीमा रणनीति तयार गरी विपद् जोखिम न्यूनीकरणमा संयुक्त सार्वजनिक निजी लगानी प्रवर्धन गर्ने | विपद् जोखिम न्यूनीकरणमा निजी लगानी उपलब्ध भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, निजी क्षेत्र | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| बैंक, सहकारी तथा सामुदायिक संस्थाहरू (वन उपभोक्ता समिती, दुग्ध उत्पादन सहकारी संस्था) मार्फत विपद् जोखिम न्यूनीकरणमा लगानीको लागि सहज व्यवस्था गर्ने | विपद् जोखिम तथा क्षति कम भएको हुनेछ | दीर्घकालिन | नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, सामुदायिक वन उपभोक्ता महासंघ, गरीबी निवारण कोष | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| महत्वपूर्ण पूर्वाधारहरू र सम्पदा भवनहरूको पुनर्निर्माणका लागि द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय स्रोतहरूको परिचालन गर्ने | महत्वपूर्ण पूर्वाधारहरू र सम्पदा भवनहरूको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय स्रोत लगानी उपलब्ध भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, विकास साझेदारहरू |

### ६.४ जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिवृद्धि

कृषि तथा पशु बीमा, लघु बीमा, आकस्मिक कोष, निम्न व्याजदर ऋण योजना जस्ता जोखिम हिस्सेदारी विधीहरूको विकास गर्नु जरूरी छ। सामाजिक सुरक्षाका कार्यक्रमहरू यथेष्ट भए पनि विभिन्न भौगोलिक क्षेत्रहरूमा ती कार्यक्रमको पहुँच असमान छ। सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई विपद् उत्थानशीलतासँग जोड्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विपद् संकटउन्मुख समूह र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न ब्यक्ति तथा समुदायको जीवन वीमाको व्यवस्था गर्ने | विपद् संकटउन्मुख समूह र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न ब्यक्ति तथा समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| कृषि तथा पशु बीमामा जोखिम हिस्सेदारीको विद्यमान अभ्यासको समीक्षा गर्ने | नेपालको कृषि र पशुपालन क्षेत्रको लागि उपयुक्त बीमा ब्यवस्थाको पहिचान भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, अर्थ मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, विकास साझेदारहरू |
| कृषिमा बढदो विपद् (बाढी, खडेरी, शीतलहर) जोखिम र खाद्य असुरक्षाको चुनौतिलाई सम्वोधन गर्न कृषि बीमा, कृषक लाभ कार्यक्रम र खाद्य तथा बिउ भण्डारहरूको स्थापना गर्ने | कृषि क्षेत्रको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, बीमा समिति | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| जीवन बीमा, सवारी साधन बीमामा तेस्रो पार्टि कवरेज आदि बीमा प्रणाली लागू गर्ने | सडक दुर्घटनाका लागि विविध खाले विपद् जोखिम बीमा उपलब्ध हुनेछ | अल्पकालिन | बीमा समिति, राष्ट्रिय बीमा संस्थान, अर्थ मन्त्रालय, नेपाल इन्स्युरेन्स संघ | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| समुदायमा आधारित, योगदानमा आधारित लघु बीमा, पशु बीमा, खेती बीमा, कृषक आरक्षित कोष, जोखिमको समूहकरणको योजनाहरू विकास गर्ने र लागू गर्ने | समुदायमा आधारित विभिन्न स्वरुपमा विपद् जोखिम बीमा योजना उपलब्ध भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारका अर्थ मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, बीमा समिति | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विपद् जोखिम बीमा, जोखिम हिस्सेदारी (जस्तै लघु बीमा, आकस्मिक कोष, निम्न व्याजदर ऋण योजना) लगायतका कार्यक्रममा निजी क्षेत्रको सहभागिता र लगानीलाई आकर्शित गर्न सार्वजनिक निजी साझेदारीलाई प्रवर्धन गर्ने | जोखिम हिस्सेदारीमा सार्वजनिक निजी साझेदारीको लागि नीतिगत व्यवस्था भै कार्यान्वयन भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, बीमा समिति, गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| जीविकोपार्जनका आधार, सीप, औजार र लगानीलाई विपद्को अवस्थाबाट जोगाउन योगदानमा आधारित बीमा प्रणालीलाई विस्तार गर्ने | जीविकोपार्जनका उपायहरूको बीमा मार्फत विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | बीमा समिति, राष्ट्रिय बीमा संस्थान, अर्थ मन्त्रालय, नेपाल इन्स्युरेन्स संघ | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| गरीब, भूमिहीन र सीमान्तकृत घर परिवारको एकीकृत अभिलेख प्रणालीको विकास गरी गरीबीको रेखा मुनीका घर परिवारलाई विपद् प्रभावित भएको खण्डमा स्वतः बीमा लाभग्राही हुने व्यवस्था गर्ने | गरीबीको रेखामुनीका घर परिवारहरूको बीमा मार्फत विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | राष्ट्रिय बीमा संस्थान, बीमा कम्पनीहरू,अर्थ मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| लक्षित वर्ग, लक्षित समुदाय र लक्षित भौगोलिक क्षेत्रको समाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरूमा पहुँच र लाभग्रहणको स्थितिको समिक्षा गरी यस्तो कार्यक्रमलाई विपद् उत्थानशीलतासँग जोडने | समाजिक सुरक्षा कार्यक्रम मार्फत विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय दलित आयोग, महिला आयोग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| सार्वजनिक भवनहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरू (हाइड्रोलिक संरचना, सम्पदा भवन, पुल, खानेपानी तथा ढल निकास प्रणाली, जलविद्युत संरचना, नहर, ट्रान्समिशन लाइन, सबस्टेशन, विमानस्थल) को विपद् जोखिम बीमा गर्ने र सो सम्वन्धी विद्यमान बिमा नीतिको समिक्षा गर्ने | विपद् जोखिम बीमा प्रभावकारी भएको हुनेछ | दीर्घकालिन | राष्ट्रिय बीमा संस्थान, बीमा कम्पनीहरू, शहरी विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

## अध्याय ७

## प्राथमिकता प्राप्त क्षेत्र ४ - प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुर्ननिर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण

यस प्राथमिकता प्राप्त क्षेत्रले विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना र पुनः निर्माणलाई समेट्दछ। पूर्वतयारी अन्तर्गत मूलरूपमा विपद् जोखिमको पूर्वानुमान, पूर्वसूचना प्रणाली, आकस्मिक तयारी योजना, आकस्मिक सामाग्रीको जोहो र भण्डारण, सुरक्षित निष्काशन र कृत्रिम पूर्व अभ्यास पर्दछन्। प्रतिकार्यले विपद्को स्थितिमा वा त्यसपछि लगत्तै आपत्कालिन सेवा र सहयोगको कामलाई समेट्दछ। मानवीय जीवनको रक्षा र थप भौतिक क्षति हुनबाट रोक्नु यसचरणको प्राथमिकतायुक्त कार्य हो। खोज, उद्दार, राहत, आपत्कालिन स्वास्थ्य सेवा, अस्थायी आश्रय, सुरक्षित पानी र सफाई तथा खानाको व्यवस्था यस समयका अन्य प्राथमिकतायुक्त कार्यहरू हुन्। आपत्कालिन चरण सकिए पछि विपद् प्रभावित सेवा र सुविधाहरूमा सुधार र सामान्यीकरण, आय आर्जन र जीविकोपार्जन जस्ता पुनर्लाभका कार्यहरू गर्नु पर्दछ। जनचेतनाको व्यापक अभिवृद्धि, सवल योजना, संस्थागत सुदृढिकरण र समन्वयद्वारा पुनःस्थापना र पुनः निर्माणका काम मार्फत "अझ राम्रो र बलियो निर्माण" अभियान पनि यही चरणमा शुरू हुन्छ।

बहु-प्रकोप पूर्वसूचना प्रणालीहरू विपद् पूर्वतयारी प्रबर्धनमा अत्यन्त प्रभावकारी देखिएका छन्। पूर्वसूचना प्रणाली कार्यान्वयनका लागि सम्भावित विपद् घटनाहरूबाट पर्न सक्ने प्रभावको बारेमा पर्याप्त समय अगावै पूर्वसूचना उपलब्ध हुने संस्थागत व्यवस्था गर्नु आवश्यक छ। हालैका बाढीका घटनाहरूबाट बाढीग्रस्त नदी बेसिनहरूमा जनधनको क्षति कम गर्न बाढी पूर्वसूचना प्रणालीले पुऱ्याएका फाईदाहरूले यसको प्रभावकारितालाई पुष्टि गरेको छ। बाढी पूर्व सूचना प्रणालीमा वर्तमान अनुभवलाई अन्य प्रमुख तथा साना नदी बेसिनहरूमा विस्तार गर्नु आवश्यक छ। यसका लागि बहु-प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणालीमा लगानी, यसको विकास, सञ्चालन र सुदृढीकरण गर्नु आवश्यक हुन्छ।

संघ, प्रदेश र स्थानीय तहमा सामाजिक तथा सांस्कृतिक आवश्यकताहरू, विशेष रूपमा महिला, वृद्धवृद्धा र बालबालिकाहरू सहित उपभोक्ताहरूको आवश्यकता अनुरूप जोखिम आँकलनबाट प्राप्त जानकारीको उपयोग गर्दै सहभागितामुलक प्रक्रिया मार्फत बहु-प्रकोप पूर्वसूचना प्रणाली विकास गर्नु आवश्यक छ। यसका लागि वेब पोर्टल र मोबाइल एप पनि विकास गर्न सकिन्छ।

विपद् पूर्वतयारी बढाउन तथा पुनर्लाभ, पुनःस्थापना र पुनर्निमाणमा “अझ राम्रो र बलियो निर्माण” का लागि यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरीएका छन्।

क) प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

ख) विपद् पूर्वतयारीको लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास

ग) समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन

घ) विपद् पूर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सुदृढीकरण

ङ) खोज तथा उद्धारको क्षमता अभिवृद्धि

च) पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा “अझ राम्रो र बलियो निर्माण” अवधारणा प्रवर्धन

## ७.१ प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

विपद् पूर्वतयारीका लागिस्थानीय तहको संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकता छ। विद्यमान आपत्कालिन कार्य संचालन केन्द्रहरूलाई सुदृढ गर्ने र प्रदेश देखि स्थानीय तहसम्म आपत्कालिन कार्यसंचालन केन्द्रहरू विस्तार गरी संचालन गर्नु जरूरी छ। संघ, प्रदेश तथा स्थानीय तहमा भण्डारण गृहहरू स्थापना गरी पर्याप्त मात्रामा खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामाग्रीहरू र उद्धार उपकरणहरूको भण्डारण गर्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| स्थानीय तहको संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि गरी तिनको कार्य क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनले प्राथमिकता पाउने कुराको प्रत्याभूति गर्ने | स्थानीय तहमा संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि भै प्रभावकारी विपद् व्यवस्थापन भएको हुनेछ | अल्पकालिन | स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार |
| एकीकृत राष्ट्रिय विपद् प्रतिकार्य प्रणाली विकास गरी लागू गर्ने | विपद् प्रतिकार्यमा राष्ट्रियब्यापी रूपमा एकरूपता कायम भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| प्रदेश र स्थानीय तहमा आपत्कालिन कार्य संचालन केन्द्रहरू स्थापना गर्ने | आपत्कालिन कार्य संचालन केन्द्रहरू स्थापना भै प्रदेश रस्थानीय तहमा प्रभावकारी आपत्कालिन प्रतिकार्य भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा निकासी मार्ग (Evacuation Route) र भेला हुने स्थान (Area of Assembly) छुट्याई रेखाङ्कन र सिमाङ्कन गर्ने | सार्वजनिक भवन तथा स्थलहरू विपद् प्रतिकार्यका लागि पुर्वतयार भएका हुनेछन् | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, निजी क्षेत्र |
| पूर्वानुमानमा आधारित आपत्कालिन पूर्वतयारी तथा प्रतिकार्यका लागि राष्ट्रिय विपद् प्रतिकार्य कार्यसंरचना र जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्ने | पूर्वानुमानमा आधारित आपत्कालिन पूर्वतयारीको लागि कार्य संचालन विधी अद्यावधिक भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| अध्यागमन आपत्कालीन कार्ययोजना (Immigration Emergency Action Plan) तयार गर्ने | आपत्कालिन प्रतिकार्यका लागि अध्यागमन स्थलहरू तयारी अवस्थामा भएका हुनेछन् | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, नागरीक उड्डयन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विमानस्थलहरूमा विपद् पूर्वतयारी सुदृढ गर्ने र विपद् को लागि विमानस्थलहरूको तयारी (Get Airports Ready for Disaster) कृत्रिम अभ्यास नियमित रूपमा गर्ने | आपत्कालिन प्रतिकार्यका लागि विमानस्थलहरू तयारी अवस्थामा भएका हुनेछन् | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय, नागरीक उड्डयन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| स्थानीय तहहरूमा पर्याप्त मात्रामा मानव तथा पशुपन्छी आश्रयस्थलहरू स्थापना गर्ने | स्थानीय स्तरमा विपदको समयमा आश्रयको निम्ति सुरक्षित स्थानहरू उपलब्ध भएका हुनेछन् | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

| | | | | |
|---|---|---|---|---|
| प्रदेशहरूमा आपत्कालिन संचार प्रणालीका साथै रसद सुविधाहरू स्थापना गर्ने | प्रदेश स्तरमा सुविधाहरू स्थापना भै प्रभावकारी प्रतिकार्य भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| जल, थल, हवाई लगायतका यातायात सेवा तथा बन्दोवस्ती व्यवस्थापन संयन्त्रको भरपर्दो व्यवस्था गर्ने र दुर्गम क्षेत्रहरूसँगको पहुँच बढाउँने | प्रभावकारी बन्दोवस्ती व्यवस्थापन भै सेवाहरू प्राप्त भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| सुरक्षित पदयात्रा प्रणालीको अवधारणा अनुरूप देशका विभिन्न पर्टकीय गन्तव्यहरूमा विपद् जोखिम कम गर्न आवश्यक संचार सुविधा, आवासको व्यवस्था लगायतका पूर्वाधार र संरचनाको विकास गर्ने | पर्टकीय गन्तव्यहरूमासंचार सुविधा, आवासको व्यवस्था भै विपद् जोखिम कम भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय, पयर्टन विभाग, नेपाल पर्यटन विकास बोड, पर्यटन व्यवसायी महासंघ, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार |
| उच्च स्थान हिमाली क्षेत्रमा हुने पर्वतारोहण र ट्रेकिङ समेतको लागि विपद् व्यवस्थापन र उच शिखर शिक्षालय तथा उद्धार केन्द्रको स्थापना गर्ने | उच्च स्थानको पर्वतारोहण र ट्रेकिङमा विपद् जोखिम कम भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| प्रमुख शहरहरूमा घाईते हेरविचार केन्द्रहरू (Trauma Care Centres) स्थापना गर्ने | घाईते उपचारका लागि पर्याप्त सुविधा उपलब्ध भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाईटी |
| संघ, प्रदेश तथा स्थानीय तहमा खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामाग्रीहरू र उद्धार उपकरणहरूको गोदाम घर वा भण्डारण गृह स्थापना गर्ने | विपद् संवेदनशील महत्वपूर्ण स्थानहरूमा राहत तथा उद्धार सामग्रीहरूको भण्डारण गृह उपलब्ध भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैरसरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| संघ, प्रदेश तथा स्थानीय तहका भण्डारण गृहहरूमा आपत्कालिन उद्धार सामाग्रीहरू तथा उपकरणहरू (डुङ्गा, लाइफ ज्याकेट, दमकल, एम्बुलेन्स, स्ट्रेचर आदि) सहित खाद्य, पेय तथा अखाद्य सामाग्रीहरू, बीउबिजन, पशुपन्छीका दानाहरू पर्याप्त मात्रामा भण्डारण गर्ने | विपद् संवेदनशील महत्वपूर्ण स्थानहरूमा राहत तथा उद्धार सामग्रीहरू उपलब्ध भएका हुनेछन् | दीर्घकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| स्थानीय तहका भण्डारण गृहहरूमा महिला, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष खाद्यान्न, औषधि, | आपत्कालिन समयमा संकटउन्मुख समूहको विशेष आवश्यकता सम्बोधन भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैरसरकारी |

| | | | | |
|---|---|---|---|---|
| सरसफाईका सामान तथा सहायक उपकरणहरू पर्याप्त मात्रामा भण्डारण गर्ने | | | प्रदेश सरकार, स्थानीय सरकार | संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |

## ७.२ विपद् पूर्वतयारीको लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास

विद्यमान पूर्वानुमान तथा पूर्वसूचना प्रणालीको सुदृढीकरणर प्रमुख प्रकोपहरूका लागि पूर्वसूचना प्रणाली स्थापना गर्नु आवश्यक छ। प्रमुख प्रकोपहरूको पूर्वानुमानका लागि सम्बन्धित संगठन र संस्थाहरूको क्षमता अभिबृद्धि गर्नु जरूरी छ। पूर्वसूचना सन्देश प्राप्त भइसकेपछि चाल्नु पर्ने कदमहरू बारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता छ। पूर्वसूचना प्रणाली सञ्चालनका लागि कार्य सञ्चालन विधी तयार गरी विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारीको बारेमा स्पष्ट पार्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| हाल सञ्चालनमा रहेका बाढी तथा हिमताल विस्फोटन बाढी पूर्वसूचना प्रणालीहरूलाई अद्यावधिक र स्तरोन्नति गर्ने | विद्यमान पूर्वसूचना प्रणालीहरू सुधार भएका हुनेछन् | निरन्तर | जल तथा मौसम विज्ञान विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| प्रमुख प्रकोपहरूको तथ्याङ्क् विश्लेषण र पूर्वानुमान गरी पूर्वसूचनामूलक सन्देशहरूको उत्पादन तथा प्रसारण गर्ने | पूर्वसूचनामूलक सन्देशहरू उत्पादन तथा प्रसारण भएका हुनेछन् | निरन्तर | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, वन विभाग, स्वास्थ्य सेवा विभाग/ स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र, खानी तथा भूगर्भ विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| हरेक सडक सञ्जालका दुर्घटनाग्रस्त खण्डमा पूर्व सूचना प्रणालीको लागि आवश्यक चिन्हहरू तथा उपकरणहरू राख्ने | दुर्घटनाग्रस्त सडकहरूमा पूर्व सूचनाको लागी आवश्यक चिन्हहरू तथा उपकरणहरू भएको हुनेछ | निरन्तर | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि विभिन्न प्रकारका प्रकोपहरूका सम्बन्धमा चाल्नु पर्ने कदमहरू बारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि उपयुक्त कार्यहरू गरीने सुनिश्चित भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, खानी तथा भूगर्भ विज्ञान विभाग, स्वास्थ्य सेवा विभाग, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| पूर्वसूचना प्रणाली सञ्चालन र विभिन्न प्रकोप व्यवस्थापनमा संलग्न संस्थाहरूबीच पूर्वसूचना सम्प्रेषण सम्बन्धी प्रक्रियालाई मार्गदर्शन गर्न कार्य सञ्चालन विधी (Standard Operating Procedure) तयार गर्ने | पूर्वसूचना प्रणाली सञ्चालनको लागि कार्यविधी उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, स्वास्थ्य सेवा विभाग, गैरसरकारी संस्थाहरू |

| | | | | |
|---|---|---|---|---|
| पूर्वसूचना प्रणालीमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, आदिवासी र संकटउन्मुख समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने | पूर्वसूचना प्रणाली समावेशी भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, स्वास्थ्य सेवा विभाग, गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |
| ज्येष्ठ नागरीक र आदिवासीहरूको वर्षौ देखिको ज्ञान, सीप, अनुभव र परम्परागत अभ्यासलाई पूर्वसूचना प्रणालीमा सदुपयोग गर्ने | पूर्वसूचना प्रणालीमा मौलिक ज्ञान र अनुभव समेटिएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, स्वास्थ्य सेवा विभाग, गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |
| पूर्वसूचना प्रणालीलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धि तालीम तथा शैक्षिक कार्यक्रमको पाठयक्रममा समावेश गर्ने | पूर्वसूचना प्रणालीका बारेमा अध्ययन अध्यापन भएको हुनेछ | अल्पकालिन | विश्वविद्यालयहरू, शैक्षिक संस्थाहरू, तालीम केन्द्रहरू | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |

| | | | | |
|---|---|---|---|---|
| संघ, प्रदेश एवम् स्थानीय स्तरमा सबै सार्वजनिक भवनहरू, विद्यालयहरू, अस्पतालहरू तथा महत्वपूर्ण पूर्वाधारहरूमा धुँवा डिटेक्टर र आगलागी अलार्मको विकास र जडान गर्ने | आगलागीको पूर्वसूचनाले क्षति कम भएको हुनेछ | मध्यकालिन | शहरी विकास तथा भवन निर्माण विभाग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| प्रमुख प्रकोपहरूका लागि गणितीय पूर्वानुमान मोडेलहरूको विकास तथा सञ्चालन गर्ने | पूर्वानुमानले पूर्वसूचनाको लागि अग्रिम समय बढाउँनेछ | मध्यकालिन | जल तथा मौसम विज्ञान विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, वन विभाग,स्वास्थ्य सेवा विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| संकटउन्मुख लक्षित समुदायहरू (महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, आदिवासी, दलित, विपन्न) को लागि पूर्वसूचना प्रणाली बारे जानकारीमूलक सामाग्रीहरूको (पुस्तिका, पर्चा, सूचनापत्र, विद्युतीय सन्देश इत्यादि) तयारी गर्ने | लक्षित समुदायहरू पूर्वसूचना प्रणाली बारे जानकार भएका हुनेछन् | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, शैक्षिक संस्थाहरू, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| कार्यशाला, गोष्ठी र आम सञ्चार माध्यमहरूद्वारा पूर्वसूचना प्रणालीबारे सचेतना कार्यक्रमहरूको सञ्चालन गर्ने | पूर्वसूचना प्रणालीबारे सचेतना बृद्धि भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, |

| | | | | |
|---|---|---|---|---|
| | | | प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, खानी तथा भूगर्भ विज्ञान विभाग, स्वास्थ्य सेवा विभाग, गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| पूर्वसूचना प्रचारप्रसार तथा प्रतिकार्यको प्रभावकारिता सम्बन्धमा नियमित परीक्षण तथा अभ्यासहरू सञ्चालन गर्ने | पूर्वसूचना प्रचार प्रसार तथा प्रतिकार्यको प्रभावकारिता परीक्षण भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| विद्यमान बाढी तथा हिमताल विस्फोटन बाढी पूर्वसूचना प्रणालीलाई अन्य नदी वेसिनहरूमा विस्तार गर्ने र पहिरो, खडेरी, चट्याङ, हावाहुरी, तातो हावाको लहर, शीत लहर,आगलागी, महामारी जस्ता प्रमुख प्रकोपहरूका लागि सञ्चालनात्मक पूर्वसूचना प्रणाली स्थापना गर्ने | प्रमुख प्रकोपहरूका लागि पूर्व सूचनामा आधारित पूर्व कार्यले विपद् क्षति कम भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको गृह मन्त्रालय/राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, खानी तथा भूगर्भ | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |

| | | | | |
|---|---|---|---|---|
| | | | विभाग, स्वास्थ्य सेवा विभाग/ स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र, प्रदेश सरकार, स्थानीय सरकार | |
| मौसम र बाढी पूर्वानुमानका लागि क्षमता अभिबृद्धि गर्ने | बाढी तथा मौसम पूर्वानुमानको अग्रिम समय र विश्वसनियता वृद्धि भएको हुनेछ | दीर्घकालिन | जल तथा मौसम विज्ञान विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, विश्व विद्यालयहरू, अनुसन्धान केन्द्रहरू, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू,विकास साझेदारहरू |
| प्राकृतिक प्रकोपबारे बुझ्न र पूर्वानुमान गर्न भौतिक तथा गणितीय मोडेल (Physical and Mathematical Model) को प्रयोग सम्बन्धी अनुसन्धान कार्य गर्ने | प्रकोप पूर्वानुमान क्षमता बृद्धि भएको हुनेछ | दीर्घकालिन | विश्वविद्यालयहरू, अनुसन्धान केन्द्रहरू | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, विकास साझेदारहरू |

## ७.३ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन

प्रभावकारी विपद् पूर्वतयारी र प्रतिकार्यका लागि विपद् जोखिम, प्रकोप र संकटाउन्मुखताको बारेमा समुदायमा काम गर्ने, सचेतना बढाउने, जनतालाई हरदम सुसूचित राख्ने र परिचालन गर्न सक्ने समुदायमा आधारित संस्थागत संरचनाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालिकरण गर्नु आवश्यक छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विद्यमान समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने | विपद् जोखिम न्यूनीकरणमा समुदायहरू सशक्तिकरण भएका हुनेछन् | अल्पकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका संघीय मामिला तथा सामान्य प्रशासन तथा सम्बन्धित मन्त्रालयहरू, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालिकरण गर्ने | समुदायमा आधारित संस्थाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालिकरण भै स्थानीय स्तरमा प्रभावकारी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी,नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| स्थानीय विपद् प्रतिकार्य र खोज तथा उद्धार टोलीको गठन गर्ने | स्थानीय खोज तथा उद्धार कार्य प्रभावकारी भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणका काममा स्थानीय सरोकार, चासो र सहभागिताको प्रत्याभूतिका लागि समुदायमा आधारित समूहहरू (टोल विकास संस्था, वडा नागरिक मञ्चहरू, नगरिक सचेतना केन्द्रहरू, आमा समूह, युवा क्लव, बाल क्लव), स्थानीय गैरसरकारी संस्थाहरू र नागरीक | स्थानीय निकाय र स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था बीचको साझेदारीमा विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणका काममा स्थानीय सरोकार र चासो सम्बोधन भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |

| | | | | |
|---|---|---|---|---|
| समूहहरू (ज्येष्ठ नागरीक मञ्च) सँग साझेदारीको विकास गर्न स्थानीय निकाय र गैरसरकारी संस्था बीच सहकार्यको लागि निर्देशिका बनाई लागू गर्ने | | | | |
| स्थानीय स्तरमा हरेक प्रकोपका लागि समुदायमा आधारित पूर्वसूचना प्रणालीको विकास गर्ने | समुदायमा आधारित पूर्वसूचना प्रणालीले पूर्वतयारी सुदृढ भै विपद् क्षति कम भएको हुनेछ | मध्यकालिन | स्थानीय सरकार, प्रदेश सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी,नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| समुदायमा आधारित, तालिम प्राप्त, पूर्व अभ्यासशील स्वयंसेवकहरूको प्रथम उद्दारक संयन्त्रको विकास र क्षमता अभिवृद्धि गर्ने | समुदायमा तालिम प्राप्त प्रथम उद्दारक स्वयंसेवकहरू उपलब्ध भएका हुनेछन् | मध्यकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरू |
| विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूका कार्यक्रम र नीति निर्माणमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग र संकटउन्मुख समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने | समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समावेशी भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |

| | | | | |
|---|---|---|---|---|
| स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन योजना र कार्यविधि तयार गर्ने | स्थानीय तहमा विपद् जोखिम ब्यवस्थापनमा उत्तरदायित्व स्थापित भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरू |

## ७.४ विपद् पूर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सुदृढीकरण

आम सञ्चार र सूचना प्रविधिको क्षेत्रमा देशले फड्को मारे पनि यसको प्रयोग विपद् चेतना अभिवृद्धि, पूर्वसूचना प्रणाली, विपद् पूर्वतयारी तथा प्रतिकार्यको क्षेत्रमा अपेक्षित मात्रामा हुन बाँकी छ। विपद् सूचनामा संकटउन्मुख समूहको पहुँच बृद्धि गर्न विशेष प्रकारको संचार तथा प्रसार विधि अनुसरण गर्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| सामुदायिक सूचना केन्द्रहरू स्थापना गर्ने | विपद् जोखिम बारे समुदाय सुसूचित भएका हुनेछन् | अल्पकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| आमसंचार र आधुनिक सूचना प्रविधि (मुद्रण, रेडियो, टेलिभिजन, सामाजिक नेटवर्क, एसएमएस, मोवाइल फोन) लाई विपद् जोखिम सचेतना अभिवृद्धि र पूर्वसूचना प्रणालीसँग व्यवस्थित रूपले जोड्न संस्थागत, नीतिगत र कार्यक्रमिक साझेदारीको विकास गर्ने | विपद् जोखिम जानकारी र पूर्वसूचना प्रणालीमा आमसंचार र आधुनिक सूचना प्रविधिको प्रभावकारी प्रयोग भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारका गृह मन्त्रालय, संचार तथा सूचना प्रविधि मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू,प्रदेश सरकार, स्थानीय सरकार, रेडियो नेपाल, एफएम रेडियोहरू, नेपाल टेलिभिजन, नेपाल दुरसंचार प्राधिकरण, एनसेल, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| स्थानीय समुदायको आवश्यकता र उपयुक्तता अनुसार संचार तथा प्रसार विधि (जस्तै रेडियो, टिभी, फोन, एसएमएस, साईरन, आवाज, सूचना वाहक, झण्डोत्तोलन) अनुसरण गर्ने | स्थानीय स्तरमा प्रभावकारी संचार तथा प्रसार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |

| | | | | |
|---|---|---|---|---|
| संकटउन्मुख समूह ( निरक्षर, दृष्टि विहीन, बहिरा) का लागि विशेष प्रकारको संचार तथा प्रसार विधि अनुसरण गर्ने | विपद् सूचनामा संकटउन्मुख समूहको पहुँच बृद्धि भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको संचार तथासूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रससोसाइटी, गैर सरकारी संस्थाहरू |
| विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि संचार तथा प्रसार प्रणालीको प्रभावकारीता बढाउन आधुनिक विज्ञान तथा प्रविधि (Web Portal, Mobile Apps, SMS-CB, IVR) को उपयोग र प्रवर्धन गर्ने | उन्नत संचार तथा प्रसार प्रणाली उपलब्ध तथा प्रयोग भएको हुनेछ | मध्यकालिन | जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग/स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण वेब पोर्टल स्थापना गर्ने | प्रदेश र स्थानीय तहमा वेब पोर्टल मार्फत विपद् जोखिम तथा क्षतिको जानकारी भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| पुनःस्थापना र पुनर्निर्माणका लागि आधुनिक सूचना प्रविधि उपयोग गरेर द्रुत आँकलन प्रणाली विकास गर्ने | विपद् क्षतिको जानकारी तुरून्त उपलब्ध भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |

### ७.५ खोज तथा उद्धारको क्षमता अभिवृद्धि

विपद् पश्चात खोज र उद्धार (Search and Rescue) कार्यको जिम्मेवारी छरिएको अवस्था छ। तीनवटै सुरक्षा निकाय आपत्कालिन खोज तथा उद्धारको कार्यमा संलग्न हुने गरेको र समन्वयात्मक रुपले विपद् पश्चातको खोज र उद्धार (Search and Rescue) काम भएतापनि कार्यगतरूपमा दक्ष र श्रोत साधनयुक्त जिम्मेवारी पाएको एकीकृत संस्थागत व्यवस्थाको विकास हुन बाँकी रहेको छ। विपद्का घटनापछि स्वतःस्फूर्त रूपमा आउने जागरूकता, मानवीय सहयोगको भावना र राहत सहयोगको एकीकृत प्रयोग हुन नसकी हरेक पटक अलमल, द्विविधा र अन्तरविरोध देखापर्ने गरेको पनि छ। विपद् पश्चात राहतको संकलन र परिचालनमा दोहोरोपना आउन नदिन एक निर्देशिका वा कार्यसंचालन विधी (Standard Operating Procedure) तर्जुमा गरी लागु गर्नु पर्ने आवश्यकता छ। आपत्कालीन परिस्थितिमा काम गर्नसक्ने अभ्यस्तताको विकासको निमित्त समय-समयमा गरीरहनु पर्ने पूर्वाभ्यासका कामहरू निरन्तर गर्न नसकिएको अवस्था छ। आगलागी, वनडढेलो जस्ता प्रकोपहरू निरन्तर हुने गरकोले आगलागी नियन्त्रणका लागि तालिम प्राप्त श्रोत साधनयुक्त सेवाको प्रत्याभूति गर्नु आवश्यक छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| संघ, प्रदेश र स्थानीय आपत्कालिन कार्य संचालन केन्द्रहरूको कार्य संचालन विधी तयार गर्ने र संघ, प्रदेश एवम् स्थानीय स्तरमा नीति निर्माता र पेशाकर्मीहरूलाई अभिमुखीकरण गर्ने | आपत्कालिन कार्य संचालन केन्द्रहरूको कार्य संचालनका लागि कार्यविधी उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण,प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| आपकालीन कार्य सञ्चालन केन्द्रहरूको (EOCs) क्षमता अभिवृद्धि गर्ने | आपत्कालिन कार्य संचालन केन्द्रहरूको क्षमता अभिवृद्धि भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |

| | | | | |
|---|---|---|---|---|
| सम्पूर्ण सरोकारवालाहरूको सहभागितामा प्रत्येक बर्ष मनसुन अगाडी विपद् पूर्वतयारी कार्यशाला र मनसुन पछि समीक्षा गोष्ठी गर्ने | विपद् पूर्वतयारी तथा प्रतिकार्यको परिक्षण भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू,गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| राहत संकलन र परिचालनमा दोहोरोपना आउँन नदिन कार्यविधी बनाई एकद्वार प्रणाली अवलम्बन गर्ने | विपद् प्रतिकार्यमा एकरूपता तथा पारदर्शिता भएको हुनेछ र दोहोरोपना हटनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| स्थानीय तहमा समुदायमा आधारित खोज र उद्धार टोली स्थापना गर्ने | स्थानीय तहमा खोज र उद्धार टोली स्थापना भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना,सशस्त्र प्रहरी वल,नेपाल प्रहरी,नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| वडा स्तरमा तालिम प्राप्त प्रथम उद्धारकहरू (First Responders)तयार गर्ने | वडा तहमा प्रथम उद्धारकहरूको टोली स्थापना भएको हुनेछ | अल्पकालिन | स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, नेपाली सेना,सशस्त्र प्रहरी वल, नेपाल प्रहरी,नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |

| | | | | |
|---|---|---|---|---|
| प्रमुख राजमार्ग, शहरी तथा ग्रामीण सडकहरू सगै रहेका एम्बुलेन्स सेवाहरूको सञ्जाल बनाउने | विपदको समयमा एम्बुलेन्स सेवा सहज उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | प्रदेश सरकार, स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| सडक दुर्घटनाको उपचारमा प्रत्येक स्तर ( प्राथमिक, माध्यमिक र उच्च) का स्वास्थ्य कर्मीहरूलाई दक्षता बृद्धिको लागि तालिम प्रदान गर्ने | सडक दुर्घटनाको उपचारमा स्वास्थ्य कर्मीहरूको क्षमता अभिबृद्धि भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | प्रदेश सरकार, स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| संघीय तहमा हल्का र मध्यम खोज र उद्धार टोलीको स्थापना गरी क्षमता अभिबृद्धि गर्ने | संघीय तहका खोज र उद्धार टोलीहरू सक्षम भएका हुनेछन् | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, रक्षा मन्त्रत्रलय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, सशस्त्र प्रहरी वल, नेपाली सेना, नेपाल प्रहरी | प्रदेश सरकार र स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| सशस्त्र प्रहरी वल, नेपाली सेना र नेपाल प्रहरीका संघ, प्रदेश र जिल्ला स्तरिय इकाईहरूमा खोज र उद्धार टोली स्थापना गरी आवश्यक उपकरण तथा जनशक्तिको व्यवस्था गर्ने | सशस्त्र प्रहरी वल, नेपाली सेना र नेपाल प्रहरी खोज र उद्धारको लागि सक्षम भएका हुनेछन् | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, सशस्त्र प्रहरी वल, नेपाली सेना, नेपाल प्रहरी | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |

| | | | | |
|---|---|---|---|---|
| सशस्त्र प्रहरी वल, नेपाली सेना रनेपाल प्रहरीका खोज र उद्धार टोलीहरूको क्षमता अभिबृद्धि गर्ने | सशस्त्र प्रहरी वल, नेपाली सेना र नेपाल प्रहरी खोज र उद्धारको लागि सक्षम भएका हुनेछन् | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, सशस्त्र प्रहरी वल, नेपाली सेना, नेपाल प्रहरी | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| खोज र उद्धार (SAR) टोलीको एकीकृत नेतृत्व स्थापित गरी त्यसलाई अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समूह (International Search and Rescue Advisory Group) को मापदण्ड वमोजिम विकास गर्ने | खोज र उद्दारको एकीकृत नेतृत्व स्थापित भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय,रक्षा मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण,सशस्त्र प्रहरी वल, नेपाली सेना, नेपाल प्रहरी | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विपद्‌बाट प्रभावित ब्यक्ति तथा समुदायलाई मानवीय सहायता उपलब्ध गराउँदा आधारभूत मानवीय मापदण्ड (Core Humanitarian Standard) को अनुसरण गर्ने, गराउने | मानवीय सहायता गुणस्तरिय भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय,राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, |
| आधुनिक सूचना प्रविधिको प्रयोग गरी विपद् हानि र क्षतिको द्रुत आँकलन विधी विकास गर्ने र विपद् क्षतिको छुट्टाछुट्टै (Disaggregated) तथ्याङ्क संकलन गर्ने | द्रुत आँकलन विधी प्रयोग भै आपत्कालिन प्रतिकार्य कुशल र प्रभावकारी भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विपद् पश्चात आपत्कालिन रूपमा शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको प्रबन्ध गर्ने कार्य सुनिश्चित गर्ने | विपद पश्चात शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको आपत्कालिन व्यवस्था भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, खानेपानी मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| विपद्पश्चात सरकारी तथा गैरसरकारी क्षेत्रहरूबाट प्रदान गरीने राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरूमा संकटउन्मुख र सिमान्तकृत वर्गको प्राथमिकता र पहुँचमा बृद्धि सुनिश्चित गर्ने | राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरूमा सिमान्तकृत वर्गको पहुँच भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार, | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल तथा भातृ संगठनहरू |
| प्रदेश तथा स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने | स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| विभिन्न तह (संघ, प्रदेश, स्थानीय, समुदाय) तथा क्षेत्र (विद्यालय, अस्पताल) मा प्रभावकारी पूर्वतयारी तथा प्रतिकार्यका लागि नियमित रूपमा कृत्रिम घटना अभ्यास गर्ने | कृत्रिम घटना अभ्यास भै पूर्वतयारी तथा प्रतिकार्य प्रभावकारी भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार, | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैरसरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| आगलागी नियन्त्रण क्षमता अभिवृद्धि गर्न एकीकृत अग्नी नियन्त्रक समूह खडा गरी श्रोत, साधन र तालिम मार्फत क्षमता अभिवृद्धि गर्ने | आगलागी नियन्त्रण क्षमता अभिवृद्धि भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार, | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल वारूण यन्त्र, नेपाल अग्नि नियन्त्रक स्वयंसेवक संघ, रेडक्रस अभियानका अंगहरू |

| | | | | |
|---|---|---|---|---|
| सबै तहमा खोज तथा उद्धार र प्रतिकार्यका लागि तालिम प्राप्त जनशक्ति तयार गर्ने | सबै तहमा प्रभावकारी खोज तथा उद्धार र प्रतिकार्य भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार, | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| विपद् पश्चात आवश्यक सामाजिक परामर्श र मानसिक स्वास्थ्यको प्रवर्धन गर्न तालिम प्राप्त र दक्ष मानवीय श्रोतको विकास गर्ने | सामाजिक परामर्श र मानसिक स्वास्थ्यको प्रवर्धनको लागि दक्ष मानवीय श्रोत उपलब्ध भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, मनोविज्ञान केन्द्रीय विभाग,नेपाल रेडक्रस सोसाइटी | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| प्रभावकारी प्रतिकार्यका लागि संघ देखि स्थानीय तहसम्म क्षेत्रगत कार्यसमूह अवधारणा (Cluster Approach) लाई सुदृढीकरण गर्ने | सबै तहमा प्रभावकारी प्रतिकार्य भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार, | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| महिला, बालबालिका, बृद्धबृद्धा र अपाङ्ग ब्यक्तिहरूको खोज, उद्यार र प्रतिकार्यको क्रममा सुरक्षा र अन्य आवश्यकताहरूको लागि विशेष ब्यवस्था गर्ने | विपद्को समयमा संकटउन्मुख समूहको सुरक्षा भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर |

| | | | | |
|---|---|---|---|---|
| | | | | सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |
| सामुदायिक संस्थाहरू (बाल क्लब, युवा क्लब, आमा समूह, वरिष्ठ नागरीक मञ्च, नागरीक सरोकार केन्द्र, वन उपभोक्ता समिती आदि) को विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिबृद्धि गर्ने | सामुदायिक संस्थाहरूको विपद प्रतिकार्य क्षमता विकास भएको हुनेछ | दीर्घकालिन | स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू |

### ७.५ पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" अवधारणा प्रवर्द्धन

विपद् पश्चात अझ राम्रो र बलियो निर्माणको सम्भावनालाई चरितार्थ गर्न पुनः निर्माण र पुनः स्थापनाका लागि स्तरीय निर्माण सामाग्रीको आपूर्ति गर्ने र निर्माण कार्यलाई जोखिम प्रतिरोधक बनाउने संस्कृतिको विकास गर्नु पर्नेछ। निर्माण कार्यमा संलग्न व्यवसायी तथा प्राविधिकहरूको क्षमता अभिबृद्धि गर्नु आवश्यक छ। विपद् जोखिमको आधारमा जमिनको वर्गिकरण गरी उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माणमा रोक लगाउनु जरूरी छ। "अझ राम्रो र बलियो निर्माण" का लागि आधुनिक प्रविधि सम्बन्धि अनुसन्धान र विकास गर्नु आवश्यक छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विपद् प्रभावित परिवारको पुनर्वास र पूर्वाधारको पुनर्स्थापनाका लागि पुनर्वास निर्देशिका तयार पारी कार्यान्वयन गर्ने | पुनर्वास र पूर्वाधारको पुनर्स्थापनाका लागि निर्देशिका तयार भई कार्यान्वयन भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

| | | | | |
|---|---|---|---|---|
| पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि निर्देशिका तयार गर्ने | "अझ राम्रो र बलियो निर्माण" का लागि निर्देशिका उपलब्ध भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको शहरी विकास मन्त्रालय, जल तथा ऊर्जा आयोग सचिवालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा विपद् जोखिम न्यूनीकरणका कार्यहरूलाई समावेस गर्ने | भविष्यमा विपद् जोखिम कम भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको शहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| पुनःस्थापना र पुनः निर्माणमा स्थानीय श्रोत, साधन, श्रम, प्रविधि, ज्ञान तथा सीपको विकास र उपयोग गर्ने | पुनःस्थापना र पुनः निर्माण मितब्ययी तथा दिगो भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको शहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| ठूला प्रकोप पछि पुनर्निर्माणको कार्यलाई प्रकोप प्रतिरोधक र अझ बलियो बनाउन नीतिगत र संस्थागत संरचनाको व्यवस्था गर्ने | पुनर्निर्माण अझ बलियो बनाउन नीतिगत र संस्थागत व्यवस्था भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, राष्ट्रिय योजना आयोगको सचिवालय,प्रदेश सरकार, स्थानीय सरकार |
| भूकम्पपछिको पुनर्निर्माण अभियानमा देखिएको नीतिगत, संस्थागत, श्रोत परिचालन र समन्वयको अनुभवका आधारमा चालु विपद् पश्चातको पुनर्लाभ कार्यढाँचा (Post-Disaster Response Framework), २०७३ को समिक्षा र परिमार्जन गर्ने | विपद् पश्चातको पुनर्लाभ प्रभावकारी भएको हुनेछ | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय योजना आयोगको सचिवालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधार जस्तै बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिको पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गर्ने | भौतिक पूर्वाधार जस्तै बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिमहिला, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिका मैत्री भएका हुनेछन् | अल्पकालिन | नेपाल सरकारको गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| भवन निर्माण, प्रवलीकरण र मर्मतसम्भारका बारेमा तालिम पुस्तिका र जानकारी, शिक्षा तथा संचार (Information, Education and Communication) का सामग्रीको विकास र वितरण गर्ने | भवन निर्माण, प्रवलीकरण र मर्मतसम्भारका बारेमा क्षमता सामग्रीको विकास र वितरण भएको हुनेछ | मध्यकालिन | शहरी विकास तथा भवन निर्माण विभाग, विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| विपद् जोखिम न्यूनीकरण र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" तथा जलवायु परिवर्तन अनुकूलनका लागि निर्माण प्रविधि, सामाग्री, पूर्वाधारहरूको डिजाइन र व्यवस्थापन सम्वन्धी अनुसन्धान तथा विकास गर्ने | नयाँसुधारिएको प्रविधिको बिकासले "अझ राम्रो र बलियो निर्माण" भएको हुनेछ | मध्यकालिन | विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, शहरी विकास तथा भवन निर्माण विभाग, जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार |
| प्रकोप प्रतिरोधी झनै राम्रो पुनर्निर्माणका लागि ईन्जिनियर, निर्माणकर्मी, डकर्मी, सिकर्मी, ठेकेदार र आपूर्तिकर्ताको तालिम र चेतनामूलक कार्यक्रम मार्फत क्षमता अभिबृद्धि गर्ने | झनै राम्रो पुनर्निर्माणका लागि क्षमता अभिबृद्धि भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल निर्माण व्यवसायी महासंघ |

| | | | | |
|---|---|---|---|---|
| राष्ट्रिय एवं स्थानीय स्तरमा रहेका रेडियो, टेलिभिजन, छापा र अनलाईन मिडिया मार्फत प्रकोप प्रतिरोधी निर्माण विधि र विपद् जोखिम न्यूनीकरण बारे जनचेतनामूलक कार्यक्रम तयार गरी सञ्चालन गर्ने | प्रकोप प्रतिरोधी निर्माण विधि र विपद् जोखिम न्यूनीकरण बारे जनचेतना बृद्धि भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको संचार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, मिडियाहरू |
| पुनः निर्माणमा भूकम्प, बाढी, पहिरो तथा अन्य प्राकृतिक प्रकोप प्रतिरोधी निर्माण विधी अवलम्बन गर्ने | संरचनाहरू प्राकृतिक प्रकोप प्रतिरोधी भएको हुनेछ | मध्यकालिन | नेपाल सरकारको शहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| पुनः निर्माणमा "अझ राम्रो र बलियो निर्माण" तथा हरित विकासको सिद्धान्त अवलम्बन गर्ने | पुनः निर्माण गरीएका संरचनाहरू अझ बलियो र वातावरण मैत्री भएका हुनेछन् | मध्यकालिन | नेपाल सरकारको शहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| पूर्वाधार र भवनहरूको पुनर्निर्माणमा निर्माण संहिताको पालना गराउने र निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गर्ने, यसका लागि संयुक्त अनुगमनको व्यवस्था मिलाउने | पुनः निर्माण गरीएका संरचनाहरू अझ बलियो भएका हुनेछन् | मध्यकालिन | नेपाल सरकारको शहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| भू-उपयोग नीति लाई परिमार्जन गरी जमिनको वर्गिकरण गर्दा प्रकोप जोखिम र संकटउन्मुखतालाई एउटा आधारको रूपमा ग्रहण गर्ने व्यस्था गर्ने र उच्च जोखिमयुक्त क्षेत्रमा वस्ती विकास, ठूला संरचना निर्माण र उद्योग खोǗन प्रतिवन्ध लगाउने | जमिनको वर्गिकरण विपद् जोखिमको आधारमा भएको हुनेछ र उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माण भएका हुनेछैन | मध्यकालिन | नेपाल सरकारको कृषि, भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, शहरी विकास मन्त्रालय,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक रूपमा विस्थापित ब्यक्तिहरूलाई कम जोखिम क्षेत्रमा पुनर्वास गराउँने | पुनर्वास गरीएका बस्तीहरू विपद् जोखिम बाट सुरक्षित भएका हुनेछन् | मध्यकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि, भूमिब्यवस्था तथा सहकारी मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| उच्च जोखिम क्षेत्रका बस्तीहरू  कम जोखिम क्षेत्रमा सार्ने | उच्च जोखिम क्षेत्रका बस्तीहरू विपद् जोखिम बाट सुरक्षित भएका हुनेछन् । | दीर्घकालिन | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि, भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| पुनर्निर्माण गर्दा भौतिक पूर्वाधारहरूको योजना सहित एकीकृत बस्ती विकास गर्ने | योजनाबद्ध बस्ती विकासले अझ राम्रो पुनर्निर्माण भएको हुनेछ | दीर्घकालिन | नेपाल सरकारको शहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

**नोटः** माथि उल्लेखित विभागहरूको नाम नेपाल सरकारको निर्णय अनुसार स्वतः परिवर्तन हुने छन ।

## अध्याय ८

## रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्ययोजनाको प्रभावकारी तथा दक्षतापूर्ण कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था निम्न प्रकारले गरीनेछः

१. औपचारिक श्रोत बाँडफाँड प्रक्रिया

  क) विषयगत मन्त्रालय वा विभागहरूको नियमित बजेट

  ख) विषयगत मन्त्रालय वा विभागहरूमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको लागि बजेट

  ग) प्रमुख विपद् घटनापछि पुनर्लाभ र पुर्ननिर्माणका लागि हरेक विभागमा विशेष बजेटको व्यवस्था

  घ) प्रमुख विपद् घटनापछि अन्य आयोजनाको बजेटबाट सोहि विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुर्ननिर्माणमा उपयोग गर्ने गरी “बजेट रकमान्तर” गर्ने व्यवस्था

२. प्रदेश तथास्थानीय तहको सार्वजनिक व्यय व्यवस्थापन

  क) प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको लागि बजेट

  ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा उपलब्धिमा आधारित अनुदान

  ग) विपद् जोखिम न्यूनीकरणको अतिरिक्त व्ययभारको लागि थप अनुदान

३. नियामक प्रक्रियाबाट प्राप्त श्रोत

  क) शहरी र क्षेत्रिय योजना, जग्गा प्लटिङ्ग र अन्य भौतिक तथा पर्यावरणीय योजना नियमन

  ख) निर्माण नियमहरू, निर्माण संहिता र निर्माण उद्योग लाइसेन्सका शर्तहरू

  ग) खरिद सम्भौताका शर्तहरू

  घ) शैक्षिक पाठ्यक्रम र सार्वजनिक सूचना अभियानमा प्राप्त विज्ञापन शुल्क

  ङ) बीमा, बैंकिङ्ग कारोबार र कर्जाका शर्तहरू

  च) सम्पत्तिको मूल्याङ्कन र खरिद विक्री दस्तुर

  छ) प्राकृतिक श्रोतसाधनहरू (वन, जंगल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज, माछा आदि) बाट प्राप्त रोयल्टी

४. संघ, प्रदेश, स्थानीय तथा सामुदायिक तहमा समर्पित “विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष”

५. निजी संस्थाहरू, नेपाल उद्योग वाणिज्य महासंघ, सहकारी, बैंक, वित्तीय संस्था तथा वीमा कम्पनीहरूको लगानी

६. विकास साझेदारहरू (द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरू) बाट सहयोग

७. बीमा सुविधाहरूको व्यापक कवरेज र पहुँचमा सहजताका साथै विपद् पश्चातको दावीहरूको द्रुत फर्छ्यौट

८. भवन निर्माण संहिताको पालना र अझ राम्रो निर्माण तथा हरित विकास अवधारणामा आधारित प्रवलीकरणका लागि कर प्रोत्साहन

९. विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका गतिविधिहरूको वित्तपोषणका लागि पेट्रोलियम उत्पादनहरूमा कर र लेभी

१०. व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) र अन्य पहलहरू मार्फत निजी क्षेत्रबाट सहायता

११. अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू एवं रेडक्रस अभियानका अंगहरूबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम बजेट

१२. विश्व जलवायु लगानी संयन्त्र, हरित जलवायु कोष

१३. विकास साझेदारहरू जस्तै एसियाली विकास बैंक, विश्व बैंकबाट विकास सहायता

१४. अन्तर सरकारी संगठनहरूको सहायता (जस्तै अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD), दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC), अफ्रिका र एशियाको लागि क्षेत्रिय एकीकृत बहुप्रकोप पूर्वसूचना प्रणाली (RIMES) आदि)

## अध्याय ९
## रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन

विपद् जोखिम न्यूनीकरणका लागि सरकार तथा सरकारी एवं गैर सरकारी सरोकारवालाहरू, विकास साझेदारहरू, राजनीतिक दल तथा भातृ संगठनहरू तथा निजी क्षेत्रहरूको साझा प्रयासको आवश्यकता पर्दछ। विपद् जोखिम न्यूनीकरण विकास प्रक्रियाको एक भाग भएकोले सरकारका सबै विकाससँग सम्बन्धित निकायहरूले सहकार्य र समन्वय गरेर काम गर्नु आवश्यक छ। विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरू आवधिक योजना तथा कार्यक्रममा एकीकृत गर्न र प्रगति नियमित अनुगमन गर्न जरूरी छ। विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरू अवलम्बन गरीनेछन्।

१. यस कार्ययोजनाको योजनाबद्ध कार्यान्वयनका लागि आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागु गरीनेछ साथै कार्ययोजनालाई परियोजनाको रुपमा विस्तृतीकरण गरी लागु गरीनेछ।

२. विषयगत मन्त्रालय तथा विभागहरूको कार्यक्रम तर्जुमा एवँ कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ।

३. विपद् जोखिम न्यूनीकरण सम्बन्धि आयोजना तथा कार्यक्रम निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुबर्षीय कार्यक्रम र बजेटको तर्जुमा गरी श्रोत व्यवस्थापन गरीनेछ।

४. यस कार्ययोजनाको कार्यान्वयन तथा व्यवस्थापन पद्धतीमा सुधार गर्नका लागि सम्बन्धित विषयगत मन्त्रालय तथा विभागहरूको संगठन तथा व्यवस्थापन अध्ययन गरी सो को प्रतिवेदन अनुसार विषयगत मन्त्रालय तथा विभागहरूको पुनः संरचना गरीनेछ।

५. यस कार्ययोजना कार्यान्वयनको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ। साथै क्षेत्रगत रणनीति तथा कार्ययोजनाहरूलाई यस कार्ययोजनासँग सामन्ज्यस्य हुने गरी परिमार्जन गरीनेछ।

उत्थानशिल समुदायको निर्माणमा संघ, प्रदेश, र स्थानीय तहका संस्थाहरूको निर्दिष्ट र विशिष्ट भूमिका रहेको हुनाले ती संस्थाहरूको गुणात्मक एवम् परिमाणात्मक कार्यसम्पादनमा नै विपद् जोखिम न्यूनीकरण कार्ययोजनाको कार्यान्वयन र यसको प्रभावकारिता भर पर्दछ। यसको लागि विभिन्न स्तरमा अनुगमनको आवश्यकता पर्दछ।

विपद् पश्चात गरीने पुर्ननिर्माण कार्यलाई "अझै राम्रो र बलियो निर्माण" मार्फत भविष्यमा हुन सक्ने विपद् जोखिमको न्यूनीकरण सँग जोड्नु जरूरी छ। संघीय स्तरमा रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन "वार्षिक प्रतिवेदन र अनुगमन प्रणाली" मार्फत गरीनेछ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनराष्ट्रिय परिषद्ले संघीय स्तरमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको प्रगतिको अनुगमन तथा मूल्याङ्कन गर्ने। प्राधिकरणले विपद् जोखिम न्यूनीकरण, पूनर्लाभ, पुनः स्थापना तथा पुनर्निर्माण कार्यको समन्वय गर्नेछ।

प्रभावकारी पूर्वतयारीले विपद् प्रतिकार्यलाई चुस्त दुरूस्त बनाउनुका साथै जनधनको क्षतिलाई कम गर्न महत्वपूर्ण भूमिका खेल्छ। यसर्थ विपद् प्रतिकार्यलाई पूर्वतयारीसँग जोड्न जरूरी छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार गठित कार्यकारी समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्यको समन्वय गर्नेछ।

यी उच्च स्तरीय समितिहरूको बैठक कम्तीमा बर्षको एकपटक फाल्गुण महिनामा बसी रणनीतिक कार्ययोजना कार्यान्वयनको वार्षिक प्रगतिको समीक्षा गर्नेछन्। प्रदेश र स्थानीय तहमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समन्वयसम्बन्धित प्रदेश र स्थानीय तहमा गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिहरूले गर्नेछन्।

सिद्धान्तत स्वतन्त्र र निष्पक्ष मूल्यांकनका लागि तेस्रो पक्षद्वारा पनि अनुगमन गर्नुपर्ने हुन्छ। यसका लागि छोटो अवधिको लागि परामर्शदाता नियुक्त गरेर तेस्रो पक्षको अनुगमन अवधारणालाई मूर्त रूप दिइनेछ।

रणनीतिक कार्य योजना हरेक पाँच वर्षमा पुनरावलोकन गरीनेछ। परिवर्तित अवस्था अनुसार सान्दर्भिक बनाउन आवश्यकता अनुसार रणनीतिक कार्य योजना अद्यावधिक गरीनेछ। रणनीतिक कार्य योजना अद्यावधिक गर्नको लागि सबै सम्बद्ध निकायहरू सहभागी हुनेछन्। रणनीतिक कार्य योजना निम्न अवस्थामा अद्यावधिक गरीनेछः

- सरकारको कानून र नीति परिवर्तन भएमा
- विश्वव्यापी संरचना र विकासक्रमसँग तालमेल मिलाउनु आवश्यक भएमा
- प्रमुख विपद् घटना पछिको सिकाईलाई समेट्न जरूरी भएमा
- पाँच वर्षे समीक्षाको निष्कर्ष र सिफारिसहरूका आधारमा

यो रणनीतिक कार्य योजना विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ८(ग) बमोजिम कार्यकारी समितिबाट स्वीकृत भै लागु गरिएको छ।

Bhandari GP, Dixit SM, Ghimire U and Maskey MK, 2009. Outbreak Investigation of Diarrheal Diseases in Jajarkot, J Nepal Health Res Counc 2009 Oct; 7(15):66-8

Bilham, R., Larson, K. and Freymueller, J., 1997. GPS Measurements of Present day Convergence Rates in the Nepal Himalaya, Nature, Vol. 336, pp. 61-64

DWIDP, 1993. Annual Disaster Review, 1993, Department of Water Induced Disaster Prevention, His Majesty's Government of Nepal

Gautam, D.K. and Regmi, S.K., 2013. Recent trends in the onset and withdrawal of summer monsoon over Nepal, Ecopersia 2013, 1, 353–367

GON, 2015. Post Disaster Needs Assessment, National Planning Commission, Government of Nepal

Karki, R., Hasson, S., Schickhoff, U., Scholten, T. and Boehner, J., 2017. Rising precipitation extremes across Nepal, Climate 2017, 5, 4; doi:10.3390/cli5010004

LRMP, 1986. Agriculture/Forestry Report, Land Resource Mapping Project, HMG/Nepal

MOAC, 2006. Agriculture and Environment, Deserts and Desertification: Don't Desert Dry lands, Government of Nepal, Ministry of Agriculture and Cooperatives, Gender Equity and Environment Division, Agri-Environment and Biodiversity Section, Kathmandu

MOHA, 2009. Nepal Disaster Report 2009, Government of Nepal, Ministry of Home Affairs MOHA, 2011. Nepal Disaster Report 2011, Government of Nepal, Ministry of Home Affairs

MOHA, 2016. Disaster Risk Reduction in Nepal: Achievements, Challenges and Ways Forward, National Position Paper for the AMCDRR 2016, Government of Nepal, Ministry of Home Affairs

NPC, 2007. Three Year Interim Plan (2007/08-2009/10), National Planning Commission Government of Nepal, Kathmandu

Shanker K., 1985. Water Resources, In Majupuria, T. C. (ed.), Nepal: Nature's Paradise, pp. 25-31, White Lotus Co., Bangkok.

Sthapit K. M., 1995. Sedimentation-A Great Threat to Hydro-Power Generation in Nepal, WECS Bulletin, Vol. 6, No. 1 and 2, pp. 17-26, Water and Energy Commission Secretariat, Kathmandu

UNDP/BCPR, 2004. UNDP/BCPR, 2004, Reducing Disaster Risk: A Challenge for Development, A Global Report, United Nations Development Programme, Bureau for Crisis Prevention and Recovery, New York, USA

UNDP, 2013. Disaster Risk Governance: Issue Brief,UNDP, New York

UNDP, 2015. Strengthening Disaster Risk Governance, UNDP Support during the HFA Implementation Perido 2005-2015, United Nations Development Programme, New York

UNICEF, 2006. Situation of Children and Women in Nepal, United Nation's Children Fund, UN House, Kathmandu

Wang, S.-Y., B. Fosu, R. R. Gillies, and P. M. Singh, 2015. The Deadly Himalayan Snowstorm of October 2014: Synoptic Conditions and Associated Trends. Bulletin of the American Meteorological Society, 96, S89-94

World Bank, 2005. Natural Disaster Hotspots, A Global Risk Analysis, The World Bank

उपलब्ध हुने स्थानः

**महिला, कानुन र विकास मञ्च (FWLD)**

७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ५३३३५२५, ५३३३५२४, ५३६६४१५
इमेल : info@fwld.org
Website : www.fwld.org
Youtube: youtube.com/fwldofficial